# सामाजिक अध्ययन

## कक्षा १०

## शिक्षक निर्देशिका

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी,भक्तपुर

# सामाजिक अध्ययन

## कक्षा १०

## शिक्षक निर्देशिका

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

एकाइ : एक

## हामी र हाम्रो समाज

पाठ : १ मानव संसाधन विकास अनुमानित घन्टी :३

| सक्षमता |
| --- |
| क) शैक्षिक, सामाजिक, भौगोलिक, आर्थिक तथा मानव संसाधन विकासको तुलनात्मक अध्ययन रसङ्घीयता बारे बोध एवम्प्रस्तुति । |

१. **सिकाइ उपलब्धि :**मानव विकास सूचकाङ्ककोअवधारणा अवगत गर्दैनेपालको स्थिति पहिचान गर्न

**२. विशिष्ट उद्देश्यहरू :**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) मानव संसाधन विकासको परिचय दिन,

ख) मानव संसाधन विकासको आवश्यकता र महत्व उल्लेख गर्न,

ग) मानव संसाधन विकास प्रक्रिया पहिचान गर्न,

घ) नेपालमा मानव संसाधन विकासका चुनौतीहरूसँग परिचित हुन,

ङ) नेपालमा मानवसंसाधन विकासका चुनौतीहरू सामाना गर्न गर्नुपर्ने कार्यहरू उल्लेख गर्न,

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

क) मानव संशाधनको अवधारणा बोध र आफ्नो समाजको विकासको अवस्थाको खोजी गर्ने,

ख) मानव संसाधन विकासको प्रक्रियाअवस्था पहिचान गरी देशको विकासमा आफ्नो क्षेत्रबाट सहयोग गर्ने,

ग) मानव संसाधन विकासका चुनौती तथा चुनौती समाधानका उपायहरूको बोध र समाधानका लागि आफ्नो क्षेत्रबाट सहयोग,

**४. सिकाइ सामग्रीहरूः**

दैनिकरूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू, मानव संशाधनका आवश्यकता तथा महत्व,चुनौतीहरू, चुनौती सामानाका लागि उपायहरू लेखिएको चार्ट, विभिन्न क्षेत्रमा कार्यरत जनशक्तिहरूको सूची तथा तस्वीर, प्राविधिक तथा व्यवसायिक तालिमकोभिडियो क्लिप्स(video clips)।

## ५.   सिकाइ क्रियाकलाप :

शिक्षक साथी, आज शैक्षिक सत्रको पहिलो दिन हो । यो पाठ कक्षा दशको पहिलो पाठ हो त्यसैले पाठको सुरुवात गर्नु भन्दा पहिले निम्नानुसार गर्नुपर्छ ।

क) सर्वप्रथम कक्षामा स्वागत तथा अभिवादन लेखेको फ्लेक्स वा चार्ट टाँसी विद्यार्थीको ध्यानाकर्षण र छलफल गर्ने,

ख) पाठमा दिइएको विषयवस्तुलाई आधार बनाएर करिव ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

**सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू**

पहिलो : पाठको चाखलाग्दा वा विद्यार्थीले जाने बुझेका विषयवस्तु पत्ता लगााउने । पाठबाट सक्नकालागि विद्यार्थीहरूले बुझ्नुपर्ने अवधाराण र शव्दका बारेमा सोच्ने र यिनीहरूको विवरण तयार गर्ने ।

दोस्रो चरण : विद्यार्थीहरूको ध्यान आकर्षित गर्ने खालका नक्शा,डायग्राम तयार गर्ने र त्यससँग सम्बन्धित कुनै वस्तु कक्षा कोठामा लैजाने ।

तेस्रो चरण : पाँच मिनेटभित्रमा प्रस्तुत गर्न सकिने गरी मुख्य बुँदा समावेश भएको छोटो प्रस्तुति तयारी गर्ने,

चौथो चरण : प्रस्तुति गर्दा विद्यार्थीहरूलाई व्यस्त,अन्तक्रियात्मक बनाउनुपर्नका साथै उनीहरूलाई प्रश्न सोध्ने र टिप्पणी गर्न हौसला दिने गर्नुपर्छ ।

पाचौँ चरण : थप कुरा गर्ने गरी भनेर प्रस्तुति अन्त गर्ने जसले उनीहरूमा कौतुहलता जागोस् ।

**(यो विधि ६ देखि ६० जनासम्म विद्यार्थीहरूमा सञ्चालन गर्न सकिने र सामान्यतया ५ मिनेटभन्दा बढी सञ्चालन नगर्ने)**

ग) विद्यार्थीहरूसँग मानव संसाधन विकास भनेको के हो ?भनी प्रश्न गर्ने र सोच र जोडीमा छलफल आदान प्रदान (Think Pair and Share) विधिको प्रयोग गरी मानव संसाधन विकासको अवधारणालाई प्रष्ट पार्ने र यस विषयमा छोटो अनुच्छेदको परिचय लेख्न लगाई प्रस्तुत गर्दै छलफल गरी निचोड प्रस्तुत गर्ने ।

घ) देशको विकाशका लागि के कस्ता जनशक्ति आवश्यकता पर्छ ?भनी प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको जवाफ बोर्डमा टिपोट गर्ने र विभिन्न क्षेत्रमा कार्यरत जनशक्तिको सूची, तस्वीर,भिडियो क्लिप्सको माध्यबाट प्रष्ट पार्ने ।

मानव संसाधन विकास

| क्र.सं. | विकासका क्षेत्र | आवश्यक पर्ने जनशक्ति |
|---|---|---|
| १ | शिक्षा | शिक्षक……… |
| २ | स्वास्थ्य | |
| ३ | यातायात | |
| ४ | सञ्चार | |
| ५ | मन्त्रालय | |

ङ) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी मानव संशाधन विकासको आवश्यकता,महत्व,चुनौती र चुनौती समाधानका उपायबारे समूहकार्यमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।

च) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरू विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) मानव संसाधन विकास भनेको के हो ?

ख) मानव विकासको आवश्यकता चार बुदाँमा भन्नुहोस् ।

ग) मानव विकासको महत्तव उल्लेख गर्नुहोस् ।

घ) मानव संसाधन विकास प्रक्रियाका चरणहरू टिपोट गर्नुहोस् ।


ङ) नेपालमा मानव संसाधन विकासका चुनौतीहरू के कस्ता रहेकाछन्?कुनै चार ओटा लेख्नुहोस् ।

च) नेपालमा मान संसाधन विकासका चुनौतीहरू समाधानका लागि उपायहरू लेख्नुहोस् ?

## ७. थप अध्ययन सामग्रीहरू

## १. मानव संसाधान

कुनैपनि देश विकास गर्नको लागि प्राकृतिक स्रोतको भरपुर उपयोगको साथै मानवीय स्रोतको परिचालन गरिनु पनि अनिवार्य हुन्छ । देशमा प्राकृतिक स्रोत जतिसुकै प्रचुर मात्रामा भएपनि यदि त्यहाँ दक्ष मानव संसाधनमा कमि छ भने त्यो देश कहिल्यैपनि सम्पन्न बन्न सक्दैन ।त्यसैले यदि आर्थिक विकास हाँसिल गर्नु छ भने मानव संसाधनको पनि उचित मात्रामा प्रयोग गर्नु जरुरी हुन्छ। कुनै पनि देशमा जनशक्तिले मात्र आर्थिक उन्नती सम्भव हुँदैन। जनशक्ति जति दक्ष उत्पादन गर्न सकिन्छ त्यति नै देशको उन्नति सम्भव हुन्छ ।देशका नागरिकहरू जो उत्पादन कार्यमा संलग्न हुन्छन्, ती नागरिकहरूलाई नैजनशक्ति भनिन्छ । कार्य दक्षताका आधारमाजनशक्तिलाई निम्न तिन प्रकारमा विभाजन गर्न सकिन्छस




**दक्षजनशक्ति**


निश्चित काम गर्न चाहिने ज्ञान र सिप छ भने यी जनशक्ति दक्ष जनशक्ति हुन् ।पाइलट, डाक्टर, प्राध्यापक, इन्जिनियर आदि दक्ष जनशक्तिका उदाहरणहरू हुन् । दक्ष जनशक्तिमा आफ्नो कामका लागि चाहिने सिप र ज्ञान दुवै पाइन्छ।नेपालजस्तो विकासोन्मुख देशमा दक्ष जनशक्ति कम मात्रामा पाइन्छन् ।

**अर्धदक्ष जनशक्ति**

यदि जनशक्तिमा काम गर्दा चाहिने ज्ञान र सिप थोरै छ भने त्यो जनशक्ति अर्धदक्ष हो ।यस्ता जनशक्तिमा कुनै कामका बारेमा कि त थोरै ज्ञान कि त काम गर्न सक्ने क्षमताको कमी हुन्छ।यस्ता जनशक्तिलाई साधारण तालिम दिएर दक्ष बनाउन सकिन्छ। नेपाल जस्ता विकासोन्मुख देशमा अर्धदक्ष जनशक्ति दक्ष जनशक्तिभन्दा धेरै तथा अदक्ष जनशक्तिभन्दा कम मात्रामा पाइन्छ।

**अदक्षजनशक्ति**

यदि जनशक्तिमा काम गर्दा चाहिने ज्ञान र सिप दुवै छैन तर सिक्न सक्ने क्षमता छ भने त्यो अदक्ष जनशक्ति हो । धेरैजस्तो विकासोन्मुख देशमा अदक्ष जनशक्ति धेरै मात्रामा पाइन्छ।




विकासोन्मुख राष्ट्र विकसित राष्ट्र

जनसङ्ख्या ठुलो हुँदैमा त्यहाँ धेरै दक्षजनशक्ति हुन्छ भन्ने हुँदैन । देशविकासको लागि दक्ष जनशक्ति तयार पार्नु पर्छ । दक्ष जनशक्ति तयार पार्न विभिन्न क्रियाकलाप जस्तै(प्रयोगात्मक शिक्षा, तालिमको आवश्यकता पर्छ । दक्ष जनशक्तिले देशमा भएको स्रोतको परिचालन उचित ढङ्गले गर्नसक्छन्। कृषिमा आधुनिकीकरण गर्न, औद्योगिक विकास गर्न, भौतिक पूँजीको उपयोग गर्न, पूर्वाधारको विकास आदिकार्य गर्नलाई दक्ष जनशक्तिको आवश्यकता पर्छ । यदि देशले दक्ष जनशक्तिको उचित परिचालन गर्न सकेमा दक्ष जनशक्ति देशविकासको लागि वरदान साबित हुनसक्छन् ।

## ८. परियोजना कार्य

विद्यार्थीहरूलाई आफ्नो गाँउपालिका वा नगरपालिका वा जिल्ला समन्वय समितिको लागि के कस्तो मानव साधनको आवश्यकता पर्छ ? गाँउपालिकाको कार्यालयमा भ्रमण गरी त्यहाँका निर्वाचित पदाधिकारीहरूसँग छलफल गर्न लगाउनुहोस् । आवश्यक पर्ने जनशक्तिको विकास कसरी गर्न सकिन्छ ? योजना तयार गर्नुहोस् ।

## पाठ : २

**मानव विकास सूचाङ्क र नेपाल** **अनुमानित घन्टी : ३**

| एकाइको सक्षमताः |
|---|
| क) शैक्षिक, सामाजिक, भौगोलिक, आर्थिक तथा मानव संसाधन विकासको तुलनात्मक अध्ययन र सङ्घीयता बारे बोध एवम् प्रस्तुति । |

१. सिकाइ उपलब्धि :

क) मानव विकास सूचकाङ्कको अवधारणा अवगत गर्दै नेपालको स्थिति पहिचान गर्न

२. विशिष्ट उद्देश्यहरू :

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछः

क) मानव विकास सूचकाङ्कको अवधारणा उल्लेख गर्न

ख) मानव विकास सूचकाङ्कको आवश्यकता पहिचान गर्न

ग) मानव विकास सूचकाङ्क निकाल्ने तरिका पत्ता लगाउन

घ) प्राप्त तथ्याङ्कको आधारमा मानव विकास सूचकाङ्क निकाल्न

ङ) नेपालको मानव विकास सूचकाङ्कको स्थिति पहिचान गर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

मानव विकास सूचकाङ्कको अवधारणा र प्रक्रिया पहिचान गरी जनचेतना फैलाउन अग्रसर रहने ।

**४. सिकाइ सामग्रीहरू**

मानव विकास सूचकाङ्क सम्बन्धी प्रतिवेदनहरू, मानव विकास सूचकाङ्क पत्ता लगाउने सूत्रको चार्ट, विभिन्न देशको सूचकाङ्क तालिका

५. सिकाइ क्रियाकलापः

क) मानव विकास सूचकाङ्क भनेको के हो ? यसको अर्थ के हो ? आदि प्रश्नबाट पाठको सुरुवात गर्ने । विद्यार्थीहरूसँग छलफल गरी निचोडको रूपमा मानव विकास सूचकाङ्कको अर्थ र परिभाषा प्रष्ट पार्ने ।

ख) कुनै पनि देशलाई मानव विकास सूचकाङ्कको आवश्यकता किन पर्छ ? मानव विकास सूचकाङ्कसँग सम्बन्धीत प्रतिवेदन र दस्तावेजबाट (http://stats.uis.unesco.org)मा प्रतिवेदन खाज्ने । तिन तिन जना विद्यार्थीहरूका बिचमा छलफल गर्न लगाइ भन्न लगाउने र शिक्षकले यसको आवश्यकता बुदाँगतरूपमा चार्टमार्फत निचोड प्रस्तुत गर्ने।

घ) सूत्रअनुसार नमुनाको रूपमा केही उदाहरणहरू गरी देखाउने नेपालको मानव विकास सूचकाङ्कको स्थिति तलको तालिकाबाट प्रष्ट पार्ने । प्रत्येक वर्ष नेपालको मानव विकास सूचकाङ्कमा वृद्धि हुँदै गएको जानकारी गराउने । यसको वृद्धि हुने कारणहरू के के हुन् सक्छन ? अझ वृद्धि गर्न के कस्ता कार्यहरूमा जोड दिनुपर्ला ? छलफल गर्दै जानकारी गराउने । सबभन्दा बढी मानव विकास सूचाङ्क हुने १० ओटा र सबभन्दा कम हुने १० ओटा देशको सूचकाङ्क अध्ययन गर्न लगाइ प्रष्ट पार्ने ।

| वर्ष सन्मा | सूचकाङ्क |
|---|---|
| २०१२ | ०.४६३ |
| २०१३ | ०.४६३ |
| २०१४ | ०.५४३ |
| २०१५ | ०.५४८ |
| २०१६ | ०.५५८ |

**स्रोत : विभिन्न वर्षका मानव विकास सम्बन्धी प्रतिवेदनहरू**

मानव विकासको परिसूचकका रूपमा गुणस्तरीय जीवन निर्माणका लागि निम्न लिखित पक्षमा ध्यान पुऱ्याउनु आवश्यक छ :

- परिवारको आकार सानो बनाउने
- स्तरीय शिक्षाको व्यवस्था गर्ने
- उपयुक्त उमेरमा बिहे गर्ने
- उपयुक्त उमेरमा प्रथम गर्भधारण गर्ने
- दुई बच्चाका बिचमा जन्मान्तर गर्ने
- स्वास्थ्य र सरसफाइमा ध्यान दिने
- पोसिलो खाना खाने
- लैङ्गिक समानता कायम गर्ने
- आमाबाबुको जिम्मेवारी वहन गर्ने
- वचत गर्ने ।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (UNDP) ले प्रत्येक वर्ष मानव विकास सूचकाङ्क प्रकाशन गर्छ । मानव विकास सूचकाङ्क ० र १ को बिचमा रहन्छ । १ को नजिक भएका देशहरू विकसित वा मानव विकासको अवस्था राम्रो भएका देश हुन् । ० को नजिक भएका देशहरू मावन विकासको अवस्था कमजोर भएका वा कम विकसित वा अल्प विकसिद देश हुन् । मानव विकास सूचकाङ्क ०.८८ भन्दा माथि भएमा अति उच्च सूचकाङ्क भएको मानिन्छ । ०.७०० देखि ०.७९९ सम्मको उच्च मानव विकास भएको देश, ०.५५० देखि ०.६९९ सम्मको मध्यम र ०.५५० भन्दा कम भएको कम विकसित राष्ट्र भनी वर्गीकरण गरिएको छ ।

कुनै देशको मानव विकासको सूचकाङ्क उच्च वा न्यून हुनुका कारणहरू यसप्रकार छन् :

- मानव विकास सूचकाङ्क उच्च भएका देशका मानिसहरू स्वस्थ र पर्याप्त स्वास्थ्य सुविधा प्राप्त गरेका छन् । त्यसैले उनीहरू धेरै समय बाँच्दछन् । न्यून भएका देशमा मानिसहरूको स्वास्थ्य कमजोर छ, पार्याप्त पोषणयुक्त खानेकुरा खान पाउँदैनन् । विभिन्न प्रकारका रोग र माहामारीबाट ग्रसित हुन् सक्छन् । स्वास्थ्य सुविधा राम्रो छैन । खानेपानी र सरसफाइको अवस्था राम्रो छैन भन्ने जनाउँछ ।
- शैक्षिक सूचकाङ्क राम्रो भएको देशको जनताहरू, शिक्षित, चेतनशील र सिर्जनशील हुन्छन् । मानव विकास न्यून भएका देशमा जनताहरू निरक्षरता प्रतिशत बढी हुन्छ । बिचैमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर बढी हुन्छ । त्यसैले उनीहरूको शैक्षिक स्तर कमजोर हुन्छ । त्यहाँ शिक्षा प्राप्त गर्नुलाई भन्दा रोजीरोटीलाई बढी प्राथमिकता दिइन्छ । यस्ता देशहरू धेरैजसो गरिब देशहरू नै हुन् ।
- प्रतिव्यक्ति आय धेरै हुने देशहरूको आर्थिक स्तर राम्रो हुन्छ । त्यहाँका जनताहरू उद्यमशील हुन्छन् । रोजगारीका अवसरहरू प्रसस्त हुन्छन् । कृषि, उद्योग, व्यापार र सेवा क्षेत्रको राम्रो विकास भएको हुन्छ । ती देशहरू कतिपय वस्तुमा आत्म निर्भर हुन्छन् । प्रतिव्यक्ति आय न्यून भएका देशहरूमा गरिबीको अवस्था हुन्छ । बेरोजगारी र अर्ध रोजगारीको अवस्था व्यापक रूपमा हुन्छ । धेरै काम गरेर थोरै आम्दानी हुने अवस्था हुन्छ । मानिसको आम्दानीका स्रोतहरू सीमित हुन्छन् । कृषिमा आधारित र परम्परागत व्यवसायमा आधारित अर्थतन्त्र हुन्छ ।

यसरी कुनै देश विकासित र कम विकसित कस्तो छ भनी तुलना गर्न आर्थिक अवस्थाले मात्र उपयुक्त हुँदैन । जव मानिस शिक्षित हुन्छ, चेतनशील हुन्छ, उद्यमशील हुन्छ, आर्थिक रूपले सम्पन्न हुन्छ, गुणस्तरीय जीवन बाँच्न सक्ने हुन्छ, स्वस्थ र निरोगी हुन्छ, लामो समयसम्म हाँसीखुसी बाँच्न पाउँछ त्यो देश नै विकसित देश

हुन्छ । आज विश्वका सबै देशहरू विकासको यो अवस्था हासिल गर्न् होडबाजीमा रहेका छन् । मानव विकास सूचकमा पछाडि पर्नुका कारणहरू यसप्रकार उल्लेख गर्न सकिन्छ ।

- राजनीतिक अस्थिरता
- अशिक्षा
- गृह युद्ध
- महामारी भोकमरी, खडेरी, प्राकृतिक प्रकोप
- जनतामा राष्ट्रियताको भावनाको अभाव
- बौद्धिक पलायन
- प्राकृतिक स्रोत र साधनहरूको उचित परिचालन गर्न नसक्नु

**मानवविकास सूचकाङ्क कमजोर भएका देशहरूका चुनौतीहरू**

- राजनीतिक स्थिरता कायम गर्नु
- निरक्षरता उन्मुलन, कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाई टिकाउदर बढाउनु
- बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्नु
- आय आर्जनका नयाँ, आधुनिक र भरपर्दा उपायहरू अवलम्बन गर्नु
- देशका जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्नु र स्वदेशमा नै परिचालन गर्नु
- प्राकृतिक स्रोत साधनको उपयोग बढाउनु
- जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउनु
- परिवार नियोजनलाई प्रभावकारी बनाउनु
- कुलत मुक्त वातावरण तयार पार्नु
- स्वच्छ र सफा वातावरण तयार पार्नु
- मनिसको दैनिक आनिबानीमा परिवर्तन गर्नु

**६. मूल्याङ्कन**

क) मानव विकास भनेको के हो ?

ख) मानव विकास सूचकाङ्कको आवश्यकता किन पर्छ ? कुनै चार कारण लेख्नुहोस् ।

ग)	मानव विकास सूचकाङ्क निकाल्ने तारिका उल्लेख गर्नुहोस् ।

घ)	नेपालको विगत तिन वर्षको मानव विकास सूचकाङ्क लेख्नुहोस् ।

ङ)	नेपालको मानव विकास सूचकाङ्क वृद्धि हुनुका कुनै दुई ओटा कारणहरू लेख्नुहोस् ॥

च)	मानव विकास सूचकाङ्क के कस्ता कार्यक्रमहरूबाट वृद्धि गर्न सकिन्छ ?लेख्नुहोस् ।

## ७. थप अध्ययन सामग्रीहरू

### मानव विकास सूचाङ्क गणनाका आधारहरू

१. स्वास्थ्य (Health) = अपेक्षित आयु वा औषत आयु (Life expectancy)

२. शिक्षा (Education) = क. विद्यालयमा बिताएको औषत वर्ष (Mean year of schooling)

ख. अपेक्षित शैक्षिक वर्ष (School Expectency)

३. प्रतिव्यक्ति आय (Percapita income)= जीवनको गुणस्तर (Standard of living)

यिनै सूचकहरूलाई आधार मानी कुनै पनि देश, भौगोलिक एकाइ, जाति, समुदाय आदिको मानव विकास अवस्थाको सङ्ख्यात्मक प्रस्तुति नै मानव विकास सूचकाङ्क हो । यसमा प्राप्त तथ्यहरूलाई ० देखि १ सम्म राखी मापन गर्ने गरिन्छ । जस मध्ये :

- ०.८०० र सोभन्दा माथि अति उच्च मानव विकास (Very High Human development)
- ०.७०० देखि ०.७९९ सम्म उच्च मानव विकास (High Human development)
- ०.५५० देखि ६९९ सम्म मध्यम मानव विकास (Medium Human development)
- ०.५५० देखि तल न्यून मानवविकास सूचक (Low Human development)

मानव विकास सूचकाङ्क निकाल्न UNDP संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम भन्ने संस्थाले निम्नानुसारको सूत्रको प्रयोग गरेको छ ।

### १. प्रतिव्यक्ति आय

यसले मानवको जीवनको गुणस्तरको मापन गर्छ । औषत आम्दानी बढी हुनुको अर्थ त्यस देशको जनताको जीवनको गुणस्तर राम्रो हुनु हो । त्यसै गरी औषत आय न्यून हुनुको अर्थ जनताको जीवनस्तर कमजोर हुनु भन्ने अर्थ दिन्छ ।  कुनै देशको तोकिएको वर्षको जनसङ्ख्याले त्यस वर्षको कुल राष्ट्रिय आयलाई भाग गरेर प्रतिव्यक्ति आय निकालिन्छ ।

प्रतिव्यक्ति आय सूचक निकाल्नको लागि युएनडिपीले विश्वको अधिकतम आय ७५००० र न्यूनतम आय १०० डलर निर्धारण गरेको छ । विश्वको अधिकतम आय जतिसुकै भए पनि यहाँ ७५००० लाई अधिकतम आय

मानिएको छ भने विश्वमा मानव जातिलाई बाँच्नको लागि उसको वार्षिक आय कम्तिमा १०० डलर हुनु पर्छ भन्ने मान्यता राखेर यो रकम निर्धारण गरिएको हो । सम्बन्धित देशको आय सूचक निकाल्नको लागि विश्वको अधिकतम प्रतिव्यक्ति आय, न्यूनतम प्रतिव्यक्ति आय र सम्बन्धित देशको प्रतिव्यक्ति आयको लगारिदम (Log) निकालिन्छ । उक्त लग अङ्कलाई निम्न सूत्र प्रयोग गरी प्रतिव्यक्ति आय सूचकाङ्क निकालिन्छ ।

$$\text{देशको सूचकाङ्क} = \frac{\text{देशको वास्तविक सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}{\text{विश्वको अधिकतम सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}$$

२. शैक्षिक स्तर :

प्रत्येक देशको शैक्षिक स्तरले त्यस देशका नागरिकको ज्ञानको स्तर वा चेतनाको स्तरलाई जनाउँछ । जव नागरिक शिक्षित हुन्छन् तव उनीहरूको ज्ञानको स्तर र चेतनाको स्तर पनि बढी हुन्छ । देशलाई आवश्यक जनशक्तिको आपूर्ति हुन् सक्छ र देश सम्पन्नतातर्फ अघि बढ्न सक्छ । देशका जनताको शिक्षाको स्तर कस्तो छ भन्ने कुराको निर्धारण गर्न दुई ओटा आधार लिने गरिन्छ । पहिलो त्यस देशका नागरिकले विद्यालयमा बिताएको औषत वर्ष । अर्थात कुनै देशका अहिले भइरहेका २५ वर्ष वा सोभन्दा बढी उमेरका नागरिकले औषत कति वर्ष विद्यालयमा विताएका रहेछन् भन्ने गणना गरिन्छ । यसका लागि युनेस्कोले विद्यालयमा बिताएको औषत वर्ष निकाल्न सूत्र तयार पारेको छ जसलाई (http://stats.uis.unesco.org)बाट बुझ्न सकिन्छ । यो हिसाब गर्न एउटा उदाहरण लिन सकिन्छ ।

जस्तै यदि हाम्रो देशमा ५० प्रतिशत मानिसले आधारभूत तह कक्षा १-५ पूरा गर्न औषत वर्ष ६ लगाएछन् । बाँकी ५० प्रतिशतले कक्षा ६-८ कक्षा पूरा गर्न ४ वर्ष लगाएछन् भने कक्षा ६-८ पूरा गर्न लागेको समय ६+४=१० वर्ष हुन् जान्छ । यसको औषत (६+१०)/२ = ८ वर्ष हुन्छ । अर्थात त्यस देशका नागरिकले विद्यालयमा बिताएको औषत वर्ष ८ हुन्छ । यसै गरी यसमा विद्यालय नै नगएका नागरिकलाई पनि समावेश गरिन्छ । विद्यालय नै नगएका देखि पिएचडी सम्मको सबै तहको औषत निकालेर कुल औषत निकालिन्छ । विद्यालय नै नगएका हरूको लागि विद्यालयमा बिताएको वर्ष ० हुन्छ भने आंशिकरूपमा प्राथमिक विद्यालयमा बिताएकाहरूको ०.५ वर्ष मान राखिन्छ ।

विद्यालयमा बिताएको औषत वर्षलाई विश्वको अधिकतम वर्षले (१५) ले भाग गरी आएको अङ्क नै त्यस देशको विद्यालयमा बिताएको औषत वर्ष सूचाङ्क हुन् जान्छ ।

युएन्डिपीले विद्यालयमा बिताएको अधिकतम औषत वर्ष १५ वर्ष मानेको छ भने न्यूनतम वर्ष ० (शून्य) वर्ष मानेको छ । किनकी विश्वमा नपढेका मानिस पनि धेरै छन् र नपढे पनि जीवन चल्ने हुनाले न्यूनतम वर्ष शून्य मानेको हो । त्यसैले

यो निकाल्ने तरिका

$$\text{देश विद्यालयमा बिताएको वर्ष} = \frac{\text{विद्यालयमा बिताएको वर्ष - विद्यालयमा बिताएका न्यूनतम वर्ष}}{\text{विश्वको अधिकतम वर्ष - विश्वको न्यूनतम वर्ष}}$$

सन् २०१६ मा नेपालका २५ वर्ष र सोभन्दा माथिका नागरिकले विद्यालयमा बिताएको औषत वर्ष ४.१ वर्ष रहेछ भने देशको औषत विद्यालयमा बिताएको वर्ष $= \frac{४.१ - ०}{१५ - ०} = \frac{४.१ - ०}{१५ - ०} = ०.२७३$ हुन्छ ।

त्यसै गरी शैक्षिक सूचकाङ्कको अर्को आधार त्यस देशका बालबालिकाहरूले विद्यालयमा औषत कतिवर्ष बिताउने अपेक्षा गर्न सकिन्छ भनी गणना गर्ने गरिन्छ ।

यसमा विद्यालय जाने उमेर समूहका बालबालिकाले अधिकतम कति वर्ष सम्म विद्यालयमा बिताउलान् भनी गणना गरिन्छ । जस्तो कि विश्वमा प्रचलन भएअनुसार स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्न १८ वर्षको अवधि लाग्ने गरेको छ । यसलाई अधिकतम शिक्षा प्राप्त गर्ने अपेक्षित वर्ष मानेर त्यस देशका विद्यार्थीले औषत कति वर्ष विद्यालयमा विताएका रहेछन् भनी गणना गरिन्छ । जस्तै :

सन् २०१६ मा नेपालका विद्यार्थीले विद्यालयमा विताउने अपेक्षित औषत वर्ष १२.२ वर्ष रहेछ भने

$$\text{देशको अपेक्षित शैक्षिक वर्ष} = \frac{\text{देशको अपेक्षित शैक्षिक वर्ष - विश्वको न्यूनतम अपेक्षित शैक्षिक वर्ष}}{\text{विश्वको अधिकतम अपेक्षित शैक्षिक वर्ष - विश्वको न्यूनतम अपेक्षित शैक्षिक वर्ष}}$$

देशको औषत विद्यालयमा बिताएको वर्ष $= \frac{१२.२ - ०}{१८ - ०} = \frac{१२.२}{१८} = ०.६७८$ हुन्छ

अब यी दुवैको औषत निकालेर शैक्षिक सूचक निकालिन्छ ।

$\frac{०.२७३ + ०.६७८}{२} = \frac{०.९५४}{२} = ०.४७७$ हुन्छ ।

त्यसै गरी शैक्षिक सूचकाङ्कको अर्को आधार त्यस देशका बालबालिकाहरूले विद्यालयमा औषत कतिवर्ष बिताउने अपेक्षा गर्न सकिन्छ भनी गणना गर्ने गरिन्छ ।

३. अपेक्षित आयु :

अपेक्षित आयुले त्यस देशका जनता अधिकतम कति वर्ष बाँच्ने अपेक्षागर्न सकिन्छ भन्ने जानउँछ । जुन देशका जनताको अपेक्षित आयु धेरै हुन्छ त्यहाँका जनताको स्वास्थ्यको अवस्था राम्रो भएको मानिन्छ । उनीहरू स्वस्थ छन् र औषधी उपचार राम्रो पाउँछन् भन्ने जनाउँछ । यसलाई औषत आयु पनि भन्ने गरिन्छ । औषत आयु गणना गर्नको लागि युएनडिपीले विश्वको अधिकतम औषत आयु ८५ वर्ष र न्यूनतम औषत आयु २० वर्ष तोकेको छ । न्यूनतम औषत आयु तोक्नुको कारण कुनै पनि देशका मानिस न्यूनतम विस वर्ष बाँच्नै पर्छ भन्ने हो । यदि बिस वर्ष पनि बाँचेनन् भने त्यस देशको पुस्ता नै लोप हुने खतरा रहन्छ । बिस वर्ष भनेको प्रजनन् क्षमता विकास भएको दुई चार वर्ष बढी अवधि हो जुन उमेरमा सामान्यतया मानिसले विवाह गरेर एक दुई बच्चा जन्माइसक्ने उमेर हो ।

मानव विकास सूचकाङ्क निकाल्न निम्नानुसारको सूत्र प्रयोग गरिन्छ ।

$$\text{देशको सूचकाङ्क} = \frac{\text{देशको वास्तविक सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}{\text{विश्वको अधिकतम सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}$$

प्रस्तुत तालिकामा नेपालको मानव विकास सूचक निकालिएको छ । यसमा सन् २०१६ को तथ्याङ्क समावेश गरिएको छ ।

$$\text{देशको सूचकाङ्क} = \frac{\text{देशको वास्तविक सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}{\text{विश्वको अधिकतम सूचकाङ्क - विश्वको न्यूनतम सूचकाङ्क}}$$

उपरोक्र अनुसार प्रस्तुत तालिकामा नेपालको मानव विकास सूचक निकालिएको छ । यसमा सन् २०१६ को तथ्याङ्क समावेश गरिएको छ ।

| देश | Human development Index (मानव विकास सूचकाङ्क) | Life expectency( जीवन प्रत्यासा, औषत आयु) | Mean years of Schooling( विद्यालयको औषत वर्ष २५ वर्ष र सो भन्दा बढी | expected years of schooling( अपेक्षित शैक्षिक वर्ष) | Gross national incomeप्रतिव्यक्ति आय | प्रतिव्यक्ति आयकोLog value |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उमेर समूहको) | | | |
| Country | HDI | at birth | | | GNI per capita | |
| Nepal | 0.558 | 70 | 4.1 | 12.2 | 2337 | 3.369 |
| Highest | | 85 | 15 | 18 | 75000 | 4.875 |
| Lowest | | 20 | 0 | 0 | 100 | 2 |
| | | $\frac{70-20}{85-20}$ | $\frac{4.1}{15}$ = 0.273 | $\frac{12.1}{18}$ = .678 | | $\frac{3.369-2}{4.875-2}$ |
| | | $=\frac{50}{65}$ | $=\frac{0.273+.678}{2}$ | | | $=\frac{1.369}{2.875}$ |
| | | = .7692 | 0.476 | | | .476 |
| | | HDI = $\sqrt[3]{0.7692 \times 0.476 \times 0.476}$<br>= $\sqrt[3]{1742}$<br>Or<br>$(.7692\text{x } 0.476\text{x}0.476)^{1/3}$<br>HDI = 0.558 | | | | |

स्रोत :(HUMAN DEVELOPMENT REPORT 2016)

यसरी नेपालको मावन विकास सूचक निकाल्दा पहिले औषत आयु, प्रतिव्यक्ति आय र शैक्षिक सूचकलाई गुणन गरेर आएको मानलाई क्युव रुट $\sqrt[3]{}$ अर्थात साइन्टिफिक क्याल्कुलेटरबाट जोमेट्रिक मिन $\sqrt[3]{}$ निकाल्ने । नेपालको मानव विकास सूचकाङ्क प्राप्त हुन्छ । यस हिसाबमा निम्न सूत्रबाट पनि उही मान निकाल्न सकिन्छ ।

HDI= 1/3 (.7692x 0.52x0.476)HDI= .558हुन्छ । यसरी नेपाल मध्य मानव विकासमा पर्छ ।

UNDPले भने यसरी मानव विकास सूचकाङ्क निकाल्नको लागि कम्प्युटर प्रविधि अन्तर्गत एक्सेल सफ्टवेरका विकास गरेको हुनाले सोहीबाट मानव विकास सूचकाङ्क निकाल्छ । यो बढी मिलेको हुन्छ । UNDP को वेवसाइटमा (http://stats.uis.unesco.org)गएर डाउनललोड गर्न सकिन्छ ।

## ८. परियोजना कार्य

क) मानव विकास सूचकाङ्क पत्ता लगाउने तरिका का आधारमा नेपालको मानव विकास सूचकाङ्कको हालको अवस्थाले के सन्देश दिएको छ ? आगामी दिनमा यसको वृद्धिका लागि के गर्नुपर्ला गाँउपालिका/नगरपालिकाभित्र बसोवास गर्ने बुद्धिजीवी वा सम्बन्धित व्यक्तिहरूसँग छलफल गर्नुहोस् र कक्षामा प्रस्तुत गनुहोस् ।

## पाठ : ३

## पाठ शीर्षक : क्षेत्रीय विकासको अवधारणा र सङ्घीयता

अनुमानित घन्टीः ३

### १. सिकाइ उपलब्धि

क) सङ्घीयताको अवधारणा बताउन

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

क) विकासको परिचय दिन

ख) विकासको अवधारणाका पक्षहरू उल्लेख गर्न

ग) सङ्घीयताको अवधारणा बताउन

घ) नेपालमा सङ्घीय संरचनाका क्रममा लिएका आधारहरू पहिचान गर्न

ङ) नेपालमा सङ्घीयताका फाइदा उल्लेख गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) विकासको अवधारणा बुझी विकास कार्यमा अग्रसरता देखाउने,

ख) सङ्घीयताको अवधारणा, सङ्घीयताका आधार पहिचान र महत्व को वोध भई सोहीअनुसार अभ्यास गर्ने ।

### ४. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू, सङ्घीयता सम्बन्धी प्रतिवेदनहरू, विकास अवधारणाको चार्ट, सङ्घीयताका आवधारणा र विभाजनका आधारहरू उल्लिखित चार्ट, नेपालको संविधान, सङ्घीयता लागु भएका विभिन्न देशको नक्शा वा ग्लोव, .........), प्रदेशअनुसार विभाजन गरिएको नेपालको नक्शा विकास सम्बन्धी श्रव्य दृश्य सामग्री , विकाससँग सम्बन्धित चित्र, पोष्टर, पत्रपत्रिका आदि ।

### ५. सिकाइ क्रियाकलापः

क) विद्यार्थीहरूलाई आफ्नो गाँउ वा टोलको उदाहरण दिई आजभन्दा पाँच वर्ष पहिला र अहिलेमा के के कुराहरूमा परिवर्तन भएको छ ? सूची तयार गर्न लगाउने । विकास सम्बन्धी पोष्टर तथा श्रव्य दृश्य सामग्री प्रर्दशन गरी विकासको परिचय प्रष्ट पार्ने ।

ख) विकासको सम्बन्धमा छलफलपछि विकासको अवधारणाका विविध पक्षहरूको सन्दर्भमा चार्ट, चित्र, पोष्टर मार्फत बुदाँगत रूपमा प्रश्नोत्तर गरी छलफल गर्ने

ग) नेपाललाई चौध अञ्चल, पचहत्तर जिल्लामा विभाजन गरिएको बारे नेपालको नक्शाको माध्यमद्वारा क्षेत्रीय विकासको अवधारणा बारे प्रष्ट पार्ने । यसैगरी प्रदेशहरूको तुलना गरी प्रदेशको अवधारणा र विकास क्षेत्रको अवधारणा प्रष्ट पार्ने ।

घ) सङ्घीयता भनेको के हो ? नेपालमा सङ्घीयताको संवैधानिक रूपमा के कति तह हुने व्यवस्था गरिएको छ ? हाल कति प्रदेश र कति स्थानीय तहको व्यवस्था गरिएको छ ? प्रश्नोत्तर मार्फत प्रदेश विभाजन गरिएको नेपालको नक्शाद्वारा सङ्घीयताका बारेमा अझ प्रष्ट पार्ने ।

ङ) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी तपसिलको तालिकाअनुसार नेपालको संविधान अध्ययन गर्न लगाई प्रतिवेदन लेख्न लगाउने र निचोड बताउने । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्ने ।

| समूह | नेपालको संविधान | कार्य/अधिकार |
|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका | |
| २ | स्थानीय कार्यपालिका | |
| ३ | न्यायपालिका | |
| ४ | स्थानीय व्यवस्थापिका | |
| ५ | प्रादेशिक सरकार | |

च) नेपालमा प्रदेश विभाजन र स्थानीय तहको संरचनाको विकास गर्दा के कस्ता आधारहरू लिएको छ ? सोको लागि पुर्नसरचना सम्बन्धी प्रतिवेदनहरूको अध्ययन गर्ने वा सोको आधारमा बुदाँगतरूपमा छलफल गरी सात प्रदेश निर्माणका आधारहरूको चार्ट मार्फत बुदाँगत रूपममा स्पष्ट पार्ने ।

छ) संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहमा ६ ओटा महानगरपालिका, ११ उपमहानगरपीलका, २७६ ओटा नगरपालिका र ४६० ओटा गाँउपालिकाको व्यवस्था गर्ने आधारहरूका सम्बन्धमा स्थानीय तह पुर्नसरचनाको प्रतिवेदन (स्थानीय विकास तथा सङघीय मामला मन्त्रालयको website www.mofald.gov.np मा खोजी गरी छलफल गर्ने ।

ज) सङ्घीयताको अवधरणा र नेपालको हालको व्यवस्थाका सम्बन्धमा स्थानीय स्तरमा रहेका गाँउपलिका वा नगरपालिकाका कार्यकारी प्रमुख वा अधिवक्ता वा बुद्धिजीवीलाई आवश्यकताअनुसार स्रोत व्याक्तिको रूपमा आमन्त्रण गरी छलफल गर्ने ।

## ६. मूल्याङ्कन

क) विकास भनेको के हो ?

ख) विकास क्षेत्र भन्नाले के वुझिन्छ ?

ग) सङ्घीयताको परिचय लेख्नुहोस ।

घ) नेपालमा सङ्घीय संरचनाका क्रममा लिएका आधारहरू पहिचान गर्नुहोस् ।

ङ) नेपालमा सङ्घीयताका फाइदाहरू मध्ये कुनै चार ओटा लेख्नुहोस् ।

च) सामुदायिक कार्य र अन्य क्रियकलाप गर्दा विद्यार्थीहरूको व्यवहारको अवलोकन गर्नुहोस् ।

छ) नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा कहिले विभाजन गरिएको थियो ?

## ७. थप अध्ययन सामग्रीहरू

क) सङ्घीयताको अवधारणा र स्थानीय तहको सरचनाका सम्बन्धमा थप अध्ययन गर्नका लागि विभिन्न अध्ययन सामग्री अध्ययन गर्नुहोस् ।

अवधारणा :

सङ्घीय अवधारणाको पिताको रूपमा जोहान्स अल्थुसियमलाई लिइन्छ । फ्रान्सबाट आफ्नो सहर इम्डेनलाई स्वतन्त्र राख्न उनले यो अवधारणा सन् १६०३ मा ल्याएका हुन् । यसक्रममा उनले आफ्नो आवश्यकता आफैँ पूरा गर्न र आरामदायी जीवनयापन गर्न पाउनुपर्छ भन्ने अवधारणा अघि सारे । त्यसै अवधारणाले पछि सङ्घीय स्वरूपको सिर्जना भएको मानिन्छ । सङ्घीय संरचनालाई राज्य र केन्द्रसँगको सम्बन्ध र अधिकारको बाँडफाँड समेतलाई आधार मानेर तिन भागमा विभाजन गरेको पाइन्छ । (Federal States in which the federal government shares power with semi-independent regional governments. In many cases, the central government is (in theory) a creation of the regional governments; prime examples are Switzerland and the United State) ती हुन् ।

- दोहोरो सङ्घीय संरचना : दोहोरो सङ्घीय संरचनामा राज्य र केन्द्र दुवैको आफ्नो काम स्वतन्त्र रूपले गर्ने भएकाले काममा दोहोरोपना हुन्छ । वेल्जियम, अष्ट्रेलिया ब्राजिल र स्वीजरलाण्ड यस वर्गमा पर्छन्

- प्रतिस्पर्धात्मक सङ्घीय संरचना : प्रतिस्पर्धात्मक सङ्घीय संरचनाअनुसारको काम बाँडफाँड गरिएको हुन्छ । धेरै कुराहरू केन्द्र र राज्यबिच बाँडफाँड गरिएको हुन्छ । जर्मनी, दक्षिण अफ्रिका, क्यानाडा यस वर्गमा पर्छन् ।
- आदेशात्मक सङ्घीय संरचना : आदेशानुसार चल्ने सङ्घात्मक संरचनालाई आदेशात्मक सङ्घीय संरचना भनिन्छ । यो नाम मात्रको सङ्घीय संरचना हो । केन्द्रले दिएका अधिकार मात्र सङ्घीय राज्यसँग हुन्छ । अष्ट्रिया मलेसिया, मेक्सिको आदि यस वर्गमा पर्छन् ।

**विश्वमा संङ्घीयता लागु भएका देशहरूको विवरण**

| क्र.सं. | देशको नाम | क्र.सं. | देशको नाम |
|---|---|---|---|
| १ | अमेरिका (५० राज्य) | १४ | मलेसिया |
| २ | अर्जेन्टिना | १५ | स्वीजरल्याण्ड |
| ३ | अष्ट्रेलिया | १६ | सुडान |
| ४ | अष्ट्रिया | १७ | पाकिस्तान |
| ५ | बेल्जियम | १८ | दक्षिण अफ्रिका |
| ६ | बोष्निया हर्जगोभिना | १९ | केन्या |
| ७ | ब्राजिल | २० | Federated States of Micronesia |
| ८ | क्यानडा | २१ | नाइजेरिया |
| ९ | Comoros | २२ | रसिया |
| १० | इथोपिया | २३ | Saint Kitts and Nevis |
| ११ | जर्मन | २४ | भेनेजुयला |
| १२ | इराक | २५ | नेपाल |
| १३ | मलेसिया | २६ | United Arab Emirates |

स्रोत : www.

## ८. परियोजना कार्य

क) नेपाल जस्तो भौगोलिक रूपमा सानो भूभाग भएको देशका लागि सङ्घीयता किन आवश्यक छ ? यसको स्थिरताको लागि कसले के गर्नुपर्ला ? स्थानीय बुद्धिजीवीसँग छलफल गरी प्रतिवेदन तयार गर्नुहोस् ।

## पाठ : ४

## पाठ शीर्षक : नेपालका प्रदेशहरू

अनुमानित घन्टीः ३

### १. सिकाइ उपलब्धि

क) विकासको क्षेत्रीय अवधारणा बताउन र नेपालका प्रदेशहरूको तुलनात्मक अध्ययन गर्न

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अध्ययन पछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछ :

क) सात प्रदेशलाई नेपालको नक्शामा देखाउन

ख) नेपालका सात प्रदेशको सूची तयार गर्न

ग) प्रत्येक प्रदेशको प्रमुख विशेषताहरू उल्लेख गर्न

घ) सात प्रदेशको भूगोल, जनसख्या, भूउपयोग, सडकमार्ग, जलविद्युत आयोजना, उद्योग, पर्यटकीयस्थल, शैक्षिक संस्थाहरूको अवस्थिति र मानव स्वास्थ्यको अवस्थाका आधारमा तुलनात्मक अध्ययन र विश्लेषण गर्न

ङ) विभिन्न प्रदेशमा रहेको जिल्लाहरूको सूची तयार गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) प्रदेशको विशेषता र सङ्घीयताको वोध, र आत्मीकरण

### ४. सिकाइ सामग्रीहरू

नेपालको नक्सा, सङ्घीयता सम्बन्धी प्रतिवेदनहरू, प्रदेशको विशेषताहरू उल्लिखित चार्ट नेपालको संविधान, प्रदेशअनुसारको नक्सा, प्रदेशको अलग अलग श्रव्य दृश्य सामग्री प्रर्दशन आदि

### ५. सिकाइ क्रियाकलाप

क) विद्यार्थीहरूलाई नेपालको संविधानअनुसार हाम्रो देशलाई कति प्रदेशमा विभाजन गरिएको छ ? भनि सोध्ने । विद्यार्थीहरुको जवाफ सुन्ने र आवश्यकता अनुसार पृष्ठपोषण दिने । विद्यार्थीहरुलाई हालको सात प्रदेशको नक्साको अलग अलग टुक्रा दिने र सता ओटा टुक्रा जोडेर नेपालमा रूपमा बनाउन लगाउने । त्यस पछि  नेपालको नक्सा वितरण गरी प्रदेशअनुसार अलग अलग रङ भर्न लगाउने ।




नेपालको नक्शामा सात प्रदेश

ख) प्रत्येक प्रदेशको (१ नम्वर देखि ७ नम्बर) बारेमा अलग अलग रूपमा नक्सा प्रर्दशन गरी विशेषताहरूको बारेमा छलफल गर्ने ।

| प्रदेश | प्रमुख विशेषताहरू |
|---|---|
| १ | जिल्ला, जलविद्युत सम्भावना भएको, चिया उत्पादन, उच्च शिखर सगरमाथा, पहाडमा राइ, लिम्बु र तराइमा धिमाल लगायतका जनजातिहरूको बसोवास |
| २ | ऐतिहासिक तथा धार्मिक स्थल, समथर जमिन, खाद्यवाली, नगदेवाली, यादव, थारु, मुस्लिम र दलित जातिको बसोवास |
| ३ | राजधानी सहितको प्रदेश, पर्यटकीय स्थल, तामाङ र नेवार जनजातिको बाहुल्यता |
| ४ | पर्यटकीय नगरी पोखरा, ऐतिहासिक तथा धार्मिक स्थल, ठूला ठूला नदी तथा तालहरू रहेको |
| ५ | ऐतिहासिक तथा धार्मिक स्थल, नदिहरू, वन जङगल,पहाड र तराइ समेटिएको भूभाग |
| ६ | विकासको दृष्टिले प्रचुर सम्भावता रहेको, वन जङ्गल, जडिबुटी नदि, ताल रारा, से फोक्सुण्डो, राष्ट्रिय निकुञ्ज, ठकुरी, वाहुन क्षेत्री र दलित वर्गको बाहुल्यता |
| ७ | तराइ पहाड र हिमाल समावेश, तराइमा थारू समुदायको बसोवास, ऐतिहासिक, |

| | |
|---|---|
| | धार्मिक स्थल तथा पर्यटकीय स्थलहरू रहेको |

ग) विभिन्न प्रदेशको (भूगोल, जनसङ्ख्या, भूउपयोग, सडक मार्ग, जल विद्युत आयोजना, उद्योग, पर्यटकीयस्थल, शैक्षिक संस्थाहरूको अवस्थिति र मानव स्वास्थ्यको अवस्थाका आधारमा) विभिन्न क्षेत्रको हालको अवस्था समावेश गरी तालिका मार्फत छलफल गर्दै जानकारी गराउने ।

घ) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई प्रदेशको खाली नक्शा दिई प्रदेशका प्रमुख नदि, ताल, हिमाल, ओद्योगिक क्षेत्र, ऐतिहासिक तथा धार्मिक स्थलहरू भर्न लगाउने । त्यसैगरी आफ्नो प्रदेशका विभिन्न स्रोत, संसाधन, सम्पदा र त्यहाँ मौजुद विविधिता तथा त्यसमा भएका भौगोलिक, सामाजिक, आर्थिक सांस्कृतिक विषयमा छलफल गर्ने

ङ) प्रदेशको संख्या अनुसार समूह विभाजन गरी प्रदेशमा पर्ने जिल्लाको नाम र सङ्ख्या संविधानको अनुसूची हेरी तयार गरी प्रस्तुत गर्न लगाउने ।

च) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्नु ।

६. प्रतिविम्बन

क) नेपालका सात प्रदेशको सूची तयार गर्नुहोस् ।

ख) सात प्रदेशलाई नेपालको नक्सामा उल्लेख गर्न ।

ख) १ नम्बर प्रदेशका कुनै २ ओटा विशेषताहरू लेख्नुहोस् ।

ग) २ नम्बर प्रदेश र ३ नम्बर प्रदेशबिचका कुनै तिन ओटा भिन्नता उल्लेख गर्नुहोस् ।

घ) प्रदेश नं. ४ को कुनै तिन ओटा विशेषताहरूको विश्लेषण गर्नुहोस् ।

ङ) प्रदेश नं. ५ र ६ को जनसङ्ख्या र भूगोलबिच तुलना गनुहोस् ।

च) प्रदेश नं. ७ को प्रमुख पर्यटकीय स्थल उल्लेख गर्नुहोस् ।

७. थप अध्ययन सामग्रीहरू

नेपालका ७ ओटा प्रदेशहरूको मुख्य विशेषताहरू

| प्रदेश नं. | क्षेत्रफल वर्ग कि.मि. | जनसङ्ख्या लाखमा | जलविद्युत सम्भावना | पर्यटकीयस्थल | शिक्षा विवि | उद्योग | जात जाति |
|---|---|---|---|---|---|---|---|
| १ | २५९०५ | ४५ | अरुण, | पाथिभारा, | पूर्वाञ्चल | ओद्योगिक क्षेत्र, | राई, लिम्बु, लेप्चा, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कोशी | सगरमाथा, मकालु, भेडेँटार, धरान, इलाम | विश्वविद्यालय | चिनी,जुट | राजवंशी, कोचे, मेचे, बाहुन, क्षेत्री, शेर्पा, दलित आदि । |
| २ | ९६६१ | ५४ | नभएको | जनकपुर, बारा र सप्तरीका धार्मिक स्थलहरू, | त्रिविका आङ्गिक तथा सम्बन्ध प्राप्त क्याम्पस | औद्योगिक क्षेत्र, | मधेसी समुदायको बाहुल्यता, मैथेली, थारु, |
| ३ | २०३०० | ५५ | माथिल्लो तामाकोशी, खिम्ति, चिलिमे, त्रिशुली सुनकोशी | पशुपतिनाथ, स्वयम्भू, भक्तपुर, धुलिखेल, जिरी, चितवन | कृषी तथा वन त्रिवि, | औद्योगिक क्षेत्र, | तामाङ, नेवार, बाहुन, क्षेत्री, दलित |
| ४ | २१५०४ | २४ | कालिगण्डकी, बुढीगण्डकी | पोखरा, मुस्ताङ, वन्दीपुर, लमजुङ, गोरखा दरवार | पोखरा विवि | औद्योगिक क्षेत्र, | गुरुङ, मगर, बाहुन, क्षेत्री दलित, नेवार, थकाली |
| ५ | २२२८८ | ४९ | तिनाउ, राप्ती नदी | लुम्विनी, तिलौराकोट, स्वर्गदारी, बर्दिया निकुञ्ज, | लुम्विनी विवि | औद्योगिक क्षेत्र, | मगर, बाहुन, क्षेत्री, दलित, थारु, मधेसी, |
| ६ | २९९८४ | ११.५ | उच्च कर्णाली, भेरी | राराताल, से फोक्सुण्डो ताल, | मध्य पश्चिम विवि | नभएको | बाहुन, क्षेत्री, दलित, ठकुरी |
| ७ | १९५३९ | २५ | चमेलिया, सेती नदी | उग्रतारा, शैलेशवरी अपि सैपाल | सुदूर पश्चिम विवि | नभएको | बाहुन, क्षेत्री, दलित, थारु, ठकुरी |

## ८. परियोजना कार्य

क) नेपालको ७ प्रदेश मध्ये आफू बसोवास गर्ने प्रदेशको नक्सा बनाई प्रमुख स्थलहरू भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) आफ्नो गाउँ समुदायका बुद्धिजीवीहरूसँग सोधी आफ्नो प्रदेशको विकासका लागि के कस्ता कार्यहरू गर्नुपर्ला ? एक खाका तयार गर्नुहोस् ।

## एकाइ : २

## विकास र विकासका पूर्वाधारहरू

| सक्षमता |
| --- |
| ● विकासको अवधारणा, विकास आयोजना, दिगो विकास, जनशक्ति र समकालिन विकासका लक्ष्यको प्रस्तुति । |

### पाठः १

### दिगो विकास

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि :** दिगो विकासको अवधारणा प्रस्तुत गर्न

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्नेछन्:

क) दिगो विकासको अवधारणा प्रष्ट पार्न,

ख) दिगो विकासका उद्देश्यहरू उल्लेख गर्न,

ग) दिगो विकासका विशेषताहरू सूची तयार गर्न,

घ) दिगो विकासका आयामहरू उल्लेख गर्न,

ङ) नेपालमा दिगो विकासका अवधारणा कार्यन्वयनका समस्या समाधानका उपायहरू उल्लेख गर्न,

च) नेपालमा दिगो विकासको अवधारणा कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू उल्लेख गर्न,

छ) वर्तमान समयमा दिगो विकासको आवश्यकता र महत्व बताउन ।

३. **सिकाइ सामग्रीहरू :** दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत मेटाकार्ड, दिगो विकासका उद्देश्यहरूको सूची तालिका, दिगो विकासका विशेषताहरूको सूची तालिका, दिगो विकासका आयमहरूको सूची तालिका,पाठमा दिइएका विषयवस्तुको बारेमा तयार गरिएको सलाइडहरू हरू, Multimedia projecter, आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

**क)** दिगो विकासका अवधारणा बुझी सो सम्बन्धी जनचेतनामूलक कार्यक्रममा सहभागी हुने ।

ख) समुदायमा भएका आयोजनाहरू दिगो विकासका लक्ष्य अनुरूप भए गरेका छन् या छैनन् भनी अध्ययन गर्न उत्सुक हुने ।

ग) आफ्नो वरिपरिका वातावरण सरसफाइमा अग्रसर भई लाग्न ।

## ५. सिकाइ क्रियाकलाप

क) पाठमा दिइएको दिगो विकासको अवधारणा सम्बन्धी विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) पाठको सुरुमा दिइएको प्रश्नहरू पालैपालो गरी विद्यार्थीहरूलाई सोध्ने र उनीहरूको उत्तरको आधारमा दिगो विकासको अवधारणा बारेमा छलफल गर्ने र पाठको विषयवस्तुप्रति झन प्रबल बनाउने ।

ग) पाठमा दिइएको दिगो विकासको अवधारणा सम्बन्धी पृष्ठभूमी र यसको अर्थ व्याख्यान विधिको माध्यमबाट प्रष्ट पार्ने । यसमा भावी पुस्ताले आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागि प्रविधि र स्रोतको उच्चतम् परिचालनमा उनीहरूको खुबीलाई मध्यनजर राखी वर्तमानमा मानवीय आवश्यकतालाई परिपूर्ति गर्नै विकास दिगो विकास हो भनी पुष्टि गर्नुपर्छ ।

घ) दिगो विकासका उद्देश्यहरूको सूची तालिका प्रदर्शन गर्दै तालिकामा सूचीकृत उद्देश्यहरू छलफलबाट प्रष्ट पार्ने । यसलाई सम्भवभएसम्म Power Point Slide हरू प्रदर्शन गर्दै व्याख्या गर्दै पनि गर्न सकिन्छ ।

ङ) दिगो विकासका विशेषताहरूको सूची तालिका प्रदर्शन गर्दै तालिकामा सुचीकृत विशेषताहरू छलफलबाट प्रष्ट पार्ने । यसलाई Power Point Slide हरू प्रदर्शन गर्दै व्याख्या गर्दै पनि गर्न सकिन्छ ।

च) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी दिगो विकासका आयाम, दिगो विकासको अवधारणा कार्यान्वयन चुनौती समाधानका उपयाहरू वर्तमान समयमा दिगो विकासको आवश्यकताको बारेमा समूह कार्य गरी प्रस्तुत गर्न लगाउने र प्रस्तुति पछि चार्टहरूको माध्यमबाट प्रष्ट पार्ने ।

छ) क्रियाकलापमा दिइएका प्रश्नहरूको उत्तर छलफलविधिको माध्यमबाट प्रष्ट पार्ने र सोही प्रश्नहरू विद्यार्थीहरूलाइ कक्षाकार्य तथा गृहकार्यका रूपमा उत्तर लेख्न लगाउने ।

ज) सामुदायिक कार्य अन्तर्गत दिइएको प्रश्न कक्षामा छलफल गरी उक्त प्रश्नको निर्देशन अनुरूप कार्य गर्न सहजीकरण गर्ने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) दिगो विकास भनेको के हो ? यस अवधारणाको विकासका बारेमा छोटकारीमा बताउनुहोस् ।

ख) दिगो विकासका उद्देश्यहरू बताउनुहोस् ।

ग) दिगो विकासका विशेषताहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

घ) दिगो विकासका आयमहरू उल्लेख गर्नुहोस् र तिनको बारेमा आफ्नो धारणा राख्नुहोस् ।

ङ) नेपालमा दिगो विकासको अवधारणा कार्यन्वयनमा देखिएका समस्या र चुनौतीहरू के के हुन् उल्लेख गर्नुहोस्।

च) वर्तमान समयमा दिगो विकासको किन आवश्यकता पर्छ ? तर्क सहित पुष्टि गर्नुहोस् ।

छ) नेपालमा दिगो विकासका अवधारणा कार्यान्वयनका समस्या र चुनौतीहरूको समाधानका कसरी गर्न सकिन्छ ? बताउनुहोस् ।


यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू:

### दिगो विकास

- जनसङ्ख्याको वृद्धिसँगै बढेका असीमित आवश्यकता पूरा गर्न सीमित स्रोत साधनले पुग्ने स्थिति नभएको, विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा वातावरण संरक्षणको पक्षलाई गौण राखिएको हुनाले भोलिका दिनहरू जोखिमपूर्ण हुने देखेर विकास र वातावरण संरक्षणको कार्य सन्तुलित रूपमा त्यस उद्देश्यले दिगो विकासको अवधारण आएको हो ।
- संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९८३ मा नर्वेका तत्कालीन प्रधानमन्त्री ग्रो हार्लेम ब्रन्टल्यन्डको अध्यक्षतामा गठन भएको, वातावरण र विकास सम्बन्धी आयोगले सन् १९८७ मा हाम्रो “साझा भविष्य” शीर्षकको प्रतिवेदन तयार गरेपछि दिगो विकासको अवधारणाले मूर्त रूप पाएको हो । उक्त प्रतिवेदनमा उल्लेख गरिए अनुसार भावीपुस्ताले आफ्नो आवश्यकता परिपूर्ति गर्नाका लागि प्रविधि र स्रोतको उच्चतम् परिचालनमा उनीहरूको खुबीलाई मध्यनजर राखी वर्तमानमा मानवीय आवश्यकतालाई परिपूर्ति गर्ने विकास दिगो विकास हो ।

- दिगो विकासको महत्त्व निम्न चार्टबाट प्रष्ट पार्न सकिन्छ :




| दिगो विकासको चुनौती | चुनौती समाधानका उपायहरू |
|---|---|
| • पहाडी तथा दुर्गम भुवनोट | • वातावरणीय पक्षलाई जोड दिने |
| • प्राविधिक ज्ञानको अभाव | • जनसङ्ख्या वृद्धि नियन्त्रण |
| • सीमित आर्थिक आधारहरू | • खनिज तथा जल सम्पदाको उचित उपयोग |
| • व्यापक गरिबी | • वैकल्पिक उर्जाको विकास |
| • राजनैतिक अस्थिरता | • अव्यवस्थित सहरीकरण |
| • जनसहभागिताको अभाव | • विकासमा जनसहभागितामा वृद्धि । |
| • तीव्र जनसङ्ख्या वृद्धि । | |

## ८. **परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्तिपछि केही समयमा विद्यार्थीहरूका व्यवहार, मूल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने र त्यसको अभिलेख राख्ने ।

## पाठः २

## नेपालमा सञ्चालित विकासका आयोजनाहरू

**अनुमानित घन्टी : २**

### १. सिकाइ उपलब्धि

नेपालमा सञ्चालित मुख्यमुख्य विकास आयोजनाहरूको विवरण दिन र ती आयोजनाहरूको सञ्चालनका लागि सहयोग गर्न र सहभागी हुन्

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) विकासका आयोजनाको परिभाषा दिन,

ख) विभिन्न आधारमा विकास आयोजनाको वर्गीकरण गर्न,

ग) नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूका सूची तयार पार्न,

घ) नेपालमा सञ्चालित केही राष्ट्रिय गौरवका आयोजनाहरूका बारेमा सङ्क्षिप्त जानकारी दिन ।

### ३. सिकाइ सामग्रीहरू

नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको सूची तालिका, विकासका आयोजनाको वर्गीकरण तालिका, मेटाकार्ड, पाठमा दिइएका विषयवस्तु समेटी तयार पारिएको Power Point Slide हरू, राष्ट्रिय गौरव आयोजनको भिडियो क्लिप्स Multimidia projecter आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :

क) राष्ट्रिय गौरवका आयोजनाहरू चिन्ने र तिनको सम्मान गर्ने,

ख) राष्ट्रिय गौरवका आयोजनाहरूको संरक्षणमा सहभागी हुने,

ग) स्थानीय स्तरमा भएका आयोजनाहरूका बारेमा जानकारी लिने र तिनको संरक्षणका लागि अग्रसर हुने ।

### ५. सिकाइ क्रियाकलाप

क) पाठमा दिइएको विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) सबै विद्यार्थीहरूलाई विकास आयोजनाको परिभाषा आआफ्नो कापीमा लेख्न लगाउने र नजिकैको साथीसँग जोडीमा छलफल गर्न लगाई सोच, लेख र जोडीमा छलफल आदानप्रदान (Think Write Pair and share) विधिको सहायताले उत्कृष्ट परिभाषा बनाउन लगाउने । उक्त उत्कृष्ट परिभाषालाई आवश्यक सुधार गरी बोर्डमा सार्ने ।

ग) लगानी र प्रभावित क्षेत्रको आधारमा आयोजनाहरू साना, मझौला र ठुला हुन्छन् । आयोजना सञ्चालनका क्षेत्रको आधाारमा स्थानीय, प्रदेशीय र राष्ट्रिय स्तरका गरी तिन स्तरका आयोजनाहरू हुन्छन् भन्ने कुरा व्याख्यान विधिको प्रयोग गरी विषयवस्तु अझ थप प्रष्ट पार्ने ।

घ) राष्ट्रिय गौरवका आयोजना भनेको के हो ? भन्ने प्रश्न गरी विद्यार्थीहरूमा मस्तिष्क मन्थन गराउने । धेरै स्रोत र साधन एवम् लगानीमा सञ्चालित राष्ट्रिय स्तरका ठूला आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना भनेर नामकरण गरिएको कुरा छलफल विधिको माध्यमबाट प्रष्ट पार्ने ।

ङ) कक्षाका विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई पाठमा दिइएका राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये्बाट एक एक ओटा छलफलका लागि दिने । आयोजनाको सामान्य परिचय, आयोजनाको लक्ष्य, आयोजना सञ्चालित क्षेत्र, लगानी, लगानीका स्रोत, आयोजना सम्पन्न हुन लाग्ने अवधि, आयोजनाका फाइदा तथा प्रभावित क्षेत्र आदि विषयवस्तु आवश्यकताअनुसार समावेश गरी प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउने ।

च) समूह नेताले आआफ्नो आयोजनाको परिचयात्मक निबन्ध पढेर सुनाउँदा ध्यानपूर्वक सुन्न सबै विद्यार्थीलाई लगाउने र शिक्षकले पनि ध्यानपूर्वक सुनी आवश्यक सुधार गरिदिने ।

छ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी आफनो विद्यालय वा समुदायमा सञ्चालन गर्न सकिने आयोजनको बारेमा निम्न बुदाँको आधारमा योजना बनाउन लगाउने ।

क) आयोजनाको नाम

ख) उद्देश्य

ग) आवश्यक सामग्री

घ) सञ्चालन हुने मिति

ङ) आवश्यक जनशक्ति

च) अनुमानित लागत

छ) स्रोत पहिचान

ज) आयोजनले पुऱ्याउने सुविधा ।

६. **प्रतिविम्बनः** निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) विकासका आयोजना भनेको के हो ?

ख) लगानीका आधारमा विकास आयोजना कति प्रकारका हुन्छन् र ती कुन कुन हुन् ?

ग) नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूका सूची तयार पार्नुहोस् ।

घ) तपाईंको समुदायमा सञ्चालित आयोजनाहरूका बारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् ।

ङ) यदि तपाईं राष्ट्रिय योजना आयोगको सदस्य भएको भए देशको समग्र विकासका लागि के गर्नुहुन्थ्यो ? भन्नुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

७. **थप अध्ययन सामग्रीहरूः**

**हाल नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू**

| सम्बन्धित मन्त्रालयहरू | विकासका आयोजनाहरू |
|---|---|
| १. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • मध्य पहाडी लोकमार्ग (१७७६ कि.मी.)<br>• हुलाकी राजमार्ग (१७९८कि.मी.)<br>• काठमाडौं तराई द्रुतमार्ग (७६ कि.मी.)<br>• कोशी करिडोर<br>• उत्तर दक्षिण लोक मार्ग कर्णाली<br>• गण्डकी करिडोर<br>• पूर्व पश्चिम विद्युतीय रेलमार्ग ( १०८ कि.मी.) |
| २. संस्कृति पर्यटन तथा नागरिक | • दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बारा |

| | |
|---|---|
| उड्डयन मन्त्रालय | • पोखरा क्षेत्रीय विमानस्थल<br>• भैरहवा क्षेत्रीय विमानस्थल<br>• पशुपति क्षेत्र विकास कोष<br>• लुम्बिनी क्षेत्र विकास कोष |
| ३. सिँचाइ मन्त्रालय | • सिक्टा सिँचाइ<br>• रानीजमरा-कुलरिया सिँचाइ<br>• बबइ सिँचाइ<br>• भेरी बबई बहुउद्देश्यीय सिँचाइ |
| ४. उर्जा मन्त्रालय | • माथिल्लो तामाकोशी<br>• बुढी गण्डकी<br>• पश्चिम सेती |
| ५. सहरी विकास मन्त्रालय | मेलम्ची खानेपानी प्रशोधन केन्द्र तथा टनेल निर्माण |
| ६. वन तथा भू संरक्षण मन्त्रालय | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम |

८. **परियोजना कार्य/गृहकार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठ : ३

## विकासका पूर्वधारहरू: दक्ष जनशक्ति र रोजगार

## अनुमानित घन्टी : २

१. **सिकाइ उपलब्धि:** विकासका पूर्वधारको रूपमा दक्ष जनशक्ति र रोजगारको अवसरको महत्व तथा आवश्यकता उल्लेख गर्न

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) विकासको पूर्वधारको अर्थ बताउन,

ख) स्रोत र साधनको परिचय दिई त्यसका प्रकारहरूको उल्लेख गर्न,

ग) दक्ष जनशक्तिको परिचय दिई देश निर्माणमा यसको महत्व वर्णन गर्न,

घ) दक्ष जनशक्ति र रोजगारीको अवसरको बिचको अन्तरसम्बन्ध पहिचान गर्न,

ङ) स्वरोजगारको परिचय दिई यसले समाजमा ल्याएका सकारात्मक परिवर्तनहरू उल्लेख गर्न ।

३. **सिकाइ सामग्रीहरू:** दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत विभिन्न क्षेत्रका दक्ष जनशक्तिको चित्र या फोटो जस्तै डाक्टरले बिरामी जाँच्दै गरेको चित्र, शिक्षकले पढाइरहेको फोटो वा चित्र, कुनै एक पसलमा काम गरिरहेको मानिसहरू चित्र, विभिन्न स्वरोजगारका क्षेत्रहरूको सूची तालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

**क)** दक्ष जनशक्तिका रूपमा आफूलाई स्थापित गर्न सो सम्बन्धी ज्ञान, सिप, आचरण, मूल्य र अभिवृत्तिको विकासमा अगाडि बढ्न अग्रसर रहने ।

ख) मेहनेती, उद्यमशील, स्वावलम्बी, स्वाभिमानी र सिपयुक्त व्यक्तिको रूपमा आफूलाई स्थापित गर्न सानैदेखि लागी पर्ने ।

ग) विभिन्न खालका स्वरोजगारका क्षेत्रहरू पहिचान गरी तिनीहरूप्रति आफुलाई आकर्षित गर्ने ।

## ५. सिकाइ क्रियाकलाप

क) सबै विद्यार्थीहरूलाई विकासका पूर्वधारको परिचय आआफ्नो कापीमा लेख्न लगाउने र नजिकैको साथीसँग जोडीमा छलफल गर्न लगाई सोच, लेख र जोडीमा छलफल आदानप्रदान (Think Write Pair and share) विधिको सहायताले उत्कृष्ट परिभाषा बनाउन लगाउने । उक्त उत्कृष्ट परिभाषालाई आवश्यक सुधार गरी सेतोपटीमा सार्ने ।

ख) स्रोत र साधन भनेको के हो ? यसका मुख्य प्रकारहरू के के हुन्? भनी कक्षामा प्रश्न गर्ने । यी प्रश्नका उत्तरहरू विद्यार्थीहरूले सजिलै दिन्छन् । तिनीहरूको उत्तरमा त्यसो हो भने प्राकृतिक स्रोत र साधन भनेको के हो त ? पुनः प्रति प्रश्न गरी मस्तिष्क मन्थन गराउने " प्रकृतिद्धारा स्वतः प्राप्त भएका  वरिपरीका विभिन्न सजीव र निर्जीव वस्तुहरू जस्तैः वायु, जल, जमिन, खनिज पदार्थ, वनजङ्गल आदि प्रकृतिक स्रोतहरू हुन्" भनी प्राकृतिक स्रोत र साधनबारे प्रष्ट पार्ने र पाठमा दिइएको विषयवस्तुका आधारमा मानव संसाधनको परिचय प्रष्ट पारी स्रोत र साधनको परिचय दिने ।

ग) विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गरी दक्ष, अर्ददक्ष र अदक्ष जनशक्तिका परिभाषा लेखेर प्रस्तुत गर्न लगाउने । उक्त प्रस्तुति पछि विभिन्न क्षेत्रका जनशक्तिको फोटो, भिडियोको माध्यमद्वारा जनशक्तिको परिचय, प्रकार र महत्व विद्यार्थीलाई स्पष्टसँग बताउने ।

घ) देश विकासको योजना निर्माणदेखि कार्यान्वयन तहसम्म दक्ष जनशक्तिको आवश्यकतालाई प्राथमिकता दिँदै विकसित तथा अल्पविकसित मुलुकमा दक्ष जनशक्तिको अवस्थाअनुसार देश विकासको अवस्था फरक रहेको कुराबताउने र दक्ष जनशक्ति तयार पार्ने उपायहरूको सूची पर्दशन गर्दै विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने ।

ङ)दक्ष जनशक्ति र रोजगारको अवसरको सम्बन्ध प्रष्ट पार्नका लागि यी दुवैको परिभाषा बताइदिने र दक्ष जनशक्ति नै रोजगारको अवसर हो भन्ने कुरा स्पष्ट पार्ने । यस विषयवस्तुको आधारमा विद्यार्थीलाई आफू दक्ष जनशक्तिको रूपमा स्थापित हुन् प्रयासरत रहन प्रेरित गर्ने ।

च) स्वरोजगार भनेको के हो ? यसका क्षेत्रहरू के के हुन् ? यसले समाजमा के कस्ता सकारात्मक असर पार्दछ ? भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने र उनीहरूबाट आएको उत्तरहरू आवश्यक सुधार गरी सेतोपाटीमा टिप्दै जाने र स्वरोजगारको अर्थ, यसका क्षेत्रहरू र यसले पार्ने सकारात्मक असरहरू व्याख्या गर्दै स्वदेशमै आफ्नो सीप र श्रम खर्चिएर आफ्नो भविष्य र देशको भविष्य निर्माणमा लागी पर्न सबै विद्यार्थीहरूलाई प्रेरित गर्ने । यसको अन्त्यमा घनश्याम रिजालको 'बाखा पालौँला' र पशुपति शर्माको 'मलाई सिङ्गापुर पनि यहीँ, मलाई

अमेरिका पनि यहीँ' भन्ने जस्ता गीतको भिडियो प्रस्तुत गरी विदेशमा भन्दा स्वदेशमै केही गरी आफ्नो भविष्य र देशको भविष्य निर्माणमा लाग्न हौसला प्रदान गर्ने ।

छ) देशका विकासका लागि दक्ष जनशक्तिको आवश्यकता भन्ने शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने । उपयुक्त तर्क प्रस्तुत गर्ने विद्यार्थीलाई पुस्कृत गर्ने र अन्य विद्यार्थीहरूलाई स्याबासी/धन्यवाद दिने ।

ज)पाठमा दिइएको सामुदायिक कार्य गर्ने प्रक्रियाका बारेमा कक्षामा छलफल गर्ने र सबै विद्यार्थीहरूलाई सामुदायिक कार्यका सम्बन्धमा प्रतिवेदन लेखेर आउन लगाउने । यस कार्यका लागि छलफलका क्रममा थप अध्ययन सामग्रीमा दिइएको विषवस्तुका आधारमा प्रतिवेदनमा उपर्युक्त शीर्षक सहितको परिचय, अध्ययनको साधारण र विशिष्ट उद्देश्यहरू, अध्ययन विधि, प्राप्त विवरणको समिक्षा, निष्कर्ष र सुझाव सहितको उपसंहार बिचमा सामञ्जस्य हुने गरी प्रतिवेदन तयार गर्न लगाउने ।

## ६. मूल्याङ्कन :

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ:

क) विकासको पूर्वधार भनेको के हो

ख) तपाईको समुदायको विकासका पूर्वधारहरू के के हुन् सक्छन् ?

ग) स्रोत र साधन भनेको के हो ? स्रोत र साधनका प्रकारहरूको परिचय दिनुहोस् ।

घ) तपाईंको समुदायमा पाइने स्रोत र साधन के के हुन् ?

ङ) दक्ष जनशक्तिको परिचय दिई देश निर्माणमा यसको महत्व बताउनुहोस् ।

च) दक्ष जनशक्ति र रोजगारीको अवसरको बिचको अन्तर सम्बन्ध बताउनुहोस् ।

छ) स्वरोजगारको भनेको के हो ? यसले समाजमा के कस्ता सकारात्मक परिवर्तनहरू ल्याउन सक्छन् ? भन्नुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायता ले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू

### विकास

- कुनै पनि देशको विकासका लागि नभई नहुने कुराहरू जस्तै शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, शान्ति सुरक्षा, उर्जा, खानेपानी आदिले जनताको जिवनस्तर सुधार गरी देशको विकासमा महत्वपूर्ण भुमिका

खेलेको हुन्छ । यिनीहरूलाई नै विकासका पूर्वधारहरू भनिन्छ । यी विकासका पूर्वधारहरूको विकासका लागि स्रोत र साधनको आवश्यकता पर्छ । स्रोत र साधनहरू दुई किसिमका हुन्छन्: प्रकृतिक स्रोत र साधन तथा मानव संसाधन । विकासका लगि यी दुवै स्रोत र साधनहरूको उपलव्धता र समुचित विकासको आवश्यकता पर्छ । उपलब्ध प्राकृतिक स्रोत र साधनलाई वातावरणमा खलल नपुग्ने गरी सिपयुक्त दक्ष जनशक्तिले उचित सदुपयोग गरी मानव कल्याणका लागि परिचालन गर्न सकेको खण्डमा समुदाय तथा देशको विकास हुन्छ ।

- विकास परिवर्तनको उपज हो । विकास सकारात्मक हुनुपर्छ । विकासका लागि मावन स्रोत र साधनहरू जस्तै : दक्षजनशक्ति, तालिम, प्रविधि आदिको आवश्यकता पर्छ । व्यक्तिको क्षमता, अभिवृद्धि ,परिश्रम र लगनशीलतालाई निरन्तरता दिने हो भने विकास द्रुततरतर गतिमा हुनसक्छ । राम्रो शिक्षा प्राप्त गरी नयाँ नयाँ प्रविधिको सिप हासिल गर्न सकेमा भौतिक विकास अभिवृद्धि हुन सक्छ । कल्पनाशील, सिपयुक्त, विचारवान र परिश्रमी जनशक्ति नभई देश विकास सम्भव छैन । चिरस्थायी विकास गरी राम्रो प्रतिफल प्राप्त गर्नकालागि दक्ष जनशक्तिको खाँचो छ । दक्ष जनशक्ति उत्पादन नगरी विकासको परिकल्पना गर्न सकिदैन । एक्काईसौँ शताब्दीको आवश्यकताअनुसार दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले लगानी गनुपर्छ । मानव संसाधन विकास र प्राकृतिक स्रोत एवम् साधनको उचित परिचालन गरेर मात्र देशको विकास सम्भव छ । त्यसैले सबैलाई उचित शिक्षा, तालिम र प्रविधिको ज्ञान एवम् सिप प्रदान गर्नु नै आजको आवश्यकता हो ।
- विकसित मुलुकहरूले विकासोन्मुख देशहरू भन्दा बढी स्रोत र साधनहरूको परिचालन गर्न सकेकाले अगाडि बढ्न सकेका हुन् ।
- कुनै पनि देशले शिक्षा, स्वास्थ्य र तालिमको व्यवस्था गरी मानव संसाधनको विकास गर्न सकेमा देशमा रहेको प्रकृतिक संसाधनहरू सही सदुपयोग भइ देशको विकास हुन् सक्छ । त्यसैले दक्ष जनशक्तिको विकासमा हरेक देशले चासो राख्न जरुरी देखिन्छ ।
- ‘दक्ष जनशक्ति नै रोजगारको अवसर हो’ त्यसैले राज्यले सबै नागरिकलाई दक्ष जनशक्तिका रूपमा रूपान्तरण गर्न सकेको खण्डमा नागरिक आफैले स्वरोजगारको क्षेत्र पहिचान गरी देशको चौतर्फी विकासमा सहयोग गर्न सक्छ ।

## प्रतिवेदन लेखन

प्रतिवेदन भनेको लिखित रूपमा लेखिएको औपचारिक दस्तावेज (Document) हो जुन विभिन्न उद्देश्य पूरा गर्न लेखिन्छ । अर्को शब्दमा प्रतिवेदन भनेको कार्यको विवरण हो । कुनै घटना, समारोह, भ्रमण तथा अवलोकन विषयगत अध्ययन, अनुसन्धान र प्रयोगात्मक कार्य, सङ्घसंस्थाको गतिबिधी र क्रियाकलापको क्रमबद्ध प्रस्तुत गरी त्यसका सम्बन्धमा आफ्नो राय सुझावसहित लिखित रूपमा सम्बन्धित निकायमा पेस गर्न तयार पारिएको विवरणलाई प्रतिवेदन भनिन्छ । प्रतिवेदनमा fact (तथ्य), feeling (अनुभव) र feedback (पृष्ठपोषण) प्रदान गर्नु पर्दछ । यसलाई प्रारम्भिक खण्ड, मध्य खण्ड र अन्तिम खण्ड, क्रम मिलाएर गरिन्छ । प्रारम्भिक खण्डमा बाहिरी पृष्ठ, आफ्नो भनाइ र विषय सूची रखिन्छ, मध्य भागमा मूल पाठको व्याख्या वा वर्णन गरिन्छ र अन्त्यमा निष्कर्ष सहित उपसंहारमा पुगेर प्रतिवेदन पूर्ण गरिन्छ ।

प्रतिवेदनको सुरुमा प्रतिवेदनमा लेखिने विषयवस्तुको उठान गर्दै लेख्नुपर्ने कारण आदिका बारेमा सङ्क्षेपमा जानकारी गराइन्छ । मध्य भागमा सम्बन्धित बिषयवस्तुको मुल सामग्रीको क्रमबद्ध प्रस्तुति गरिन्छ । अन्त्य भागमा उपसंहार भएकोले अध्ययन अनुसन्धानबाट प्राप्त कुराको सार, सङ्क्षेपका साथै परिणामको स्पष्टीकरण तथा आफ्ना निष्कर्ष र सुझाब प्रस्तुत गरिन्छ ।

## प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू

- जुन विषयमा प्रतिवेदन लेख्ने हो उक्त विषयमा प्रतिवेदनको राम्रो ज्ञान र दखल हुनुपर्छ । प्रतिवेदन लेख्नुभन्दा पहिले लेखिने विषयका सम्बन्धमा जे जति तथ्याङ्क वा प्रमाण प्राप्त भएका छन् ती सबैको क्रमबद्ध टिपोट गर्नुपर्छ ।
- सामग्रि सङ्कलन गरिसकेपछि प्रकरण अनुच्छेद, शीर्षक , उपशीर्षक र अध्याय परिच्छेद आदिमा प्रतिवेदनलाई कसरी वितरण गर्ने त्यसको रूपरेखा वा खाका तयार गर्नुपर्छ ।
- प्रतिवेदन लेखकले सङ्कलित सामग्रीलाई आदि, मध्य र अन्त्यका क्रम विभाजन गरी क्रमबद्ध रूपमा प्रस्तुत गर्नुपर्छ ।
- प्रतिवेदनको भाषा वस्तुपरक, र सुबोध हुनुपर्छ ।
- सुरुमा प्रतिवेदनको शीर्षक र अन्त्यमा प्रतिवेदकको नाम र ठेगना उल्लेख गर्नुपर्छ ।
- आफूले पाएका कुराहरूलाई सकारात्मक रूपमा राख्दै सुधारात्मक पृष्ठपोषण दिनुपर्छ ।

## सामाजिक अध्ययनमा प्रतिवेदन

सामाजिक अध्ययन विषय एउटा बृहत विषय भएकाले यसको अध्ययन क्षेत्र व्यापक छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षा भित्र वा बाहिर आआफ्नो टोल समुदायहरूसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने पद्धतिलाई निरूत्साही गरी विद्यार्थीहरूलाई आआफ्नो समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनुपर्छ । त्यसका लागी नजिकैको सङ्घसंस्था, उद्योग, कलकारखानाका साथै परियोजना, खानेपानी, विद्युत , परम्परागत, सामाजिक विकृति, विसङ्गति , चाडपर्व, भाषा, संस्कृति , सामुदायिक कार्यहरूको समस्या समाधान, असल काम , अनुभव लगायत विद्यार्थीहरूलाई स्वयम् प्रत्यक्ष अनुभव गर्न लगाई प्रतिवेदन लेख्न लगाउनुपर्छ । 'गर र सिक' भन्ने अवधारणालाई व्यावहारमा ल्याउनुपर्छ । यसले हाम्रो विद्यार्थीमा समालोचनात्मक चिन्तन र सिर्जनात्मक सिपको विकास गराउछ ।

## प्रतिवेदन लेखनको ढाँचा

१. परिचय २. उद्देश्य ३. अध्ययन क्षेत्रको भुमिका ४. प्रक्रिया ५. तथ्याङ्क सङ्कलन

६. Literature review ७. तथ्याङ्क प्रस्तुतिकरण ८. निष्कर्ष १०. सुझाव

सामाजिक अध्ययनमा **प्रतिवेदन लेखनको ढाँचा** अलि सुक्ष्म रूपमा प्रयोग गरिन्छ ।

### पारम्भिक खण्ड

१. आवरण पृष्ठ २. प्राक्कथन (आफ्नो भनाइ/दुई शब्द) ३. विषय सूची

### मुख्य खण्ड

१. अध्ययन शीर्षकसहितको परिचय

२. उद्देश्यः (साधारण तथा विशिष्ट उद्देश्यहरू उल्लेख गर्ने)

३. अध्ययन विधि : (प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन, द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन र प्रतिवेदन लेखन प्रक्रिया)

४. पत्ता लगाएका कुराहरू (उद्देश्यका अनुरूप लेख्नुपर्ने)

५. उपसंहार (प्राप्त विवरणको समीक्षा, निष्कर्ष र सुझाव सहित)

### अन्तिम खण्ड

१. सन्दर्भ सामग्रीहरूको सूची: (आफूले प्रयोग गरेका सन्दर्भ सामग्रीहरूको सूची राख्ने)

| |
|---|
| २. प्रतिवेदकको व्यक्तिगत विवरण (नाम, कक्षा, रोल नम्बर, विद्यालयको नाम, आदि) |

**८. परियोजना कार्य/गृहकार्यः**

क) पाठमा दिएको सामुदायिक कार्य गर्न विद्यार्थीहरूलाई निर्देशन दिनका लागि केही बुँदाहरू तयार गर्ने र सो सामुदायिक कार्य गर्न लगाई उपयुक्त ढाँचामा प्रतिवेदन तयार गर्न लगाउने,

ख) तलको श्रेणीमापन तालिका प्रयोग गरी विद्यार्थीले दक्ष जनशक्ति सम्बन्धी गरेको परियोजना कार्यको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | विद्यार्थीको नाम | खाका अनुसार मिलेको (१) | पत्ता लगाएको नया कुरा (२) | विधि र प्रक्रिया (३) | जम्मा १+२+३ |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

नोटः परियोजना कार्यको प्रतिवेदनको मूल्याङ्कन गर्दा निम्न आधार अनुसार नम्बर दिने :

धेरै राम्रो :- ३ राम्रो :- २ सुधार गर्नुपर्ने :- १

## पाठः ४

## समकालीन विकासका लक्ष्य र नेपाल

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** सहस्राब्दी विकास लक्ष्यसँग परिचित भई समकालिन विकासका लक्ष्य र नेपालको उपलब्धि बारे प्रष्ट पार्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

क) सहस्राब्दी विकास लक्ष्यको अवधारणा प्रष्ट पार्न,

ख) सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धिहरू उल्लेख गर्न,

ग) दिगो विकासका लक्ष्यहरू (सन् २०१६- सन् २०३०) का बारेमा बताउन,

घ) नेपालमा दिगो विकासका लक्ष्यहरू उल्लेख गर्न,

ङ) दिगो विकासका लक्ष्यले निर्धारण गरेका गन्तव्यका बारेमा आफ्नो विचार व्यक्त गर्न,

च) नेपालले दिगो विकासको लक्ष्य प्राप्त गर्न देखिएका चुनौती र लक्ष्य हासिल गर्न अपनाउनुपर्ने उपायहरू उल्लेख गर्न ।

### ३. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत मेटाकार्ड, नेपालमा दिगो विकासका लक्ष्यहरूको सूची तालिका, सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धिहरूको सूची तालिका, पाठमा दिइएका विषयवस्तुका बारेमा तयार गरिएको Power Point Slide हरू, Multimedia projector आदि।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :

**क)** सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धिहरूका बारेमा अरूलाई बताउन अग्रसर रहने,

ख) नेपालमा दिगो विकासका लक्ष्यहरूका बारेमा जनचेतना फैलाउन अग्रसर रहने ।

### ५. सिकाइ क्रियाकलापः

क) पाठमा दिइएको सहस्राब्दी विकास र दिगो विकासको अवधारणा सम्बन्धी विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने,

ख) सहस्राब्दी विकास लक्ष्यका बारेमा विभिन्न प्रश्नहरू निर्माण गर्ने र ती प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो गरी सोध्ने उनीहरूको उत्तरको आधारमा सहस्राब्दी विकास लक्ष्यका अवधारणा बारेमा प्रष्ट पार्ने,

ग) पाठमा दिइएको सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धिहरूका आधारमा तयार पारिएको सो सम्बन्धी सूची तालिका प्रस्तुत गर्दै प्रश्नोत्तर विधिको माध्यमबाट बुदाँगतरूपमा प्रष्ट पार्ने,

घ) दिगो विकासका बारेमा विद्यार्थीहरूमा भएको पूर्वज्ञानको मूल्याङ्कन गरी दिगो विकासका लक्ष्यहरू (सन् २०१६ - सन् २०३०) का बारेमा प्रष्ट पार्ने,

ङ) नेपालको दिगो विकासका लक्ष्यहरूका सम्बन्धमा तयार पारिएको दिगो विकासका लक्ष्यहरू र तिनका प्रमुख गन्तव्यहरूको सूची तालिका प्रदर्शन गर्दै छलफल विधिको प्रयोग गरी सो सम्बन्धी विषयवस्तु प्रष्ट पार्ने,

च) नेपालमा दिगो विकासका लक्ष्यहरू र तिनका प्रमुख गन्तव्यहरूका बारेमा विद्यार्थीहरूको विचार प्रस्तुत गर्न लगाई मूल्याङ्कन गर्ने,

छ) नेपालको दिगो विकासका लक्ष्यहरू र तिनका प्रमुख गन्त्व्यमा पुग्न रहेका प्रमुख चुनौती र उक्त लक्ष्य हासिल गर्न अपनाउनुपर्ने उपायहरूको सूची भएको चार्ट तथा पावरप्वाइन्ट सलाइडको माध्यमबाट छलफल गर्ने र विद्यार्थीलाई सूची तयार गर्न लगाउने ।

## ६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) सहस्राब्दी विकास लक्ष्य भनेको के हो ? यस अवधारणाको विकासका बारेमा छोटकारीमा बताउनुहोस् ।

ख) संयुक्त राष्ट्र सङ्घीय सम्मेलनले निर्धारण गरेका सहस्राब्दी विकास लक्ष्यहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

ग) सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धिहरू उल्लेख गर्नुहोस् ।

घ) दिगो विकासका लक्ष्यहरू (सन् २०१६ - सन् २०३०) का बारेमा बताउनुहोस् ।

ङ) नेपालमा दिगो विकासका लक्ष्यहरू उल्लेख गर्नुहोस् ।

च) नेपालमा दिगो विकासका लक्ष्यले निर्धारण गरेका गन्तव्यका बारेमा आफ्नो विचार व्यक्त गर्नुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## पाठः ५

## स्थानीय तहमा विकास प्रस्ताव तर्जुमा

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** स्थानीय स्तरमा विकास निर्माण तर्जुमा गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

क) योजना तर्जुमाको परिचय दिन,

ख) स्थानीय तहमा विकास योजना तर्जुमा का आधारहरू बताउन,

ग) स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचा तयार गर्न,

घ) स्थानीय योजना तर्जुमा प्रक्रिया उल्लेख गर्न,

ङ) योजना कार्यान्वयनका चरणहरूको वर्णन गर्न ।

३. **सिकाइ सामग्रीहरूः** दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचाको तालिका, स्थानीय योजना तर्जुमा प्रक्रियाको तालिका,स्थानीय योजना तर्जुमा प्रक्रिया देखाउने तालिका, स्थानीय योजना कार्यान्वयनका चरणहरू देखाउने तालिका, यी विषय वस्तुहरू समावेश गरी तयार पारिएको Power Point Slides र Multimidia projecter आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

क) स्थानीय तहमा योजना तर्जुमा हुँदा नागरिक भेलामा सहभागी भई आवश्यक सुझाव दिन अग्रसर रहने,

ख) स्थानीय स्तरमा विकास निर्माणको काममा सक्रिय सहभागी रहने,

ग) स्थानीय योजना तर्जुमा ढाँचा, प्रक्रिया र कार्यान्वयनका चरणका बारेमा जानकार रही सो सम्बन्धी जनचेतना जगाउने कार्यमा सक्रिय सहभागी रहने ।

५. **सिकाइ क्रियाकलाप**

क) पाठमा दिइएको स्थानीय तहमा योजना तर्जुमा सम्बन्धी विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) सबै विद्यार्थीहरूलाई योजना तर्जुमा भनेको के हो ? भनी प्रश्न गर्ने तर त्यसको उत्तर आआफ्नो कापीमा लेख्न लगाउने र नजिकैको साथीसँग जोडीमा छलफल गर्न लगाई सोच, लेख र जोडीमा छलफल आदानप्रदान (Think Write Pair and share) विधिको सहायताले उत्कृष्ट उत्तर छान्न लगाउने । उक्त उत्कृष्ट उत्तरलाई आवश्यक सुधार गरी सेतोपटीमा सार्ने र यसको अवधारणा प्रष्ट पार्ने,

ग) सङ्घीय प्रणाली वा विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन गरेका राष्ट्रहरूमा स्थानीय तहमा योजना तर्जुमा एवम् कार्यान्वयन गर्न स्वायत्तता प्रदान कसलाई गरिएको हुन्छ ? स्थानीय निकायहरूलाई प्रत्यायोजन गरिएको अधिकारहरू के के हुन् ? उपभोक्ता समिति भनेको के हो ? यी समितिहरूको विकास योजना तर्जुमामा कस्तो भूमिका रहन्छ ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई सोध्ने र उनीहरूलाई पाठ्यपुस्तकको दोस्रो अनुच्छेद लेख्न लगाइ पढेर लेख्न लगाउने । विद्यार्थीले लेखेको उत्तर प्रस्ट नभएमा पाठको दोस्रो अनुच्छेदमा दिइएको विषयवस्तुलाई आधार बनाएर स्थानीय तहलाई प्रदान गरिएको स्वायत्तता, प्रत्यायोजन गरिएको अधिकार, उपभोक्ता समितिहरूको निर्माण, विकास प्रस्ताव तर्जुमा लेखाजोखा, प्रस्तावको मूल्याङ्कन, स्वीकृति र सम्बन्धित निकायहरूबाट अनुमति प्रदान जस्ता विषयवस्तुमा प्रष्ट पार्ने,

घ) स्थानीय तहमा विकास निर्माणको प्रस्ताव निर्माणमा विभिन्न उपभोक्ता समितिहरूको भूमिकाबारे प्रष्ट पार्दै विद्यार्थीहरूलाई आफ्नो समुदायका विभिन्न क्षेत्रसँग सम्बन्धित उपभोक्ता समितिहरूलाई सहयोग गर्न प्रेरित गर्ने,

ङ) स्थानीय स्तरमा विकास प्रस्ताव ढाँचाको नमुना प्रस्तुत गर्दै सोको बारेमा छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने । छलफलकै क्रममा सिमित स्रोत र साधनको उपयोग गरी असिमित आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने विकासोन्मुख राष्ट्रहरूको बाध्यतालाई हृदङ्गम गरी आवश्यकताको पहिचान, आवश्यकताको प्राथमिकीकरणमा विशेष ध्यान दिनुपर्ने कुरा प्रष्ट पार्ने ।

च) स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमाको ढाँचामा प्रस्ताव तयारी अन्तरगतको प्रस्ताव मस्यौदा क्रियाकलाप १ लाई आधार बनाएर तयार पार्ने । जस्तैः

**विद्यालय भवन पुनः निर्माण सम्बन्धी विकास प्रस्ताव तर्जुमा ढाँचा**

- **परिचयः** (विद्यालय भवन पुनः निर्माण विभिन्न खालका आवश्यकताहरूमध्ये छनोट गरिएको पहिलो प्राथमिकतामा परेको विकल्प हो भन्ने आसय आउने गरी यस विकास योजनाको परिचय लेख्ने)

- **उद्देश्य:** (केका लागि कस्ता खालका भवन निर्माण गर्ने हो उल्लेख गर्ने)
- **प्रभावित क्षेत्र** (यस आयोजनाले कुन कुन क्षेत्रमा कस्तो असर पर्न सक्छ उल्लेख गर्ने)
- **लागत:** (अनुमानित खर्च कति लाग्ला उल्लेख गर्ने)
- **जनश्रम दान:** (जनश्रमदानको सम्बन्धमा कति, कसरी, केका लागि सम्भव छ उल्लेख गर्ने)
- **कार्य सञ्चालन स्थल:** (कहाँ भवन निर्माण गर्ने हो त्यसको अवस्थिति उल्लेख गर्ने)
- **काम सुरु गर्ने मिति र अवधि:** (कहिले सुरु गर्ने र कहिले सम्ममा पूरा गर्ने हो उल्लेख गर्ने)
- **स्रोत र सामाग्री:** (प्राकृतिक तथा मानव संसाधनको उपयोगका बारेमा उल्लेख गर्ने जस्तैः सिमेन्ट, बालुवा, गिट्टी, ढुङ्गा, मिस्त्री, अन्य कामदार आदि )
- **कार्या**न्वयनः (यस आयोजनको कार्यान्वयन कसरी गर्ने भन्ने बारेमा उल्लेख गर्ने जस्तैः विद्यालयका सरोकारवालाहरूको प्रतिनिधिहरू सम्मिलित समावेशीको सिद्धान्तअनुरूप निर्माण गरिएको भवन निर्माण समितिको चयन, आयोजना प्रस्ताव ढाँचाको निर्माण, सुझाव सङ्कलन, प्रस्ताव पेस र स्वीकृति आदि)
- **कार्यान्वयन पश्चात् फाइदा:** (आयोजनाको कार्यान्वयनपछि कसलाई के फाइदा पुग्दछ लेख्ने)
- **उपभोक्ता समितिको नामावली:** (यस प्रश्नअनुसार उपभोक्ता समितिको ठाउँमा भवन पुनः निर्माण समितिको नाम लेख्ने ।)
- **उपसंहार / निष्कर्ष :** (यस आयोजनाको छोटो समिक्षात्मक टिप्पणी सहित निष्कर्ष र सुझाव लेख्ने)

छ) स्थानीय स्तरमा विकास प्रस्ताव ढाँचाको नमुना अन्तर्गतको ४,५ ६ र ७ नम्बर बुँदाहरू छलफल गरी प्रष्ट पार्ने ।

ज) स्थानीय योजना तर्जुमा प्रक्रिया पाठमा दिइएको विषयवस्तुको आधारमा प्रश्नोत्तर तथा छलफल विधिको माध्यमबाट प्रष्ट पार्ने ।

झ) योजना कार्यान्वयनका चरणहरू देखाउने तालिका प्रस्तुत गर्दै छलफल गरी सो विषयवस्तु प्रष्ट पार्ने ।

ञ) पाठमा दिइएका सबै विषयवस्तुलाई समेटी Power Points Slides निर्माण गर्ने र सोहिअनुसार पाठका विषयवस्तुलाई प्रष्ट पार्ने ।

ट) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

ठ) पाठमा दिइएको सामुदायिक कार्य गर्ने प्रक्रियाका बारेमा कक्षामा छलफल गर्नै र सबै विद्यार्थीहरूलाई सामुदायिक कार्यको प्रतिवेदन लेखेर ल्याउन लगाउने ।

## ६. मूल्याङ्कनः

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) योजना तर्जुमा भनेको के हो ?

ख) स्थानीय तहमा विकास योजना तर्जुमा कसले, केका आधारमा कसरी गर्छन् ? बताउनुहोस् ।

ग) स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमाको ढाँचा कक्षामा प्रस्तुत गर्नुहोस् ।

घ) स्थानीय योजना तर्जुमा प्रक्रिया बुँदागत रूपमा बताउनुहोस् ।

ङ) योजना कार्यान्वयनका लागि कुन कुन चरणहरू पूरा गर्नुपर्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ८. परियोजना कार्य/गृहकार्य

क) प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मूल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने र त्यसको अभिलेख राख्ने ।

## एकाइ : ३

## हाम्रा सामाजिक मूल्य र मान्यता

| |
|---|
| **सक्षमता : हाम्रा सम्पदा, लोक संस्कृति र राष्ट्रिय पर्वको संरक्षण एवम जेष्ठ नागरिक,अन्तर्राष्ट्रिय व्यात्तित्वहरू र विश्व बन्धुत्व प्रति सम्मान प्रर्दशन ।** |

### पाठः १

### हाम्रा राष्ट्रिय सम्पदा

### अनुमानित घन्टी : ३

**१. सिकाइ उपलब्धि**

हाम्रा सम्पदाहरूको पहिचान गर्न र तिनको संरक्षण तथा संवर्धनमा सहयोग गर्न ।

**२. विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्याथीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) राष्ट्रिय सम्पदाको अर्थ बताउन,

ख) राष्ट्रिय सम्पदाका प्रकारहरू उल्लेख गर्न,

ग) विश्व सम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरूको सूची बनाउन

घ) विश्व सम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरूका बारेमा संक्षेपमा परिचय दिन

ङ) विश्व सम्पदा सूचीमा पर्न सक्ने हाम्रा अन्य राष्ट्रिय सम्पदाहरू खोजी गर्न ।

**३. सिकाइ सामग्रीहरू**

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको राष्ट्रिय सम्पदाहरूको फोटो, विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको राष्ट्रिय सम्पदाहरू सम्बन्धी तयार पारिएको दृश्य सामग्री, विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको राष्ट्रिय सम्पदाहरूको सूचीतालिका, राष्ट्रिय सम्पदाका प्रकारहरूको सूची तालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector र भिडियो क्लिप्स आदि ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) आफ्ना वरिपरि भएका राष्ट्रिय सम्पदाहरूको पहिचान र संरक्षणमा सहयोग गर्ने,

ख) आफ्ना वरिपरि भएका राष्ट्रिय सम्पदाहरूको प्रचारप्रसार गर्ने,

ग) राष्ट्रिय सम्पदाहरूको पहिचान, संरक्षण र प्रचारप्रसारका लागि जनचेतना जगाउन अग्रसर रहने ।

## ५. सिकाइ क्रियाकलाप

क) पाठमा दिइएको विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तु प्रति उत्सुकता जगाउने, (यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ) ।

ख) राष्ट्रिय सम्पदाका प्रकारहरूको सूची तालिका प्रदर्शन गर्दै धार्मिक, सांस्कृतिक तथा प्रकृतिक सम्पदाहरूको उदाहरणसहित परिचय दिने ।

ग) कक्षाका विद्यार्थीहरूलाई एक समूहमा ५/६ जना हुने गरी समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको राष्ट्रिय सम्पदाहरू एक एक ओटाका बारेमा छलफल गरी निम्न विषयवस्तुमा आधारित भई प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनेः

- नाम
- अवस्थिति
- विषेशताहरू
- यी सम्पदाहरूमा पाइने महत्वपूर्ण कुराहरू
- विश्व सम्पदा सूचीमा सूचीकृत भएको वर्ष
- अन्य थप जानकारीहरू

घ) विद्यार्थीहरूले तयार पारेको प्रतिवेदन प्रस्तुतिका क्रममा प्रतिवेदनमा आवश्यक सुधार गर्ने बीच-बीचमा थप प्रश्नहरू गरी विषयवस्तु प्रष्ट पार्ने र सर्वोत्कृष्ट प्रतिवेदनलाई पुरस्कृत गर्ने ।

ङ) तपाइँहरूको वरिपरि सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरू के के छन् ? ती सम्पदाहरूका महत्व र हालको अवस्थाका बारेमा तपाइँलाई के जानकारी छ ? आदि जस्ता प्रश्नहरू गरी विद्यार्थीहरूलाई आफ्ना वरिपरि रहेका सम्पदाहरूका बारेमा भन्न लगाउने र यस्ता अरू थप सम्पदाहरूका बारेमा जान्न, सुन्न र अरूलाई सुनाउन उत्प्रेरित गराउने । विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय सम्पदाहरूको फोटो प्रर्दशन गरी तिनीहरूको अवस्थिति, हालको अवस्था र महत्वको बारेमा छलफल गरी प्रष्ट पार्ने ।

च) सम्भव भएसम्म आधुनिक प्रविधिका सामग्री मल्टिमिडिया पोजेक्टर मार्फत पावरप्वाइट सलाइडबाट भिडियो क्लिप्स विश्व सम्पदाहरूको थप जानकारी गराउने । इन्टरनेटको पहुँच भएमा इन्टरनेटमार्फत पनि थप जानकारी गराउने ।

छ) नेपालको नक्शा बनाउन लगाई उपयुक्त सङ्केतद्वारा प्रस्तुत गर्न लगाउने ।
प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) राष्ट्रिय सम्पदा भनेको के हो ?

ख) राष्ट्रिय सम्पदाका प्रकारहरू के के हुन् ?

ग) विश्व सम्पदा सुचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरू कुन कुन हुन् ? उल्लेख गर्नुहोस् ।

घ) विश्व सम्पदा सुचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदा मध्ये कुनै एकको बारेमा बताउनुहोस् । ( यसमा अरू पनि सोध्न सकिने)

ङ) विश्व सम्पदा सूचीमा पर्न सक्ने हाम्रा अन्य राष्ट्रिय सम्पदाहरू कुन कुन छन् ? उल्लेख गर्नुहोस् ।

च) विश्व सम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरू संरक्षणका लागि के गर्नुपर्ला ?

छ) विश्व सम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदा 'पशुपति क्षेत्र' केका लागि प्रसिद्ध छ ?

ज) विश्व सम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरूमध्ये कतिवटा दरवार क्षेत्र छन् ? तिनीहरू बिचको समानता र भिन्नताहरू तालिकामा देखाउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू

पाठमा उल्लेख गरिएका विश्वसम्पदा सूचीमा परेका हाम्रा राष्ट्रिय सम्पदाहरू बाहेक पनि धेरै प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन् । ती मध्ये केही निम्नअनुसार रहेका छन् :

- खोटाङको हलेसी महादेव मन्दिर,
- पोखराको विन्ध्यावासिनी तथा ताल बारही मन्दिर,

- मुस्ताङको मुक्तिनाथ क्षेत्र,
- शिवपुरी राष्ट्रिय निकुञ्ज,
- प्यूठानको स्वर्गद्वारी,
- खप्तड राष्ट्रिय निकुञ्ज
- रसुवाको गोसाइकुण्ड
- मुगुको रारा ताल
- रूपन्देहीको देवदह,
- पनौती पुरातात्विक क्षेत्र
- बर्दिया राष्ट्रिय निकुञ्ज आदि ।

माथि उल्लेख भएका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू उदाहरणका लागि मात्र दिइएको हो । आफ्नो क्षेत्रमा भएका यस्ता प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको सूची तालिका बनाउने र त्यसका बारेमा अध्ययन गर्ने ।

## ८. परियोजना कार्य

**क**) विद्यालयका वरिपरिका सांस्कृतिक, धार्मिक वा ऐतिहासिक सम्पदा रहेको स्थानको भ्रमणका लागि तयारी गर्ने जस्तैः विद्यालय प्रशासनसँग अनुमति माग्ने, विद्यार्थीलाई सूचना गर्ने, सम्बन्धित ठाउँहरूमा पत्राचार गर्ने, प्रश्नावली तयार गर्ने । प्रतिवेदनको ढाँचाको बारेमा छलफल गर्ने र भम्रण पछि प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

# पाठ : २

## नेपालका लोक गीतहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि:** हाम्रा लोकगीतको महत्वको वर्णन गर्न तथा तिनको संरक्षणमाा सहयोग गर्न

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) लोक गीतको अर्थ बताउन,

ख) लोक गीतको प्रकार बताई सबैको सामान्य परिचय दिन,

ग) लोक गीतको महत्व तथा विशेषताहरू बताउन,

घ) आफ्नो क्षेत्रमा प्रचलित लोकगीत एक्लै वा समूहमा गाएर सुनाउन,

ङ) आफ्नो क्षेत्रमा प्रचलित लोकगीतहरूको संरक्षणमा स्थानीय व्यक्तिहरूलाई सहयोग गर्न ।

### ३. सिकाइ सामग्रीहरू

नेपाली लोक गीतहरूमा नाचिरहेका मानिसहरूको फोटो, नेपाली लोक गीतहरूसम्बन्धी तयार पारिएको दृश्य सामग्री, केही नेपाली लोक गीतका सूचीतालिका, लोकगीतका भिसिडीहरू, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, भिसिडी प्लेयर, Multimedia projector आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) पुराना नेपाली लोक गीतहरूको खोजी गर्ने र तिनीहरूको बारेमा बुझ्ने बानीको विकास

ख) आफ्नो क्षेत्रमा गाइने लोक गीतहरू सङ्कलन गरी गाएर सुनाउने बानी

ग) आफ्नो क्षेत्रमा गाइने लोक गीतहरूको संरक्षणमा अग्रसर रहने

### ५. सिकाइ क्रियाकलाप

**क)** लोकगीतहरूका भिसिडीहरू सङ्कलन गरी केही लोक गीतहरू कक्षामा सुनाउने र तिनीहरूमा प्रयोग भएका शब्दहरूको अर्थ र मर्मका आधारमा लोक सँस्कृतिका बारेमा बताउने । यो क्रियाकलाप गर्दा विद्यार्थीहरूलाई लोक गीतप्रति आकर्षित गर्ने,

ख) लोकगीतका महत्व विद्यार्थीहरूलाई आआफ्नो कापीमा टिप्न लगाउने र भन्न लगाउने । छलफल विधिको प्रयोग गरी विद्यार्थीहरूले ल्याएका बुँदाहरू आवश्यक सुधार गरी प्रष्ट पार्ने त्यसपछि लोक गीतका विशेषताहरू के के हुन् ? भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने र उनीहरूको उत्तरलाई आवश्यक सुधार गरी लोक गीतका विशेषताहरू प्रष्ट पार्ने,

ग) पाठमा दिइएका गीतहरूका शब्दका अर्थ र मर्म भनिदिने र लोकगीतका शब्दले आफ्नो ठाउँ तथा परिवेशका विषयमा मानिसहरूलाई जानकारी गराउने कुरा व्याख्यान विधिको प्रयोग गरी प्रष्ट पार्ने,

घ) विद्यार्थीहरूलाई आफ्नो गाँउ, समुदाय र क्षेत्रमा प्रचलित लोकगीत एक्लै या समूहमा गाएर सुनाउन लगाउने र आफ्नो क्षेत्रमा प्रचलित लोकगीतहरूको खोजी गरी संरक्षणमा लाग्न प्रेरित गर्ने । सम्भव भएसम्म कक्षामा वा विद्यालयमा लोकगीत प्रतियोगिता आयोजना गर्ने र त्यस कार्यक्रमको माध्यमबाट लोकगीतको महत्व, विशेषता, हालको अवस्था, संरक्षणका उपायहरू आदि प्रष्ट पार्ने,

ङ) समुदायका चर्चित लोकगायक/सङ्गीतकार/रचनाकार/सङ्कलकलाई स्रोत व्यक्तिको रूपमा कक्षामा आमन्त्रण गरी लोकगीतको महत्व, मर्म र विशेषताहरूको बारेमा गीत गाउन लगाएर विद्यार्थीहरूलाई थप मनोरञ्जन गराउने । यसैगरी युट्यूबको माध्यमबाट लोक गीत सम्बन्धी विभिन्न कार्यक्रमहरू प्रर्दशन गरी छलफल गर्ने ।

च) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र आवश्यकता अनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) लोकगीतको अर्थ बताउनुहोस् र यसका विशेषताहरूको सूची तयार पार्नुहोस् ।

ख) लोकगीतको प्रकारहरू के के हुन् ? सबैको सामान्य परिचय दिनुहोस् ।

ग) लोकगीत किन महत्वपूर्ण छ ? भन्नुहोस् ।

घ) आफ्नो क्षेत्रमा प्रचलित लोकगीत एक्लै या समूहमा गाएर सुनाउनुहोस् ।

ङ) आफ्नो क्षेत्रमा प्रचलित लोकगीतहरूको संरक्षणमा तपाइँ अरूलाई कसरी सहयोग गर्नुहुन्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

७. **थप अध्ययन सामग्रीहरू**

## नेपालका लोकगीत

विभिन्न स्थान, जाति, धर्म, संस्कृति अनुसार विभिन्न चाडपर्व, उत्सव, जात्रा, मेला, विवाह, व्रतबन्ध आदिमा परम्परादेखि गाउँदै आएको गीतलाई नै लोकगीत भनिन्छ । यसलाई ग्रामगीत, लोकगीत, जनगीत र गीत पनि भनिन्छ । तिहारमा देउसी, दसैँमा मालश्री गीत, तीजमा तीजेगीत र रोपाइँमा असारे गीत, उधौँली, उभौँली

पर्वमा राईहरूले गाउने चण्डी गीत, लिम्बूहरूको पालम, शेर्पाहरूको स्याब्रु, तामाङहरूको सेलो, मगरहरूको कौरा आदि नेपालको प्रचलित लोकगीतहरू हुन् ।

यो लोकपद्य अन्तर्गत पर्ने लोकगीत सर्वदेशीय लोक रचना हो । संसारका सबै देशहरूमा लोकगीत पाइन्छन् । यो लोकसाहित्यका विधाहरूमध्ये सबैभन्दा बढी समृद्ध, व्यापक र लोकप्रिय रहेको पाइन्छ । प्रत्येक भाषा र समुदायमा लोकगीतको सङ्ख्या बढिरहेको पाइन्छ । लोकगीतमा लोकभावना रहने तथा छोटो आकारको भएकाले स्मरण गर्न सहज हुन्छ । यही सहजता र सरलताको कारणबाट यसले लोकमा बिस्तार तथा जनप्रिय स्वरूप पाएको हो । लोकगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचीन विधा मानिन्छ । यसको प्रयोग मानिसले वाणीको प्रयोग गर्न थाले देखि नै भएको मानिन्छ । प्राकृतिक तथा सामाजिक वातावरण अनुसार गीतको प्रादुर्भाव भएको पाइन्छ । गीतले मानव जीवनलाई सरस बनाइदिन्छ । गीतको भाव र त्यसको आधारमा नृत्य हुन्छ । नेपाल भित्र विभिन्न भाकाका गीतहरु छन् । ठाउँ, जाति, धर्म, संस्कृति आदि अनुसार विभिन्न गीतहरू रहेका छन् । ठाउँ ठाउँका गीत र भाका फरक फरक हुन्छन् तापनि छन्द र ध्वनि उस्तै किसिमको जातिमा उस्तै देखिन्छ । भजन, रोइला, चुट्का पनि प्रसिद्ध लोकगतिको रूपमा चिनिन्छन् । लोकगीत अत्यन्त आकर्षक वस्तु हो । हामीकहाँ सुरिला र खिरिला लोकगीत प्रशस्त पाइन्छन् । यसक्रममा हेर्दा मेलापात, गौचरन, तारेहनाइ, युद्धको शौर्य, रणशिला, गुराँस फुल, युवक युवती, अङ्ग उपाङ्ग भीरपहिरो, पुराना खालका लुगा, गहना आदिको वर्णन गीतहरूमा पाइन्छन् ।

**लोकगीतका विशेषता**

- लोकगीतको रचनाकार र रचनाकाल अज्ञात हुन्छ ।
- यो मौखिक वा श्रुतिपरम्परामा आधारित हुन्छ ।
- यो सामूहिक अभिव्यक्त हुन्छ ।
- यो सरल र सहज हुन्छ ।
- यसमा लोकतत्वको प्रधानता हुन्छ ।

**लोकगीतका किसिमः**

भूगोल, जाति, उमेर, लिङ्गभेद, सहभागिता, प्रस्तुति, विषय, आकार, गायनभाव, गायन अवसर आदिका आधारमा लोकगीतको वर्गीकरण गरिएको पाइन्छ ।

- भूगोलका आधारमाः हिमाली लोकगीत, पहाडी लोकगीत, तराईका लोकगीत, पूर्वेली गीत, पश्चिमेली गीत, आदि

- जातीय आधारमाः गन्धर्व गीत (राग, मंगल, हँस्यौली आदि), बाहुन गीत (भजन, खेली कीर्तन आदि), क्षेत्रीगीत (खाँडो), गुरुङगीत (सालैजो, यानीमायाँ, सुनीमायाँ आदि)
- उमेरका आधारमाः बालगीत ( ताराबाजी लै लै, कुखुरी काँ, टप टप टोपी लेखको ताना आदि) , युवागीत (प्रेमपरक, चुड्का, खेलीगीत, आदि) , वृद्धगीत ( सुनीमायाँ, यानीमायाँ, माँगल आदि)
- लिङ्गभेदका आधारमाः नारीगीत (रत्यौली, भैली, तीजका गीत आदि), पुरुष गीत (देउसी, दाइँगीत, भजन चुड्का आदि) र नारीपुरुष संयुक्त गीत (नारीपुरुषले गाउने दोहोरी गीत)
- प्रकार्यका आधारमाः मनोरञ्जनात्मक गीत (बाह्रमासे गीत, बालगीत आदि), श्रमगीत (दाइँ गीत, असारे गीत, भदौरे गीत ), पर्वगीत (भैलो, देउसी, मालश्री आदि), संस्कार गीत( छैँटी गीत, व्रतबन्ध, विवाह तथा मृत्युमा गाइने मङ्गल गीतहरू आदि), धार्मिक गीत( भजन, चुड्का आदि) त्यस्तै गरी विभिन्न आधारमा लोकगीतहरू विभिन्न प्रकारका हुन्छन् ।

**महत्वः** लोकगीत समग्र देशको संस्कृति र पहिचान हो । यसले नेपाली जातिहरूको संस्कृति बोल्छ, एक अर्कालाई चिनाउँछ, मैत्री सम्बन्ध कायम गर्न मद्दत गर्छ । यसले मनोरञ्जन दिन्छ, थकाइ मार्छ, स्फूर्ति बढाउँछ, मानिसको आयु बढाउँछ ।

**वर्तमान सन्र्दभमा लोकगीतको अवस्थाः**

देशको संस्कृति झल्काउने र समग्र जातिहरूको पहिचान गराउने लोकगीत मासिँदै गएको छ । यसरी लोकगीत मासिँदै गएमा एकदिन नेपालीपन नै गुम्ने हुन्छ । बाहिरी हस्तक्षेप, देशभित्र सामूहिक प्रगति हुन नसक्नु, विदेशी गीत र संस्कृतिलाई माथिल्लो दर्जामा राखिनु, विदेशी गीतमा मोहित हुनु आदि कारणले गर्दा नेपाली लोकगीतको अवस्था अत्यन्त दयनीय रहेको छ ।

**लोकगीतको संरक्षण गर्ने उपायहरूः**

लोकगीत लोकसंस्कृतिको अभिन्न अङ्ग हो । आफ्नो देशभित्र कुनै पनि साझा संस्कृतिको अङ्ग माथि उपेक्षा हुन् पुगेमा राष्ट्रकै अस्तित्वमा धक्का लाग्न जाने छ । लोक संस्कृतिका वैभव र एकता छ भन्ने कुरालाई सधैं स्मरण र मनन गर्दै यसलाई संरक्षण गर्ने अभियानमा हामी सबै लाग्नु पर्ने देखिन्छ । तसर्थ लोकगीतको संरक्षणका लागि निम्न उपायहरू अवलम्वन गर्नुपर्छ :

- लोकगीत गाउने, रचना गर्ने र सङ्गीत भर्ने कलाकारलाई सम्मान र प्रोत्साहन गर्ने,
- विदेशी गीत सङ्गीतको अनुसरण नगर्ने,
- लोकगीत गाउने र रचना गर्ने अनि सङ्गीत भर्ने कलाकारलाई सम्मान र प्रोत्साहन गर्ने,

- स्थानीय तथा राष्ट्रिय स्तरमा लोकगीत प्रतियोगिता सञ्चालन गर्ने,
- लोकगीत तथा सङ्गीत एकेडेमी स्थापना गर्ने,
- विवाह, भोजभतेर, पर्व, उत्सव आदिमा लोकगीतको प्रयोग गर्ने ।

**८. परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठ : ३

## नेपालका लोकबाजाहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि :** हाम्रा लोकबाजाको महत्वको वर्णन गर्न तथा तिनको संरक्षणमा सहयोग गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) लोकबाजाको परिचय दिन,

ख) नेपालका केही प्रचलित लोकबाजाको नाम उल्लेख गर्न,

ग) लोकबाजाको महत्व बताउन,

घ) आफ्नो क्षेत्रमा प्रचलित कुनै एक लोकबाजा एक्लै वा समूहमा बजाएर सुनाउन,

ङ) आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरूको संरक्षणमा स्थानीय व्यक्तिहरूलाई सहयोग गर्न ।

### ३. सिकाइ सामग्रीहरू

नेपाली लोकबाजाहरू बजाइरहेका मानिसहरूको फोटो, नेपाली लोकबाजाहरू सम्बन्धी तयार पारिएको दृश्य सामग्री, केही नेपाली लोकबाजाहरूका सूचीतालिका, लोकबाजाहरूको वर्गीकरण तालिका, लोकबाजाहरूको चित्र, पत्रपत्रिकाको सम्पादकीय नमुनाहरू, लोकबाजाहरूसँग सम्बन्धित भिसिडीहरू, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, भिसिडी प्लेयर, भिडियो क्लिप्स Multimedia projector आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :

क) पुराना नेपाली लोकबाजाहरूहरूको खोजी गर्ने र तिनीहरूको बारेमा बुझ्ने बानीको विकास,

ख) आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरू बजाउने बानी,

ग) आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरू संरक्षणमा अग्रसर रहने ।

### ५. सिकाइ क्रियाकलाप

क) लोकबाजाहरूका बारेमा करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र विभिन्न लोकबाजाहरूको चित्र प्रदर्शन गर्दै सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तु प्रति उत्सुकता जगाउने,

ख) लोकबाजाहरूको चित्र वा फोटो वा भिडियो क्लिप्स प्रदर्शन गर्दै नेपालका केही प्रचलित लोकबाजाहरूको नाम उल्लेख गर्ने र विद्यार्थीहरूलाई ती बाजाहरूको बारेमा छलफल गर्दै प्रष्ट पार्ने ।

ग) विद्यार्थीहरूलाई लोकबाजाको महत्व आआफ्नो कापीमा टिप्न र भन्न लगाउने । छलफल विधिको प्रयोग गरी विद्यार्थीहरूले ल्याएका बुँदाहरू आवश्यक सुधार गरी प्रष्ट पार्ने,

घ) विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरू एक्लै या समूहमा बजाएर सुनाउन लगाउने र आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरूको खोजी गरी संरक्षणमा लाग्न प्रेरित गर्ने,

ङ) लोकबाजाहरू कति प्रकारका हुन्छन् ? भनी प्रश्न गर्दै मस्तिष्क मन्थन गराउने र लोकबाजाहरूको वर्गीकरण तालिका प्रदर्शन गर्दै लोकबाजाहरूको प्रकार प्रष्ट पार्ने,

च) सम्भव भएसम्म विद्यालयमा लोकबाजाहरूको प्रदर्शनी कार्यक्रमको आयोजना गर्नुहोस् र विद्यार्थीहरूलाई आफ्नो वरिपरि प्रयोग गरिने लोकबाजाहरू सङ्कलन गरी प्रदर्शनीका लागि छुट्याइएको क्षेत्रमा प्रदर्शनीका लागि राख्न लगाउने र फर्कंदा लिएर जान लगाउने ।

छ) विद्यालयको नजिक लोकबाजाको संग्रहालय भएमा विद्यार्थीहरूलाई स्थलगत भम्रणमा लैजाने ।

ज) विद्यार्थीहरूलाई लोक बाजाको चित्र बनाउन वा सङ्कलन गर्न लगााइ भित्तेपत्रिकामा टाँस्न लगााउने । पत्रपत्रिकामा लेखिएका सम्पादकीयको नमुना कटिङ् गरी कक्षाकोठामा लगी विद्यार्थीहरूलाई हाम्रो लोक बाजा हाम्रो पहिचान भन्ने शीर्षकमा सम्पादकीय तयार गर्न लगाउने ।

झ) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र आवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

६. **मूल्याङ्कन**

निम्नप्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) कस्तो बाजालाई लोकबाजा भनिन्छ ? बताउनुहोस् ।

ख) तपाईको क्षेत्रमा प्रचलित लोकबाजाहरूको नाम भन्नुहोस् ।

ग) लोकबाजाको महत्वका बारेमा आफूले जानेको कुरा कक्षामा साथीहरू भन्नुहोस् ।

घ) आफ्नो क्षेत्रमा प्रचलित कुनै एक लोकबाजा बजाउन सिक्नुहोस् र कक्षामा बजाएर सुनाउनुहोस् ।

ङ) आफ्नो क्षेत्रमा प्रचलित लोकबाजाहरूको संरक्षणमा तपाइँ अरूलाई कसरी सहयोग गर्नुहुन्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरूलगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू

**लोकबाजा :** लोकले मौलिक परम्परामा जीवित राखी प्रचलनमा ल्याएको बाजा लोकबाजा हो । लोकबाजाहरू एउटा पुस्ताले बनाएर बजाएको देखेर अर्को पुस्ताले त्यसको निरन्तरता गरेको कारणले प्रचलनमा आएका बाजाहरू हुन् ।

लोकबाजाहरू विभिन्न पर्व, जात्रा, मेला, विवाह, भोज भतेर आदिमा लोकगीतहरू सँगै बजाइन्छ । लोकगीत जस्तै लोकबाजाहरू पनि स्थान विशेष, जाति विशेष, पर्व विशेष, धर्म विशेष आदिका आधारमा फरकफरक हुन्छन् । तसर्थ नेपाली लोकबाजाहरूलाई वर्गीकृत रूपमा हेर्ने हो भने यसका अनेकौं शाखा र उपशाखा देखा पर्न सक्छन् तर बनोट तथा प्रयोगका आधारमा निम्न चार प्रकारमा वर्गीकरण गरिएको पाइन्छ :

- **तारबाजाः** तार प्रयोग गरी बनाइएको तथा रेटेर वा कोट्याएर बजाइने बाजालाई तारबाजा भनिन्छ । सारङ्गी, टुङना, एकतारे, आर्बाजो, उर्नी, यलम्बर आदि ।

- **शुषिरबाजाः** बाँस या धातुबाट बनेको फुकेर बजाइने बाजालाई शुषिरबाजा भनिन्छ । बाँसुरी, मुरली, शङ्ख, सहनाई, नरसिङ्गा आदि ।

- **आनद्धबाजाः** छालाको प्रयोग गरेर बनाइएको तथा काठको सानो लट्ठी वा हातले ठोकेर बजाइने बाजा आनद्धबाजा हो । यसलाई चर्मबाजा पनि भनिन्छ । ढोल, च्याब्रुङ, ढोलक, यलपो, धिमे, दमाहा, ढ्याङ्ग्रो आदि ।

- **घनबाजाः** एक आपसमा ठोकेर बजाइने बाजालाई घनबाजा भनेर भनिन्छ । मुजुरा, झ्याली, झुर्मा, झ्याम्टा, घन्टी आदि ।

नेपाली सङ्गीतमा प्राचीनकालदेखि अनेकौँ बाजाहरू बज्दै आएको पाइन्छन् । विश्व सङ्गीतको इतिहासमा धार्मिक र आध्यात्मिक सङ्गीतले स्थान पाउँदै आएको छ । त्यसैगरी नेपाली सङ्गीत पनि प्रारम्भकालदेखि नै धार्मिक सङ्गीत वा वाद्य सङ्गीतले ओतप्रोत भएको छ । सृष्टिको प्रारम्भदेखिनै विभिन्न किसिमका बाजाहरूको प्रयोग हुँदै आएको पाइन्छ । तसर्थ नेपाली संस्कृतिमा यस्ता लोकबाजाहरूको सङ्ख्या धेरै रहेको पाइन्छ । यी लोकबाजाहरूले समग्र रूपमा नेपाल र नेपालीको अस्तित्वलाई पहिचान गराउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तसर्थ,यसलाई नेपाली संस्कृतिको एक अभिन्न अङ्गको रूपमा लिइन्छ ।
नेपाली लोकबाजा समग्र रूपमा देशको नै अस्तित्व र पहिचान हो । लोक सङ्गीतको विविध विधा मध्ये लोकबाजा पनि एक सशक्त विधा हो । यसको विकास र संरक्षण भएमात्र नेपाली सङ्गीतको आत्माको विकास भएको मानिनेछ । वास्तवमा लोकबाजाले राष्ट्रको परिचय दिन सक्छ । यो केवल मनोरञ्जनको साधन

मात्र होइन समग्र नेपाली जातिहरूको संस्कृतिलाई पहिचान गराउने माध्यम पनि भएको हुँदा यसको महत्व छ ।

लोकबाजाको अवस्थालाई हेर्ने हो भने लोकबाजको उत्पत्तिको उषाकालदेखि वर्तमान अवस्थासम्म आई पुग्दा हाम्रो लोकबाजाको स्तर मर्यादित र सम्मानित भईसक्नुपर्ने थियो । कतैकतै यसको संरक्षणको प्रयास गरिएको देखिए तापनि नेपाली लोकबाजाहरूको हालको अवस्था दयनीय र उपेक्षित रहेको पाइन्छ । कतिपय बाजाहरू लोप हुन् पुगेका छन् । कतिपय बाजाको हामीले नामै पनि सुन्न पाएका छैनौं । किराती लोक सङ्गीतमा जोर मुरली र पृथ्वीनारायण शाहाको पालामा बज्ने गरेका ताल बाजा “मार्फा” सुन्न पाईंदैन । लोप भएका वा लोप हुन् लागेका यस्ता साङ्गीतिक धरोहरलाई हामीले बेलैमा जोगाएर राख्न सकेनैं भने भविष्यमा पश्चाताप गर्नु बाहेक केही बाँकी रहने छैन । तसर्थ नेपाली लोकबाजालाई केवल मनोरञ्जनका साधन मात्र नठानी यसको समुचित विकासका लागि सबैले आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याई चेतनाको विकास गर्नुपनि त्यत्तिकै आवश्यक छ । मन,वचन र कर्मले केही अठोट नगरी लक्ष्यमा पुग्न कठिनाइपर्छ । त्यसैले हामी पनि आफ्नो लोकबाजालाई माया गरी त्यसको संरक्षण, संवर्धन र विकासमा योगदान दिन कम्मर कसेर लाग्नुपर्छ । लोकबाजा संरक्षण गर्नका लागि निम्न सुझावहरू बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- नेपाली बाजाहरूको अध्ययन अनुसन्धान गर्ने
- नेपाली लोकबाजाका वादकहरूलाई सेवाको अवसर तथा प्रोत्साहन गर्ने
- नेपाली लोकबाजा सङ्ग्रहालय स्थापना गर्ने र त्यसको व्यवस्थित रूपमा सञ्चालन गर्ने
- राष्ट्रिय वाद्यवादन प्रतिष्ठान स्थापना गर्ने
- प्राचीन र मौलिक लोकबाजाहरूको संरक्षण गर्ने
- वाद्य सङ्गीतका प्रतिभाहरूलाई प्रोत्साहन गर्ने र उनीहरूलाई प्रशिक्षण दिने
- विदेशी व्यान्डबाजाको प्रयोग कम गर्ने
- विदेशी बाजाको खरिदमा कर बढी लगाउने ।

## ८. परियोजना कार्य/गृहकार्य

क) पाठमा दिएको सामुदायिक कार्य गर्न विद्यार्थीहरूलाई निर्देशन दिनका लागि केही बुँदाहरू तयार गर्ने र सो सामुदायिक कार्य गर्न लगाई उपयुक्त ढाँचामा प्रतिवेदन तयार गर्न लगाउने

ख) एकाइ २ पाठ ३ मा दिएको श्रेणीमापन तालिका प्रयोग गरी विद्यार्थीले लोकबाजा सम्बन्धी गरेको परियोजना कार्यको मूल्याङ्कन गर्ने

## पाठः ४

## लोक तथा शास्त्रीय नृत्य

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** हाम्रा लोक तथा शास्त्रीय नृत्यको महत्व वर्णन गर्न तथा तिनको उत्थानमा सहयोग गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) लोक तथा शास्त्रीय नृत्यको परिचय दिन

ख) नेपालका केही प्रचलित लोक तथा शास्त्रीय नृत्यहरू उल्लेख गर्न

ग) लोक तथा शास्त्रीय नृत्यहरूको विशेषताहरू पहिचान गर्न

घ) लोक तथा शास्त्रीय नृत्यको महत्व बताउन

ङ) आफ्नो क्षेत्रमा प्रचलित कुनै एक लोक तथा शास्त्रीय नृत्यमा सहभागी हुन

च) लोकगीत, लोकबाजा तथा लोकनृत्यका बिचको आपसी सम्बन्धका बारेमा प्रष्ट पार्न

छ) आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूको संरक्षणमा स्थानीय व्यक्तिहरूलाई सहभागी गराउन ।

३. **सिकाइ सामग्रीहरू**

नेपाली लोक तथा शास्त्रीय नृत्य गरिरहेको मानिसहरूको फोटो, नेपाली लोक तथा शास्त्रीय नृत्यहरू सम्बन्धी तयार पारिएको दृश्य सामग्री, केही नेपाली लोक तथा शास्त्रीय नृत्यहरूको सूचीतालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, भिसिडी प्लेयर, भिडियो क्लिप्स Multimedia projector आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

**क)** नेपाली लोक तथा शास्त्रीय नृत्यहरूको खोजी गर्ने र तिनीहरूका बारेमा बुझ्ने बानी,

ख) आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरू सिकेर नाच्ने बानी,

ग) आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूको संरक्षणमा अग्रसर रहने ।

५. **सिकाइ क्रियाकलाप**

क) लोक तथा शास्त्रीय नृत्यहरूका बारेमा करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने,

ख) लोक तथा शास्त्रीय नृत्य गरेको फोटो प्रदर्शन गर्दै नेपालका केही प्रचलित लोक तथा शास्त्रीय नृत्यहरू उल्लेख गर्ने र विद्यार्थीहरूलाई ती नृत्यहरूको विशेषताहरू भन्न लगाउने,

ग) विद्यार्थीहरूलाई लोक तथा शास्त्रीय नृत्यहरूको महत्व आआफ्नो कापीमा टिपेर भन्न लगाउने र छलफल विधि प्रयोग गरी विद्यार्थीहरूले ल्याएका बुँदाहरूमा आवश्यक सुधार गरी प्रष्ट पार्ने,

घ) विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरू एक्लै वा समूहमा नाचेर देखाउन लगाउने र आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूको खोजी गरी संरक्षणमा लाग्न प्रेरित गर्ने,

ङ) नेपाली लोक तथा शास्त्रीय नृत्यहरूको सूचीतालिका प्रदर्शन गर्दै पाठमा दिइएका लोक तथा शास्त्रीय नृत्यहरू प्रश्नोत्तर तथा छलफलको माध्यमबाट प्रष्ट पार्ने,

च) कक्षा वा विद्यालयमा लोक तथा शास्त्रीय नृत्य प्रतियोगिता आयोजना गर्ने र त्यस कार्यक्रमको माध्यमबाट लोक तथा शास्त्रीय नृत्यका महत्व, विशेषता, हालको अवस्था, संरक्षणका उपायहरूका बारे प्रष्ट पार्ने,

छ) विद्यार्थीहरूलाई युट्यूब वा अन्य श्रव्य दृश्य सामग्रीहरू मल्टिमिडियाको प्रयोग गरी विभिन्न उदाहरण प्रस्तुत गरी लोक नृत्यका बारेमा थप प्रष्ट पार्ने ।

ज) लोकगीत, लोकबाजा तथा लोकनृत्यका बिचको आपसी सम्बन्धका बारेमा प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

६. **प्रतिविम्बनः**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) लोक तथा शास्त्रीय नृत्यहरूको छोटो परिचय दिनुहोस् ।

ख) तपाईको क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूका नाम भन्नुहोस् ।

ग) लोक तथा शास्त्रीय नृत्यको महत्वका बारेमा आफूले जानेको कुरा कक्षामा साथीहरूलाई बताउनुहोस् ।

घ) आफ्नो क्षेत्रमा प्रचलित कुनै एक लोक तथा शास्त्रीय नृत्य नाच्न सिक्नुहोस् र कक्षामा नाचेर देखाउनुहोस् ।

ङ) आफ्नो क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूको संरक्षणमा तपाईँ अरूलाई कसरी सहयोग गर्नुहुन्छ ? बताउनुहोस् ।

च) लोकगीत, लोकबाजा तथा लोकनृत्यको बिचको आपसी सम्बन्ध छोटकरीमा व्याख्या गर्नुहोस् ।

छ) लोक नृत्य किन लोप हुने खतारामा छ ? प्रष्ट पार्नुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरूः

## लोकनृत्य

कुनै शास्त्रको आड नलिइकन नेपाली लोक परम्परामा जीवित हुँदै आएको नाच नेपाली लोकनृत्य हो । नेपाली संस्कृति विधामा रहेका लोकबाजा र लोकगीत जस्तै लोकनृत्य पनि महत्वपूर्ण क्षेत्र हो । नेपाल अधिराज्यको परम्पराअनुसार प्रचलनमा आएका लोकनाचहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जातीय भाषा र क्षेत्रीय विभाजनका आधारमा फरकफरक भएको पाइन्छ । वर्तमान समयसम्म आइपुग्दा नृत्य विधामा धेरै परिवर्तन आइसकेको छ । बाजा,गायन र नृत्यको सङ्गम सङ्गीत हो । यी तिन विषयको बेग्लाबेग्लै विकास भएको पाइए तापनि यिनीहरूको एक अर्कोसँग गहिरो सम्बन्ध छ । बाजाको तालले दिएको सङ्केत, गीतको भावले दिएको सुन्दरता र गीतको शब्दले दिएअनुसारको शरीरका अङ्गको सञ्चालन गर्ने कलात्मक विधिलाई नृत्य भनिन्छ । जसमा खुट्टाको चाल र हातको मुद्रा प्रमुख हुन भने अरू अङ्गको चाल र हाउभाउ सहयोगी हुन् । अङ्ग, प्रत्यङ्ग र उपाङ्ग सञ्चालनद्वारा व्यक्त गर्ने विधा भएकाले यसलाई आङ्गीक अभिनय पनि भनिन्छ । साधरणतया नृत्यलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

क) शास्त्रीय नृत्य

ख) लोक नृत्य

**शास्त्रीय नृत्यः**

सङ्गीतको शास्त्रीय नियमअनुसार निश्चित गरिएको लयमा ताल र अभिनय आदिको सीमाभित्र रही सोही अनुसारको हाउभाउ, मुद्रा वा अङ्ग प्रत्यङ्ग सञ्चालन गरी नाच्नुलाई शास्त्रीय नृत्य भनिन्छ । यो जाति विशेषको हुन् वा नहुन पनि सक्छ भने यस्तो नृत्यमा विशेषप्रकारको पहिरन र नृत्य परम्परा हुन्छ । जस्तैः सोरठी नृत्य, आर्यतारा, चर्या नृत्य आदि ।

**लोकनृत्यः**

स्थानीय मेला, पर्व, विवाह भोज भतेर आदिमा स्थानीय वेशभूषा र स्थानीय बाजाको प्रयोग गरेर गरिने नृत्यलाई लोकनृत्य भनिन्छ । यस्ता लोकनृत्य ठाउँ, परम्परा, धर्म आदि अनुसार फरकफरक हुन्छ । यस किसिमको लोकनृत्य कुनै जातिको लोक संस्कृति र परम्परामा आधारित र जाति विशेष हुन्छ । जस्तै रत्यौली, कौरा नाच, देउडा नाच, घाटुनाच आदि ।

**नृत्यको महत्वः**

लोकबाजा र लोकगीत जसरी राष्ट्र चिनाउने गहनाहरू हुन् । त्यसरीनै लोक नृत्यले पनि समग्र राष्ट्रको संस्कृतिलाई प्रतिनिधित्व गर्छ । तसर्थ नृत्यको महत्वलाई बुँदागत रूपमा यसरी लेख्न सकिन्छ :

- नृत्यले मुलुकको संस्कृतिलाई झल्काउँछ
- नृत्यले एक अर्कासँग चिनाउँछ र मैत्रीपूर्ण सम्बन्ध कायम गराउनमा मद्दत पुऱ्याउँछ
- यसले मनोरञ्जन प्रदान गर्दै थकाइ मार्छ र स्फूर्ति बढाउँछ
- यसले शरीरलाई आकर्षक बनाउँछ र सन्तुलित राख्दछ

**वर्तमान सन्दर्भमा लोकनाचको अवस्थाः**

युगको विकाससँगै नृत्यको विकास भएकाले समाजमा पनि नृत्यको नयाँ रूपमा परिष्कृत हुँदै आएको पाइन्छ । पुराना लोक नृत्यहरू आज बिस्तारै बिस्तारै हराउँदै गएका छन् । आजभोलि लोक तथा शास्त्रीय नृत्यमाथि आधुनिक नृत्यको नाममा पाश्चात्य, फिल्मी नृत्यले कब्जा जमाउन थालेको पाइन्छ । सम्बन्धित निकायहरूको उदासीनता, सम्बन्धित व्यक्तिहरूलाई प्रोत्साहन र अवसरबाट वन्चित हुनुपर्दा कयौं यस्ता नृत्यहरू हाम्रो देशबाट लोप भइसकेको छ भने कति लोपोन्मुख अवस्थामा रहेका छन् । तसर्थ यस्ता नृत्यको सरंक्षणका लागि हामी सम्पूर्ण पक्षहरू एकजुट भएर लाग्नु पर्छ । सरकारले नृत्य प्रतिष्ठान खोली संरक्षणका उपाय अपनाउनु आवश्यक छ । यसै गरी प्राचीन र मौलिक नृत्यहरूको संरक्षण र प्रर्दशन गर्ने, लोकनाचसँग सम्बन्धित व्यक्तिहरूलाई अवसरको साथ सम्मान र प्रोत्साहन दिनुपर्छ भने यसको गहिराइमा पुगेर अध्ययन र अनुसन्धान पनि गरिनु पर्छ ।

**८. परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने

## पाठः ५

## हाम्रा राष्ट्रिय दिवसहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** हाम्रा राष्ट्रिय दिवसहरूको महत्व वर्णन गर्न र त्यस्ता दिवसहरूमा आफ्नो सहभागिता जनाउन ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्याथीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) राष्ट्रिय दिवसको अर्थ बताउन

ख) राष्ट्रिय दिवसको महत्वका बारेमा चर्चा गर्न

ग) सहिदको अर्थ बताउन र सहिद दिवस मनाउनुपर्ने कारण भन्न

घ) हाल प्रचलित राष्ट्रिय दिवस मनाउने तरिकाको विश्लेषण गर्न

ङ) नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको सूची तयार गर्न

च) राष्ट्रिय दिवसहरू मनाउन कार्यक्रमको योजना बनाउन

३. **सिकाइ सामग्रीहरू**

नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको सूची तालिका, विभिन्न राष्ट्रिय दिवसहरू मनाउँदै गरेको कार्यक्रमको फोटो, राष्ट्रिय दिवस सम्बन्धी तयार पारिएको दृश्य सामग्री, पत्रिकाबाट सम्पादकीय समाचारको नमुना, विभिन्न पाठमा दिइएको विषयवस्तु तथा आधिकारिक पात्रोका आधारमा तयार गरेको Power Point Slides, Multimedia projector, आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

**क)** राष्ट्रिय दिवसको महत्व बुझी सोही अनुसारको व्यवहार गर्ने,

ख) राष्ट्रिय दिवसहरू मनाउन कार्यक्रमको आयोजना गर्न अग्रसर हुने,

ग) प्रत्येक राष्ट्रिय दिवसको मर्मलाई आत्मसात गरी दिवस मनाउनुको सार्थकता प्रष्ट पार्न अग्रसर हुन ।

५. **सिकाइ क्रियाकलापः**

क) राष्ट्रिय दिवसहरूको परिचय, मर्म आदि जस्ता विषयवस्तु समेटी ५ मिनेट जतिमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको सूची तालिका प्रदर्शन गर्दै सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने,

ख) जोडीमा छलफल आदानप्रदान (Think Write Pair and share) विधिको प्रयोग गरी राष्ट्रिय दिवसको परिभाषा विद्यार्थीहरूबाटै खोज्ने र उत्कृष्ट परिभाषा बनाई सेतोपाटीमा लेखी उक्त परिभाषा प्रष्ट पार्ने,

ग) राष्ट्रिय दिवसको महत्व विद्यार्थीहरूलाई आआफ्नो कापीमा टिप्न लगाई भन्न लगाउने र छलफल विधिको प्रयोग गरी विद्यार्थीहरूले ल्याएका बुँदाहरू आवश्यक सुधार गरी प्रष्ट पार्ने,

घ) सहिदको अर्थ के हो ? सहिद दिवस किन मनाइन्छ ? सहिद दिवस कहिले पर्छ ? यो दिवस कसरी मनाइन्छ ? यो दिवस मनाउने तरिकासँग तपाईँ खुसी हुनुहुन्छ ? यस दिवस मनाउनुको सार्थकता रहने गरी मनाउन के गर्नुपर्ला ? आदि जस्ता प्रश्नहरू विद्यार्थीलाई सोध्ने र उनीहरूका उत्तरहरू बोर्डमा टिप्दै जाने । यिनै उत्तरको आधारमा सहिद दिवसको बारेमा प्रष्ट धारणा राख्ने,

ङ) विद्यार्थीहरूलाई क्यालेण्डर उपलब्ध गराई राष्टिय दिवसको सूची बनाउन लागाउने । उनीहरूको सूची समेतका आधारमा नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको सूची तालिका प्रर्दशन गर्दै मिति सहित लेख्न लगाउने । सबै राष्ट्रिय दिवसहरूको बारेमा क्रियाकलाप 'घ' मा जस्तै प्रश्न बनाउने र तिनीहरूका बारेमा बताउँदै जाने । अन्तिममा तीमध्ये कुनचाहिँ मन पर्छ भन्न लगाई मन पर्नुका कारण सहित लेख्न लगाउने ,

च) सामाजिक अध्ययनमा सम्पादकीय, सम्पादकलाई चिठ्ठी तथा समाचार लेखन जस्ता सिपहरूको विकास गराउनुपर्ने हुनाले सम्पादकीय र समाचारको नमुना पर्दशन गर्दे कुनै एक राष्ट्रिय दिवस समारोहका बारेमा लेख्न लगाइ सो सम्बन्धी सीपको विकास गर्न अभ्यास गराउने,

छ) राष्ट्रिय दिवस झल्काउने खालको पोष्टर, पम्प्लेट, पर्चा आदिको नमुना र विभिन्न राष्ट्रिय दिवससँग सम्बन्धित नाराहरू लेख्ने सीपको विकास गराउने खालका क्रियाकलाप गर्ने । यसका लागि विद्यार्थीहरूलाई राष्ट्रिय दिवस झल्काउने खालको पोष्टर, पम्प्लेट, पर्चा आदिको नमुना राष्ट्रिय दिवससँग सम्बन्धित नाराहरू लेखेर ल्याउन लगाउने र छलफल गरी उत्कृष्ट पोष्टर तथा नारा छान्ने,

ज) नेपालमा मनाइने राष्ट्रिय दिवसहरू विद्यालयमा मनाउनका लागि कक्षा १० को विद्यार्थीहरूको सहयोग लिई कार्यक्रमहरू सञ्चालन गर्ने ती कार्यक्रम सञ्चालनका लागि कार्यक्रमका लागि आवश्यक योजनाको तयारी गर्न विद्यार्थीहरूलाई नै जिम्मेवारी दिने ।

राष्ट्रिय दिवस मनाउने कार्यक्रमको नमुना

राष्ट्रिय दिवस

मिति : समय :

आयोजक समूह:

उदघोषक :

सभाध्यक्षको चयन :

अतिथिको आसन ग्रहण :

(प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि र अन्य )

राष्ट्रिय गान तथा स्वागत गान :

स्वागत मन्तव्य :

कार्यक्रमको प्रस्तुती:

१.

२.

३. धन्यवाद ज्ञापन :

समापन :

चियापान :

७. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) राष्ट्रिय दिवस भनेको के हो ? भन्नुहोस् ।

ख) राष्ट्रिय दिवसको महत्वका बारेमा कक्षामा साथीहरूलाई बताउनुहोस् ।

ग) सहिदको अर्थ बताउँदै सहिद दिवसको महत्व बताउनुहोस् ।

घ) हाल प्रचलित राष्ट्रिय दिवस मनाउने तरिकाको विश्लेषण गर्नुहोस् ।

ङ) नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको मिति सहित सूची तयार पार्नुहोस् ।

च) विद्यालयमा राष्ट्रिय दिवसहरू मनाउन कार्यक्रमको योजना बनाउने जिम्मा कक्षा १०का विद्यार्थीहरूलाई नै दिने चलन छ । यस वर्षको बालदिवस मनाउनका लागि कार्यक्रम सूची

(Programme List) तयार पार्नुहोस् । यसका लागि निम्न Power point Slide हरू अध्ययन गर्नुहोस् :

कार्यक्रमको सूची तालिका

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १. | पूर्वान्ह १०:१० बजे | विद्यालयको मुल गटेमा अतिथि स्वागत |
| | | विद्यालयको सभाहलमा कार्यक्रमको सुरुवात |
| | १०:२५ बजे | सभाध्यक्षको चयन : |
| | | प्रमुख अतिथि तथा अतिथिहरूको आसन ग्रहणः |
| | | राष्ट्रिय गान गाउने |
| | | स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश |
| | १२:४० बजे | प्रमुख कार्यक्रमहरू (अतिथिहरूको शुभकामना मन्तव्य, विद्याथीहरूद्वारा सास्कृतिक कार्यक्रम....) |
| | | धन्यवाद ज्ञापन |
| | २: ४० | कार्यक्रम समापन तथा जलपान |

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ८. थप अध्ययन सामग्रीहरू

### सम्पादकीय लेखन

- हरेक पत्रिकाको आफ्नो नीति, दृष्टिकोण वा विचार राख्ने स्तम्भलाई सम्पादकीय भनिन्छ । सम्पादकीय सम्पादकले लेख्ने भएतापनि सो लेखाइ उसको मात्र नभएर प्रकाशन संस्थाको हो । तसर्थ सम्पादकीयमा समसामायिक विषयवस्तुमा प्रकाशन संस्थाको विचार र दृष्टिकोण प्रष्ट हुने गरी लेखिएको हुन्छ । सम्पादकीयका रूपरेखाका बारेमा एकाइ ५ को पाठ ६ मा केही विषयवस्तु राखिएको छ हेर्नुहोस् ।

## सम्पादकलाई चिठी

- सम्पादकलाई चिठी लेख्दा निवेदनको ढाँचामा सम्बन्धित विषयवस्तु समेटी चिठी लेख्नुपर्छ । चिठीको अन्त्यमा दिइएको विषयवस्तुलाई समाचार बनाई प्रकाशन गरिदिन अनुरोध गर्नुपर्छ । यसमा समाचार बनाउनु पर्दैन सम्पादकले नै समाचार बनाउँदछ ।

## समाचार लेखन

- समाचार लेखन पत्रकारिताको ज्यादै महत्वपूर्ण कला हो । विभिन्न ठाउँमा घटेका घटनाहरूको सरल तथा सभ्य भाषामा लेखी अन्य मानिसहरूलाई जानकारीका लागि प्रकाशन गर्ने कला समाचार लेखन हो ।

# पाठ : ६

## अन्तर्राष्ट्रिय व्यक्तित्व

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि:** अन्तर्राष्ट्रिय व्यक्तित्वको योगदान उल्लेख गर्न र उनीहरूको असल कार्यहरूबाट प्रेरणा प्राप्त गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) कैलाश सत्यार्थीको जीवनीबारे प्रष्ट पार्न

ख) कैलाश सत्यार्थीको जीवनीबाट प्राप्त प्रेरणाका बारेमा छलफल गर्न

ग) डा. मार्टिन लुथर किङ्गको जीवनीबारे बताउन,

घ) डा. मार्टिन लुथर किङ्गको जीवनीबाट प्राप्त प्रेरणाका बारेमा छलफल गर्न

ङ) जीवनी लेखन सिप प्राप्त गरी स्थानीय स्तरमा योगदान दिएका व्यक्तिको खोजी गरी त्यस्ता प्रेरणदायी व्यक्तित्वको छोटो जीवनी लेख्न ।

३. **सिकाइ सामग्रीहरू:**

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत कैलाश सत्यार्थी तथा डा. मार्टिन लुथर किङ्गको फोटो, उनीहरूले गरेका काम सम्बन्धी तयार पारिएको दृश्य सामग्री, उनीहरूले गरेका काम सूचीतालिका, उनीहरूको जीवनका प्रमुख घटनाहरूको सूची तालिका, दृश्य सामग्री, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector,आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

**क)** कैलाश सत्यार्थी र डा. मार्टिन लुथर किङ्गका जीवनीबाट प्राप्त प्रेरणा आफ्नो जीवनमा लागु गर्न तत्पर रहने

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको जीवनी अध्ययन गर्न उत्सुक रहने र अध्ययन गर्ने

ग) राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय व्यक्तित्वहरूको जीवनी अध्ययनबाट प्राप्त प्रेरणा आफ्नो जीवनमा लागु गर्न तत्पर रहने

५. **सिकाइ क्रियाकलाप**

क) कैलाश सत्यार्थी तथा डा.मार्टिन लुथर किङ्गको जीवनी व्यवस्थित रूपमा अध्ययनका लागि विद्यार्थीहरूलाई समूहमा विभाजन गरी उनीहरूको जीवनी अध्ययन गर्न लगाई निम्न बमोजिमका प्रश्न निर्माण गर्ने र विद्यार्थीहरूलाई सोध्नेः

- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गको जन्म कहिले र कहाँ भएको थियो ?
- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गको पारिवारिक पृष्ठभूमिका बारेमा बताउनुहोस् ।
- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गको शैक्षिक पृष्ठभूमिका बारेमा तपाईँलाई के जानकारी छ ? भन्नुहोस् ।
- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गको योगदानका बारेमा बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।
- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गले कुन पुरस्कार कहिले प्राप्त गरे ?
- कैलाश सत्यार्थी/डा.मार्टिन लुथर किङ्गको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?
- डा.मार्टिन लुथर किङ्गको मृत्युका बारेमा आफ्ना भनाइ राख्नुहोस् ।

मथिका प्रश्नहरूको उत्तर बुँदागत रूपमा कापीमा टिप्न लगाई विद्यार्थीहरूलाई मुख्य मुख्य कुराहरू जानकारी गराउने र विषयवस्तु प्रष्ट पार्ने ।

ख) गुगल सर्च गरी कैलास सत्यार्थी र डा मार्टिन लुथर किङ्को जीवनी प्रिन्ट गरी विद्यार्थीहरूलाई पाठ पत्रको रूपमा अध्ययन गर्न लगाई मुख्य पक्ष भित्तामा झुण्डाइएको खाली पेपरमा फरकफरक मसीले लेख्न लगाउने ।

ग) विद्यार्थीहरूलाई माथि उल्लिखित बुँदाहरूमा आधारित भएर आआफ्नो समुदायका ख्याति प्राप्त व्यक्तित्वको छोटो जीवनी लेखी कक्षामा प्रस्तुत गर्न लगाउने, सबैलाई यो मौका दिँदा समयको अभाव हुने हुनाले विद्यार्थीहरू बिच नै छलफल गरी कुनै एक वा दुईका बारेमा सुनाउन लगाई जीवनी लेखन सिपलाई मूल्याङ्कन गर्ने,

घ) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ७. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिवको जीवनी अध्ययन सामाजिक अध्ययनको एक महत्वपूर्ण पक्ष हो ।" यो भनाइका बारेमा आफ्नो तर्क दिनुहोस् ।

ख) कैलाश सत्यार्थीले गर्नु भएको महत्वपूर्ण कामहरूको सूची तयार पार्नुहोस् ।

ग) कैलाश सत्यार्थीको जीवनीबाट कस्तो प्रेरणाका पाइन्छ ? बताउनुहोस् ।

घ) डा. मार्टिन लुथर किङ्गले गरेको महत्वपूर्ण कामहरूको सूची तयार पार्नुहोस् ।

ङ) डा. मार्टिन लुथर किङ्गको जीवनीबाट तपाईले प्राप्त गरेको प्रेरणाका बारेमा बताउनुहोस् ।

च) स्थानीय स्तरमा योगदान दिएका व्यक्तिको खोजी गरी त्यस्ता प्रेरणादायी व्यक्तित्वको छोटो जीवनी लेख्नुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

**८. थप अध्ययन सामग्रीहरू:**

## जीवनी लेखन

जीवनी एउटा व्यक्तिले आफ्नो जीवन कालमा भोगेका कुराहरूको उपर्युक्त विश्लेषण र मूल्याङ्कन गरी लेखिने लेख हो । सामान्यतया समुदाय, समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निस्वार्थ भावले योगदान पुऱ्याउने व्यक्तित्वको जीवनी लेख्ने गरिन्छ । यस्तो जीवनी लेख्ने र पढ्ने गर्नाले सम्बन्धित व्यक्तित्वको भोगाइबाट पाठकले आफ्नै जीवनका लागि सत्प्रेरणा प्राप्त गर्छ । आजका कलिला बालबालिकालाई असल नागरिकको रूपमा विकास गर्ने सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य रहेकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वको अध्ययन विभिन्न तहका कक्षाहरूमा गरिन्छ । यस पाठमा कैलाश सत्यार्थी तथा डा. मार्टिन लुथर किङ्गका बारेमा अध्ययन गरिन्छ । यी दुवै व्यक्तित्वहरू अधिकारकर्मीहरू हुन् । विश्वमा मानव अधिकार तथा बालअधिकार प्रत्याभूति दिन उनीहरूले ठुलो योगदान गरेकाले उनीहरूको जीवनीबाट धेरै प्रेरणादायी कुराहरू को जानकारी हासिल गरी आफूलाई प्रेरित गर्न सहयोग हुन्छ । कुनै विशिष्ट व्यक्तिको जीवनको विविध पक्षहरू अध्ययन गरी लेखिने लेखलाई जीवनी भनिन्छ । यो व्यक्तिले आफ्नो जीवन कालमा भोगेका र गरेका कुराहरू उपयुक्त विश्लेषण तथा मूल्याङ्कन गरी लेखिएको रचना हो । सामान्यतया जीवनीको संरचना निम्नअनुसार हुन्छ :

- जन्म, जन्मस्थल, मातापिता र बाल्यकाल
- पारिवारिक जीवन र शिक्षा
- व्यक्तिगत स्वभाव र रुचिक्षेत्र
- सम्बन्धित क्षेत्रमा लाग्ने सत्प्रेरणा

- विशिष्ट कार्य वा योगदानको विश्लेषणात्मक प्रस्तुति
- मानपदवी, पहिचान, सम्मान र तिनको मूल्याङ्कन
- जीवनीबाट प्राप्त प्रेरणाका स्रोतहरू
- मृत्यु भइसकेको भए आत्मधारणासँगै समापन

**जीवनी लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

- जीवनी लेख्न दिइएको व्यक्तिको जीवनका सबै पक्षहरूको अध्ययन गरी बुँदागत रूपमा टिप्दै जाने र गहिरो मनन गर्ने,
- जीवनका हरेक पक्षका प्राप्त विवरण क्रमैसँग राखी विश्लेषण गर्दै जाने,
- शङ्कास्पद तथा काल्पनिक कुराहरू नराखी तथ्यपूर्ण कुराहरूमात्र राख्ने,
- सरल, मिठासपूर्ण तथा विश्लेषणत्मक भाषा राख्ने,
- माथि उल्लेख गरिएको संरचनाअनुसार सिलसिला मिलाएर लेख्ने ।

## पाठः ७

## विश्वबन्धुत्व

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि :** विश्वबन्धुत्वको भावना अभिबृद्धि गर्न ।

२. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) विश्वबन्धुत्वको परिभाषा दिन

ख) विश्व मानव समाजलाई एउटा परिवारसँग तुलना गर्न

ग) 'वसुधैव कुटुम्बकम्' को अर्थ बताउन,

घ) वर्तमान परिवेशमा विश्वबन्धुत्वको महत्व बताउन,

ङ) विश्वबन्धुत्वको अभिवृद्धिका लागि उपर्युक्त उपायहरू अवलम्बन गर्न,

**४. सिकाइ सामग्रीहरू**

निबन्ध लेखनका लागि तयार पारिएको निबन्धका संरचना तालिका, विश्वका धेरै मानिसहरू एकै ठाउँमा भेल भएको फोटो, विश्वबन्धुत्व सम्बन्धी तयार पारिएको दृश्य सामग्री, विश्वबन्धुत्वको विकासमा भएका प्रयासहरूको सूचीतालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector आदि ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) आपसी समझदारी र मेलमिलापमा काम गर्न सक्ने स्वभाव भएको,

ख) 'Act Locally and Think Globally' भन्ने अवधारणा अनुसार काम गर्न सक्ने,

ग) विश्वबन्धुत्वको विकासमा सहयोग गर्ने ।

६. **सिकाइ क्रियाकलापः**

क) सबै विद्यार्थीहरूलाई विश्वबन्धुत्वको परिभाषा लेख्न लगाउने र नजिकैको साथीसँग छलफल गरी उपयुक्त परिभाषा तयार पार्न र भन्न लगाउने । विद्यार्थीहरूबाट आएको परिभाषालाई आवश्यक सुधार गरी उपयुक्त परिभाषा कक्षामा लेखाइदिने,

ख) परिवार भनेको के हो ? परिवारमा हामीसँग अरू को को बस्नुहुन्छ ? उहाँहरूसँग हामी कसरी मिलेर बस्न सकेका छौं ? हामी परिवारमा मिलेर बस्न नसकेको भए के हुन्थ्यो ? आदि जस्ता प्रश्नहरू सोधी परिवारमा सबै सदस्यहरू मिलेर बसेका हुन्छन् भन्ने प्रसङ्गलाई आधार बनाएर विश्वका सबै

मानिसहरू एक आपसमा मिलेर बस्नुपर्छ, एकले अर्कालाई दुःख दिन थाल्यौं भने विश्व शान्तिको स्थापना गर्न सकिँदैन भन्ने कुरा प्रष्ट पार्ने र विद्यार्थीलाई परिवार र विश्वलाई तुलाना गरेर आफ्नो विचार राख्न लगाउने,

ग) 'वसुधैव कुटुम्बकम्' को अर्थ लेखिएको वाक्यपत्ति प्रर्दशन गर्दै सबै मिलेर बस्नुपर्छ भन्ने कुरा छलफल विधिको माध्यमबाट प्रष्ट पार्ने ।

घ) विकासको गतिसँगै साघुरिँदै गएको विश्वको आजको अवस्थालाई आधार बनाएर विश्वबन्धुत्वको महत्वको सूची तयार गरी प्रस्तुत गर्न लगाउने र प्रष्ट पर्ने

ङ) विश्वबन्धुत्वको विकासमा भएका प्रयासहरूको सूची तालिका प्रदर्शन गर्दै विभिन्न सङ्घसंस्थाहरूले विश्वबन्धुत्वको विकासमा गरेको सहयोग व्याख्या गर्ने र समानुभूति, आपसी सहयोग, शान्ति, सम्वादको थालनी आदिले विश्वबन्धुत्वको विकास हुन्छ भन्ने कुरा स्पष्ट पार्ने । त्यसपछि विद्यार्थीहरूलाई समानुभूति, आपसी सहयोग, शान्ति, सद्भाव जस्ता मानवीय गुणहरूको विकास गर्न उत्प्रेरित गर्ने,

च) निबन्ध लेखनका लागि तयार पारिएको निबन्ध संरचना तालिका प्रस्तुत गर्दै निबन्ध लेखन शैलीका बारेमा प्रष्ट पार्ने र कुनै उपर्युक्त शीर्षकमा निबन्ध लेख्न लगाउने,

छ) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकता अनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ७. मूल्याङ्कन

निम्नप्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) विश्वबन्धुत्व भनेको के हो ?

ख) "विश्व मानव समाज एउटा ठुलो परिवार हो " यो भनाइलाई पुष्टि गर्नुहोस् ।

ग) 'वसुधैव कुटुम्बकम्' को अर्थ बताउनुहोस् ।

घ) वर्तमान परिवेशमा विश्वबन्धुत्वको महत्व बताउनुहोस् ।

ङ) विश्वबन्धुत्वको अभिवृद्धिका लागि उपर्युक्त उपायहरू के के होलान् ? बताउनुहोस् ।

च) 'विश्वबन्धुत्व आजको आवश्यकता' शीर्षकमा एउटा निबन्ध लेखी कक्षामा सुनाउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ८. थप अध्ययन सामग्रीहरू

निबन्ध लेखन

कुनै पनि वस्तुलाई नियमबद्ध तरिकाले गरिने गद्य रचनालाई निबन्ध भनिन्छ । विचार, तर्क, उदाहरण, ज्ञान र विश्लेषण सहित विषयवस्तुको नियमबद्ध तरिकाले लेख्ने कला नै निबन्ध हो । सामान्यतया निबन्ध २ तरिकाले लेख्ने चलन छ । लेखाइको तरिका अनुसार तिनीहरूलाई आत्मपरक निबन्ध र वस्तुपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धमा व्यक्तिको निजी अनुभूति प्रस्तुति गरिन्छ भने वस्तुपरकमा वस्तुको विश्लेषणात्मक प्रस्तुति गरिएको हुन्छ । सामान्यतया सामाजिक अध्ययनमा वस्तुपरक निबन्ध लेखिन्छ तर निबन्धमा विषयवस्तु र कल्पना दुवैको सन्तुलन भने हुनुपर्छ । निबन्ध लेख्दा निम्न संरचना अनुसार लेख्न उपर्युक्त हुन्छ :

- **आदि भाग (भूमिका खण्ड /प्रारम्भिक खण्ड ):** यस खण्डमा शीर्षकको परिचय, पृष्ठभूमि र विषय प्रवेश समावेश गरी एक अनुच्छेदमा लेखिन्छ ।
- **मध्य भाग (मुख्य खण्ड/विस्तार खण्ड ):** विषयवस्तुको सन्तुलित बिस्तार, तर्क, उदाहरण, तुलना विश्लेषण, प्रमाण, सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्याको समाधान, आदि विषयवस्तुको प्रकृति हेरी एकदेखि तिन अनुच्छेदसम्म लेख्न सकिन्छ ।
- **अन्त्य भाग (निचोड खण्ड):** माथिको दुवै खण्डमा चर्चा गरिएको कुराको निष्कर्ष विषयवस्तु प्रतिको आफ्नो विचार र समापन प्रायः एउटै अनुच्छेदमा लेखिन्छ ।

## ९. परियोजना कार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरू, निबन्ध लेखनका लागि तयार पारिएको निबन्धका संरचना तालिका, विश्वका धेरै मानिसहरू एकै ठाउँमा भेला भएको फोटो, विश्वबन्धुत्व सम्बन्धी तयार पारिएको दृश्य सामग्री, विश्वबन्धुत्वको विकासमा भएका प्रयासहरूको सूची तालिका आदि व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठ ८

## ज्येष्ठ नागरिकप्रतिको दायित्व

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि:** जेष्ठ नागरिकप्रतिको दायित्व निर्वाह गर्न

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) ज्येष्ठ नागरिकको परिचय दिन

ख) ज्येष्ठ नागरिकको महत्व बताउन

ग) ज्येष्ठ नागरिकको शारीरिक अवस्था उल्लेख गर्न

घ) ज्येष्ठ नागरिक सम्बन्धी कानुनी व्यवस्था उल्लेख गर्न

ङ) ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व बताउन

३. **सिकाइ सामग्रीहरू:**

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत, ज्येष्ठ नागरिकहरूको सामूहिक फोटो, ज्येष्ठ नागरिकको सम्मान सम्बन्धी तयार पारिएको दृश्य सामग्री, ज्येष्ठ नागरिक सम्बन्धी कानूनमा व्यवस्था भएका कुराहरूको सूची तालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति:**

**क)** ज्येष्ठ नागरिकप्रति सम्मान गर्ने बानी

ख) सार्वजनिक यातायातमा यात्रा गर्दा ज्येष्ठ नागरिक देखेमा आफू बसेको ठाउँ सम्मानपूर्वक उहाँहरूलाई प्रदान गर्ने

ग) ज्येष्ठ नागरिकको सम्मान कार्यक्रममा सधैं अग्रसर भई काम गर्ने

५. **सिकाइ क्रियाकलाप:**

क) ज्येष्ठ नागरिक भनेको के हो ? उहाँहरूलाई ज्येष्ठ नागरिक किन भनिएको हो ? समाजमा उहाँहरूको महत्व किन छ ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई सोध्ने र उनीहरूबाट आएको उत्तरहरूलाई आवश्यक सुधार गरी सेतोपाटीमा टिप्ने । यिनै उत्तरहरूका आधारमा ज्येष्ठ नागरिकको परिचय र महत्व प्रष्ट पार्ने,

ख) विद्यार्थीहरूलाई उनीहरुको घरमा हुनुभएका वृद्ध एवम् ज्येष्ठ नागरिकहरुको सम्बन्धमा विभिन्न प्रश्नहरू गरी उहाँहरूका शारीरिक अवस्थाबारे जानकारी लिने र त्यसैको आधारमा ज्येष्ठ नागरिकको शारीरिक अवस्था व्याख्यान विधिको प्रयोग गरी प्रष्ट पार्ने,

ग) ज्येष्ठ नागरिकको सम्मान तथा संरक्षणका लागि राज्यले विभिन्न कानूनको व्यवस्था गरेको कुरा जानकारी दिँदै ऐनमा व्यवस्था भएका केही मुख्यमुख्य कुराहरू उल्लेख गर्ने र ज्येष्ठ नागरिक सम्बन्धी कानुनमा व्यवस्था भएका कुराहरूको सूची तालिका प्रदर्शन गर्दै प्रष्ट पार्ने,

घ) आजका ज्येष्ठ नागरिकहरूले आफ्ना युवा अवस्थामा छँदा सक्रिय भई काम गरेको हुँदा आजको सभ्य तथा विकसित समाजको विकास भएको भन्ने प्रसङ्गलाई व्याख्या गर्दै उहाँहरूप्रति सकारात्मक धारणा बसाल्दै ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व प्रष्ट पार्ने त्यसपछि एक जना विद्यार्थीलाई अगाडि आएर ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व विषयमा बोल्न लगाउने र आवश्यक पृष्ठपोषण दिई सोसम्बन्धी धारणा प्रष्ट पार्ने ।

ङ) समुदायमा रहनु भएका विभिन्न क्षेत्रमा ख्यातिप्राप्त जेष्ठ नागरिकलाई स्रोतव्याक्तिको रूपमा कक्षामा आमन्त्रण गरी उनीहरूको अनुभव, सेवा, सुविधा र हेरचाहका लागि घरपरिवार, समुदाय र राज्यले गरेको व्यवस्थाको बारेमा जानकारी सङ्कलन गर्ने र प्रष्ट पार्ने ।

च) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी घरपरिवार,समुदायमा रहनुभएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँहरूले भोगेका समस्या ,आर्जन गरेका सिकाइ र प्रेरणाबारेमा प्रतिवेदन तयार पारी कक्षाकोठामा प्रस्तुत गर्न लगाइ आवश्यक निचोड प्रस्तुत गर्ने ।

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छः

क) ज्येष्ठ नागरिकको छोटकरीमा परिचय दिनुहोस् ।

ख) हाम्रो समाजमा ज्येष्ठ नागरिकको महत्वबारे बताउनुहोस् ।

ग) ज्येष्ठ नागरिकको शारीरिक अवस्था उल्लेख गर्नुहोस् ।

घ) राज्यले ज्येष्ठ नागरिक सम्बन्धी कस्तो कानुनी व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।

ङ) 'ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व' शीर्षकमा एउटा छोटो भाषण तयार पार्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

च) जेष्ठ नागरिक प्रति गनुपर्ने कुनै पाँच व्यवहारहरू चर्चा गनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू:

### मानव जीवन

- मानव जीवनका विभिन्न अवस्थाहरू हुन्छन् । जन्मपछि मानिस शिशुअवस्था, बाल्यअवस्था, किशोरअवस्था, वयस्क अवस्था हुँदै प्रौढअवस्थामा पुग्दछन् । प्रौढअवस्थाका मानिसहरूलाई ज्येष्ठ नागरिक भनिन्छ । प्रौढअवस्थाभन्दा अगाडि सक्रिय भई काम गर्न सक्ने अवस्थामा ज्येष्ठ नागरिकहरूले आफू, आफ्ना परिवार, समाज, देश र विश्वका लागि धेरै सहयोग गरेका हुन्छन् । उहाँ हरूको त्याग, परिश्रम, लगनशीलताका कारण हामीले अहिलेको सुखसुविधा पाएका हौँ । उहाँहरूको अनुभवबाट हामीले धेरै जीवनपयोगी कुराहरू प्राप्त गर्न सकिन्छ । उहाँहरूको अनुभवबाट हामीले विभिन्न समस्यामा कसरी आफूलाई बचाउन सकिन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । उहाँहरूको अनुभवबाट हामीले हाम्रो जीवनलाई राम्रो मार्ग निर्देशन गर्न सक्दछौँ । तसर्थ, हामीले ज्येष्ठ नागरिकलाई सम्मान तथा राम्रो हेरचाह गर्नुपर्छ ।

### ज्येष्ठ नागरिक हकसम्बन्धी संवैधानिक व्यवस्था

- नेपालको संविधानको धारा ४१ ले ज्येष्ठ नागरिक हकसम्बन्धी व्यवस्था गरेको छ जसअनुसार ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुने छ । त्यसैगरी धारा ४३ ले सामाजिक सुरक्षा कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ ।

## ८. परियोजना कार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरू ज्येष्ठ नागरिकहरूको सामूहिक फोटो, ज्येष्ठ नागरिकको सम्मान सम्बन्धी तयार पारिएको दृश्य सामग्री, ज्येष्ठ नागरिक सम्बन्धी कानुनमा व्यवस्था भएका कुराहरूको सूची तालिका, पाठमा दिइएको विषयवस्तुको आधारमा तयार गरेको Power Point Slides, Multimedia projector आदि व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## एकाइ : ४

## सामाजिक समस्या र समाधान

| |
|---|
| सक्षमता : सामाजिक संस्कार र प्रथासँग सम्बन्धित समस्याहरू समाधानमा जिम्मेवारी बोध वहन गर्न र सो अनुरूप व्यवहार प्रदर्शन । |

### पाठः १

### सामाजिक समस्याका रूपमा मानव बेचबिखन

**अनुमानित घन्टी : २**

**१. सिकाइ उपलब्धिः**

समाजमा विद्यमान् सामाजिक विकृति एवम् विसङ्गतिहरू र समस्याका पहिचान गरी सुधार कार्यमा सरिक हुन

**२. विशिष्ट उद्देश्यः**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) सामाजिक समस्याको उदाहरण सहित परिचय दिन

ख) मानव तथा चेलिबेटी बेचबिखनको परिचय बताउन

ग) चेलीबेटी बेचबिखनको विरुद्ध काम गर्ने सङ्घसंस्थाहरू उल्लेख गर्न

घ) चेलीबेटी बेचबिखनमा देखिएका समस्या समाधानका उपायहरू पहिचान गर्न

ङ) बालबालिका बेचबिखनको परिचय दिन

च) बालबालिकाहरू बेचिनुका कारणहरू खोजी गर्न

छ) बालबालिका बेचबिखनका समस्याहरूको समाधानका उपायहरू पहिचान गर्न

ज) मानव अङ्ग बेचबिखनका बारेमा बताउन

**३. सिकाइ सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू लगायत सामाजिक समस्याहरू झल्कने चित्र तथा अन्य दृष्य सामग्रीहरू, पाठसँग सम्बन्धित विषयवस्तुहरू समेटेर तयार परिएको Power point slides, Multimedia projecter चेलीबेटी बेचबिखन, बालबालिका बेचबिखन तथा मानव अङ्ग बेचबिखनका कारणहरू तथा समाधानका उपायहरूका सूची तालिका ।

## ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) मानव बेचबिखन सम्बन्धी विषयवस्तुको ज्ञान पाई जनचेतना फैलाउने कार्यमा अग्रसर रहने

ख) मानव बेचबिखनसँग परिचित भई सोको समाधानमा अग्रसर रहने

ग) मानव बेचबिखनबाट आफू, आफ्नो परिवार तथा अरूलाई जोगाउन सचेत रहने

## ५. सिकाइ क्रियाकलाप

क) सामाजिक समस्या भनेको के हो ? हाल समाजमा देखिएका समस्याहरू के के हुन् ? यिनीहरूका कारणहरू के के हुन् ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्ने र उनीहरूबाट आएका उत्तरहरूको मूल्याङ्कन गरी सही बुँदाहरू सेतोपाटीमा टिप्ने र उक्त बुँदाहरूलाई समेटी चार्ट वा सूची तालिकाको प्रयोग गरी सामाजिक समस्याको अर्थ, हाल देखिएका समस्याहरू, कारणहरू र समाधानका उपायहरू प्रष्ट पार्ने ।

ख) मानव बेचबिखनका बारेमा विभिन्न प्रश्नहरू गरी विद्यार्थीहरुको  पूर्वज पत्ता लगाउने र विद्यार्थीहरूको बुझाइलाई मूल्याङ्कन गरी पाठमा दिइएको विषयवस्तुका आधारमा मानव बेचबिखनका बारेमा प्रष्ट पार्ने ।

ग) चेलीबेटी बेचबिखनका बारेमा थप अध्ययन सामग्रीमा दिइएजस्तै काल्पानिक या वास्तविक कथा बनाउने र कक्षामा सुनाउने । त्यसपछि कथाका विषयवस्तुका आधारमा चेलीबेटी बेचबिखनको परिचय, कारण, समाधानका उपायहरू बुँदा टिपोट गर्न लगाउने र यी विषयवस्तु प्रष्ट पार्ने ।

घ) पाठमा दिइएको पाठ्यपुस्तकको क्रियाकलाप ४ लाई आधार बनाएर कक्षामा छलफल गरी बालबालिका बेचबिखनका बारेमा प्रष्ट पार्ने ।

ङ) जोडीमा पढाइ जोडीमा सारांश (Paired Reading Paired summarizing) विधिको माध्यमबाट मानव अङ्ग बेचबिखनका बारेमा प्रष्ट पार्ने ।

## ६. मूल्याङ्कन :

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) सामाजिक समस्या भनेको के हो ?

ख) समाजमा देखिएका समस्याहरू के के हुन् ? सूची बनाऊ ।

ग) सामाजिक समस्याका कारणहरू के के हुन् ?

घ) सामाजिक समस्यारूका समाधान कसरी गर्न सकिएला बताउनुहोस् ।

ङ) मानव बेचबिखनका बारेमा तपाईँलाई के जानकारी छ ? बताउनुहोस् ।

च) चेलीबेटी बेचबिखनका बारेमा आफूलाई थाहा भएको कुरा बताउनुहोस् र यसका विरुद्ध काम गर्ने सङ्घसंस्थाहरूका नाम उल्लेख गर्नुहोस् ।

छ) चेलीबेटी बेचबिखनका समाधानका उपायहरू के के हुन् ? बताउनुहोस् ।

ज) बालबालिका बेचबिखनको परिचय दिनुहोस् र बालबालिकाहरू बेचिनका कारणहरू बताउनुहोस् ।

ज) बालबालिका बेचबिखनका समाधानका उपायहरू बताउनुहोस् ।

झ) मानव अङ्ग बेचबिखनका बारेमा जानकारी भएका कुराहरु बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

**७. थप अध्ययन सामग्रीहरू:**

तलको पाठ्यांश एक काल्पनिक कथा हो यसमा चेलीबेटी बेचबिखनको परिचय, दलालहरूले कसरी अशिक्षित तथा निर्दोष बालिकाहरूलाई परिवारबाट झुक्याएर लैजान्छ र बेच्छन्, चेलीबेटी बेचबिखनका कारणहरू, कसरी बेचिएका चेलीको उद्धार गरिन्छ र घरमा आएपछि पनि उनीहरूले घर किन छोड्नु पर्छ भन्ने कुराको मार्मिक प्रस्तुति गरिएको छ । शिक्षकको शैली, विद्यार्थीको बुझ्ने क्षमता र कक्षाको वातावरण आदिको आधारमा कक्षाकोठामा एक किसिमको वातावरण सिर्जना गरी यो कथा प्रस्तुत गर्नुपर्ने हुनाले यी सबै कुरालाई मध्यनजर गरी तल दिए बमोजिमको कथा आफ्नो अनुकूल तयार गर्ने र कक्षामा प्रस्तुत गने । कथा काल्पनिक भएतापनि बेचिएको चेलीको कथा वास्तविक हो भन्ने भाव आउनुपर्छ ।

**बेचिएकी चेलीको कथा**

टिप्नुपर्ने बुँदाहरू : (चेलीबेटी बेचबिखनका परिचय, यसका कारणहरू, उद्धार कार्य, पुनस्थापनामा समस्या र समाधानका उपायहरू)

एक दिन मैले काठमाडौँमा एउटी महिलालाई भेटेको थिएँ । उनी मकवानपुरको एक बेचिएकी चेली रहिछन् । त्यस जिल्लाबाट धेरै महिलाहरू दलाल तथा आफन्तहरूबाटै वर्षेनी बेचिने गर्छन् ।

उनका अनुसार एकदिन उनका घरमा एक जना अपरिचित मानिस साँझ बास माग्न आएछ । साँझ आएको पाहुनालाई बास दिने हाम्रो परम्परा अनुसार उनका परिवारले ती अपरिचित व्यक्तिलाई बास दिएछन् । त्यस रात उनका घरमा बास बसेका ती अपरिचित व्यक्तिले फकाएर सहरमा रोजगार मिलाइदिने र धेरै पैसा कमाउन सकिने प्रलोभन देखाएर उनका परिवारका सबैलाई फकाएर तिनलाई भारतमा लगी बेचिदिएका रहेछन् । यो कुरा उनले त्यस बेश्यलयका उनी जस्तै बेचिएका अन्य चेलीहरूले भनेपछि मात्र थाहा भएको रहेछ ।

त्यहाँ उनले कठोर जीवन बिताउँदै गर्दा एक गैरसरकारी संस्थाका व्यक्ति उनको सेवाग्राही बनेर आएका रहेछन् । तिनैले उनलाई त्यस नरकीय ठाउँबाट उद्धार गरेका रहेछन् ।

ती महिलाका अनुसार बल्लतल्ल त्यस नरकीय ठाउँबाट उम्केर आएकी उनलाई घरमा जाँदा घर परिवार र छिमेकीले नस्वीकारे पछि भौतारिँदै काठमाडौँ आएकी रहिछन् । मैले उनलाई माइती नेपालमा जाने सल्लाह दिएँ । हाल उनी माइती नेपालकै सहयोगमा जीवन बिताइरहेकी छन् । समाजले तिरस्कार गर्ला भन्ने डरले बेचिएका चेलीहरू फर्केर आएपछि पनि परिवार तथा छिमेकीले नस्वीकार्नु, विभिन्न यौन रोगबाट सङ्क्रमित हुनु, पुनस्थापना केन्द्रको अभाव, आर्थिक अभाव आदिका कारण बेचिएका चेलीको उद्धार गरिएतापनि पुनस्थापनामा अझै पनि समस्या छ । त्यसैले जनचेतना, नीतिनियमको कार्यान्वयन, महिला सशक्तीकरण, महिलालाई सिपमूलक तालिम, स्वरोजगारको व्यवस्था, शिक्षाको विकास आदिका सहयोगले चेलीबेटी बेचबिखनका समस्यालाई न्यूनीकरण गर्न सकिन्छ ।

नेपालबाट वर्सेनी ५००० जतिको सङ्ख्यामा चेलीबेटीहरू बेचिएको तथ्याङ्क पाइन्छ । गरिबी, अशिक्षा, बेरोजगारी, चेलीबेटी बेचबिखनको नियन्त्रणमा सरकारको ध्यान नपुग्नु, भारतसँगको खुला सिमाना, जनचेतनाको कमी, लैङ्गिक भेदभाव आदि यसका कारणहरू हुन् ।

नेपालमा पनि धेरै सङ्घसंस्थाहरू छन् । ती मध्ये माइती नेपाल, आटविन, (Alliance Against Trafficking of Women and Girls In Nepal (AATWIN), अन्तर्राष्ट्रिय मानवअधिकार सञ्जाल, युनिसेफ जस्ता संस्थाहरुले बेचिउका चेलीहरुलाई उद्धार गर्ने, विभिन्न सिपमूलक तालिमहरू सञ्चालन गर्ने, रोजगारका अवसरहरू प्रदान गर्ने, मानसिक स्वास्थ्य सम्बन्धी परामर्श दिने, खाने र बस्ने ठाउँको व्यवस्था मिलाई दिएर उद्धार तथा अनय थप सहयोग गर्दै आएका छन् ।

## ८. परियोजना कार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

ख) थप अध्ययन सामग्रीमा दिएको काल्पनिक कथा जस्तै विषयवस्तुसँग मिल्ने कथा तयार गर्ने ।

# पाठ : २

## घरेलु हिंसा र छुवाछुत

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** समाजमा विद्यमान् सामाजिक विकृति एवम् समस्याका पहिचान गरी सुधार कार्यमा सरिक हुन ।

२. **विशिष्ट उद्देश्यः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्ने छन्:

क) घरेलु हिंसा र छुवाछुतको परिचय दिन

ख) घरेलु हिंसाका कारणहरू उल्लेख गर्न

ग) घरेलु हिंसा र छुवाछुतका असरहरू बताउन

घ) घरेलु हिंसा र छुवाछुतको समाधानका उपायहरू सिफरिस गर्न

ङ) घरेलु हिंसा र छुवाछुत जस्ता सामाजिक समस्याहरूको पहिचान गरी यी समस्यहरूको समाधानमा अग्रसरता देखाउन

३. **सिकाइ सामग्रीहरूः**

घरेलु हिंसा र छुवाछुतसँग सम्बनधमा तयार पारिएको दृष्य सामग्री, फोटो, चित्र आदि । यस पाठको विषयवस्तु समेटेर तयार परिएको Power Point Slides, Multimedia projecter, घरेलु हिंसाका कारणहरू, घरेलु हिंसा र छुवाछुतको असरहरू र समाधानका उपायहरूको सूची तालिका, घरेलु हिंसा र छुवाछुत सम्बन्धी समाचारहरू ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

**क)** घरेलु हिंसा र छुवाछुत विरुद्धको कार्यमा अग्रसरता देखाउने

ख) पारिवारिक कलहमा मध्यस्त कर्ताको भूमिका निर्वाह गर्ने

ग) कसैसँग पनि छुवाछुतको व्यवहार नगर्ने

५. **सिकाइ क्रियाकलाप**

क) पाठमा दिइएको घरेलु हिंसा र छुवाछुतको अवधारणा सम्बन्धित विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) घरेलु हिंसा भनेको के हो ? यो के कारणले हुन्छ ? भनि विद्यार्थीहरूलाई प्रश्न गर्ने र उनीहरूबाट आएको उत्तरलाई मूल्याङ्कन गरी सही उत्तर सेतोपाटीमा टिप्ने र त्यसैको आधारमा घरेलु हिंसाको परिचय प्रष्ट पार्ने ।

ग) घरेलु हिंसाका कारण, असर र समाधानका उपायहरू पहिचान गर्न विद्यार्थीहरुलाई तिन समूहमा विभाजन गरी सामूहिक कार्य गरी प्रस्तुत गर्न लगाउने । चित्र, फोटो र दृश्य सामग्री प्रदर्शन गरी घरेलु हिंसाका कारण, असर र समाधानका उपायहरू प्रष्ट पार्ने ।

घ) छुवाछुत भनेको के हो ? भनि विद्यार्थीहरूलाई प्रश्न गर्ने र उनीहरूबाट आएको उत्तरलाई मूल्याङ्कन गरी सही उत्तर सेतोपाटीमा टिप्ने र त्यसैको आधारमा छुवाछुतको परिचय प्रष्ट पार्ने ।

ङ) छुवाछुतका कारण असर र समाधानका उपायहरू बताउन कक्षाका सबै विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गरी समूहकार्य गरी कक्षामा प्रस्तुत गर्न लगााउने । शिक्षकले छुवाछुत सम्वन्धी चित्र, फोटो र दृश्य सामग्री प्रर्दशन गरी छुवाछतका कारण असर र सामाधानका उपायहरूका बारेमा थप प्रष्ट पार्ने ।

७. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) घरेलु हिंसा भनेको के हो ?

ख) छुवाछुतको छोटो परिचय दिनुहोस् ।

ग) घरेलु हिंसाका कारणहरू के के हुन् ?उल्लेख गर्नुहोस् ।

घ) घरेलु हिंसा र छुवाछुतका असरहरू के के हुन् ? बताउनुहोस् ।

ङ) घरेलु हिंसा र छुवाछुतको समाधानका उपायहरू के के हुन् ? बताउनुहोस् ।

च) तपाईंको समुदायमा देखिने घरेलु हिंसा र छुवाछुत जस्ता समाजिक समस्याहरूको पहिचान गरी यी समस्याहरूको समाधानमा तपाईंको भूमिका के हुन् सक्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## पाठः ३

## केही गलत प्रथाहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** समाजमा विद्यमान् समस्याका रूपमा रहेका परम्परा, प्रथा एवम् चलनको पहिचान गरी सुधार कार्यमा सरिक हुन् ।

२. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको परिचय दिन,

ख) घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको असरहरू उल्लेख गर्न,

ग) घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको समाधानका उपायहरू बताउन,

घ) समुदायमा रहेका गलत प्रथाको पहिचान गरी समस्या र समाधानका उपायहरू बताउन ।

३. **सिकाइ सामग्रीहरू**

विभिन्न गलत प्रथाहरू सम्बन्धी दृष्य, सामग्री, घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूसँग सम्बन्धित फोटो तथा चित्रहरू, यस पाठको विषयवस्तु समेटेर तयार पारिएको Power Point Slides, Multimedia projector सूची तालिका ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) समुदायमा भएका घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको पहिचान गरी सो सम्बन्धी जनचेतना फैलाउन अग्रसर रहने

ख) समुदायमा भएका घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको विरुद्धमा आवज उठाउने

ग) आफ्नो समुदायमा यस्ता गलत प्रथा रोक्न आफ्नो क्षेत्रबाट समाजका अग्रजहरूलाई सहयोग गर्न

६. **सिकाइ क्रियाकलाप**

क) पाठमा दिइएका घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूसँग सम्बन्धित विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने ।यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) पाठ्यपुस्तकको क्रियाकलाप १ मा दिइएको निर्देशनअनुसार सामाजिक समस्याहरूको सूची बनाउन लगाउने र समाजमा कुनचाहिँ समस्याले बढी प्रभाव पारेको छ कक्षामा छलफलबाट पत्ता लगाउने । त्यसपछि समाधानका उपायहरू छलफलबाट सूची तयार पार्ने र विद्यार्थीलाई टिप्न लगाउने ।

ग) पाठ्यपुस्तको क्रियाकलाप २ मा दिइएको निर्देशनअनुसार कक्षामा छलफल गराई सामाजिक समस्याले पुरुषलाई भन्दा महिलालाई बढी कष्ट र असहज भएको कारणहरू पत्ता लगाउने र समाधानका उपायहरू सुझाउन लगाउने र उनीहरूबाट आएको सुझावहरूको मूल्याङ्कन गरी सही सुझावहरू सेतोपाटीमा लेखी दिने ।

घ) पाठ्यपुस्तकको क्रियाकलाप ३ मा दिइएको निर्देशनअनुसार कक्षामा जोडीमा छलफल गराई दाइजो प्रथाको समाधानको उपायहरू बुँदागत रूपमा टिप्ने ।

ङ) माथिका ४ ओटै क्रियाकलापहरू गराइसकेपछि विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई पाठमा दिइएको सामाजिक गलत प्रथाहरूमध्ये एकएक ओटा छलफलका लागि दिने । सबै समूहलाई प्रत्येकको परिचय, समस्याबाट पर्न सक्ने असरहरू, समाधानका उपायहरूका साथै सो सम्बन्धी समूहको सामूहिक धारणा प्रस्तुत गर्न लगाउने र सोको मूल्याङ्कन गर्ने र सबै प्रथाहरूका बारेमा छोटो चर्चा गर्ने ।

च) समुदायमा भएका गलत प्रथा विरुद्ध चेतना जागृत गर्ने खालका नारा, प्लेकार्ड, चित्रपोष्टर तयार पार्न लगाइ विद्यालयभित्र वा बाहिर (समुदायमा) र्‍याली गर्ने ।

## ७. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छः

क) घुम्टो प्रथाको छोटो परिचय दिनुहोस् ।

ख) देउकी प्रथाको भनेको के हो ?

ग) झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरूको छोटो परिचय दिनुहोस् ।

घ) समाजमा यी गलत प्रथाहरूको असरहरू कस्तो रहन्छन् ? बताउनुहोस् ।

ङ) यी समस्याहरूका समाधानका उपायहरू के के हुनसक्छन् ? बताउनुहोस् ।

च) तपाईंको समुदायमा घुम्टो, देउकी, झुमा, छाउपडी, दाइजो आदि जस्ता गलत प्रथाहरू के के छन् पत्ता लगाउनुहोस् ।

छ) यस्ता गलत प्रथाहरूको विरुद्धमा अगाडि बढ्न तपाइँ के गर्न सक्नुहुन्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ८. थप अध्ययन सामग्रीहरू

### दाइजो प्रथाका असर तथा निराकरणका उपायहरू

| दाइजो प्रथाका असर | निराकरणका उपायहरू |
|---|---|
| • शारीरिक तथा मानसिक यातनाबाट महिलाहरू पीडित हुने,<br>• विवाहित छोरीहरूका अभिभावकलाई मानसिक तानव हुन,<br>• महिलाहरूको आत्महत्याको सङ्ख्या बढ्ने,<br>• गरिबका छोरीहरूको विवाह गर्न कठिनाइ हुनेहुनाले विभिन्न खालका समस्याहरू सिर्जना हुनसक्ने,<br>• घरेलु हिंसाले प्रश्रय पाउने । | • चेतनामूलक कार्यक्रम सञ्चालन गरी सबैलाई दाइजो प्रथा विरुद्ध सङ्गठित पार्ने,<br>• दाइजो लिन र दिन नपाउने कानुनी व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गर्ने,<br>• छोरीलाई अनिवार्य शिक्षा र आत्मनिर्भर बनाउन सबैले सहयोग गर्ने,<br>• सिपमूलक तथा रोजगारीमूलक तालिम प्रदान गरी महिलालाई स्वावलम्बी बनाउने,<br>• हरेक समाजमा महिलाहरू नै दाइजो प्रथाको विरुद्धमा लागि पर्न सचेत गराउने,<br>• दाइजो खोज्नेहरूलाई सामाजिक बहिष्कार गर्ने । |

### देउकी तथा झुमा प्रथाका असर तथा निराकरणका उपायहरू

| देउकी तथा झुमा प्रथाका असर | निराकरणका उपायहरू |
|---|---|
| • महिलाले आफ्ना इच्छाअनुसार स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारको हनन भएको,<br>• महिलाले आफ्ना इच्छाअनुसार विवाह गरी वैवाहिक जीवन बिताउने अधिकारको हनन भएको,<br>• समाजमा विकृतिहरू फैलिएको,<br>• मानव भएर मानवको जीवन | • चेतनामूलक कार्यक्रम सञ्चालन गरी सबैलाई देउकी तथा झुमा प्रथाका विरुद्ध सङ्गठित पार्ने,<br>• अभिभावकहरूलाई छोराछोरीहरू देवताका नाममा नचढाउन सुझाव दिने,<br>• छोरीलाई अनिवार्य शिक्षा र आत्मनिर्भर बनाउन सबैले सहयोग गर्ने,<br>• हरेक समाजमा मानिसहरू जागरुक भई देउकी तथा झुमा प्रथाका विरुद्धमा एकताबद्ध भई लागि पर्ने, |

| | |
|---|---|
| बिताउनबाट महिला बञ्चित भएको । | ● छोराछोरीहरूलाई देवताका नाममा चढाउनेहरूलाई सामाजिक बहिष्कार गर्ने । |

**देउकी तथा झुमा प्रथाका बिचको समानता र भिन्नताहरू**

| **समानताहरू** | **भिन्नताहरू** |
|---|---|
| ● दुवै प्रथामा छोरीहरूलाई देवताको नाममा चढाउने गरिन्छ ।<br>● दुवै प्रथामा देवताको नाममा चढाइसकेको महिलाले विवाह गर्न पाइँदैन ।<br>● दुवै प्रथामा महिला अधिकारको हनन भएको छ ।<br>● दुवै प्रथाले समाजमा विकृति फैलाउन सक्दछ ।<br>● दुवै प्रथा बिस्तारै लोप हुने अवस्थामा रहेको छ । | ● देउकी प्रथामा कुनै पनि छोरी चढाउने चलन छ भने झुमा प्रथामा माहिली छोरी या माहिला छोरो चढाउने चलन छ ।<br>● देउकी प्रथा सुदुरपश्चिमको पहाडी जिल्लामा प्रचलिनत छ भने झुमा हिमाली क्षेत्रमा प्रचलित छ ।<br>● देउकी प्रथामा छोरी किनेर पनि चढाउने गर्छन् भने झुमामा त्यस्तो हुँदैन ।<br>● देउकी प्रथामा भाकलको रूपमा छोरी किनेर पनि चढाउने गर्छन् भने झुमामा चाहिँ सामाजिक रीतिका रूपमा छोरो या छोरी चढाउने गर्छन् । |

## पाठः ४ र ५

## सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका

**अनुमानित घन्टी : ३**

### १. सिकाइ उपलब्धि

सामाजिक विकृति एवम् समस्या समाधानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका बारे वर्णन गर्न ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) सामाजिक समस्या समाधानमा सहयोग गर्ने सामाजिक सङ्घसंस्थाको सामान्य परिचय दिन

ख) विभिन्न सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा गरेका कार्यहरू उल्लेख गर्न

ग) विभिन्न सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा सहयोग गर्न ।

### ३. सिकाइ सामग्रीहरू

विभिन्न सङ्घसंस्थाहरूले गरेका कामहरू झल्काउने दृष्य सामग्री, समुदायमा देखिएका सामाजिक समस्याहरू समाधानका लागि सहयोग गर्ने विभिन्न सङ्घसंस्थाहरूको सूची तालिका, विभिन्न सङ्घसंस्थाहरूको लोगो, यस पाठको विषयवस्तु समेटेर तयार परिएको Power Point Slides, Multimedia projector, विभिन्न सङ्घसंस्थाहरूले सामाजिक समस्या समाधानमा गरेका कामको सूची तालिका ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) आफ्नो वरिपरि रहेका विभिन्न सामाजिक समस्या समाधानमा सहयोग गर्ने सामाजिक सङ्घसंस्थाको पहिचान गर्न अग्रसर रहने

ख) सामाजिक समस्या समाधानमा सहयोग गर्ने सामाजिक सङ्घसंस्थाको कार्यमा सहयोग गर्ने

ग) आफ्नो समुदायमा देखिएका सामाजिक समस्याहरू समाधानका लागि विभिन्न सङ्घसंस्थाहरू स्थापनामा सहयोग गर्न अग्रसर रहने

### ५. सिकाइ क्रियाकलाप

क) पाठमा दिइएको विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) रेडक्रसका बारेमा तपाईंलाई के जानकारी छ ?, यसको स्थापना कसले किन गरेको हो ? यसले सामाजिक समस्या समाधानमा के के सहयोग गरेको छ ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्ने र उनीहरूबाट आएको उत्तरलाई सुधार गरी सेतोपाटीमा टिप्दै जाने र रेडक्रसका बारेमा प्रष्ट पार्ने ।

ग) स्काउटका बारेमा तपाईंलाइ के जानकारी छ ?, यसको स्थापना कसले किन गरेको हो ? यसले सामाजिक समस्या समाधानमा के के सहयोग गरेको छ ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्ने र उनीहरूबाट आएको उत्तरलाई सुधार गरी सेतोपाटीमा टिप्दै जाने र स्काउटका बारेमा प्रष्ट पार्ने ।

घ) एसओएसका बारेमा बताउन लगाउने ? यसको स्थापना कसले किन गरेको हो ? यसले सामाजिक समस्या समाधानमा के के सहयोग गरेको छ ? आदि जस्ता प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्ने र उनीहरूबाट आएको उत्तरलाई सुधार गरी सेतोपाटीमा टिप्दै जाने र एसओएसका बारेमा प्रष्ट पार्ने ।

ङ) नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको लोगो तथा कामको सूची तालिका प्रदर्शन गर्दै यी संस्थाहरूको सामान्य परिचय दिने । यिनीहरूले गरेका मुख्य कार्यहरू उल्लेख गर्ने ।

च) विद्यार्थीहरूलाई आफ्नो समुदायमा देखिएका सामाजिक समस्याहरू समाधानका लागि विभिन्न सङ्घसंस्थाहरू स्थापना गर्न प्रेरणा दिने गरी यस्ता सङ्घसंस्थाहरूको महत्वबारे प्रष्ट पार्ने ।

छ) रेडक्रस, स्काउट, एसओएस जस्ता सेवामुखी संस्थाको बारेमा दृश्य सामग्री प्रर्दशन गर्दै छलफल गरी संस्थाको भूमिका प्रस्ट पार्ने ।

ज) यसैगरी पाठ्यपुस्तकमा उल्लेख भएका अन्य सङ्घ र संस्थाहरूको नाम र काम उल्लेख गर्दै लोगो प्रर्दशन गरी छलफल गर्ने ।

६. **प्रतिविम्बन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) रेडक्रसको स्थापनामा हेनरी ड्युनाको के योगदान रहेको छ ?

ख) विभिन्न देशहरूमा रेडक्रसको झण्डामा के के भिन्नता पाइन्छ ?

ग) सङ्कटका समयमा रेडक्रसले मानव हितमा कसरी सहयोग गर्छ ?

घ) जेनेभा सम्झौतामा सही गर्ने राष्ट्रहरूले के कुरामा सहमति जनाएका थिए ?

ङ) नेपाल स्काउटको स्थापना कहिले भएको थियो ?

च) सबै युवाहरूले स्काउटको “सधैँ तयार रहनू” भन्ने लक्ष्यलाई किन मन पराउँछन् ?

छ) एसओएस स्थापना किन गरेको हो ? आजसम्म विश्वमा कति ओटा एसओएस बालग्रामहरू छन् ?

ज) नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको कुनै २/२ ओटा कामको सूची तालिका बनाउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू

### सङ्घसंस्थाहरूको परिचय

- सन १८५९ मा स्विस नागरिक हेनरी ड्युना व्यापारको सिलसिलामा इटली गएको बेलामा त्यहाँ सल्फेरिनोको युद्ध चलिरहेको थियो । युद्धमा मरेका र घाइतेहरूलाई औषधी उपचार गर्ने अस्पताल तथा चिकित्सकहरू नभएको देखेपछि उनी दुःखी भए । त्यहाँ फर्केपछि सन् १८६२ मा उनले फ्रान्सेली भाषामा ‘सल्फेरिनाको स्मृति’ (On Soverir de Solferino) नामक पुस्तक प्रकाशन गरे । यस पुस्तकमार्फत यिनले सबै देशका स्वयंसेवकहरूलाई युद्ध वा प्राकृतिक प्रकोपबाट घाइते भएकाहरूलाई सहयोग गर्न अनुरोध गरे । त्यसपछि सन् १८६३ मा १६ देशका मानिसहरू स्विजरल्यान्डमा भेला भएर अन्तर्राष्ट्रिय रेडक्रसको स्थापना गरे ।
- सन् १८६४ मा १२ देशका मानिसहरूले जेनेभा सम्झौतामा हस्ताक्षर गरी युद्धका समयमा घाइते सैनिक र रेडक्रस स्वयंसेवकलाई आक्रमण नगर्ने कुरामा सहमति जनाए ।
- सन् १९०१ म हेनरी ड्युनालाई विश्व शान्ति नोबेल पुरस्कारले सम्मान गरियो । उनको सन् १९१०मा देहान्त भएको हो ।
- रर्बट बाडेन पावेल एक जना बेलायती सैनिक थिए । माफेकिङ सहरमा युद्धका बेला देखाएको यिनको बहादुरीका कारण एक बहादुर तथा साहसी योद्धका रूपमा यिनी प्रसिद्ध थिए । यिनी सैनिक क्षेत्रको भन्दा बेलायती बालबालिकहरू तथा देशको भविष्यका बारेमा सधैँ चिन्तित भइरहेको तथ्यहरू पाइन्छ । यिनी ती बालबालिकाहरूलाई परिश्रमी तथा सिंर्जनाशील बनाउन चाहन्थे । फलस्वरूप यिनले सन् १९०८ मा केटाहरूका लागि ‘स्काउटिङ फर ब्वाइज’ नामक पुस्तक प्रकाशन गरे । त्यसपछि विभिन्न देशहरूमा स्काउटको स्थापना हुन् थाल्यो । केटी स्काउटहरूको पनि स्थापना भयो । केही देशहरूमा केटी स्काउटलाई ‘गाइड’ भनिन्छ तर नेपालमा भने दुवैलाई स्काउट नै भनिन्छ ।
- सन् १९०७ मा बेलायतमा २० जना सदस्यहरूसहित स्थापना भएको स्काउटमा हाल १९० भन्दा बढी देशमा करोडौँको सङ्ख्यामा यसका सदस्यहरू रहेका छन् ।

- सन् १९५२ मा नेपाल स्काउटको स्थापना भएको हो भने सन् १९५३ मा नेपालको संसद्ले स्काउट सम्बन्धी कानुनलाई स्वीकृति दियो ।
- सबै स्काउटले राष्ट्र, राजा (स्काउट चिफ), र ईश्वरप्रतिको आफ्नो कर्तव्य सम्भी अरूलाई सधैँ मद्दत गर्न र स्काउट कानुनको पालना गर्न श्रद्धापूर्वक सपथ ग्रहण गर्छन् ।
- नेपालमा केटा स्काउटले खैरो कमिज र सुरुवाल र केटीहरूले हरियो सर्ट र हरियो साडी या फ्रक लगाउँछन् । केटाकेटी दुवैले घाँटीमा आफ्नो कम्पनी अनुसार बेग्लाबेग्लै रङको रुमाल बाँध्ने गर्छन् ।
- एसओएस (Save Our Soul, SOS) को स्थापना सन् १९४९ मा भएको हो ।
- असहाय, टुहुरा, अनाथ, घरवार विहीन, अपाङ्गता भएका बालबालिकाहरूको सहयोगका लागि एसओएस स्थापना भएको हो ।
- डा. हर्मन माइनरले दोस्रो विश्वयुद्धमा अभिभावक गुमाएका बालबालिकाहरूको पालनपोषणका लागि एसओएस बालग्रामको अवधारणा अघि सारेका हुन् । यस्ता बालग्रामहरूमा धेरै घरहरू हुन्छन् र प्रत्येक घरमा २ जना महिलाहरू मातृवात्सल्य प्रदान गर्दै पारिवारिक वातावरणमा साना बालबालिकाका हेरचाहको लागि खटाइएको हुन्छन् भने बालबालिकाहरू दाजुभाइ दिदीबहिनीका रूपमा हुर्केका हुन्छन् ।
- यस संस्थाको १३४ देशहरूमा १५६७ ओटा बालग्रामहरू रहेको छ ।
- अन्य सङ्घसंस्थाहरूका बारेमा पाठमा दिइएको विषयवस्तुका आधारमा निम्न तालिका भर्ने र जानकारी लिने :

| क्र.सं. | संस्थाको नाम | संस्थाको लोगो | संस्थाले गर्ने कुनै २ ओटा महत्वपूर्ण कामहरू |
|---|---|---|---|
| १ | इन्टरनेसनल नेपाल फेलोसिप | | |
| २ | प्लान नेपाल | | |
| ३ | अन्तर्राष्ट्रिय श्रम सङ्गठन | | |
| ४ | रोटरी इन्टरनेसनल | | |
| ५ | अन्तर्राष्ट्रिय विकासका लागि नर्वेजियन संस्था | | |
| ६ | अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ | | |

| | | | |
|---|---|---|---|
| ७ | डेनिस अन्तर्राष्ट्रिय विकास नियोग | | |

## पाठः ६

## सामाजिक समस्याको पहिचान र समस्या समाधानको सिप

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** सूचना, सहकार्य तथा समालोचनात्मक चिन्तन जस्ता सिपहरूको प्रयोग गरी समस्याको समाधान गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) सामजिक समस्याहरूको पहिचान गरी बताउन

ख) सामाजिक समस्याहरूका समाधानमा आफ्नो भूमिका प्रष्ट पार्न

ग) सूचना, सहकार्य तथा समालोचनात्मक चिन्तन जस्ता सिपहरूको पहिचान गर्न

घ) यी सिपहरूको प्रयोग गरी सामाजिक समस्याको समाधान गर्ने प्रयास गर्न

ङ) विभिन्न सामाजिक समस्याहरूबाट आफू बच्न र अरूलाई पनि बचाउने प्रयास गर्न

३. **सिकाइ सामग्रीहरूः**

मेटाकार्ड, विभिन्न सामाजिक समस्याहरूको सूची तालिका, विभिन्न सामाजिक समस्याहरू झल्काउने चित्र तथा फोटोहरू, विभिन्न सामाजिक समस्याहरूको समाधानका सम्भाव्य विकल्पहरूको सूची तालिका, पाठमा दिइएका विषयवस्तुका बारेमा तयार गरिएको Power Point Slide हरू, Multimidia Projecter आदि।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

क) विभिन्नसामजिक समस्याहरूको पहिचानमा अग्रसर रहने

ख) सामाजिक समस्याहरूको समाधानका सम्भाव्य विकल्पहरूको खोजीमा अग्रसर रहने

ग) सूचना, सहकार्य तथा समालोचनात्मक चिन्तन जस्ता सिपहरूको पहिचान गर्न अग्रसर रहने ।

५. **सिकाइ क्रियाकलाप**

क) पाठमा दिइएको सामाजिक समस्याको पहिचान र समस्या समाधानको सिपको अवधारणा सम्बन्धी विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सो विवरण प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने,

ख) विभिन्न सामाजिक समस्याहरू झल्काउने चित्र तथा फोटोहरू प्रदर्शन गर्दै छलफल विधिको प्रयोग गरी विद्यार्थीहरूलाई ती समस्याहरू पहिचान गर्न लगाउने,

ग) पाठमा दिएको चित्र देखाउँदै सोसँग सम्बन्धित प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्ने र उनीहरूबाट आएको उत्तरलाई मूल्याङ्कन गरी आवश्यक सुझाव दिने,

घ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने, प्रत्येक समूहलाई पाठ्यपुस्तकको क्रियाकलाप ५ मा जस्तै एकएक ओटा घटना दिने र छलफल गर्न लगाउने,

ङ) सामाजिक समस्या समाधानका विभिन्न सम्भाव्य विकल्पहरूका विषयमा छलफल गरी समूहको निष्कर्ष बुँदा टिपोट गर्न लगाउने सो क्रममा विभिन्न खालका प्रतिप्रश्नहरू गरी समूहमा निष्कर्ष निकाल्न उत्पेरणा दिने,

च) प्रत्येक समूहका समूह नेतालाई आफ्नो समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउने र आवश्यक सुझाव दिने,

छ) तपाईको समुदायमा के कस्ता सामाजिक समस्याहरू छन् भन्ने प्रश्नलाई APPLE technique (Ask the question, Pause for whole, Pick of the students, Listen the answer, Evaluate) द्वारा राख्ने र विद्यार्थीलाई नै भन्न र लेख्न लगाउने,

ज) कक्षालाई दुई समूहमा विभाजन गरी एक समूहलाई सामाजिक समस्या र अर्को समूहलाई समाधानका उपायहरू समूहको नेताबाट बोर्डमा लेख्न लगाई छलफलको माध्यमबाट निष्कर्ष दिने ।

## ६. मूल्याङ्कन :

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) हाल समाजमा देखिएका सामजिक समस्याहरूको बताउनुहोस् ।

ख) सामाजिक समस्याहरूका समाधानमा तपाईंले कस्तो भूमिका निर्वाह गर्न सक्नुहुन्छ ? बताउनुहोस् ।

ग) विभिन्न सामाजिक समस्याहरूबाट आफू बच्न र अरूलाई पनि बचाउन तपाईंले के गर्न सक्नुहुन्छ ? बताउनुहोस् ।

यी माथिका प्रश्नहरू लगायत अभ्यासमा दिइएका प्रश्नहरूको सहायताले पनि प्रतिविम्बन गर्न सकिन्छ ।

## ६. परियोजना कार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## एकाइ : ५

## नागरिक चेतना

| | |
|---|---|
| १. | सक्षमताः राज्यका अङ्गहरू बिचको शक्ति सन्तुलनबारे बोध र प्रस्तुतिका लागि व्यवस्थापिका सम्बन्धी बोध । |

## पाठः १

## सङ्घीय व्यवस्थापिका

**अनुमानित घन्टी : २**

### १. सिकाइ उपलब्धि

राज्यका तिन अङ्गहरूका बिच शक्ति सन्तुलनको अवधारणाका बारेमा प्रष्ट बताई सङ्घीय व्यवस्थापिकाको सङ्क्षिप्त परिचय दिन ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) राज्यका प्रमुख तिन अङ्गहरूबिच शक्ति सन्तुलनको अवधारणा प्रष्ट पारी राज्यका महत्वपूर्ण अङ्गका रूपमा सङ्घीय व्यवस्थापिकाको परिचय दिन

ख) सङ्घीय संसद्को सदस्यका लागि संविधानले तोकेको योग्यता बताउन

ग) सङ्घीय व्यवस्थापिकाको गठन प्रक्रिया उल्लेख गर्न

घ) सङ्घीय संसद्मा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने र प्रमाणित गर्ने कार्य विधि प्रस्तुत गर्न

ङ) नेपालको संविधानले प्रदेश व्यवस्थापिकाका बारेमा राखेको प्रावाधान पहिचान गर्न

च) व्यवस्थापिकाका कार्यहरू बताउन

### ३. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरूलगायत नेपालको संविधान, व्यवस्थापिका संसद्मा बैठक चलिरहँदाको फोटो, संसद्मा विधेक प्रस्तुत र पारित गर्दाको दृश्यसामग्री, Multimedia projector, नेपालको संविधानमा सङ्घीय व्यवस्थापिकाका धाराहरू र त्यसमा रहेका प्रावधानहरूको सूची तालिका ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) सङ्घीय व्यवस्थापिका संसद्का बारेमा जानकार भई सोसम्बन्धी जनचेतना फैलाउने कार्यमा सधैँ सरिक हुने

ख) विभिन्न तहमा हुने नियमको पालना गर्न अभ्यस्त रहन

ग) स्थानीय तहमा समाजसुधारका लागि उपयुक्त सुझाव पेस गर्ने, अरूलाई तर्कले प्रभावित पार्ने र कार्यान्वयनका लागि सक्रिय रूपमा सभागी हुने

## ५. सिकाइ क्रियाकलाप

क) संसद्मा विधेयक प्रस्तुत र पारित गर्दै गरेको दृश्य सामग्री देखाउने र व्यवस्थापिका सम्बन्धी जानकारी लिन उत्सुक बनाउन सहयोग गर्ने, वा राज्यका प्रमुख तिन अङ्गहरूबीच शक्ति सन्तुलनको अवधारणा प्रष्ट पार्ने र दुई सदनात्मक व्यवस्थापिका रहने व्यवस्था संविधानको धारा ८३ मा, प्रतिनिधि सभाको गठन धारा ८४ मा र राष्ट्रिय सभाको गठन धारा ८६ मा उल्लेख गरिएको कुरा जानकारी गराउने र संसद्को सदस्य हुन् आवश्यक योग्यता, सङ्घीय संसद्मा कानुन बन्ने प्रक्रिया, प्रदेश व्यवस्थापिका सम्बन्धी नेपालको संविधानले राखेको प्रावधान र व्यवस्थापिकाका कार्यहरू समावेश गरी करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र सङ्घीय व्यवस्थापिकामा बैठक चलिरहेको फोटो देखाउँदै सो विवरण प्रस्तुत गरी पाठप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ।

ख) निम्नलिखित प्रश्नहरू जस्तै अरू धेरै प्रश्नहरू निर्माण गरी प्रश्नोत्तर विधिको माध्यमबाट प्रतिनिधि सभा र राष्ट्रिय सभाको गठनबारे प्रष्ट पार्ने र लेख्न लगाउने:

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनेको के हो ?

२. समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ?

३. यी दुवै प्रणालीबाट प्रतिनिधि सभामा कति कतिजना सदस्यहरू निर्वाचित हुन्छन् ?

४. राष्ट्रिय सभामा कति जना सदस्यहरू हुन्छन् ?

ग) नेपालको संविधानको सङ्घीय व्यवस्था सम्बन्धी धाराहरूको सूची तालिका देखाउँदै व्यवस्थापिका सम्बन्धी विषयवस्तु व्याख्यान र प्रदर्शन विधिको प्रयोग गरी प्रष्ट पार्ने,

घ) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्ने र पाठ्यपुस्तकको क्रियाकलाप ३ को निर्देशन अनुसार छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने र आवश्यक पृष्ठपोषणसहित विषयवस्तु प्रष्ट पार्ने,

ङ) नेपालको संविधानअनुसार राष्ट्रिय सभामा महिला सहभागिताको व्यवस्थामाथि छलफल गराई टिप्पणी लेख्न लगाउने

च) सङ्घीय संसद्मा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, प्रमाणित गर्ने कार्य विधिको नमुनाअनुसार कक्षा नियमको निर्माण गरी कक्षाको सूचना पाटीमा टाँस्ने र सोको पालना विद्यार्थी नेतामार्फत गराउने

छ) व्यावस्थापिका सम्बन्धी पाठसँग सम्बन्धित विषयवस्तुका बारेमा विस्तृत जानकारीका लागि आफ्नो क्षेत्रको व्यवस्थापिका सदस्य (सांसद)लाई कक्षामा विशेषज्ञको रूपमा उपस्थित गराई विद्यार्थीको विषयवस्तुसँग सम्बन्धित जिज्ञासा मेटाइदिने (यदि विद्यालयमा इन्टरनेटको सुविधा छ भने skype वा अन्य सर्वसुलभ Apps को सहायताले कक्षा सञ्चालन गराउने) ।

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) सङ्घीय व्यवस्थापिकाको सङ्क्षिप्त परिचय दिनुहोस् ।

ख) सङ्घीय व्यवस्थापिकाका किन राज्यका महत्वपूर्ण अङ्गका रूपमा मानिन्छ आफ्नो तर्क दिनुहोस् ।

ग) संविधानअनुसार सङ्घीय संसद्को सदस्यका लागि चाहिने योग्यताका बारेमा बताउनुहोस् ।

घ) सङ्घीय व्यवस्थापिकाको गठन कसरी हुन्छ भन्नुहोस् ।

ङ) सङ्घीय संसद्मा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने र प्रमाणित गर्ने कार्य विधिबारे प्रष्ट पार्नुहोस् ।

च) नेपालको संविधानले प्रदेश व्यवस्थापिकाका बारेमा राखेको प्रावधान भन्नुहोस् ।

छ) सङ्घीय व्यवस्थापिकाका कार्यहरू बुँदागत रूपमा बताउनुहोस् ।

**७. थप अध्ययन सामग्रीहरू**

**नेपालको संविधानमा व्यवस्थापिका सम्बन्धी व्यवस्था**

सरकार भनेकै राज्यका प्रमुख तिनओटै अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको समष्टिगत रूप हो । यी अङ्गहरूबिचको शक्ति सन्तुलन संविधानमा नै व्याख्या गरिएको हुन्छ । व्यवस्थापिकाले कानुन बनाउँछ, त्यस कानुनलाई कार्यपालिकाले कार्यान्वयन गर्छ भने न्यायपालिकाले व्याख्या गर्छ । यसका साथै यी अङ्गहरूले एकअर्कालाई नियन्त्रण गर्ने काम गर्छ । व्यवस्थापिकाले अविश्वासको प्रस्ताव संसद्मा पारित गरी कार्यपालिका अर्थात् सरकारको विगठन गर्छ । त्यसै गरी यसले प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य विरुद्ध महाभियोगको प्रस्ताव पेस गरी दुई तिहाइ बहुमतबाट पारित गराई सम्बन्धित व्यक्तिलाई पदबाट मुक्त गराउन सक्दछ । कार्यपालिका प्रमुखले प्रतिनिधि सभाको विघटन गरी नयाँ व्यवस्थापिका संसद्को निर्वाचन घोषणा गर्छ भने संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायधीसको नियुक्ति हुन्छ । संवैधानिक परिषद्को अध्यक्ष संविधानअनुसार प्रधानमन्त्री हुने व्यवस्था छ । यसै गरी न्यायपालिकाले प्रचलित कानुनअनुसार व्यवस्थापिका र कार्यपालिकाको काम नभएमा सो कार्य रोक्न सक्छ ।

- भाग ८ धारा ८३ मा सङ्घीय व्यवस्थापिकाअन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुने र जसलाई सङ्घीय संसद् भनिने व्यवस्था गरिएको छ ।
- संविधानको धारा ८४ अनुसार प्रतिनिधि सभामा देहायबमोजिमका दुई सय पचहत्तर सदस्य रहनेछन् :-
  - (क) नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा एक सय पैँसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एक सय पैँसट्ठी सदस्य,
  - (ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एक सय दश सदस्य । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुन्छ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । त्यसैगरी राजनीतिक दलले उमेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने छ ।
- संविधानको धारा ८५ अनुसार प्रतिनिधि सभाको कार्यकाल संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक पाँच वर्षको हुनेछ ।
- संविधानको धारा ८६ अनुसार राष्ट्रिय सभामा देहायबमोजिमका उनान्साठी सदस्य रहनेछन् :-
  - (क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येकप्रदेशबाट कम्तीमा तिनजना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी सात प्रदेशबाट निर्वाचित छपन्न जना
  - (ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तिन जना ।
- राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुनेछ । राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ । तर संविधान प्रारम्भ भएपछि पहिलो पटक सदस्यको पदावधिकायम

गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चारवर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिएको छ ।

- संविधानको धारा ९१ अनुसार प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेछन् । निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने छ  प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरकफरक दलको प्रतिनिधि हुनुपर्ने छ ।
- संविधानको धारा ९२ अनुसार राष्ट्रिय सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रिय सभाका सदस्यहरूले आफूमध्येबाट राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछन् । निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने छ ।

**९. परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने

## पाठ : २

## सङ्घीय कार्यपालिका

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि:** राज्यका तिन अङ्गहरूमध्ये सङ्घीय कार्यपालिकाको सङ्क्षिप्त परिचय दिन ।

२. **विशिष्ट उद्देश्य:**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

क) मन्त्री परिषद्को गठन विधि उल्लेख गर्न

ख) सङ्घीय कार्यपालिकाका कार्यहरू वर्णन गर्न

ग) प्रदेश कार्यपालिका बारेमा बताउन

घ) स्थानीय कार्यपालिकाको गठन विधिको सूची तयार गर्न

ङ) एक असल नागरिकको हैसियतले सरकारलाई सहयोग गर्न आफ्नो भूमिका बताउन

४. **सिकाइ सामग्रीहरू:**

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू, नेपालको संविधान, मन्त्री परिषद्को बैठक चलिरहँदाको फोटो, नेपालको संविधानमा सङ्घीय कार्यपालिकासँग सम्बन्धित धाराहरू त्यसमा रहेका प्रावधानहरूको सूची तालिका, Multimedia Projector आदि ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

क) स्थानीय तहमा कुनै पनि सामूहिक काम गर्दा उच्च विचार, उपयुक्त तर्क तथा असल व्यवहार प्रस्तुत गरी नेतृत्व पङ्क्तिमा आफूलाई राख्न अग्रसर रहने

ख) विद्यालयमा असल विद्यार्थीका रूपमा, घरमा असल सन्तानका रूपमा, र समुदायमा असल छिमेकीका तथा सहयोगीका रूपमा आफूलाई स्थापित गर्न अग्रसर रही सबै ठाउँमा जिम्मेवारीको बोध हुने

ग) समूहमा विभिन्न विषयमा छलफल गर्दा आफ्नो कुरामा ढिपी लिइरहनेभन्दा पनि सही कुराको समर्थन र अरूको गलत कुरालाई तर्कले निष्क्रिय बनाई आफ्नो विचार अगाडि सार्ने

६. **सिकाइ क्रियाकलाप**

क) कार्यपालिका व्यवस्थापिकाद्वारा निर्माण गरिएको कानुनको कार्यान्वयन गर्ने निकाय हो । कार्यपालिकालाई सरकार वा मन्त्री परिषद्का रूपमा बुझ्ने गरिन्छ । संविधानले स्थानीय स्तरमा स्थानीय कार्यपालिका, प्रदेश तहमा प्रदेश कार्यपालिका र केन्द्रमा सङ्घीय कार्यपालिका रहने व्यवस्था

गरेको छ जस्ता विषयवस्तु समावेश गरी करिब ५ मिनेटको प्रस्तुति तयार गरी मन्त्री परिषद्को बैठक बसेको फोटो वा मन्त्रीहरूले सपथ ग्रहण गर्दै गरेको दृश्यसामग्री देखाउँदै पाठप्रति उत्सुकता जगाउने

ख) संविधानको धारा ७६ मा दिएअनुसार मन्त्री परिषद्को गठन प्रक्रियालाई व्याख्यान विधिको प्रयोग गरी प्रष्ट पार्ने, यसमा शिक्षकले संविधानको भाग ७ धारा ७६ अन्तर्गतको उपधारा १, २, ३, ४, ५, ६ र ७ मा दिएको प्रावधानहरू मेटाकार्डमा लेख्ने, सात जना विद्यार्थीलाई एकएक ओटा वितरण गर्ने, सबैलाई पालैपालो भन्न लगाउने र उपधारा ८,९ र १० को प्रावधान शिक्षक स्वयम्ले भनी दिएर मन्त्री परिषद्को गठनबारे प्रष्ट पार्ने

ग) प्रदेश कार्यपालिकाको गठन संविधानको धारा १६८ मा दिएअनुसार संविधानका धाराहरू प्रर्दशन गर्दै छलफलको माध्यमबाट प्रष्ट पार्ने र स्थानीय कार्यपालिकाका बारेमा सङ्क्षिप्त वर्णन गर्ने

घ) कक्षामा विद्यार्थीहरूलाई समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई कार्यपालिकाको एउटाएउटा कार्य छलफल गरी बुँदा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक सुधार गरिदिने

ङ) पूरा कक्षालाई तिन समूहमा विभाजन गरी सङ्घीय, प्रदेश र स्थानीय तहको कार्यपालिकाको सम्बन्धमा नेपालको संविधान अध्ययन गर्न लगाई प्रमुख विशेताहरू प्रस्तुत गर्न लगाउने र निचोड दिने

च) विभिन्न मन्त्रालयका मन्त्रीहरूले गर्ने कामको सामान्य विवरण तयार गर्ने, (जस्तैः शिक्षा मन्त्रीले शिक्षासँग सम्बन्धित नीतिनियम बनाएर संसद् तथा मन्त्रीपरिषद्मा पेस गर्ने, सो सम्बन्धी नीति नियमहरूको कार्यान्वयन गर्नुका साथै शिक्षाको विकासमा सहयोग गर्ने जस्ता विवरण तयार गरी सोका बारेमा छोटो व्याख्या गर्ने)

छ) कार्यपालिका सम्बन्धी पाठसँग सम्बन्धित विषयवस्तुका बारेमा विस्तृत जानकारीका लागि कार्यपालिकाका सदस्यलाई कक्षामा विशेषज्ञाको रूपमा उपस्थित गराई विद्यार्थीको विषयवस्तुसँग सम्बन्धित जिज्ञासा मेटाइदिने वा विद्यालयमा इन्टरनेटको सुविधा छ भने skype वा अन्य सर्वसुलभ Appsको सहायताले कक्षा सञ्चालन गराउने, सम्भव नभएमा मन्त्रीज्यूसँग भेट हुँदा सोसम्बन्धी जिज्ञासा राखी मोबाइल तथा अन्य विद्युतीय सामग्रीमा रेर्कड गराई कक्षामा सुनाउने अथवा यस विषयसँग सम्बन्धित विशेषज्ञको सहायता लिई कक्षा सञ्चालन गर्ने

७. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) नेपालको संविधान अनुसार कति तहको कार्यपालिका रहने व्यवस्था गरेको छ ? सबैको सामान्य परिचय दिनुहोस् ।

ख) मन्त्री परिषद्को गठन कसरी हुन्छ ?

ग) सङ्घीय कार्यपालिकाको कार्यहरू के के हुन् ? बताउनुहोस् ।

घ) प्रदेश कार्यपालिकाको गठन कसरी हुन्छ ?

ङ) स्थानीय कार्यपालिकाको गठन कसरी हुन्छ ? बताउनुहोस् ।

च) एक असल नागरिकको हैसियतले सरकारलाई सहयोग गर्न आफूले खेल्ने भूमिकाबारे बताउनुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू

### नेपालको संविधानमा कार्यपालिका सम्बन्धी व्यवस्था

विकासमा जनताको सहभागिता अनिवार्य हुने हुनाले लोकतन्त्रमा जनताले आफ्ना लागि शासन गर्ने व्यक्तिहरू आफै छान्न पाउँछन् । जनताको शासन व्यवस्थामा जनताद्वारा चुनिएका प्रतिनिधिहरूबाट शासन सञ्चालन, नीति निर्माण र विकास कार्य गर्ने गरिन्छ । यही लोकतान्त्रिक अभ्यासलाई अझ परिमार्जित र व्यवस्थित गर्नका लागि नेपालको संविधानले स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । प्रत्येकमा एकएक ओटा कार्यपालिका रहन्छ । तिनको गठन यसप्रकार छ :

**भाग ७ धारा ७६ मन्त्री परिषद्को गठन**

(१) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्री परिषद्को गठन हुने प्रावधान संविधानको धारा ७६मा व्यवस्था गरेको छ । त्यसैगरी निम्न अवस्थामा प्रधानमन्त्रीको नियुक्ति देहायबमोजिम हुने व्यवस्था संविधानमा उल्लेख गरिएको छ :

- प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ । तर यस्तो प्रक्रियाबाट नियुक्त भएको प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तिस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मतप्राप्त गर्नुपर्ने छ ।
- प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तिस दिनभित्र प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा पनि कसैले बहुमत प्राप्त गर्न सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीयदलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ । यस्तो प्रक्रियाबाट नियुक्त भएको प्रधानमन्त्रीले पनि त्यसरी नियुक्त भएको मितिले तिस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।

- यदि प्रधानमन्त्रीले बहुमतबाट विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ । सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ । उक्त प्रधानमन्त्रीले पनि प्रतिनिधि सभामा बहुमतद्वारा विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।
- यदि यो प्रक्रियाबाट पनि प्रधानमन्त्री नियुक्त हुन् नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विगटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने छ ।
- माथिको कुनैपनि प्रक्रियाबाट प्रधानमन्त्रीको नियुक्ति पछि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चिस जना मन्त्री रहेको मन्त्री परिषद् गठन गर्नेछ । जसमा उपप्रधानमन्त्री,मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री पर्छन् ।
- प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसद्प्रति उत्तरदायी हुनेछन् भने मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र सङ्घीय संसद्प्रति उत्तरदायी हुनेछन् ।

**भाग १३ धारा १६८. प्रदेश मन्त्री परिषद्को गठन :**

- प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्री परिषद्को गठन हुने प्रावधान संविधानको धारा १६८ मा व्यवस्था गरेको छ । त्यसैगरी निम्न अवस्थामा मुख्यमन्त्रीको नियुक्ति देहायबमोजिम हुने व्यवस्था संविधानमा उल्लेख गरिएको छ :
- प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ । तर यस्तो प्रक्रियाबाट नियुक्त भएको मुख्यमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तिस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।
- प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तिस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन् सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम

विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।

- त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ । यस्तो प्रक्रियाबाट नियुक्त भएको मुख्यमन्त्रीले पनि त्यसरी नियुक्त भएको मितिले तिस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।
- यदि मुख्यमन्त्रीले बहुमतबाट विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभाका कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ । सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ । उक्त मुख्यमन्त्रीले पनि प्रदेश सभामा बहुमतद्वारा विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।
- यदि यो प्रक्रियाबाट पनि मुख्यमन्त्री नियुक्त हुन् नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने छ ।
- माथीको कुनैपनि प्रक्रियाबाट मुख्यमन्त्रीको नियुक्ति पछि प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्री परिषद् गठन गर्नेछ । जसमा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री पर्छन् ।
- मुख्यमन्त्री र मन्त्री सामूहिक रूपमाप्रदेश सभाप्रति उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति उत्तरदायी हुनेछन् ।

**गाउँ कार्यपालिकाको गठन**

संविधानको धारा २१५ को उपधारा १ र २ बमोजिम प्रत्येक गाउँपालिकामा कार्यपालिका सम्बन्धी कार्यहरू गर्नका लागि एक जना गाउँ कार्यपालिका अध्यक्ष र निजकै अध्यक्षतामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष, गाउँ सभाका सदस्यहरूले आफूहरू मध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेको २ जना सदस्य रहने एक गाउँकार्यपालिका गठन हुने व्यवस्था छ । गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यहरूको कार्यकाल ५ वर्षको हुनेछ ।

**नगरकार्यपालिकाको गठनः**

संविधानको धारा २१६ को उपधारा १ र २ बमोजिम प्रत्येक नगरपालिकामा कार्यपालिका सम्बन्धी कार्यहरू गर्नका लागि एक जना नगरकार्यपालिका प्रमुख र निजकै अध्यक्षतामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडाअध्यक्ष र नगरसभाको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूहरू मध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्य र नगरसभाको कुनैपनि पदका लागि योग्यता पुगेको दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेको ३ जना सदस्य रहने एक नगरकार्यपालिका गठन हुने व्यवस्था छ । नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र सदस्यहरूको पदावधि निर्वाचन भएको मितिले ५ वर्षको हुनेछ ।

**जिल्ला सभा र जिल्ला समन्वय समितिः**

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था संविधानले गरेको छ । जिल्ला सभामा जिल्लाभित्रका गाउँकार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरकार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहेनछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तिस दिनभित्र जिल्ला सभाको पहिलो बैठक बस्ने छ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्यहरूबाट जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तिन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौजना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने छ । तर जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभाको सदस्य पद स्वतः रिक्त हुनेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने छ । सामान्यतय जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

**९. परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरू : नेपालको संविधान, मन्त्री परिषद्को बैठक चलिरहँदाको फोटो, नेपालको संविधानमा सङ्घीय कार्यपालिकासँग सम्बन्धित धाराहरू त्यसमा रहेका प्रावधानहरूको सूची तालिका, Multimedia Projector आदिको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने

## पाठः ३

## न्यायपालिका

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** राज्यका तिन अङ्गहरूमध्ये न्यायपालिकाको सङ्क्षिप्त परिचय दिन ।

२. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) राज्यका प्रमुख अङ्का रूपमा न्यायपालिकाको सङक्षिप्त परिचय दिन

ख) न्यायपालिकाको महत्वका वर्णन गर्न

ग) न्यायपालिकाअन्तर्गतका तिन तहको अदालतको उल्लेख गर्न

घ) सर्वोच्च र अन्य अदालतको न्यायधीशहरूको योग्यता र नियुक्ति प्रक्रियाको व्याख्या गर्न

ङ) न्यायपालिकाका कार्यहरू बताउन

३. **सिकाइ सामग्रीहरू**

नेपालको संविधान, अदालतमा बहस चलिरहँदाको फोटा तथा अन्य श्रव्यदृश्य सामग्री, Multimedia projector, नेपालको संविधानमा न्यायपालिकासँग सम्बन्धित धाराहरू र त्यसमा रहेका प्रावधानहरूको सूची तालिका आदि

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) समुदायमा तथा विद्यालयमा रहँदा आपासी मेलमिलापमा मध्यस्त कर्ताको भूमिका निर्वाह गर्ने

ख) समुदायमा तथा विद्यालयमा रहँदा न्यायिक सम्पादन गर्ने काममा स्वतन्त्र र निष्पक्ष रहन प्रयासरत रहने

ग) समुदायमा न्यायपालिकाको कामका बारेमा जनचेतना जगाउन अग्रसर रहने

५. **सिकाइ क्रियाकलाप**

क) नेपालको संविधानले राखेको न्यायपालिका सम्बन्धी प्रावधान र यसका कार्यहरू समावेश गरी करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र अदालतमा बहस चलिरहेको फोटो देखाउँदै सो विवरण प्रस्तुत गरी पाठप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ

ख) प्रस्तुतिको आधारमा विद्यार्थीले के के सिके भन्ने कुरा भन्न लगाउने र त्यसैको आधारमा न्यायपालिकाको महत्व पाठको पहिलो अनुच्छेदमा दिइएका विषयवस्तुका आधारमा व्याख्या गरिदिने

ग) न्यायपालिकाअन्तर्गतका तिन अदालको परिचय दिँदै तिनै तहका अदालतका न्यायधीशहरूको योग्यता र नियुक्तिबारे छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने

घ) कक्षामा विद्यार्थीहरूलाई समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई न्यायपालिकाको एउटा एउटा कार्य छलफल गरी बुँदा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक सुधार गरिदिने

ङ) न्यायपालिका सम्बन्धी पाठसँग सम्बन्धित विषयवस्तुका बारेमा विस्तृत जानकारीका लागि जिल्ला अदालतका वकिल या अन्य सरकारी कर्मचारी कक्षामा विशेषज्ञको रूपमा उपस्थित गराई विद्यार्थीको विषयवस्तुसँग सम्बन्धित जिज्ञासा मेटाइदिने । वा विद्यालयमा इन्टरनेटको सुविधा छ भने skype वा अन्य सर्वसुलभ Appsको सहायताले कक्षा सञ्चालन गराउने, सम्भव नभएमा न्यायधीश तथा वकिलज्यूसँग भेट हुँदा सोसम्बन्धी जिज्ञासा राखी मोबाइल तथा अन्य विद्युतीय सामग्रीमा रेर्कड गराई कक्षामा सुनाउने अथवा यस विषयसँग सम्बन्धित विशेषज्ञाको सहायता लिई कक्षा सञ्चालन गर्ने

## ७. प्रतिविम्बन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) “न्यायपालिका राज्यको महत्वपूर्ण अङ्ग हो ।” यो भनाइलाई पुष्टि गर्नुहोस् ।

ख) जनताले पाउने न्यायलाई सर्वसुलभ र छिटोछरितो बनाउन न्यायलयलाई दिइने सुझाव के के हुन् सक्छन् सूची तयार पार्नुहोस् ।

ग) तपाईंको छिमेकमा मुद्दा परेको मानिसहरू हुन् सक्छन् तिनीहरूसँग मुद्दाका बारेमा बुझी छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

घ) जनताको मौलिक हकको संरक्षणमा अदालतले खेल्ने भूमिका प्रष्ट पार्नुहोस् ।

ङ) सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको छोटो परिचय दिनुहोस् ।

च) सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको न्यायधीशहरूको योग्यता र नियुक्तिका बारेमा बताउनुहोस् ।

छ) न्यायपालिकाको कार्यहरू बताउनुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू:

नेपालको संविधानमा न्यायपालिका सम्बन्धी व्यवस्था

व्यवस्थापिकाले बनाएको कानुन सही रूपमा कार्यान्वयन भए या नभएको हेर्ने, संविधानको व्याख्या, संविधानअनुसार व्यवस्थापिकाले कानुन बनायो वा बनाएन हेर्ने, जनताको मौलिक हक अधिकारको संरक्षकको रूपमा काम गर्ने कार्य न्यायपालिकाको हो त्यसैले न्यायपालिका स्वतन्त्र हुनुपर्छ । न्यायपालिका निष्पक्ष र

स्वतन्त्र हुन् नसकेमा संविधानलगायत अन्य कानुनको कुनै अर्थ हुँदैन । नेपालको संविधानले न्यायपालिका सम्बन्धी व्यवस्था भाग ११ मा गरेको छ । न्यायपालिका सम्बन्धी विभिन्न प्रावधानहरू धारा १२६ देखि धारा १५६ सम्मका धाराहरूमा उल्लेख गरिएको छ । उक्त धाराहरूमा व्यवस्था भएअनुसार नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिका सम्बन्धी आवधारणा र मूल्यमान्यतालाई अनुसरण गरी लोकतन्त्रमा जनताको भावनालाई आत्मसात गर्नुपर्ने र जनताले न्यायपालिकालाई न्याय सम्पादनमा सहयोग गर्नुपर्ने आजको आवश्यकता हो ।

**सर्वोच्च अदालत**

- संविधानको धारा १२८.(२) अनुसार सर्वोच्च अदालत अभिलेख अदालत हुने, यस संविधानमा अन्यथा व्यवस्था भएकामा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्चअदालत मातहत रहने र संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था छ ।
- सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत, विशिष्टिकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापन सम्बन्धी विषयमा निरीक्षण, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था उपधारा ३ ले गरेको छ । त्यसैगरी उपधारा (४) अनुसार मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नुपर्ने छ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था छ ।

**प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता**

- संविधानको धारा १२९ अनुसार प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता निम्नअनुसार छ :

  (१) सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बिसजना न्यायाधीश रहनेछन् ।

  (२) संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ ।

  (३) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तिन वर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन् योग्य हुनेछ ।

  (४) प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुनेछ ।

(५) कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्ताङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने छ ।

**उच्च अदालत**

- नेपालको संविधान को धारा १३९ अनुसार प्रत्येक प्रदेशमा एक उच्चअदालत रहने र यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूबाट हुने न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्ने व्यवस्था छ ।
- प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त सङ्घीय कानुनमा व्यवस्था भए बमोजिमको सङ्ख्यामा न्यायाधीशहरू रहनेछन् ।

**उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता** :

संविधानका धारा् १४० (१) ले प्रधान न्यायाधीशले न्यायपरिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्ने व्यवस्था गरेको छ। यसका लागि निम्न योग्यता आवश्यक हुन्छ :

- कानुनमा स्नातक उपाधिप्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको कम्तीमा राजपत्ताङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँचवर्ष काम गरेको नेपाली नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने छ ।

**जिल्ला अदालत**

संविधानका धारा १४८ अनुसार प्रत्येक जिल्लामा एक जिल्ला अदालत हुने र प्रदेश कानुनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहने छन् । जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने छ ।

**जिल्ला अदालतका मुख्यन्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता** :

संविधानको धारा १४९ अनुसार जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता यसप्रकार छ :

(१) जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने छ ।

(२) जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद देहायबमोजिम पूर्ति गरिने छ :-

(क) रिक्त पदमध्ये बिस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्ताङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तिन वर्ष काम गरेका अधिकृतहरू मध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा

(ख) रिक्त पदमध्ये चालिस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्ताङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तिन वर्ष काम गरेका अधिकृतहरू मध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा

(ग) रिक्त पदमध्ये बाँकी चालिस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका, कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्ताङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेका वा कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठ वर्ष काम गरेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगितात्मक परीक्षाको आधारमा

माथिको (ख) र (ग) बमोजिमको योग्यता भएका व्यक्तिहरू मध्येबाट सङ्घीय कानुनबमोजिम न्याय सेवा आयोगले लिखित र मौखिक प्रतियोगितात्मक परीक्षा लिई योग्यताक्रम बमोजिम जिल्ला न्यायाधीशमा नियुक्तिका लागि न्याय परिषद्लाई सिफारिस गर्ने छ ।

**न्याय परिषद्**

नेपालको संविधानको धारा १५३ ले यस संविधानबमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने व्यवस्था गरेको छ, जसमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :-

(क) प्रधान न्यायाधीश - अध्यक्ष

(ख) सङ्घीय कानुन तथा न्याय मन्त्री - सदस्य

(ग) सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश एक जना - सदस्य

(घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एक जना कानुनविद् - सदस्य

(ङ) नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बिस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता - सदस्य

माथि उल्लिखित (घ) र (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुने छ र निजको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुने छ ।

**न्याय सेवा आयोगको गठन**

न्याय सेवा आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू हुने छन् :-

(क) प्रधान न्यायाधीश - अध्यक्ष

(ख) सङ्घीय कानुन तथा न्याय मन्त्री - सदस्य

(ग) सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीश - सदस्य

(घ) लोक सेवा आयोगको अध्यक्ष - सदस्य

(ङ) महान्यायाधिवक्ता - सदस्य

## पाठ :४ र ५

## संवैधानिक निकाय र अन्य संवैधानिक आयोगहरू

**अनुमानित घन्टी : ३**

१. **सिकाइ उपलब्धि :** संवैधानिक निकाय र अन्य संवैधानिक आयोगहरूको सङ्क्षिप्त परिचय दिन ।

२. **विशिष्ट उद्देश्यः**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्ने सक्षम हुनेछन्:

क) संवैधानिक निकायको परिभाषा दिन

ख) संवैधानिक निकायहरू र तिनका बारेमा उल्लेख गरिएका संविधानका धारा तथा भागहरूको सूची तयार गर्न

ग) सबै संवैधानिक निकायहरूको प्रमुखहरूको योग्यता, नियुक्ति र कार्य उल्लेख गर्न

घ) नेपालको संविधान र नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था भएबमोजिम संवैधानिक निकायहरूको प्रावधानबिचको तुलानात्मक अध्ययन गर्न

ङ) संविधानमा उल्लेख गरिएका अन्य संवैधानिक आयोगहरूको आवश्यकता र औचित्यबारे प्रकाश पार्न

३. **सिकाइ सामग्रीहरूः** दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू, नेपालको संविधान,नेपालको संविधानमा संवैधानिक निकायहरूसँग सम्बन्धित धाराहरू र त्यसमा रहेका प्रावधानहरूको सूची तालिका, संवैधानिक निकायहरूको नियुक्ति प्रक्रिया, गठन विधि, योग्यता तथा पदावधि उल्लेख गरिएको तालिका, विभिन्न संवैधानिक निकायहरूको कार्यालयको फोटो, तथा श्रव्यदृश्य सामग्री, Multimedia projector आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

क) संवैधानिक निकायहरूको कार्यहरूबारे जान्न उत्सुक रही विभिन्न स्रोतहरूबारे जानकारी राख्ने

ख) आफूले गर्नुपर्ने कार्यप्रति जिम्मेवार भई आफ्नो जिम्मेवारी पूरा गर्न अग्रसर रही रहने

ग) उच्च नैतिक चरित्रवान् व्यक्तिका रूपमा आफूलाई स्थापित गर्न बानी व्यवहारमा सुधार गर्ने

५. **सिकाइ क्रियाकलापः**

क) संवैधानिक निकायको परिभाषा विद्यार्थीलाई लेख्न लगाई सँगै बस्ने साथीहरू बिच छलफल गरी परिभाषालाई परिमार्जित गर्न लगाउने र विभिन्न समूहबाट एक एकजनालाई उनीहरूको समूहले तयार गरेको परिभाषा प्रस्तुत गर्न लगाउने

ख) विद्यार्थीहरूले प्रस्तुत गरेको परिभाषालाई नेपालको संविधानको धारा ३०६(ठ) अनुसार मिले नमिलेको मूल्याङ्कन गर्ने र आवश्यक सुधार गरिदिने

ग) संवैधानिक निकायहरू र तिनीहरूसँग सम्बन्धित संविधानका भाग र धाराहरूका सूची तलिका प्रदर्शन गर्दै कुन निकाय कुन भाग र धारासँग सम्बन्धित छन् प्रष्ट पार्ने

घ) विद्यार्थीहरूलाई १३ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई एउटा संवैधानिक निकायका बारेमा छलफल गरी निम्न बुँदामा आधारित रही सम्बन्धित निकायका बारेमा प्राप्त जानकारी भर्न लगाउनेः

१. परिचय २. संरचना ३. नियुक्ति र योग्यता ४. कार्यहरू ५. अन्य प्राप्त जानकारी

ङ) समूहमा छलफल गरी सकेपछि प्रत्येक समूहका समूहनेतालाई विषयवस्तु प्रस्तुत गर्ने लगाउने र शिक्षकले आवश्यक सुधार गर्दै लैजाने

च) संवैधानिक निकायहरूका बारेमा जानकारी प्राप्त गर्न सकिने स्रोतहरू जस्तैः पत्रपत्रिका, रेडियो टेलिभिजन, सम्बन्धित निकायको website आदिको जानकारी दिँदै संवैधानिक निकायहरूका बारेमा थप कुराहरू जान्न उत्सुकता बढाइदिने

छ) विभिन्न संवैधानिक निकायहरूको जिम्मेवारीको प्रसङ्गमा सबैले आआफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने भावना जगाउने खालको प्रस्तुति गर्ने

ज) संवैधानिक निकायका लागि आवश्यक योग्यतामध्ये व्यक्तिको उच्च नैतिक चरित्र भन्ने प्रसङ्गमा हरेक व्यक्ति उच्च नैतिक चरित्रवान् बन्नका लागि आफ्नो बानी व्यवहारलाई सुधार गर्दै लैजानु पर्ने कुरालाई प्रष्ट पार्ने

झ) विद्यार्थीहरूलाई १३ ओटा संवैधानिक निकायको प्रमुख बनाएर संवैधानिक निकायको काम, कर्तव्य र अधिकारबारे छलफल गराउने र संविधान अध्ययन गर्न लगाई आवश्यकताअनुसार थप सहजीकरण गर्ने

६. **मूल्याङ्कन**

क) विद्यार्थीहरूले समूहमा छलफल गर्दा सामूहिक भावनाको विकास, अरूको विचारको सम्मान एवम् सहमती, आफ्नो विचारको तर्कसहित प्रस्तुति गर्छन् । यसको आधारमा तलकोजस्तै श्रेणी मापन तालिकाको प्रयोग गरी मूल्याङ्कन गर्ने :

| क्र. सं. | विद्यार्थीको नाम | अरूको विचारको सम्मान | आफ्नो विचारको तर्कसहित प्रस्तुति | सक्रिय सहभागिता | सामूहिक भावनाको विकास | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | | | | | | |
| ३ | | | | | | |

नम्बर यसप्रकार दिने : धेरै राम्रो ४, राम्रो ३, सुधार गर्नुपर्ने २

ख) विद्यार्थीहरूले छलफल गरिसकेपछि समूहनेतालाई विषयवस्तु प्रस्तुत गर्न लगाउने र निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी विद्यार्थीको नेतृत्व विकासको स्थिति मूल्याङ्कन गर्न :

| क.सं. | समूहको नाम | नेतृत्व शैली | विषयवस्तुको प्रस्तुति | सिलसिलेबार | समापन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

धेरै राम्रो ४, राम्रो ३, सुधार गर्नुपर्ने २

माथि उल्लिखित तालिका बाहेक निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ:

क) संवैधानिक निकाय भनेको के हो ?

ख) नेपालको संविधानको कुन धारा तथा भागमा लोक सेवा आयोगका बारेमा उल्लेख गरिएको छ ? बताउनुहोस् ।

ग) नेपालको संविधानको कुन धारा तथा भागमा राष्ट्रिय मानवअधिकार आयोगका बारेमा उल्लेख गरिएको छ ?बताउनुहोस् ।

घ) नेपालको संविधान र नेपालको अन्तरिम संविधान २०६३मा व्यवस्था भएबमोजिम संवैधानिक निकायहरूको प्रावधान मिल्ने र फरक कुराहरू के छन् ? बताउनुहोस् ।

ङ) संविधानमा उल्लेख गरिएका अन्य संवैधानिक आयोगहरूको आवश्यकता र औचित्यबारे प्रकाश पार्नुहोस् ।

**७. थप अध्ययन सामग्रीहरू**

## संवैधानिक परिषद्सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा २८४ ले यस संविधानबमोजिम प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न देहायबमोजिमका अध्यक्ष र सदस्य रहेको एक संवैधानिक परिषद् रहने व्यवस्था गरेको छ :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) प्रधान न्यायाधीश - सदस्य

(ग) प्रतिनिधि सभाको सभामुख - सदस्य

(घ) राष्ट्रिय सभाको अध्यक्ष - सदस्य

(ङ) प्रतिनिधि सभाको विपक्षी दलको नेता - सदस्य

(च) प्रतिनिधि सभाको उपसभामुख - सदस्य

प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा नेपाल सरकारको कानुन तथा न्याय मन्त्री सदस्यको रूपमा रहने व्यवस्था संविधानले गरेको छ ।

## ८. परियोजना कार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने,

ख) विद्यार्थीहरूको छलफलका लागि आवश्यक निर्देशनका लागि बुँदाहरू, समूहमा छलफलका क्रममा मूल्याङ्कनका लागि श्रेणीमापन तालिकाको निर्माण आदि काम गर्ने ।

## पाठः ६

## राजनीतिक दलहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** नेपालको शासन प्रणालीमा राजनीतिक दलहरूका भूमिका उल्लेख गर्न ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) राजनीतिक दलको अवधारणा बताउन

ख) राजनीतिक दलहरूको महत्वबारे प्रष्ट पार्न

ग) राजनीतिक दलहरूको दर्ताका लागि संवैधानिक प्रावधान उल्लेख गर्न

घ) निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ताका लागि चाहिने विवरण उल्लेख गर्न

ङ) हालसम्म दलहरूले खेलेको भूमिका स्पष्ट पार्न

च) घोषणापत्रका नमुना तयार पार्न

३. **सिकाइ सामग्रीहरू**

नेपालको संविधान, केही राजनीतिक दलहरूको नाम भएको सूची तालिका, राजनीतिक दलहरूबिचको सहकार्यसँग सम्बन्धित श्रव्यदृश्य सामग्री, Multimedia projector, नेपालको संविधानमा राजनीनिक दलरूसँग सम्बन्धित प्रावधानहरूको सूची तालिका, नेपालमा दलहरूको भूमिका बुँदागत रूपमा उल्लेख गरेको तालिका आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

क) असल राजनीतिक दलहरूको पहिचान गर्ने कार्यमा सरिक हुने

ख) राजनीतिक दलहरूको भूमिकाबारेमा जनचेतना फैलाउने कार्यमा सरिक हुने

ग) राजनीतिक दलहरू असल काममा सहयोग गर्ने र खराब कामको विरोध गर्ने

घ) राजनीतिक चेतनाको विकासका लागि राजनीतिक दलहरूको कार्यक्रममा सहभागी हुने, राजनीतिक दलहरूको भूमिकाबारे हुने छलफल र बहसमा सक्रिय भई भाग लिने र कुनै एक राजनीतिक दलको समर्थनभन्दा पनि दलहरूको असल कामको समर्थन गर्ने बानीको विकास गर्ने ।

५. **सिकाइ क्रियाकलाप**

क) राजनीतिक दलको परिभाषासहित भूमिका तथा महत्वका बारेमा करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र राजनीतिक दलहरूको सूची तालिका देखाउँदै सो विवरण प्रस्तुत गरी

पाठप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ,

ख) प्रस्तुत विवरणको आधारमा राजनीतिक दलहरूको भूमिका र महत्व विद्यार्थीलाई भन्न लगाउने र आश्यक सुधार गरिदिने,

ग) पाठमा दिइएको राजनीतिक दलहरू दर्ता गराउँदा आवश्यक पर्ने संवैधानिक व्यवस्था सम्बन्धी विषयवस्तु व्याख्यान विधिको माध्यमबाट प्रष्ट पार्ने,

घ) राजनीतिक दलहरू निर्वाचनका लागि निर्वाचन आयोगमा दर्ता हुनुपर्ने कुरालाई प्रष्ट पार्दै त्यसका लागि राजनीतिक दलहरूले खुलाउनुपर्ने विवरण छलफल विधिको माध्यमबाट प्रष्ट पार्ने,

ङ) हालसम्म दलहरूले खेलेको भूमिका उल्लेख गरिएको सूची तालिका प्रदर्शन गर्दै प्रश्नोत्तर विधिको प्रयोग गरी पाठमा दिइएको विषयवस्तु प्रष्ट पार्ने

च) सम्पादकीय लेखनको अवधारणा प्रष्ट पार्ने, पत्रपत्रिकामा लेखिएका केही सम्पादकीय कुनै एक विद्यार्थीलाई पढेर सुनाउन लगाउने र नमुना सम्पादकीय तयार गर्न सहजीकरण गर्ने

ज) पहिलो संसदीय दलको चुनाव २०१५ देखि हालसम्मको चुनावहरूको सूची तालिका प्रदर्शन गर्दै तिनका बारेमा छोटो व्याख्या गरिदिने र आगामी दिनमा हुने निर्वाचन प्रति उत्सुकता जगाउने

झ) विभिन्न राजनीतिक दलहरूको घोषणापत्रको मुख्यमुख्य कुराहरू विद्यार्थीलाई अध्ययन गर्न लगाई घोषणपत्रको सामान्य नमुना बनाउन लगाउने

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) राजनीतिक दल भनेको के हो ? प्रष्ट पार्नुहोस् ।

ख) राजनीतिक दलहरूको महत्वबारे प्रष्ट पार्नुहोस् ।

ग) राजनीतिक दलहरूको दर्ताका लागि संविधानले कस्तो प्रावधान राखेको छ खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

घ) निर्वाचन आयोगमा दल दर्ताका लागि चाहिने विवरण उल्लेख गर्नुहोस् ।

ङ) प्रजातन्त्रको स्थापना तथा विकासमा हालसम्म दलहरूले खेलेको भूमिका प्रष्ट पार्नुहोस् ।

च) राजनीतिक दलले चुनाव प्रचारप्रसारका लागि तयार पार्ने घोषणापत्रका नमुना तयार पार्नुहोस् ।

छ) सर्वसाधरण जनताले असल राजनीतिक दलहरूको पहिचान कसरी गर्न सक्छन् ? उल्लेख गर्नुहोस् ।

ज) सर्वसाधरण जनताले असल राजनीतिक दलहरूको समर्थन कसरी गर्न सक्छन् ? उल्लेख गर्नुहोस् ।

## ७. थप अध्ययन सामग्रीहरू:

नेपालमा हालसम्म गरिएका निर्वाचनहरू:

- पहिलो संसदीय दलको निर्वाचन, २०१५
- नेपालमा पहिलो तथा हालसम्मकै एक मात्र जनमतसङ्ग्रह २०३७
- राष्ट्रिय पञ्चायतको निर्वाचन २०४२
- संसदीय दलको निर्वाचन २०४८
- संसदीय दलको मध्यवाधि निर्वाचन २०५१
- संसदीय दलको निर्वाचन २०५६
- पहिलो संविधान सभाको निर्वाचन २०६४
- दोस्रो संविधान सभाको निर्वाचन २०७०

घोषणापत्रको नमुना

| पार्टीको झण्डा | चुनाव चिह्न |
|---|---|

आदर्शवाक्य ........................

- सम्बोधन र पार्टी परिचय ( अनुच्छेदमा लेख्ने)
- देश विकास तथा समसामयिक समस्या समाधानमा पार्टीले लिएको धारणा (बुँदागत रूपमा लेख्ने)
- समापन (अनुच्छेदमा लेख्ने)

## ९. परियोजना कार्य/गृहकार्य :

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरू : नेपालको संविधान, केही राजनीतिक दलहरूको नाम भएको सूची तालिका, राजनीतिक दलहरूबिचको सहकार्यसँग सम्बन्धित श्रव्यदृश्य सामग्री, Multimedia projector, नेपालको संविधानमा राजनीनिक दलरूसँग सम्बन्धित प्रावधानहरूको सूची तालिका, नेपालमा दलहरूको भूमिका बुँदागत रूपमा उल्लेख गरेको तालिका आदिको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठः ७ र ८

## निर्वाचन प्रक्रिया र निर्वाचनमा नागरिकको भूमिका

**अनुमानित घन्टी : २**

१. **सक्षमताः** निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका सम्बन्धी बोध ।

२. **सिकाइ उपलब्धिः** निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिकाका बारेमा बताउन ।

३. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) निर्वाचन आयोगले सञ्चालन गर्ने नेपालका निर्वाचनहरू उल्लेख गर्न

ख) निर्वाचन अधिकृत र मतदान अधिकृतको काम, कर्तव्य र अधिकार बताउन

ग) मतदाता नामावली, परिचय पत्र तथा मतदान केन्द्रका परिचय दिन

घ) निर्वाचन आयोगले सञ्चालन गर्ने नेपालका निर्वाचनहरूका पदाधिकारीहरूको उमेदवारी र निजको योग्यता प्रष्ट पार्न

ङ) हालसम्म नेपालमा प्रचलित मतदान प्रक्रिया तथा अवस्था वर्णन गर्न

च) निर्वाचनमा नागरिकको भूमिकाबारे प्रस्ट पार्न

४. **सिकाइ सामग्रीहरूः** दैनिक रूपमाप्रयोग गरिने सिकाइ सामग्रीहरू, नेपालको संविधान, स्थानीय तहको निर्वाचन चलिरहँदाको फोटो तथा सोसम्बन्धी श्रव्यदृश्य सामग्री, Multimedia projector, निर्वाचन अधिकृत तथा मतदान अधिकृतले गर्ने कामको सूची तालिका, आफ्नो क्षेत्रको निर्वाचन आयोगद्वारा प्रकाशित मतदाता नामावाली, नमुना मतपत्र, मतपेटिका, स्वस्तिक चिह्न आदि ।

### ५. अपेक्षित सामाजिकव्यवहार, मूल्य र अभिवृत्ति

क) निर्वाचन सम्बन्धी जानकार भई सोसम्बन्धी जनचेतना फैलाउन अग्रसर रहने

ख) आफ्नो समुदायमा १८ वर्ष पूरा भएका नागरिकहरूलाई निर्वाचन आयोगको कार्यालयमा गएर नाम दर्ता गराउन उत्प्रेरित गर्ने

ग) मतदाता नामवाली प्रकाशन भएपछि आवश्यक दावी विरोधका लागि आफ्नो समुदायका नागरिकलाई सहयोग गर्न अग्रसर गर्ने

घ) निर्वाचनको समयमा स्वयंसेवकका रूपमा मतदान केन्द्रमा मतदाता नामावलीमा मतदाताको नाम, क्रम सङ्ख्या, घरधुरी नम्बर आदि खोज्ने र मतदान केन्द्रसम्म जान गाह्रो हुने वृद्धाहरूलाई त्यहाँसम्म पुग्न सहयोग गर्न अग्रसर हुने

## ६. सिकाइ क्रियाकलाप

क) प्रश्नोत्तर विधिको माध्यमबाट निर्वाचन प्रक्रियाका बारेमा विद्यार्थीहरूको पूर्वज्ञानको जानकारी लिने र उनीहरूको उत्तरलाई आवश्यक सुधार गरी नेपालको निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनको सूची तालिका देखाउँदै सोका बारेमा प्रष्ट पार्ने

ख) निर्वाचन अधिकृतको जिम्मेवारी थप अध्ययन सामग्रीमा दिइएको विषयवस्तुको आधारमा र मतदान अधिकृतको जिम्मेवारी पाठमा दिइएको विषयवस्तुका आधारमा छलफल विधिको माध्ययमबाट प्रष्ट पार्ने

ग) मतदाता नामावली, परिचयपत्र तथा मतदान केन्द्रसँग सम्बन्धित फोटो तथा श्रव्यदृश्य सामग्री देखाउँदै सोका बारेमा बताउने

घ) निर्वाचन आयोगले सञ्चालन गर्ने नेपालका निर्वाचनहरूका पदाधिकारीहरूको उमेदवारी र निजको योग्यता पाठमा दिइएको विषयवस्तुका आधारमा प्रष्ट पार्ने

ङ) पाठ्यपुस्तकको पेज ९० को क्रियाकलाप २, ३ र ४ लाई आधार बनाएर नेपालमा हालसम्म प्रचलित मतदान प्रक्रिया तथा मतदानको अवस्थाबारे कक्षामा छलफल गरी विद्यार्थीलाई उत्तर खोज्न लगाउने र शिक्षकले आवश्यक सुधार गरिदिने, पाठ्यक्रमले विद्यार्थीमा नयाँ परिवर्तनसँग समायोजन भई सफल जीवन बिताउन सक्ने सिपको विकास होस् भन्ने उद्देश्य राखे अनुरूप क्रियाकलाप ३ मा जस्तो क्रियाकलापको सकारात्मक पक्षमा उत्तर लेख्ने सिप र अवधारणाको विकास गराउने

च) निर्वाचनमा नागरिकको भूमिकाबारे पाठमा दिइएको कविता सस्वरवाचन गराउने र विद्यार्थीले कविताबाट के सिक्न सँके प्रश्नोत्तर विधिको प्रयोग गरी पत्ता लगाउने र निर्वाचनमा मतदान अघि, मतदानको समय र मतदानपछि एक असल नागरिकले खेल्नुपर्ने भूमिकाबारे प्रष्ट पार्ने

छ) पाठ्यपुस्तकको पेज ९२ मा दिइएको क्रियाकलाप र अभ्यासका प्रश्नहरू कक्षामा छलफल गराई विद्यार्थीलाई उत्तर लेख्न लगाउने र आवश्यक सुधार गर्ने

ज) यस पाठमा विद्याथीलाई सडक नाटक र सम्वाद लेखन सिप पनि सिकाउन पर्ने हुनाले सडक नाटक र सम्वाद लेखनका लागि निम्न चरणहरूका बारेमा प्रष्ट पार्नेः

सम्वाद लेखन सिप

- प्रश्नले खोजेको विषयवस्तुका आधारमा सम्वादको शीर्षक लेख्ने,
- शीर्षकको तल सम्वाद गर्दाको परिवेश र विषयवस्तुको आधारमा छोटो पृष्ठभूमि लेख्ने तर सम्वाद सधैँ परिवेश र पृष्ठभूमिबाट नै सुरु गर्नुपर्छ भन्ने छैन । व्यक्तिहरूको कुराकानीका बिचको अंश मात्र पनि लिन सकिन्छ ।

- सम्वादमा छलफल शैलीको प्रयोग गर्नुपर्ने हुनाले प्रश्न कर्ताले प्रश्न गरी सकेपछि उत्तर दिनेले उत्तर दिई प्रतिप्रश्न गर्दै विषयवस्तुलाई प्रष्ट पार्दै लैजाने । सामाजिक अध्ययनमा सम्वाद लेख्दा नेपाली र अङ्ग्रेजी भाषाको विषयमा जस्तो विस्तृत कुराहरू हेर्न नपर्ने हुँदा सम्वाद छोटो र कुनै भूमिका नबाँधी सिधै मुख्य कुराकानी मात्र प्रस्तुत गरिन्छ । कुराकानीमा एकले प्रश्न सोध्ने र अर्कोले उत्तर मात्र नदिई दुवैले प्रश्न गर्ने र दुवैले आफ्ना धारणा दिने गरी सम्वाद तयार पार्ने गरिन्छ, त्यस्तैगरी सम्वाद लेख्दा अनावश्यक गन्थनभन्दा विषयवस्तु केन्द्रित हुनुपर्छ ।
- सम्वादका अन्त्यमा एक अर्कालाई धन्यवाद दिनुपर्छ र सम्वाद अन्त्य हुँदाको परिवेश लेख्नुपर्छ जस्तै, घन्टी बज्छ र दुवै जना कक्षातिर जान्छन्, आमाले खाना खानका लागि खबर गर्नुहुन्छ र दुवैजना घरभित्र पस्छन् आदि ।
- सम्वादको भाषा रसिलो, सरल र प्रष्ट हुनुपर्छ । सम्वादमा कुनै जाति, लिङ्ग, वर्ग, भाषा, शारीरिक अवस्था, क्षेत्रका व्यक्तिलाई आक्षेप लाग्ने वा चित्त दुख्ने शव्द वा वाक्य वा उखान टुक्काको प्रयोग गर्नु हुँदैन ।
- सम्वादका पात्रहरू समावेशी बनाउनुपर्छ । जस्तैः केटा र केटी, हिमाली, पहाडी र मदेशी, भिन्न जातजाति वा संस्कृतिका आदि । सडक नाटकका लागि माथिका सबै चरणहरूसहित विषयवस्तुका आधारमा परिवेश परिवर्तन गर्दै लैजानुपर्छ ।

झ) नमुना निर्वाचन प्रक्रियाद्वारा कक्षामा विद्यार्थीहरूमध्येबाट क्याप्टेन र उप क्याप्टेन छनोट गर्न लगाई आवश्यकताअनुसार सहजीकरण गर्ने ।

७. **मूल्याङ्कन :**

निम्नप्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बनगर्न सकिन्छ :

क) निर्वाचन आयोगले सञ्चालन गर्ने नेपालका निर्वाचनहरू उल्लेख गर्नुहोस् ।

ख) निर्वाचन अधिकृतले गर्ने काम बताउनुहोस् ।

ग) मतदान अधिकृतको काम, कर्तव्य र अधिकार के के हुन् ? बताउनुहोस् ।

घ) मतदाता नामावली भनेको के हो ? मतदाता नामावलीका बारेमा आफूले जानेका कुराहरू बताउनुहोस् ।

ङ) मतदाता परिचय पत्रमा के के विवरण उल्लेख गरिएको हुन्छ ?

च) मतदान केन्द्र भनेको के हो ? यसमा हुने चुनावी गतिविधिको सूची बनाउनुहोस् ।

छ)  निर्वाचन आयोगले सञ्चालन गर्ने नेपालका निर्वाचनहरूका पदाधिकारीहरूको उमेदवारी र निजको योग्यता प्रष्ट पार्नुहोस् ।

ज)  निर्वाचनमा नागरिकको भूमिकाबारे प्रष्ट पार्नुहोस् ।

**८.  थप अध्ययन सामग्रीहरू:**

**यस पाठमा प्रयोग हुने आधारभूत तथ्यहरू**

क)  संसदीय दलको निर्वाचन :– प्रतिनिधि सभाका लागि जनताका प्रतिनिधिहरू निर्वाचित गर्नका लागि गरिने निर्वाचनलाई संसदीय दलको निर्वाचन भनिन्छ । हाम्रो देशमा विशेष परिस्थितिमा बाहेक प्रत्येक ५–५ वर्षमा यो निर्वाचन गर्ने प्रावधान छ ।

ख)  संविधान सभाको निर्वाचन :– यो संविधान बनाउनका लागि संविधान सभाका सदस्यहरू अर्थात् जनताका प्रतिनिधिहरू निर्वाचित गर्न गरिने निर्वाचन हो । हाम्रो देशमा पहिलोपटक २०६४ साल चैत्र २८ र दोस्रो पटक २०७० साल मङ्सिर ४ गते संविधान सभाको निर्वाचन भएको थियो ।

ग)  जनमत सङ्ग्रहः कुनै खास राष्ट्रिय महत्वका विषयमा जनताको धारणा बुझ्न गरिने चुनाव नै जनमत सङ्ग्रह हो । जनमत सङ्ग्रहमा कुनै पार्टी वा व्यक्तिलाई भोट नदिई राष्ट्रिय महत्वका विषयमा आफ्नो राय प्रकट गर्न दिइएको विपकल्पमध्ये कुनै एक विकल्पको पक्षमा मतदान गरी आफ्नो विचार प्रकट गरिन्छ । नेपालमा २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह भएको थियो जसमा सुधारिएको पञ्चायती व्यवस्थाको निरन्तरता दिने कि बहुदलीय व्यवस्था स्थापना गर्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिएको थियो । यस जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाले ५४.७९ प्रतिशत मत र बहुदलीय व्यवस्थाले ४५.२१ प्रतिशत मत प्राप्त गरेका थिए ।

घ)  मध्यावधि निर्वाचनः कुनै खास कारणले निर्वाचित प्रतिनिधि सभाको पूरा अवधि पूरा नगरिकन बिचैमा विघटन हुनगई गरिने निर्वाचन नै मध्यावधि निर्वाचन हो । नेपालमा २०५१ सालमा यस्तो निर्वाचन भएको थियो ।

ङ)  उपनिर्वाचनः संसदीय दलको निर्वाचनमा एउटै उमेदवारले दुई ओटा निर्वाचन क्षेत्रबाट निर्वाचित भएको अवस्थामा वा निर्वाचित सदस्यले राजिनामा दिएमा अथवा मृत्यु भएमा उक्त निर्वाचन क्षेत्रमा पुनः निर्वाचन गरिन्छ । त्यसैलाई नै उपनिर्वाचन भनिन्छ । संविधान सभाको दोस्रो निर्वाचनमा काठमाडौँ, कैलाली, चितवन र बाँकेमा यस्तो खालको निर्वाचन भएको थियो ।

च) स्थानीय निर्वाचनः स्थानीय निकायका लागि जनताको प्रतिनिधि निर्वाचित गर्ने निर्वाचनलाई स्थानीय निर्वाचन भनिन्छ । २०७४ वैशाख ३१ गते पहिलो चरणको स्थानीय निर्वाचन सम्पन्न भइसकेको छ भने दोस्रो चरणको निर्वाचन गर्न मिति तय भइसकेको छ ।

छ) मतदाता नामदर्ता अधिकारीः निर्वाचन आयोगले प्रत्येक निर्वाचन क्षेत्रमा मतदाता नामावली तयार गर्न मतदाता नामदर्ता अधिकारी नियुक्त गर्न वा तोक्न सक्छ ।

ज) निर्वाचन अधिकृतः निर्वाचनको घोषणा भइसकेपछि निर्वाचन आयोगले जिल्लामा मुख्य निर्वाचन अधिकृत र प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत नियुक्ति गर्छ । निर्वाचन अधिकृतले जिल्लामा निर्वाचन सम्बन्धी सबै कामको सुपरिवेक्षण, नियन्त्रण, निर्देशन र समन्वय गर्ने काम गर्छ ।

झ) मतदान अधिकृतः जिल्ला निर्वाचन अधिकृतले खटाएको मतदान केन्द्र तथा उपकेन्द्रमा स्वतन्त्र र निष्पक्ष रूपमा मतदान सम्बन्धी कार्य गर्न खटिएको व्यक्ति नै मतदान अधिकृत हो । मतदान अधिकृतले मतदान केन्द्र या उपकेन्द्रमा प्रत्येक मतदाताले निर्भयका साथ मतदान गर्ने वातावरण सुनिश्चित गर्न मतदान केन्द्र तथा उपकेन्द्रको सुरक्षा तथा अन्य कुराको व्यवस्था मिलाई मतदान कार्य समयमा नै सुरु गरी सम्पन्न गर्ने तथा कुनै जटिल समस्या आएमा निर्वाचन स्थगित गर्ने काम गर्छ । त्यसैगरी मतदानसँग सम्बन्धित उजुरीहरू परेमा तत्काल निर्णय गरी समाधान गर्ने र निर्वाचन सम्पन्न गरिसकेपछि मतपेटिका सम्बन्धित निर्वाचन अधिकृत समक्ष पुऱ्याउने काम गर्दछ ।

ञ) मतदाता नामावली : प्रत्येक वर्ष कानुनमा तोकिएबमोजिम १८ पुगेका मतदाताहरूको नाम सङ्कलन र सूची प्रकाशित गर्छ । त्यसैलाई नै मतदाता नामावली भनिन्छ ।

निर्वाचनमा नागरिकको भूमिका

प्रत्येक वर्ष वैशाख महिनामा अघिल्लो वर्षको चैत्र मसान्तसम्ममा १८ वर्ष पूरा भएका मतदाताहरूको नामावली प्रकाशित गरिन्छ । यसलाई प्रत्येक गाउँपालिका र नगरपालिकाको वडा कार्यालयहरूमा सबैले देख्नेगरी जेष्ठ महिनाभरी हेर्न पाउने गरी राखिन्छ । यसलाई मतदाता नामावली प्रकाशन भनिन्छ । आफ्नो नाम छुटेको या कुनै गलत विवरण भएको भए तोकिएको समयभित्र निवेदन दिई सच्याउन सकिन्छ । यस कार्यलाई दावी गर्ने भनिन्छ । यस्तै मरिसकेका, बसाइँ सरेर या विवाह भएर अन्यत्रै गएका, कानुनबमोजिम १८ वर्ष नपुगेकाहरूको नाम नामावलीमा भएको भए असल नागरिकको हैसियतले सो हटाउन पनि निवेदन दिन सकिन्छ । यस कार्यलाई विरोध गर्ने भनिन्छ । सामान्यतय दावी विरोधको प्रक्रिया अषाढ मसान्तसम्ममा तोकिएको समयभित्र सम्पन्न हुन्छ । दावी विरोधको प्रक्रिया सम्पन्न भइसकेपछि अषाढ मसान्तमा अन्तिम

नामावली प्रकाशन गरिन्छ । यसपछि दावी विरोध गर्नुपरेमा अर्को वर्ष सोही प्रक्रियाबाट संशोधन गर्न सकिन्छ । त्रुटिरहित मतदाता नामावली प्रकाशनमा नागरिकको भूमिका महत्वपूर्ण हुन्छ ।

लोभ, लालच, डर र धम्कीमा नपरी एक असल मतदाताको रूपमा असल उमेदवारलाई आफ्नो क्षेत्रबाट जिताउनु प्रत्येक मतदाताको दायित्व हो त्यसैले मतदान केन्द्रमा समय मै पुगी आफ्नो पालो कुरी शान्त वातावरणमा असल उमेदवारको चुनाव चिह्नमा मत खसाल्ने, कुनै किसिमको होहल्ला नगरी शान्त बस्ने, अशक्त तथा जेष्ठ नागरिकलाई मतदान गर्न सहयोग गर्ने र मतदान अधिकृतलगायत अन्य निर्वाचन अधिकारीहरूलाई आवश्यक सहयोग गर्ने जस्ता कार्य गर्नु निर्वाचनको समयमा नागरिकले खेल्ने भूमिका हो । निर्वाचन पछि मतपेटिकालाई सुरक्षित रूपमा सम्बन्धित निकायसम्म पुऱ्याउने, होहल्ला नगरी शान्त बसी मत गणना गर्न सहयोग गर्ने, निर्वाचनको परिणामपछि निर्वाचित उमेदवारीलाई आफ्नो क्षेत्रको प्रतिनिधि भएकाले बधाइ दिने र आफूले भोट दिएको वा नदिएको जसले जिते पनि खुसीयाली सभामा सहभागी हुने, कसैले कसैलाई पनि होच्याउने नगरी सबैसँग खुसीयाली साटसाट गर्ने काम निर्वाचन पछि नागरिकले खेल्ने भूमिका हो ।

## ९. परियोजना कार्य/गृहकार्य

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरू : नेपालको संविधान, संसदीय दलको चुनाव चलिरहँदाको फोटो तथा सोसम्बन्धी श्रव्यदृश्य सामग्री, Multimedia projector, निर्वाचन अधिकृत तथा मतदान अधिकृतले गर्ने कामको सूची तालिका, आफ्नो क्षेत्रको निर्वाचन आयोगद्वारा प्रकाशित मतदाता नामावाली, नमुना मतपत्र, मतपेटिका, स्वस्तिक चिह्न आदिको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

# पाठ : ९

## मानव अधिकार र राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरू

**अनुमानित घन्टी : ३**

### १. सिकाइ उपलब्धि

मानव अधिकारको अवधारणासँग परिचित भई सोअनुसार व्यवहार गर्न र यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको भूमिका उल्लेख गर्न ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) मानव अधिकारको परिचय दिन

ख) मानव अधिकारको विश्वव्यापी घोषण गर्नुमा इलेनोर रुजवेल्टको भूमिकाबारे बताउन

ग) मानव अधिकार र मौलिक अधिकारबिच फरक छुट्याउन

घ) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्रमा उल्लिखित मुख्यमुख्य धाराहरू समावेश गरी सूची तयार गर्न

ङ) मानव अधिकारको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको भूमिका उल्लेख गर्न

### ३. सिकाइ सामग्रीहरू

नेपालको संविधान, मानव अधिकारसम्बन्धी गोष्ठी तथा सम्मेलनहरूको दृश्यसामग्री, Multimedia projector, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्रमा उल्लिखित मुख्यमुख्य धाराहरूको सूची तालिका, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्रमा उल्लिखित मुख्यमुख्य धाराहरूको सारको सूची तालिका, राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक तथा एम्नेष्टी इन्टरनेशनलको लोगो, यी निकायहरूको कार्यालयहरूको फोटो, यी विषयवस्तुसँग सम्बन्धित Power Point slide आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) मानवअधिकारका बारेमा जनकार भई मानव अधिकारको संवर्धन र संरक्षणमा सहयोग गर्ने

ख) मानवअधिकार संरक्षणमा काम गर्ने सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने

ग) विभिन्न निकायहरूले आयोजन गर्ने कार्यक्रममा सहभागी हुने

### ५. सिकाइ क्रियाकलापः

क) विद्यार्थीहरूलाई मानवअधिकार भनेको के हो? भनी प्रश्न गर्ने र नजिकको साथीसँग छलफल गरी यसको उत्तर लेख्न लगाउने ।केही उत्कृष्ट उत्तरहरूमध्ये कुनै एउटालाई आवश्यक सुधार गरी मानवअधिकारको परिभाषा प्रष्ट पार्ने,

ख) मानवअधिकारभित्र के के पर्दछ ? भनी प्रश्न गर्ने र मानवअधिकारको विभिन्न पक्षको जानकारी दिने,

घ) मानवअधिकार सम्बन्धी विचार सबैभन्दा पहिला इलेनोर रुजवेल्टले ल्याएकी हुन् । उनी अमेरिकी राष्ट्रपति फ्र्याङकलिन रुजवेल्टका श्रीमती हुन् । शारीरिक अपाङ्गता भएका फ्र्याङकलिन रुजवेल्टलाई तिन पटकसम्म अमेरिकी राष्ट्रपति बनाउन सहयोग गरेर इलेनोर रुजवेल्टले कुनै लोग्ने मानिसको सफलताको पछाडि महिलाको ठुलो हात हुन्छ भन्ने कुरा पुष्टि गरेर देखाइन् भन्ने प्रसङ्ग जोड्दै इलेनोर रुजवेल्टले आफ्ना श्रीमान्को पहुचको कारण संयुक्त राष्ट्र सङ्घबाट मानवअधिकारको विश्वव्यापी घोषण पत्र अनुमोदन गरेका होइनन् आफ्नै अथक प्रयासबाट यो काम सफल परेकी हुन् भन्ने कुरा प्रष्ट पार्ने । विश्वका महिलाहरूको प्रेरणाको स्रोतका रूपमा इलेनोर रुजवेल्टलाई लिन सकिन्छ भनी व्याख्या गर्ने,

ङ) सेतोपाटीमा फरक छुट्याउने तालिकाको खाका तयार पर्ने र प्रश्नोत्तर विधिको प्रयोग गरी मानवअधिकार र मौलिक अधिकारको फरक विद्यार्थीहरूबाटै आउने उत्तरलाई आवश्यक सुधार गरी तालिकामा टिप्दै जाने र व्याख्यान विधिको प्रयोग गरी सो कुरा प्रष्ट पार्ने,

च) पाठमा उल्लेख गरिएका मानवअधिकारको विश्वव्यापी घोषण पत्रको विभिन्न धाराहरू एउटा एउटा गरी विद्यार्थीलाई पढ्न लगाउने र सामान्य व्याख्या गरी प्रत्येक धाराहरू प्रष्ट पार्ने,

छ) पाठमा उल्लेख गरिएका मानवअधिकार सम्बन्धी सारलाई सूची तालिकाको वा Power Point slide को प्रदर्शन गर्दै छलफल विधिको माध्यमबाट एकएक गरी प्रष्ट पार्ने,

ज) विभिन्न स्रोतबाट मानवअधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको भूमिकाका बारेमा विषयवस्तु जम्मा पार्ने र तिनै विषयवस्तुका आधारमा मानवअधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको भूमिका प्रष्ट पार्ने,

झ) क्रियाकलाप तथा अभ्यासमा दिइएका प्रश्नहरूको उत्तर छलफल विधिको माध्ययमबाट प्रष्ट पार्ने र केही प्रश्नहरू कक्षाकार्यका रूपमा र केही प्रश्नहरू गृहकार्यका रूपमा गराउने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छः

क) मानव अधिकारको परिभाषा भन्नुहोस् ।

ख) मानवअधिकारको विश्वव्यापी घोषण गर्नुमा इलेनोर रुजवेल्टको भूमिकाबारे बताउनुहोस् ।

ग) “कुनै लोग्ने मानिसको सफलताको पछाडि महिलाको ठुलो हात हुन्छ” भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

घ) मानवअधिकार र मौलिक अधिकारबिच फरक छुट्याउनुहोस ।

ङ) मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्रमा उल्लिखित मुख्यमुख्य धाराहरू बताउनुहोस्,

ङ) मानवअधिकारको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको भूमिका उल्लेख गर्दै तपाईं ती निकायहरूलाई कसरी सहयोग गर्नुहुन्छ ? भन्नुहोस् ।

## ७. थप अध्ययन सामग्रीहरू:

### मानव अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणा सर्वप्रथम संयुक्त राष्ट्र सङ्घको वडापत्रमा आधारित भई संयुक्त राष्ट्र सङ्घको साधारण सभाले सन् १९४८ डिसेम्बर १० मा गरेको हो । जसमा ३० ओटा धाराहरू छन् । सुरक्षा, पहिचान र सहभागिता मानवअधिकारका आधारभूत अवधारणाहरू हुन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा समावेश गरिएका मूलभूत कुराहरू

- जन्म जात स्वतन्त्रता, सम्मान, प्रतिष्ठा र अधिकार
- भेदभाव विरुद्धको अधिकार
- व्यक्तिगत स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार
- देश निकाला, गिरफ्तार, नजरबन्द विरुद्धको अधिकार
- निष्पक्ष सुनुवाइको अधिकार
- निर्दोषिताको अधिकार
- गोपनीयताको अधिकार
- आवतजावत र बसोवासको अधिकार
- अर्को राष्ट्रमा शरण खोज्ने अधिकार
- राष्ट्रियताको अधिकार
- दासत्व विरुद्धको अधिकार
- यातना र अपमान व्यवहार विरुद्धको अधिकार
- व्यक्तिको रूपमा मान्ने अधिकार
- समान संरक्षणको अधिकार
- विवाह र परिवारको अधिकार
- सम्पत्ति राख्ने अधिकार
- धर्मसम्बन्धी अधिकार
- विचार र अभिव्यक्तिको अधिकार
- शान्तिपूर्ण सभा गर्ने र संस्था खोल्न पाउने अधिकार
- सरकारमा प्रतिनिधिमार्फत भाग लिन पाउने

- जागिरमा समान वेतन पाउने र मतदातको अधिकार
- आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकार तथा स्वतन्त्रताको आदर तथा सम्मान गर्ने ।
- यस घोषणामा उल्लेख गरेको व्यवस्थालाई कुठाराघात गर्ने गरी व्याख्या गर्नु हुँदैन ।
- सामाजिक सुरक्षाको अधिकार
- पेशा चयन, समान परिश्रमिक
- ट्रेड युनियनमा भाग लिन पाउने अधिकार
- बिदा, आराम र विश्रामको अधिकार
- गाँस, बास, कपास र सामाजिक सुरक्षाको अधिकार
- सुरक्षाको अधिकार
- शिक्षाको अधिकार
- वैज्ञानिक, साहित्य र कलाको उपभोग गर्न पाउने अधिकार
- घोषणापत्रमा गरिएका व्यवस्थाहरू प्राप्त गर्ने अधिकार

**उक्त घोषण पत्रलाई आधार बनाएर मानवअधिकारका निम्न लिखित चारओटा सिद्धान्तहरू प्रतिपादन गरिएका छन् :**

- मानवअधिकार हरेक व्यक्तिको इज्जत र उपयोगितालाई सम्मान गर्नुपर्छ भन्ने अवधारणामा आधारित हुन्छ ।
- मानवअधिकार विश्वव्यापी हुन्छ अर्थात् सबै व्यक्ति तथा सबै ठाउँमा समान रूपले लागु हुन्छ ।
- मानवअधिकारलाई विश्वव्यापी रूपमा समान र भेदभाव विना प्रयोग गरिनुपर्छ ।
- मानव अधिकारहरूमा कुनै सम्झौता हुँदैन र यी जुनसुकै देश, धर्म वा संस्कृतिमा मान्य हुन्छन् । यो कसैले उपहारको रूपमा दिने र खोस्न सक्ने अधिकार होइन ।

मानवअधिकारको विश्वव्यापी घोषणाको आधारमा अन्तर्राष्ट्रियस्तरमा विभिन्न महासन्धिहरू भएका छन् । ती महासन्धिहरूमा जातीय भेदभाव उन्मूलनगर्ने महासन्धि, आर्थिक , सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव र उन्मूलन गर्ने महासन्धि, यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि प्रमुख छन् । यी सबै महासन्धिहरूमा नेपालले विभिन्न समयमा अनुमोदन तथा सम्मेलन गरिसकेको छ । नेपालले मानवअधिकारलाई आत्मसाथ गरिसकेपछि नेपालको संविधानको प्रस्तावनामा नै मानवअधिकार भन्ने शब्द राखिसकेको छ भने मौलिक हकको रूपमा नै मानवअधिकारका सबै पक्षलाई समेटेर संविधानको भाग ३ मा व्यवस्था गरेको छ । मानवअधिकार उलङ्घनका घटनाहरूलाई स्वतन्त्र रूपमा छानबिन गर्न संविधानको भाग २५ मा राष्ट्रिय मानवअधिकार आयोगको संवैधानिक व्यवस्थासमेत गरेको छ । संविधानलाई आधार बनाएर यस सम्बन्धी विभिन्न ऐन नियमहरू समेत बनाइएको छ । यस तहमा विद्यार्थीहरूलाई मानवअधिकारको आधारभूत अवधारणा, विश्वव्यापी घोषणा पत्रमा उल्लिखित कुराहरूको सङ्क्षिप्त जानकारी, हाम्रो देशमा भएको मानवअधिकार सम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाका बारेमा सङक्षिप्त जानकारी, मानवअधिकार उलङ्घनभएमा पत्ता लगाउने तरिका, विद्यार्थीहरू आफूले पनि मानवअधिकार उलङघ्न नगर्ने र अरूलाई पनि यसकार्यमा सहयोग गर्ने जस्ता कुराहरू सिकाउनु पर्छ ।

**९. परियोजना कार्य**

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठ : १०

## महिला र आदिवासी तथा जनजातिसम्बन्धी अधिकार

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** महिला र आदिवासी तथा जनजाति सम्बन्धी अधिकारको सङ्क्षिप्त परिचय दिन ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) महिला अधिकारको महत्व बताउन

ख) महिला सशक्तीकरणका लागि महिला अधिकारको भूमिका उल्लेख गर्न

ग) नेपालको संविधान, कानुन तथा अन्य नीति निर्माणका तहमा महिला अधिकारका लागि स्थापना गरिएको व्यवस्था उल्लेख गर्न

घ) नेपाल बहुजातीय तथा बहुभाषिक देश हो भनी तर्कसहित पुष्टि गर्न

ङ) जनजाति अधिकारको परिचय दिन

च) आदिवासी जनजातिका अधिकारहरू उल्लेख गर्न

छ) जनजातिहरूको अधिकार स्थापित गर्न राज्यले गरेका प्रयासहरू उल्लेख गर्न

३. **सिकाइ सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू,नेपालको संविधान, महिला सशक्तीकरण तथा आदिवासी जनजाति अधिकारसम्बन्धी कार्यक्रम देखाउने श्रव्यदृश्यसामग्री, Multimedia projector, महिला हक स्थापित गर्न नेपालको संविधान, कानुन तथा अन्य नीति निर्माण तहमा गरिएका प्रावधानहरूको सूची तालिका, आदिवासी तथा जनजातिको शैक्षिक तथा अन्य अधिकारहरूको सूची तालिक र विभिन्न जाति समावेश भएको नेपालको नक्शा आदि ।

४.. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) महिला सशक्तीकरणको अभियानमा आफ्नो सक्रिय भूमिका निर्वाह गर्ने,

ख) आदिवासी जनजातिको उत्थान र विकासमा सकारात्मक भूमिका निर्वाह गर्ने,

ग) महिला तथा जनजातिको संरक्षणमा सहयोगी बन्ने ।

५. **सिकाइ क्रियाकलाप**

क) महिला तथा आदिवासी तथा जनजातिसँग सम्बन्धित करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको प्रस्तुति तयार गर्ने र कक्षामा रोचक तरिकाले प्रस्तुत गरी विषयवस्तुप्रति रुचि जगाउने,

ख) विद्यार्थीहरूलाई महिला अधिकार भनेको के हो? महिला अधिकारको महत्वबारे बताउ, महिला अधिकार स्थापित गर्न किन आवश्यक छ ? आदि जस्ता प्रश्नहरू गरी विद्यार्थीहरूको

मस्तिष्क मन्थन गर्ने र उनीहरूबाट आएका तर्कलाई सेतोपाटीमा टिप्दै जाने र अन्त्यमा तिनै तर्कहरू तथा पाठमा दिइएको विषयवस्तुलाई आधार बनाएर महिला अधिकारको परिचय तथा महत्व प्रष्ट पार्ने,

ग) महिला सशक्तीकरण भनेको के हो ? महिला अधिकार संरक्षणको आवश्यकता किन पर्छ ? आदि जस्ता प्रश्न विद्यार्थीहरूलाई पालैपालो गर्ने र उनीहरूबाट आएको उत्तरलाई आधार बनाएर महिला सशक्तीकरणको परिचय र महिला अधिकार स्थापित गर्नुमा यसको भूमिकाबारे प्रष्ट पार्ने,

घ) महिला अधिकारलाई स्थापित गर्न नेपालको संविधान, कानुन तथा अन्य नीति निर्माणका तहमा गरिएको व्यवस्थाहरूको सूची तालिका अथवा त्यससँग सम्बन्धित भई तयार पारिएको Power Point Slideहरू प्रदर्शन गर्दै एकएक गरेर त्यसका बारेमा छोटो छलफल गर्ने,

ङ) नेपाल बहुजातीय एवम् बहुभाषिक देश हो भन्ने कुरा पुष्ट्रि गर्न विभिन्न जातजाति समावेश भएको नक्शा प्रदर्शन गर्दै, राष्ट्रिय गानको उदाहरणद्वारा स्पस्ट पार्ने,

च) आदिवासी जनजातिको अधिकार सम्बन्धी विभिन्न खाले भ्रमहरू भएकाले आदिवासी जनजाति सम्बन्धी विकास र मानवअधिकारका दृष्टिले पछाडि परेका छन् । त्यसैले उनीहरूका उत्थान र विकासमा शिक्षा, सञ्चार, स्वास्थ्य तथा स्रोत प्राप्तिको पहुच स्थापित गर्ने उद्देश्यले आदिवासी तथा जनजातिको अधिकारसम्बन्धी विचारहरू विश्वव्यापी रूपमा अगाडि आएको हो भन्ने कुरा व्याख्यान विधिको प्रयोग गरी प्रष्ट पार्ने । यो विषयवस्तु प्रष्ट पार्दा समाजमा फैलिएका विभिन्न भ्रमहरूका कारण विभिन्न समुदायबाट आएका विद्यार्थीहरूले भिन्नभिन्न तर्क राखी कक्षामा कोलाहलको वातावरण सिर्जना हुने हुनाले संयम भई पाठको उद्देश्यअनुरूप विषयवस्तुको आधारमा सबै विद्यार्थीहरूको जिज्ञासा मेटाउँदै विषयवस्तु प्रष्ट पार्ने र सोप्रति सकारात्मक धारणा राखी “नेपाल चार जात छत्तिस वर्णको फूलबारी हो” भन्ने भनाइलाई प्रष्ट पार्दै सबै जातजाति, भाषाभाषी, धर्म संस्कृतिका मानिसहरू मिली नेपालको विकास गर्नुपर्छ भन्ने सन्देश दिने प्रयास गर्ने,

छ) आदिवासी तथा जनजातिको शैक्षिक तथा अन्य अधिकारहरूको सूची तालिकाको प्रदर्शन गर्दै जनजाति अधिकार छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने

ज) आदिवासी तथा जनजातिका अधिकार स्थापित गर्न राज्यले गरेको प्रयासहरूको सूची तालिका प्रदर्शन गर्दै सोसम्बन्धी विषयवस्तु प्रष्ट पार्ने ,

झ) अभ्यासमा दिइएको प्रश्नहरू छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने ।

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छः

क) महिला अधिकारको परिचय दिनुहोस् र यसको महत्व बताउनुहोस् ।

ख) महिला सशक्तीकरणका लागि महिला अधिकारको आवश्यकता किन पर्छ ?

ग) नेपालको संविधान, कानुन तथा अन्य नीति निर्माणका तहमा महिला अधिकारका लागि स्थापना गरिएको व्यवस्था उल्लेख गर्नुहोस् ।

घ) “नेपाल बहुजातीय तथा बहुभाषिक देश हो” यो भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

ङ) जनजाति अधिकार भनेको के हो ?

च) आदिवासी जनजातिको अधिकारहरू उल्लेख गर्नुहोस् ।

छ) जनजातिहरूको अधिकार स्थापित गर्न राज्यले गरेका प्रयासहरू उल्लेख गर्नुहोस् ।

## पाठः ११

## नागरिक पहिचान र नागरिकता

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धिः** नागरिकको हैसियतले आफ्नो पहिचान कायम राख्दै नागरिकता प्राप्तिको तरिका बताउन ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) नागरिकताको परिचय दिन,

ख) राष्ट्रियता र नागरिकताका बिच फरक छुट्याउन,

ग) नागरिकता सम्बन्धी मान्यता बताउन,

घ) नेपालको संविधानमा राखिएका नागरिकता सम्बन्धी प्रावधानहरूको सूची तयार गर्न,

ङ) नागरिकता पाउने तरिका वर्णन गर्न,

च) गैर आवासीय नेपाली नागरिकताका प्राप्त गर्ने आधारहरू उल्लेख गर्न ।

३. **सिकाइ सामग्रीहरू**

नेपालको संविधान, राष्ट्रियता र नागरिकताका बिच फरक छुट्याइएको सूची तालिका, नागरिकता लिनका लागि प्रशासन कार्यालयमा लाइनमा बस्दै गरेको मानिसहरूको चित्र, नेपालको संविधानमा राखिएका नागरिकता सम्बन्धी प्रावधानहरूको सूची तालिका, पाठमा दिइएका विषयवस्तुका बारेमा तयार गरिएको Power Point Slide हरू, नागरिकताको नमुना, राष्ट्रियता र नागरिकता सम्बन्धी पत्रपत्रिकामा प्रकाशित लेख रचनाका कटपिस, मेटाकार्ड, Multimedia projector आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

क) राष्ट्रियता र नागरिकता सम्बन्धी सकारात्मक सोच राखी सबैसँग समान व्यवहार राख्ने,

ख) राष्ट्रियता र नागरिकता सम्बन्धी विषयवस्तुको ज्ञानका आधारमा समाजमा जनचेतना जगाउने कार्यमा सरिक हुने,

ग) आफ्नो समुदायमा नगरिकता सम्बन्धी कुनै समस्या छन् या छैनन् भनी थाहा पाउन उत्सुकता देखाउने ।

५. **सिकाइ क्रियाकलापः**

क) पाठमा दिइएको राष्ट्रियता र नागरिकता सम्बन्धी विषयवस्तुलाई आधार बनाएर करिब ५ मिनेटमा प्रस्तुत गर्न सकिने खालको विवरण तयार गर्ने र नागरिकता लिनका लागि प्रशासन कार्यालयमा लाइनमा बस्दै गरिरहेको मानिसहरूको चित्र वा फोटो देखाउँदै सो विवरण

प्रस्तुत गरी यस पाठमा दिइएका विषयवस्तुप्रति उत्सुकता जगाउने । यसका लागि सङ्गठित सिंहावलोकन (Structure overview) विधिको चरणहरू अपनाउन सकिन्छ ,

ख) विद्यार्थीहरूलाई राष्ट्रियता भनेको के हो ?, नागरिकता भनेको के हो ?, हामीलाई नागरिकताको किन आवश्यकता पर्छ ?, राष्ट्रियता र नागरिकता नभए के हुन्छ ? आदि जस्ता प्रश्नहरू सोध्ने र उनीहरूबाट आएको उत्तरहरूलाई एकएक गरी सेतोपाटीमा टिप्दै जाने । उनीहरूबाट आएको उत्तर तथा पाठमा दिइएको विषयवस्तुको आधारमा नागरिकता र राष्ट्रियताको परिचय दिने,

ग) प्रश्नोत्तरका माध्यमबाट विद्यार्थीहरुमा राष्ट्रियता र नागरिकता बिचको फरक पत्ता लगाउने । राष्ट्रियता र नागरिकताका बिच फरक छुट्याइएको सूची तालिका प्रदर्शन गर्दै यस विषयवस्तु प्रष्ट पार्ने,

घ) भूगोलसँग सम्बन्धित रहेर तथा वंशजको आधारमा नागरिकता प्राप्तिको अवस्था, दोहोरो नागरिकताको अवस्था, नागरिकता विहीनको अवस्था, सम्मानार्थ नागरिकता अदि जस्ता नागरिकता सम्बन्धी प्रचलित मान्यताहरूका बारेमा छोटो प्रस्तुति तयार गरी व्याख्यान विधिको माध्यमले उक्त मान्यताहरू प्रष्ट पार्ने र संविधानमा उल्लिखित नागरिकता सम्बन्धी प्रावाधान अध्ययन गर्न लगाउने ।

ङ) वंशजको आधारमा नागरिकताका बारेमा दिइएको विषयवस्तुको प्रत्येक बुँदालाई एकएक ओटा मेटाकार्डमा प्रष्ट देखिने गरी साइनपेनले लेखेर ल्याउने, कक्षाका विद्यार्थीहरूमध्ये कुनै चार जनालाई अगाडि बोलाएर एकएक ओटा मेटाकार्ड समाउन लगाई पालैपालो पढ्न र देखाउन लगाउने र प्रत्येक बुँदालाई व्याख्यान विधिको प्रयोग गरी प्रष्ट पार्ने,

च) पाठमा दिइएको अङ्गीकृत नागरिकता प्राप्तिका आधारहरूलाई एकएक ओटा मेटाकार्डमा प्रष्ट देखिने गरी साइनपेनले लेखेर ल्याउने, कक्षाका विद्यार्थीहरूमध्ये कुनै तिनजनालाई अगाडि बोलाएर एकएक ओटा मेटाकार्ड समाउन लगाई पालैपालो पढ्न र देखाउन लगाउने र प्रत्येक बुँदालाई व्याख्यान गरी प्रष्ट पार्ने,

छ) सम्मानार्थ नागरिकताका बारेमा पाठमा दिइएको विषयवस्तुका आधारमा छोटो व्याख्या गरी प्रष्ट पार्ने

ज) गैरआवासीय नागरिकता सम्बन्धी पाठमा दिइएको विषयवस्तु एक जना विद्यार्थीलाई अगाडि आएर सस्वरवाचन गर्न लगाउने र सोको व्याख्या गरी विषयवस्तु प्रष्ट पार्ने,

झ) क्रियाकलाप १, ३ र ४ प्रश्नोत्तर विधिको माध्यमबाट र क्रियाकलाप २ निर्देशनअनुसार वक्तृत्व कला प्रतियोगिता आयोजना गरेर यी प्रश्नहरूको उत्तर प्रष्ट पार्ने । प्रतियोगिताका लागि विद्यालयका अङ्ग्रेजी तथा नेपाली शिक्षकलाई मूल्याङ्कन कर्ताको भूमिकाका लागि

अनुरोध गर्ने, विद्यालयका सहायक प्र.अ. वा प्र.अ. लाई प्रमुख अतिथिको रूपमा निमन्त्रणा गर्ने, कक्षाका कुनै एक जना विद्यार्थीलाई समयपालक, एक जनालाई उद्घोषकको जिम्मेवारी दिने र कक्षा मनिटरको अध्यक्षतामा कार्यक्रम सञ्चालन गर्ने,

ञ) राष्ट्रियता र नागरिकता सम्बन्धी पत्रपत्रिकामा प्रकाशित लेख रचनाका कटपिसहरू विद्यार्थीहरूलाई पढ्न दिने र छलफल गरी त्यस सम्बन्धी समसामयिक धारणा प्रष्ट पार्ने ।

६. **मूल्याङ्कन**

निम्न प्रश्नहरू गरी पाठको विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) नागरिकता भनेको के हो ? यो किन र कसलाई प्रदान गरिन्छ ?

ख) राष्ट्रियता र नागरिकताका बिच बुँदागत रूपमा फरक छुट्याउनुहोस् ।

ग) नागरिकता सम्बन्धी हाल प्रचलित मान्यताहरू के के छन् ?

घ) नेपालको संविधानमा राखिएका नागरिकता सम्बन्धी प्रावधानहरू बताउनुहोस् ।

ङ) एक नेपाली नागरिकले नेपालको नागरिकता कसरी पाउन सक्छन् ?

च) गैरआवासीय नेपाली नागरिकताका बारेमा तपाईँलाई के जानकारी छ ? बताउनुहोस् ।

छ) नागरिकता प्राप्ति सम्बन्धी तपाईंको समुदायमा भएका समस्याका बारेमा बताउनुहोस् ।

७. **थप अध्ययन सामग्रीहरू:**

## नागरिकता सम्बन्धी संवैधानिक व्यवस्था

- नेपालको संविधानको भाग-२ को धारा १० देखि १५ सम्मका धाराहरूले नागरिकता सम्बन्धी प्रावधान व्याख्या गरेको छ । जसअनुरूप धारा १० (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने कुरा उल्लेख गरेको छ भने धारा १० (२) ले नेपालमा प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरेको छ ।
- नेपालको संविधानको धारा ११ (१) ले यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुने कुरा उल्लेख गरेको छ ।
- नेपालको संविधानको धारा ११ (२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने कुरा उल्लेख गरेको छः

  (क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

- नेपालको संविधानको धारा ११ (३) अनुसार यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।
- नेपालको संविधानको धारा ११ (४) ले नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ ।
- नेपालको संविधानको धारा ११ (५) मा नेपाली आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन् नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने व्यवस्था गरेको छ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुने कुरा यसमा उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ११ (६) अनुसार नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छ । तर नेपालको संविधानको धारा ११ (७) अनुसार विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ । त्यसैगरी नेपालको संविधानको धारा ११ (८) ले नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।
- नेपालको संविधानको धारा ११ (९) मा नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने कुरा उल्लेख गरेको छ ।
- नेपालको संविधानको धारा ११ (१०) अनुसार नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्रभित्र बसोवास भएको व्यक्तिसङ्घीय कानुनको अधीनमा रही नेपालको नागरिक हुने व्यवस्था छ । नेपालको संविधानको धारा १२ मा वंशीय आधार तथा लैङ्गिक

पहिचानसहितको नागरिकता सम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछन् ।

- नेपालको संविधानको धारा १३ ले नागरिकताको प्राप्ति, पुनः प्राप्ति र समाप्ति सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने कुरा उल्लेख गरेको छ ।
- नेपालको संविधानको धारा १४ अनुसार विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोवास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ ।
- नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा नेपालको नागरिकता सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ ।

## ८. परियोजना कार्य/गृहकार्य :

क) प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

# एकाइ ६

# हाम्रो पृथ्वी

**सक्षमता :**

विश्वको हावापानी, जीवजन्तु तथा वनस्पती र प्राकृतिक स्रोत साधनहरूसँग परिचित हुने र उत्तर अमेरिका, दक्षिण अमेरिका र दक्षिण अफ्रिका महादेशहरूको प्राकृतिक स्वरूप, सामाजिक तथा आर्थिक क्रियाकलापको अध्ययन र नेपालसँग तुलना ।

## पाठ :– १

## विश्वका हावापानीका प्रकार र यसमा प्रभाव पार्ने तत्वहरू

**अनुमानित घन्टीः:– ३**

**१. सिकाइ उपलब्धि**

- विश्वको हावापानीमा प्रभाव पार्ने तत्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन
- हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन ।

**२. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) हावापानीको परिचय दिन

ख) विश्वमा हावापानीका प्रकारहरू र क्षेत्रका बारेमा बताउन

ग) नक्सामा विश्वका विभिन्न प्रकारका हावापानीका क्षेत्रहरू पहिचान गर्न

घ) विश्वको विभिन्न ठाँउमा हावापानीमा फरक फरक हुनुका कारणहरू पत्ता लगाउन ।

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

क) विश्वको हावापानीमा प्रभावपार्ने तत्वहरूका बारेमा जानकारी प्राप्त गरी आफ्नो ठाँउमा पाइने हावापानीको कारण विश्लेषण गर्न

ख) समालोचनात्मक सोचाइ सिपको विकास हुने ।

ग) कारण र परिणाम बिचको विश्लेषण क्षमताको विकास हुने ।

**४. सिकाइ सामग्रीहरू**

ग्लोब, टर्चलाइट, विश्वको प्राकृतिक र राजनीतिक नक्सा, एटलस, डिजिटल नक्सा र Multi media Projector ।

## ५. सिकाइ क्रियाकलाप

पाठमा दिइएको विषयवस्तुको आधारमा सामाजिक अध्ययन विषयको उद्देश्य अनुरूप यस पाठको उद्देश्य पूरा गर्न निम्न सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

क) विद्यार्थीहरूलाई तलको जस्तै तालिका बनाई भर्न लगाउने । सबै विद्यार्थीले तालिका भरिसकेपछि गर्मी हुने महिना, जाडो हुने महिना, ठिक्कको मौषम हुने महिना, वर्षा हुने महिना र वर्षा नहुने महिनाको समूह बनाई वर्गिकरण गर्न लगाउने र आफ्नो ठाउँको हावापानीको परिचय बढीमा दुई वाक्यमा लेख्न लगाउने । सबैले लेखिसकेपछि केही परिभाषा प्रस्तुतिकरण गर्न लगाई हावापानीको परिभाषा बताइदिने ।

| महिना | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कस्तो मौषम हुन्छ | | | | | | | | | | | | |

" कुनै ठाउँको एक वर्ष वा सोभन्दा बढीको मौषमको औषत अवस्थालाई हावापानी भनिन्छ ।"

ख) विद्यार्थीहरूलाई आफूसँग भएको एटलसमा विश्वको प्राकृतिक नक्सा हेर्न लगाउने । विश्वको विभिन्न प्रकारका हावापानी पाइने क्षेत्र देखाउने चार्ट र विश्वको नक्सा प्रदर्शन गर्दै अक्षांशअनुसार विभिन्न प्रकारका हावापानीका क्षेत्रको विभाजनका बारेमा छलफल गर्ने ।

ग) ग्लोब र टर्च लाइटको प्रयोग गरी विश्वका गर्मी, समशीतोष्ण र चिसो हावापानीको प्रदेशहरूको बारेमा प्रयोगात्मक क्रियाकलापका माध्यमबाट प्रष्ट पारिदिने ।

घ) विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरूका विषयमा अक्षांशीय फैलावट, उचाइ, भिरालोपन, पर्वतका पाखा, सामुद्रिक दुरी, पर्वतको उपस्थिति, वायुको स्वभाव, वनस्पति, सामुद्रिक धार, माटोका बारेमा पालै पालो चित्र, स्लाइड, भिडियो क्लिप, फोटो, आदि प्रदर्शन गर्दै छलफल गर्ने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरूका आधारमा विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।

- हावापानी भनेको के हो ?
- मौसम र हावापनीको विचको भिन्नता लेख्नुहोस् ।
- मौषम र हावापानीको सम्बन्ध छोटोमा उल्लेख गर्नुहोस् ।
- तपाइँ बसोवास गर्ने क्षेत्रको हावापानीका जानकारी दिनुहोस् ।
- अक्षांश र हावापानी बिचको सम्बध देखाउनुहोस् ।
- सामुद्रिक धारले हावापानीमा कसरी प्रभाव पार्दछ ?

- नेपालमा तराइमा गर्मी र हिमालमा जाडो हुनाको कारण के होला ?
- दक्षिण अमेरिकाको अटाकामा, उत्तर अमेरिकाको क्यालिफोर्निया र एशियाको अरबको मरुभूमि समुद्र किनरामा भएर पनि सुख्खा हुनुको कारण के होला ?

## ७. थप अध्ययन सामग्री

विश्वको हावापानीलाई सामान्यतया तापक्रमका आधारमा तिन वर्गमा विभाजन गर्न सकिन्छ। चिसो, समशीतोष्ण र गर्मी । पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवीय क्षेत्रमा चिसो हावापानी पाइन्छ। भूमध्य रेखीय क्षेत्रमा गर्मी हावापानी पाइन्छ । ध्रुवीय र भूमध्य रेखीय क्षेत्रको बिचको भागमा समशिर्तोष्ण हावापानी पाइन्छ । वर्षाको दृष्टिले पनि विश्वमा (सुख्खा, ओसिलो, धेरै वर्षा हुने) तिन प्रकारको हावापानी नै पाइन्छ । तापक्रम र वार्षाको संयोजनबाट हावापानीको क्षेत्र निर्धारण हुने हुनाले विश्वको हावापानीलाई अक्षांशअनुसार विभिन्न क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

<table>
<tr><th>तापक्रमको क्षेत्र</th><th>अक्षांश</th><th>हावापानीको प्रदेशको नाम</th><th colspan="2">अक्षांश उत्तर र दक्षिण दुवै गोलार्धमा</th></tr>
<tr><td>शीत मण्डल</td><td>६० देखि ९० डिग्री</td><td>टुन्ड्रा प्रदेशीय हावापानी</td><td colspan="2">७० देखि ९० डिग्री</td></tr>
<tr><td></td><td></td><td>ठन्डा समशीतोष्ण हावापानी</td><td colspan="2">६० देखि ७० डिग्री</td></tr>
<tr><td rowspan="6">समशीतोष्ण हावापानी</td><td rowspan="6">३० देखि ६० डिग्री</td><td>ठन्डा समशीतोष्ण सामुद्रिक हावापानी</td><td colspan="2" rowspan="3">४५ देखि ६० डिग्री</td></tr>
<tr><td>समशीतोष्ण तृण भूमिको हावापानी</td></tr>
<tr><td>सेन्टलरेन्स वा मञ्चुरियाको हावापानी</td></tr>
<tr><td>भूमध्ये सागरीय हावापानी</td><td colspan="2" rowspan="3">३० देखि ४५ डिग्री</td></tr>
<tr><td>समशीतोष्ण मरुस्थलीय हावापानी</td></tr>
<tr><td>चिनीया प्रकारको हावापानी</td></tr>
<tr><td rowspan="2">उष्ण मण्डल</td><td rowspan="2">० देखि ३० डिग्री</td><td>उष्ण मरुस्थलीय हावापानी</td><td rowspan="2">उष्ण मनसुनी हावापानी ५ देखि ३० डिग्री</td><td>२० देखि ३० डिग्री</td></tr>
<tr><td>उष्ण तृण भूमिको हावापानी वा सुडानको हावापानी वा सभाना प्रकारको हावापानी</td><td>५ देखि २० डिग्री</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | भूमध्ये रेखीय हावापानी | ० देखि ५ डिग्री उत्तर र दक्षिण दुवै गोलार्धमा |

विश्वको हावापानीमा प्रभाव पार्ने मुख्य तत्त्व अक्षांश हो । अक्षांश बढ्दै जाँदा तापक्रम घट्दै जान्छ र अक्षांश घट्दै जाँदा तापक्रम बढ्दै जान्छ । पृथ्वी गोलाकार भएको कारण यसको सतहमा सूर्यको कीरण सबै भागमा एकनासले पर्दैन । त्यसैले जति उत्तर वा दक्षिण गयो यसको सतह तेर्सो हुँदै गएको हुनाले सूर्यको कीरण छड्के पर्दै जान्छ । परिणाम स्वरूप त्यसको तताउने शक्ति घट्दै जान्छ । अनि हावापानी चिसो हुँदै जान्छ । यसका अलावा वायु वहने दिशा अनुसार पनि हावापानी फरक पर्दै जान्छ । जमिनबाट समुद्र तर्फ वायु वहने स्थानमा समुद्रको किनारा सँगै भएर पनि वर्षा हुँदैन किनकी समुद्रको वाफयुक्त वायु जमिन तर्फ आउनुको साटो समुद्रतिर नै फर्कन्छ । समुद्रबाट जमिनतर्फ वायु वहने स्थानमा समुद्रबाट आएको वायुले वादल बोकेर आउने हुँदा जमिनको सतहमा धेरै वर्षा हुन्छ । त्यसै गरी समुद्रको पानी निश्चित ठाँउमा खोला बगे जस्तै गरी बगी रहेको हुन्छ । त्यसलाई समुद्री धार भनिन्छ । समुद्री धार भूमध्ये रेखाबाट ध्रुवीय क्षेत्र तर्फ बगेको रहेछ भने त्यसमा न्यानो पानी बगी रहेको हुन्छ । न्यानो पानीका कारण त्यस किनाराको हावापानी पनि न्यानो र ओसिलो हुन्छ । ध्रुवीय क्षेत्रबाट भूमध्ये रेखातर्फ बगेको रहेछ भने त्यसमा चिसो पानी बगेको हुन्छ र त्यो समुद्रको भित्रभित्रबाट बग्छ । त्यसैले चिसो धार बगेको किनारामा चिसो र सुख्खा हावापानी पाइन्छ । वायु वहने बाटोमा पर्छ वा हिमाल उपस्थित भएमा त्यसदेखि अगाडि वायु जान सक्दैन र वायुले ल्याएको बादलले त्यहीँ वर्षा गराउँछ । पर्वतको पछाडि पट्टिको भागमा वर्षा हुँदैन । सुख्खा हावापानी पाइन्छ । त्यसै गरी उचाइ बढ्दै जाँदा तापक्रम घट्दै जाने हुनाले हावापानी चिसो हुँदै जान्छ । नेपालमा हावापानी दक्षिणबाट उत्तरतर्फ चिसो हुँदै जानुको कारण उचाइ नै हो । यदि हाम्रो देशको दक्षिणदेखि उत्तरसम्म समान उँचाइ भएको भए अहिलेको उत्तरी सोलुखुम्बुमा पनि गर्मी हावापानी नै हुने थियो । यसरी विश्वका विभिन्न स्थानमा कहीँ गर्मी, कहीँ जाडो, कहीँ वर्षा, कहीँ सुखा र कहीँ सामान्य हावापानी पाइनुका पछाडि यिनै कारणहरू रहेका छन् ।

https://quizlet.com/14097821/world-climate-regions-chart-flash-cards/

## पाठ : २ र ३

## उष्ण प्रदेश र उष्ण प्रादेशिक जनजीवन

**अनुमानित घन्टीः३**

### १. सिकाइ उपलब्धि

विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन र हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन ।

२. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) उष्ण प्रदेशीय हावापानीको परिचय दिन

ख) उष्ण प्रदेशीय हावापनीको प्रदेशमा पर्ने क्षेत्रहरूको पहिचान गर्न

ग) हावापानीका उपक्षेत्रहरूको भौगोलिक अवस्था, वनस्पति, जन जीवन र आर्थिक गतिविधिका बारेमा जानकारी प्राप्त गर्न

घ) नेपालको हावापनी र जनजीवनसँग तुलाना गर्न

ङ) विश्वको नक्सामा उष्ण प्रदेशीय हावापनीको प्रदेश र क्षेत्रहरू देखाउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) उष्णप्रदेशीय भौगोलिक क्षेत्रको हावापानी किन त्यस्तो भयो होला भनी समालोचनात्मक दृष्टिकोणले हेर्ने

ख) उक्त हावापानीका क्षेत्रको सकारात्मक पक्षहरू पहिचान गर्ने

ग) मानवको समायोजन हुने तरिका सम्बन्धमा धारणा निर्माण गर्ने

### ४. सिकाइ सामग्रीहरू

विश्वको प्राकृतिक र राजनीतिक नक्सा, ग्लोब, टर्चलाईट, एटलसहरू, उष्ण प्रदेशीय क्षेत्रको धरातल, हावापानी, वनस्पति, जनजीवन र आर्थिक गतिविधि झल्कने चित्र, फोटो, भिडियो क्लिप्स, Multimedia Projector, कम्प्युटर, विषयवस्तुसँग सम्बन्धित सिडी, डिभिडीहरू वा सफ्टवेयर आदि ।

### ५. क्रियाकलाप

क) विद्यार्थीहरूलाई एटलसमा भएको विश्वको प्राकृतिक नक्सा हेर्न लगाउने । विश्वको प्राकृतिक भित्ते नक्सा वा स्लाइड प्रदर्शन गर्दै विश्वका तिनवटा ताप मण्डल र तीमध्ये उष्णमण्डल पहिचान गर्न लगाउने ।

ख) कक्षालाई अध्यारो पारी ग्लोबको मध्य भागमा टर्चलाइटको उज्यालो पारेर देखाई उष्णमण्डलमा किन गर्मी भएको भन्ने सम्बन्धमा प्रयोगात्मक क्रियाकलापबाट प्रष्ट पारिदिने ।

ग) कक्षालाई चार समूहमा विभाजन गर्ने । धेरै विद्यार्थी भएमा बढी समूह पनि बनाउन सकिन्छ । प्रत्येक समूहले उष्ण प्रदेशीय हावापानीका एक एक ओटा क्षेत्रका बारेमा पाठ्यपुस्तक, सन्दर्भ

सामग्री र एटलस अध्ययन गरी तलको जस्तै तालिकामा भर्न लगाउने । सबै समूहले तयार पारेको तालिका पालै पालो प्रस्तुत गर्दै छलफल गर्ने ।

| प्रदेशको नाम | हावापानीको क्षेत्र र भौगोलिक अवस्था | हावापानीको विशेषता | वनस्पति र तिनको विशेषता | जनजीवन | मुख्य आर्थिक गतिविधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ग) विद्यार्थीहरूलाई विश्वको खाली नक्सामा उष्ण प्रदेशका चारओटै क्षेत्रहरू भर्न लगाई कक्षामा प्रदर्शन गर्ने ।

घ) तलका जस्तै प्रश्नहरू दिएर विद्यार्थीहरूलाई जोडीमा छलफल गर्दै जवाफ खोज्न लगाउने । सबैले सबै प्रश्नमा छलफल गर्नुपर्ने हुन्छ । छलफल सकिएपछि प्रत्येक प्रश्नमा पालैपालो विद्यार्थीको धारणा प्रस्तुत गर्न लगाउने । विद्यार्थीले प्रस्तुत गरेको धारणा सही भएमा सबैले ताली बजाएर समर्थन जनाउने र गलत भएमा विद्यार्थी मध्येबाट नै सुधार गर्न प्रयास गर्ने । अझै नभएमा उनीहरूलाई सोको जवाफ खोजी गर्न एक दुई दिनको समय दिने । अन्तमा केही नलागेमा मात्र शिक्षकले सन्दर्भ सामग्री प्रयोग गरी प्रष्ट पारिदिने ।

*(यो क्रियाकलाप विद्यार्थीमा समालोचनात्मक सोचाइ सिप र विश्लेषणात्मक क्षमता एवम् तर्क गर्ने क्षमताको विकास गर्नको लागि भएको हुनाले विद्यार्थीले थाहा छैन आउँदैन भन्यो भनेर आफैँ जवाफ दिनु हुँदैन । विद्यार्थीलाई नै बढीभन्दा बढी सोच्न, तर्क गर्न, खोजी गर्न अवसर दिनुपर्छ ।)*

- भूमध्ये रेखीय क्षेत्रमा ऋतु परिवर्तन हुन्छ कि हुँदैन ? किन ?
- भूमध्ये रेखीय क्षेत्रमा प्रत्येक दिन अपरान्हमा भारी वर्षा हुन्छ, किन ?
- भूमध्ये रेखीय क्षेत्रको जङ्गलमा विविध प्रकारका जीवजन्तु र वनस्पतिहरू पाइन्छ किन ?
- कङ्गो बेँसी र अमेजन बेँसीमा अझै पनि प्रारम्भिक जीवन बिताइरहेका अति पिछडिएको समुदायहरूको बसोवास हुनुको कारण के होला ?

- कङ्गो बेँसी, अमेजन बेँसी र दक्षिण पूर्वी एसिया एउटै हावापानीको क्षेत्रमा परेर पनि त्यहाँको जनजीवनमा र विकासको अवस्थामा ठुलो अन्तर छ । यसो हुनुको कारण के होला ?
- उष्ण मरुभूमिको क्षेत्रमा रातमा धेरै चिसो र दिनमा धेरै गर्मी हुन्छ किन होला ?
- उष्ण मौषमी क्षेत्रमा किन ग्रिष्ममा वर्षा हुन्छ होला ?

## ६. मूल्याङ्कन

क) विद्यार्थीहरूले समूहमा छलफल गर्दा सामूहिक भावनाको विकास, अरूको विचारको सम्मान, आफ्नो विचारको तर्कसहित प्रस्तुति, सामूहिक विचारको निर्माण, आदि पर्छन् । यसको आधारमा सामाजिकीकरणको स्थितिको निम्न श्रेणीमापन तालिकाको प्रयोग गरी मूल्याङ्कन गर्ने :

| क्र. सं. | विद्यार्थीको नाम | मूल्याङ्कनका क्षेत्र | | | |
|---|---|---|---|---|---|
| | | सामूहिक भावनाको विकास, | अरूको विचारको सम्मान | आफ्नो विचारको तर्कसहित प्रस्तुति | जम्मा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

धेरै राम्रो भए ३, राम्रो भए २ सुधार गर्नु पर्ने भए १ अंक दिने ।

## ७. थप अध्ययन सामग्री

| प्रदेशको नाम | हावापानीको क्षेत्र र | विश्वमा यो हावापानी पाइने क्षेत्र | हावापानीको विशेषता | वनस्पति र तिनको विशेषता | जनजीवन | मुख्य आर्थिक गतिविधि |
|---|---|---|---|---|---|---|
| उष्ण प्रदेश | भूमध्य रेखीय हावापानीको क्षेत्र | भूमध्य रेखादेखि पाँच डिग्री उत्तर र पाँच डिग्री दक्षिणी अक्षांश बिचको क्षेत्र | वर्षैभरि गर्मी र प्राय मध्यान्नमा वर्षा । गर्मी र ओसिलो | उष्ण सदाबहार वनस्पति अग्ला, सुरिला, टुप्पामा | कङ्गो बेँसी र अमेजन बेँसीमा प्रारम्भिक प्रकारको जनजीवन, दक्षिण पूर्वी | सिकार खेल्ने, रुख काट्ने र कृषि मुख्य पेसा, दक्षिण पूर्वी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दक्षिण अमेरिकाको अमेजन बेँसी, अफ्रिकाको कङ्गो बेँसी, दक्षिण पूर्वी एशिया, पूर्वी द्विप समूह, उत्तरी अष्ट्रेलिया | हावापानी, ऋतु परिवर्तन नहुने । दिन र रातको लम्बाइ बराबर | झ्याम्म परेका सधैँ हरियो हुने रुखको घना जङ्गल | एशियामा आधुनिक जनजीवन | एशियामा उद्योग र व्यापारको विकास |
| | उष्ण तृण भूमि ( सभाना प्रकारको) हावापानी | भूमध्ये रेखीय क्षेत्रको वरिपरी खास गरी महादेशको भित्री भागमा पाइन्छ । अफ्रिकाको सभाना र सुडान क्षेत्र, ब्राजिल, उत्तरी अष्ट्रेलिया | वर्षैभरि गर्मी र सुख्खा हावापानी पाइने । ग्रीष्ममा थोरै वर्षा हुने । | अग्ला घाँस हुने ठाउँ ठाउँमा छिटपुट रूपमा छाता आकारका रुख हुने । कहीँ कहीँ मोटा डाँठ भएका रुख पनि हुने । | धेरै जसो प्रारम्भिक प्रकारको जनजीवन, फिरन्ते जीवन बिताउने जाति पनि रहेका । जन आवादि पातलो | पशुपालन मुख्य पेसा, कृषि र पर्यटन व्यवसाय पनि हुने । |
| | उष्ण मरुस्थलीय क्षेत्र | अफ्रिकाको सहारा र कलाहारी मरुमूमि, द.अमेरिकाको अटाकामा, उत्तर | विषम हावापानी - दिनमा धेरै गर्मी हुने र रातमा धेरै ठन्डा हुने) | क्याक्टस ( सिउडी) जातका काँढेदार, लामा जरा भएका, पात | प्रारम्भिक प्रकारको, पिछडिएको, अरब र क्यालिफोर्नियामा केही उच्च प्रकारको | पशुपालन, कृषि र व्यपार मुख्य पेसा, अनिकाल, रोग र गरिबीले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अमेरिकाको क्यालिफोर्निया, एशियाको अरब र अष्ट्रेलियाको मरुभूमि | प्राय गर्मी र सुखा - अत्यन्त कम वार्षा वा वर्षा नै नहुने । | नभएका, होचा वनस्पति हुने । | जनजीवन | पिडित क्षेत्र धेरै भएको । |
| | उष्ण मैषमी क्षेत्र | ५ देखि ३० डिग्री अक्षांशभित्र उत्तर र दक्षिण दुवै गोलार्धमा पाइने । खास गरी दक्षिण एशियामा ठुलो क्षेत्र रहेको । पूर्वी अर्जेण्टना, पूर्वी अष्ट्रेलिया, | वर्षै भरी गर्मी हिउँदमा केही ठन्डा, दुई ऋतु हुने । ग्रीष्म गर्मी र वर्षा हिउँद न्यानो र सुख्खा | सामान्यतया उष्ण सदावहार वनस्पति पाइन्छ । उचाइ बढेमा पतझर ( हिउँदमा पात झर्ने वनस्पति पाइन्छ | जनजीवन सामान्य प्रकारको, निर्वाहमुखी खेती गर्ने | मुख्य पेसा कृषि र कृषिजन्य उद्योग, अधिकांश विकासोन्मुख देशहरू रहेका |

## ९. परियोजना कार्य/गृहकार्य

क) विद्यार्थीहरूलाई विश्वको हावापानीमध्ये कुनै एक हावापानीको नाम, क्षेत्र, जनजीवन र विशेषता एवम् मुख्य आर्थिक गतिविधि खोजगरी परियोजना कार्य गर्न लगााउने

ख) विश्वको नक्सामा उष्ण प्रदेशमा पाइने चार प्रकारका हावापानीका क्षेत्रहरू सङ्केत गर्न लगााउने ।

## पाठ : ४ र ५

## समशीतोष्ण प्रदेश र यस प्रदेशको जनजीवन

**अनुमानित घन्टीः २**

### १. सिकाइ उपलब्धिः

विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन र हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) समशीतोष्ण प्रदेशीय हावापानीको परिचय दिन

ख) समशीतोष्ण प्रदेशीय हावापनीको प्रदेशमा पर्ने क्षेत्रहरूको पहिचान गर्न

ग) समशीतोष्ण हावापानीका क्षेत्रहरूको भौगोलिक अवस्था, वनस्पति, जन जीवन र आर्थिक गतिविधिका बारेमा जानकारी प्राप्त गर्न

घ) नेपालको हावापनी र जनजीवनसँग तुलाना गर्न

ङ) विश्वको नक्सामा उष्ण प्रदेशीय हावापनीको प्रदेश र क्षेत्रहरू देखाउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) समशीतोष्ण प्रदेशीय भौगोलिक क्षेत्रको हावापानी किन त्यस्तो भयो होला भनी समालोचनात्मक दृष्टिकोणले हेर्ने

ख) उक्त हावापानीका क्षेत्रको सकारात्मक पक्षहरू पहिचान गर्ने

ग) मानवको समायोजन हुने तरिका सम्बन्धमा धारणा निर्माण गर्ने

### ४. सिकाइ सामग्रीहरू

विश्वको प्राकृतिक र राजनीतिक नक्सा, ग्लोब, टर्चलाईट, एटलस, समशीतोष्ण प्रदेशीय क्षेत्रको धरातल, हावापानी, वनस्पति, जनजीवन र आर्थिक गतिविधि झल्कने चित्र, फोटो, भिडियो क्लिप्स, Multimedia Projector, कम्प्युटर, विषयवस्तुसँग सम्बन्धित सिडी, डिभिडीहरू वा सफ्टवेयर आदि ।

### ५. सिकाइ क्रियाकलाप

क) कक्षालाई चार समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई समशीतोष्ण हावापानीको एक एक ओटा क्षेत्रका बारेमा सन्दर्भ सामग्री र पाठ्यपुस्तकको सहयोगमा छलफल गर्दै प्रश्न र उत्तरहरू तयार पार्न लगाउने । सबै समूहले बनाएको प्रश्न र उत्तर एकै ठाउँमा सङ्कलन गरी मिसाउने । त्यसपछि सबै विद्यार्थीलाई पूरै पाठ मौन वाचन गरी पढ्न लगाउने । कक्षालाई चार समूहमा विभाजन गरी चारै समूहलाई बराबर प्रश्नहरू बाँड्ने । एक समूहले

प्रश्न सोध्ने र बाँकीले जवाफ दिने गरी सोही प्रश्नका आधारमा हाजिरी जवाफ कार्यक्रम सञ्चालन गर्ने ।

ख) चित्र, फोटो, स्लाइड, भिडियो क्लिप्स, चार्ट, चित्र प्रदर्शन गर्दै समशीतोष्ण प्रदेशका विभिन्न क्षेत्रका बारेमा छलफल गर्ने र जानकारी गराउने ।

ग) विश्वको खाली नक्सामा समशीतोष्ण हावापानीका क्षेत्रहरू भरेर कक्षामा प्रदर्शन गर्न लगाउने ।

घ) ग्लोब र भित्ते नक्साको माध्यमबाट विश्वभरका समशीतोष्ण हावापानीका क्षेत्रहरूमा किन त्यस्तो हावापानी पाइएको भन्ने सम्बन्धमा प्रदर्शन गरी देखाउने । ग्लोवको भूमध्ये रेखीय क्षेत्रमा टर्चलाईट देखाई त्यसदेखि उत्तर र दक्षिण सतहमा उज्यालो छड्के पर्दै जाने हुँदा तापक्रम पनि कम हुँदै जान्छ भन्ने प्रदर्शन गरी देखाइदिने ।

ङ) नेपालको कुन क्षेत्रको हावापानीसँग समशीतोष्ण हावापानीको क्षेत्रको हावापानी मिल्दोजुल्दो छ तुलना गर्न छलफल गर्ने ।

**६. मूल्याङ्कन**

क) तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्ने

- मनसुनको उत्पत्ति कसरी हुन्छ ?
- भूमध्ये सागरीय क्षेत्रलाई किन संसारको वगैँचा भनिएको हो ?
- विश्वभरका समशीतोष्ण घाँसे मैदानमा के कस्ता आर्थिक गतिविधि हुन्छन् ?
- सामुद्रिक क्षेत्रमा किन धेरै वर्षा हुन्छ होला ?

**७. थप अध्ययन सामग्रीः**

| **प्रदेशको नाम** | **हावापानीको क्षेत्र र** | **विश्वमा यो हावापानी पाइने क्षेत्र** | **हावापानीको विशेषता** | **वनस्पति र तिनको विशेषता** | **जनजीवन** | **मुख्य आर्थिक गतिविधि** |
|---|---|---|---|---|---|---|
| सम शीतोष्ण हावापानीको प्रदेश | भूमध्ये सागरीय हावापानीको क्षेत्र | अफ्रिका र युरोपको बिचमा पर्ने भूमध्यसागरको वरिपरीको क्षेत्र दक्षिण युरोप र उत्तरी अफ्रिका | गृष्म न्यानो र सुख्खा एवम् हिँउदमा ठन्डा र वर्षा हुने । हिउँदमा | चिल्ला पात भएका झाडी आकारका वनस्पति हुने । खास | जन जीवन उच्च प्रकारको । विकसित मुलुकहरू रहेका । | उद्योग, व्यापार, सेवा, फलफूल खेती |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मुख्य क्षेत्र । विश्वभरका पच्चिस देखि पैंत्तिस डिग्री अक्षांशको आस पासमा पशिचिमी किनारामा पाइने । मध्य पश्चिमी चिली, दक्षिणी अष्ट्रेलिया | पश्चिमी वायुको प्रभावले वर्षा हुने । | गरी सुन्तला जातका फलफूलको वनस्पति पाइने हुँदा यसलाई संसारकै बगैंचा भनिन्छ । | | |
| | समशीतोष्ण तृण भूमिको क्षेत्र | महादेशको भित्री भागमा पाइने । उत्तर अमेरिकाको प्रेरिज, एशियाको स्टेप्स, दक्षिण अमेरिकाको पम्पास, अष्ट्रेलियाको डाउन्स र अफ्रिकाको क्याम्पोस क्षेत्र | वर्षै भरी सुख्खा हावापानी कहिले काहीँ थोरै वर्षा हुने । हिउँद लामो चिसो र ग्रीष्म छोटो र न्यानो | भुइँमा हुने घासका विषाल फाँटहरू हुने । | सामान्य प्रकारको जनजीवन । रुस, अष्ट्रेलिया अमेरिका र क्यानाडामा उच्च प्रकारको जनजीवन | मुख्य पेसा गहुँ खेती र पशुपालन, डेरी उद्योग प्रेरिजलाई संसारकै अन्नको भन्डार भनिन्छ । |
| | सम शीतोष्ण सामुद्रिक क्षेत्र | महादेशको पश्चिचीम किनारको पैंत्तिस डिग्री देखि पैतालिस डिग्री उत्तर दक्षिणको भागमा वर्षौं भरी | वर्षैभरी न्यानो हावापानी, वर्षै भरी सामान्य सिमसिमे वर्षा | सदावहार वनस्पति | उच्च प्रकारको जनजीवन, व्यस्त जीवनशैली | उद्योग, व्यापारको राम्रो विकास भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पानी पर्दछ । पश्चिमी युरोप, पूर्वी क्यानाडाको सेन्ट लरेन्स क्षेत्र, चिली, न्युजील्याण्ड, विश्वभरका धेरैजसो समुद्री किनारी भाग | भइरहने । स्वस्थकर हावापानी | | | |
| | समशीतोष्ण मौषमी हावापानीको क्षेत्र | पूर्वी एशियाका पूर्वी चीन मुख्य क्षेत्र, यसलाई चिनीया प्रकारको हावापानी पनि भनिन्छ । यो दक्षिण एशियामा पनि पाइन्छ । | ग्रीष्म न्यानो र वर्षा, हिउँद चिसो र सुख्खा | पतझर ( हिउँदमा पात झर्ने) वनस्पति पाइने । झाडी आकारका वनस्पनि धेरै हुने । | उच्च मध्यम प्रकराको जनजीनवन । निर्वाहमुखी कृषिमा आधारित । धान मुख्य उत्पादन । घनावस्ती । | कृषि मुख्य पेसा भएपनि उद्योग र व्यापार पनि फस्टाएको |

## ९. परियोजना कार्य/गृहकार्यः

क) विद्यार्थीहरूलाई चार पाँच जनाको समूहमा बसेर इन्टरनेट वा एटलस वा अन्य सन्दर्भ सामग्रीको प्रयोग गरी सम शीतोष्ण क्षेत्रको बारेमा जानकारी गराउने चार्ट वा पोष्टर वा स्लाइड सो तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

## पाठ : ६ र ७

## शीत प्रदेश र प्रदेशका गतिविधि

**अनुमानित घन्टीः २**

### १. सिकाइ उपलब्धि

विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन र हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन ।

**२. विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) शीत प्रदेशीय हावापानीको परिचय दिन

ख) शीत प्रदेशीय हावापनीको प्रदेशमा पर्ने क्षेत्रहरूको पहिचान गर्न

ग) शीत हावापानीका क्षेत्रहरूको भौगोलिक अवस्था, वनस्पति, जन जीवन र आर्थिक गतिविधिका बारेमा जानकारी प्राप्त गर्न

घ) नेपालको हावापनी र जनजीवनसँग तुलाना गर्न

ङ) विश्वको नक्सामा शीत प्रदेशीय हावापनीको प्रदेश र क्षेत्रहरू देखाउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः

क) शीत प्रदेशीय भौगोलिक क्षेत्रको हावापानी किन त्यस्तो भयो होला भनी समालोचनात्मक दृष्टिकोणले हेर्ने

ख) उक्त हावापानीका क्षेत्रको सकारात्मक पक्षहरू पहिचान गर्ने

ग) मानवको वातावरणसँग समायोजन हुने तरिका सम्बन्धमा धारणा निर्माण गर्ने

### ४. सिकाइ सामग्रीहरू

विश्वको प्राकृतिक र राजनीतिक नक्सा, ग्लोब, टर्चलाइट, एटलसहरू, समशीतोष्ण प्रदेशीय क्षेत्रको धरातल, हावापानी, वनस्पति, जनजीवन र आर्थिक गतिविधि झल्कने चित्र, फोटो, भिडियो क्लिप्स, Multimedia Projector, कम्प्युटर, विषयवस्तुसँग सम्बन्धित सिडी, डिभिडीहरू वा सफ्टवेयर आदि ।

### ५. सिकाइ क्रियाकलाप

क) ग्लोब र विश्वको प्राकृतिक नक्सा प्रदर्शन गर्दै उत्तरी ध्रुव र दक्षिणी ध्रुव क्षेत्रमा वर्षैभरी जाडो हुन्छ भन्ने सम्बन्धमा छलफल गर्ने

ख) शीत प्रदेशको हावापानी, वनस्पति र जनावर एवम् त्यसको विशेषता सम्बन्धी चित्र, चार्ट, फोटो भिडियो, स्लाइड आदि प्रदर्शन गर्दै छलफल गर्ने

ग) शीत प्रदेशमा हुने जनजीवन र आर्थिक क्रियाकलापका सम्बन्धमा चित्र, फोटो, भिडियो र एटलसको सहायताले छलफल गर्ने

घ) विश्वको नक्सामा शीत प्रदेशीय हावापानीको क्षेत्र भर्न लगाइ कक्षामा प्रदर्शन गर्ने

ङ) शीत प्रदेशीय हावापानी र नेपालको हिमाली प्रदेशको हावापानीका बारेमा तुलनात्मक छलफल गर्ने

## ६. प्रतिविम्बन

तलका जस्तै प्रश्न सोधी छलफल गर्ने ।

- शीत प्रदेशमा कोणधारी वनस्पति हुनुको कारण के होला ?
- जति उत्तर वा दक्षिण गयो उति जाडो हुनुका कारण के होला ?
- शीत प्रदेशमा हिउँदमा दिन छोटो रात लामो र ग्रीष्ममा दिन लामो रात छोटो हुनाको कारण के होला ?
- टुन्ड्रा वनस्पतिका विशेषताहरू के के हुन् ?
- इग्लु भनेको के हो ?
- इन्युट र एस्किमोहरूको मुख्य विशेषताहरू के के हुन् ?

## ७. थप अध्ययन सामग्रीः

| प्रदेशको नाम | हावापानीको क्षेत्र र | विश्वमा यो हावापानी पाइने क्षेत्र | हावापानीको विशेषता | वनस्पति र तिनको विशेषता | जनजीवन | मुख्य आर्थिक गतिविधि |
|---|---|---|---|---|---|---|
| शीत( चीसो) हावापानीको प्रदेश | साइबेरियान हावापानीको क्षेत्र वा उपध्रुवीय क्षेत्र | ६० डिग्री अक्षांश देखि माथि ७० डिग्री अक्षांश सम्म दुवै गोलार्धमा यो हावापानी पाइन्छ । उत्तरी युरोप, उत्तरी क्यानाडा र | वर्षै भरी अत्यन्त चिसो हुने ग्रीष्ममा केही न्यानो हुने । हिउँदमा रात लामो र ग्रीष्ममा दिन लामो हुने । हिउँद लामो र ग्रीष्म छोटो हुने । | कोणधारी वनस्पति हुने । साइबेरियामा यस्तो विशाल जङ्गललाई टैगा (Taiga) भनिन्छ । | जन जीवन युरोप र क्यानाडामा उच्च प्रकारको र अन्य क्षेत्रमा सामान्य प्रकारको हुने । त्यस प्रदेशको उत्तरी क्षेत्रमा इग्लु (Iglu) र एस्किमो जातिका मानिस बसोवास गर्ने | काठ काट्ने र प्रसोधन गर्ने उद्योगहरू रहेका । माछा सङ्कलन, उद्योग र व्यापार पनि फस्टाएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उत्तरी एशियाको साइबेरिया क्षेत्र यस हावापानीको मुख्य क्षेत्र हो । | हिउँदमा प्राय हिमपात हुने । | | । | |
| | टुन्ड्रा हावापानीको क्षेत्र | ७० डिग्री भन्दा माथिको अक्षांशमा यो हावापानी पाइन्छ । उत्तरी गोलार्धमा समुद्र रहेकोले समुद्र ने जमेको अवस्थामा रहेको छ भने दक्षिणी गोलार्धमा अन्टार्कटिका महादेश पूरै हिउँले ढाकेको छ । | यस हावापानीको क्षेत्रमा वर्षैभरी अत्यन्त चिसो हावापानी पाइन्छ । वर्षैभरी हिउँले ढाकेको हुन्छ । | यहाँ हिउँ पग्लेको बेला चट्टानमा काइ, लेउ र छिटो उम्रेर बढ्ने बिरुवा पाइन्छन् । यस्ता वनस्पतिलाई टुन्ड्रा वनस्पति भनिन्छ । | यहाँ मानिसको बसोवास छैन । तल्लो अक्षांशमा इन्युट जातिका मानिसहरू बस्तछन् । उनीहरू हिउँबाट बनेको घर इग्लुमा बस्ने गर्दथे । | शिल माछाको सिकार गरेर जीवन गुजारा गर्दथे । अहिले उनीहरूको पनि आधुनिकीकरण भइरहेको पाइन्छ । |

## पाठ ८
## विश्वका वनस्पति र जीवजन्तुहरु

**अनुमानित घन्टीः २**

### १. सिकाइ उपलब्धि

विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन र हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन

**२. विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) विश्वका वनस्पतिका क्षेत्रहरूको परिचय दिन

ख) हावापानी, वनस्पति र जीवजन्तु बिचको सम्बन्ध पहिचान गर्न

घ) नेपालको वनस्पति र विश्वको वनस्पति बिचमा तुलाना गर्न

ङ) विश्वको खाली नक्सामा विभिन्न वनस्पतिका क्षेत्रहरू देखाउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) समायोजन सम्बन्धी धारणाको निर्माण गर्ने

ख) विश्वका हावापानी र वनस्पतिको कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा समालोचनात्मक सोचाइको विकास गर्ने

ग) सहकार्य र सहमती सम्बन्धी सिपको विकास गर्ने

**४. सिकाइ सामग्रीहरूः** विश्वको प्राकृतिक र राजनीतिक नक्सा, एटलसहरू, विश्वका विभिन्न प्रकारका वनस्पतिका क्षेत्र, जनजीवन र आर्थिक गतिविधि देखाउने नम्सा, चित्र, फोटो, भिडियो क्लिप्स, Multimedia Projector, कम्प्युटर, विषयवस्तुसँग सम्बन्धित सिडी, डिभिडीहरू वा सफ्टवेयर आदि । स्थानीय स्तरमा पाइने वनस्पतिका नमुनाहरू

### ५. क्रियाकलापः

क) विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा पाइने विविध प्रकारका वनस्पतिको पात वा हाँगा सङ्कलन गरी ल्याउन अघिल्लो दिन नै निर्देशन दिने । सबै विद्यार्थीले ल्याएको वनस्पति कक्षामा प्रदर्श गर्दै कुन प्रकारको हो भनी वर्गीकरण गर्न लगाउने र विशेषता भन्न लगाउने ।

ख) विश्वाको वनस्पतिका प्रदेश देखाउने नक्सा प्रदर्शन गर्दै विश्वमा हावापानीअनुसारका वनस्पति पाइन्छन् भनी छलफल र प्रश्नोत्तर विधिका माध्यमबाट धारणा प्रष्ट पारिदिने

ग) तलका प्रश्नहरूमा कक्षामा खुला बहस गर्ने

- मरुभूमिका वनस्पतिको पात बाक्लो र चिल्लो र जरा लामो हुनु
- शीत प्रदेशमा सल्लाको रुख कोणधारी वनस्पति हुनु

- भूमध्ये रेखीय प्रदेशमा टुप्पामा झ्याम्म परेका र ठुला पात भएका वनस्पति हुनु
- मनसुनी हावापानीको क्षेत्रमा हिउँदमा पात झर्ने वनस्पति हुनु
- महादेशको भित्री भागमा घाँसे मैदान हुनु
- सभाना क्षेत्रमा धेरै जनावर हुनु

यी प्रश्नको जवाफ शिक्षकले सिधै नभनेर विद्यार्थीलाई नै बढीभन्दा बढी सोच्न मौका दिनुपर्छ ।

घ) कक्षालाई विभिन्न समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई एक एक ओटा वनस्पतिर जीवजन्तुको बारेमा सन्दर्भ सामग्री र पाठ्यपुस्तकको अध्ययन गर्न लगाई विवरण तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य, मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

क) विश्वका कुन भागमा के कोणधारी वनस्पति पाइने रहेछ ?

ख) वर्षा जङ्गल भनेको के हो ? यो कहाँ पाइन्छ ?

ग) कोणधारी वनस्पति के कामका लागि उपयोगी हुन्छ ?

घ) विश्वको अन्नको भन्डार भनेर कुन वनस्पतिको क्षेत्रलाई चिनिन्छ र किन ?

## ७. थप अध्ययन सामग्री

### विश्वको वनस्पती र जीवजन्तुहरू

विश्वमा हावापानी अनुसार जीवजन्तुहरू पनि पाइन्छन् । धेरै चिसो ठाउँमा चिसो सहन सक्ने र धेरै बाक्लो भुवा भएका जनावरहरू जस्तै हिउँभालु, हिम चितुवा आदि पाइन्छन् । जसको रङ्ग पनि प्राय सेतो हिउँ जस्तै हुन्छ । यसले उनीहरूलाई सत्रुबाट जोगिन सहयोग गर्छ । पेनगुइन चरा र शील माछा जसको शरीरमा बाक्लो भुवा र छालाभित्र बाक्लो बोसो हुन्छ । बोसो र भुवाले शरीर न्यानो बनाइराख्न मदत गर्छ । सभाना क्षेत्रमा प्रशस्त घाँस पाइने हुनाले धेरै प्रकारका साकाहरी जनावरहरू गैंडा, हात्ती, जिराफ, अर्ना, मृग, हुँडार, ब्वाँसो, हरिण आदि पाइन्छन् । मांशाहारी जनावरको आहारा यिनै साकाहारी जनावर भएको हुनाले त्यहाँ प्रशस्त मात्रामा सिंह, बाघ, चितुवा जस्ता मांशाहारी जनावर पनि पाइन्छन् त्यसैले यस क्षेत्रलाई संसारकै चिडियाखाना पनि भनिन्छ । मरुभूमि क्षेत्रमा धेरै सुख्खा भएको र विषम हावापानी भएको हुनाले त्यसबाट जोगिन धेरै दिनसम्म पानी र खानेकुरा नखाई बाँच्न सक्ने जनावर उँट हो जो बालुवामा पनि सजिलै हिँड्न सक्छ । त्यहाँ जमिनमुनी दुलो बनाएर बस्न सक्ने जनावरहरू हुन्छन् । भूमध्ये रेखीय क्षेत्रमा गर्मी र वर्षा हुने

हुनाले त्यहाँ खाना र पानीको अभाव छैन । त्यसैले संसारकै ९० प्रतिशत जीवजन्तु त्यहाँ पाइन्छन् भनिन्छ ।

**विश्वमा पाइने वनस्पतिहरू**

विश्वको प्राकृतिक वनस्पतिको वर्गिकरण तथा वितरणमा विभिन्न आधारहरूलाई लिइन्छ । वनस्पतिको निर्माण र स्वरूपका आधारमा विभिन्न (biochores) विर्गीकरण गर्न सकिन्छ । जसअनुसार विश्वको वनस्पतिहरूको वर्गीकरण यस प्रकार छ ।

१. जङ्गल प्रदेश (Forest biochore)

क) भूमध्ये रेखीय जङ्गल

ख) उष्णप्रदेशीय जङ्गल

ग) मौसमी जङ्गल

घ) शितोष्ण वर्षाक्षेत्रको जङ्गल

ङ) ग्रीष्मकालीन पतझर जङ्गल

च) कोणधारी जङ्गल

छ) सदावहार कडा काठजातका जङ्गल

२. सभाना घाँसे मैदान तथा झाडी

क) सभाना काठका जङ्गल

ख) झाडी (काणेदार)

ग) सभाना घाँस

घ) मरुभूमी र अर्धमरुमूभी घाँस

ङ) झाडी सुख्खा

च) टुन्ड्रा

३. घाँसे मेदान

क) प्रेरी

ख) स्टेपी

ग) टेन्ड्रा

४. मरुभूमी

क) शुष्क

ख) धुर्वीय

| वनस्पतिको प्रदेशको नाम | विश्वमायो वनस्पति पाइने क्षेत्र | वनस्पति र तिनका विशेषता | हावापानीको विशेषता | हावापानीसँगको सम्बन्ध |
|---|---|---|---|---|
| भूमध्ये रेखीय वर्षा जङ्गल वा उष्ण सदावहार वनस्पति | दुवै गोलार्धमा ३० डिग्री अक्षांशभित्र भूमध्ये रेखीय क्षेत्रमा यसलाई वर्षा जङ्गल पनि भनिन्छ । यो उष्ण मौषमी क्षेत्रमा पनि पाइन्छ । | उष्ण सदाबहार वनस्पति अग्ला, सुरिला, टुप्पामा झ्याम्म परेका सधैँ हरियो हुने रुखको घना जङ्गल । साल सिसौ, रवर, पाम आदिका वनस्पति हुने | वर्षैभरि सामान्यतया गर्मी हुने । भूमध्ये रेखीय क्षेत्रमा धेरै गर्मी र वर्षा हुने | वनस्पतिले जराबाट पानी सोसेर लिन्छ र पातबाट वाष्पीकरण गरेर फाल्दछ । यस क्षेत्रमा वर्षा धेरै हुने र ओसिलो जमिन भएकोले वनस्पतिले जराबाट धेरै पानी सोसेर लिन्छ । त्यसलाई छिटो र एकैपटक धेरै मात्रामा फाल्नको लागि ठुला पात हुने र नयाँ पात आए पछि मात्र पुराना पात झर्ने हुन्छ । त्यसैले यी वनस्पति सदावहार हुन्छन् । गर्मीबाट जोगिन टुप्पामा भ्याम्म परेका हुन्छन् । |
| मरुस्थलीय वनस्पति | विश्वभरका मरुभूमिहरूमा पाइन्छ । | क्याक्टस ( सिउडी) जातका काँढेदार, लामा जरा भएका, पात बाक्लो र चिल्लो होचा वनस्पति हुने । | अत्यन्त सुख्खा हावापानी वर्षा हुँदै नहुने, भए पनि धेरै कम हुने । बालुवा नै बालुवाको संसार । | मरुभूमिमा धेरै नै सुख्खा हुने हुँदा बिरुवाको लामा लामा जरा हुन्छन् । ती जराबाट सङ्कलन गरेको पानी पातबाट खेर नजाओस् भनेर यी बिरुवाको चिल्लो पात हुन्छ । तरल पदार्थलाई सुक्न नदिन बाक्लो र्याल वा दुध जस्तो पदार्थको रूपमा |

| | | | | |
|---|---|---|---|---|
| | | | बालुवाको आँधी चल्ने । | नभएकोले उसले डाँठमा जोगाएर राख्छन् । |
| उष्ण घाँसे वनस्पति वा सभाना प्रकारको वनस्पति | सभाना क्षेत्र र महादेशको भित्री भागमा भूमध्य रेखीय हावापानीको क्षेत्रको वरिपरी पाइन्छ । | अग्ला घाँस हुन्छन् ठाउँ ठाउँमा छाता आकारका रुख पाइन्छन् भने धेरै मोटा डाँठ भएका रुख पनि पाइन्छन् । | वर्षैभरी सुख्खा हावापानी पाइन्छ । थोरै वर्षा हुन्छ । | वर्षा कम भएकाले रुख नभएको हो । धेरै गर्मी हुने हुनाले रुखले आफ्नो जरा वरिपरिको क्षेत्रलाई घामबाट जोगाउन छाता जस्तै गरी फैलिएर छाहारी दिएको हुन्छ । सुखा भएकोले कुनै कुनै रुखले अफूलाई आवश्यक पानी जोगाएर राख्न बाक्लो बोक्रा भएका मोटा डाँठ हुन्छन् । |
| पतझर वनस्पतिको क्षेत्र | खास गरी मौषमी (monsoon) हावापानीको क्षेतमा यो वनस्पति पाइन्छ । मध्येपहाडी क्षेत्रमा पनि यो वनस्पति पाइन्छ । | ग्रीष्ममा हरियो हुने र हिउँदमा पात झर्ने स्वभावको हुन्छ । मध्यम खालका वनस्पति हुन्छन् । | ग्रीष्ममा वर्षा र गर्मी, हिउँदमा जाडो र सुख्खा हुन्छ । | ग्रीष्ममा वर्षा हुने हुँदा जराबाट सोसेको पानी निष्कासन गर्न पातहरू हुन्छन् । हिउँदमा वर्षा नहुने हुँदा जराबाट पानी पाउन सक्दैन र बिरुवा मर्न सक्ने हुनाले हिउँदमा बिरुवाले पात फाल्दछ । |

| | | | | |
|---|---|---|---|---|
| कोणधारी वनस्पति | यो वनस्पति उपध्रुवीय क्षेत्रमा पाइन्छ। उच्च पर्वतीय क्षेत्रमा पनि यो वनस्पति पाइन्छ। उत्तरी साइबेरियाको टायगा र उत्तरी क्यानाडाको जङ्गल नेपालको उच्च पर्वतीय क्षेत्रमा यो वनस्पति पाइन्छ। यसमा सल्ला, धुपी, देवदार, आदि | यो वनस्पति त्रिकोण आकारको हुन्छ र पात मसिनो हुन्छ । लचकदार हाँगा र बाक्लो बोक्रा हुन्छ । सल्ला, धुपी, देवदार यसका उदाहरण हुन्। | हिउँद लामो र धेरै चिसो हुन्छ हिउँको वर्षा हुन्छ। | यी वनस्पतिको हिउँदमा धेरै हिमपात हुने हुनाले पात र हाँगामा हिउँ नबसोस् र चिप्लेर तल झरोस् भनेर त्रिकोण आकोर र लचकदार हाँगा भएको हो । जाडोबाट जोगिन यसका बोक्रा बाक्लो हुन्छ। |
| समशीतोष्ण घाँसे वनस्पति | महादेशको भित्री भागमा घाँसका फाँटहरू पाइन्छ। यस्ता घाँसे वनस्पतिका क्षेत्रलाई उत्तर अमेरिकामा प्रेरिज, एशियामा स्टेप्स, दक्षिण अमेरिकामा पम्पास, अष्ट्रेलियामा डाउन्स र अफ्रिकामा क्याम्पोस भनिन्छ। | होचा भुईंघास मात्र हुने रुख नहुने। | हिउँद ठन्डा ग्रीष्म न्यानो वर्षा अत्यन्त कम हुने। | वर्षा नभएका कारण रुखहरू हुँदैनन् । यो क्षेत्र पशुपालन र गहुँ खेतीको लागि निकै प्रशिद्ध छ। |

| | | | | |
|---|---|---|---|---|
| भूमध्ये सागरीय वनस्पति | भूमध्य सागरको वरिपरी पाइन्छ । विश्वका ४० डिग्री अक्षांशको आसपासमा महादेशको पश्चिमी किनारमा यस्तो वनस्पति पाइन्छ । | चिल्लो टल्किने पात भएका होचा झाडी आकारका सुन्तला जातका वनस्पति हुन्छन् । सुन्तला, कागती, जुनार लगायतका वनस्पति यहाँ हुन्छन् । | यहाँ पश्चिमी वायुको प्रभावले हिउँदमा वर्षा हुन्छ । ग्रीष्म सुख्खा हुन्छ । | ग्रीष्ममा वर्षा नहुने हुनाले घामलाई परावर्तन गरी तातोबाट जोगिन टल्किने पात हुन्छन् । हिउँदमा वर्षा हुने हुनाले वाष्पीकरणबाट पानी निष्काशन गर्न वर्षैभरी पात रहिरहन्छ । सदावहार हुन्छ । पानीको कमीका कारण धेरै ठुला रुख हुँदैनन् । |
| सामुद्रिक वनस्पति । | विश्वभरका सामुद्रिक किनारी क्षेत्रमा पाइन्छ । | यी वनस्पति भूमध्ये रेखीय वनस्पति जस्तै सदावहार हुन्छन् तर साना हुन्छन् । | वर्षैभरी मसिनो वर्षा भइरहन्छ । धेरै जाडो पनि नहुने र धेरै गर्मी पनि नहुने समशीतोष्ण हावापानी पाइन्छ । | सधैँ वर्षा भइरहने हुनाले ठुला पात भएका सदावहार वनस्पति पाइन्छ । |
| टुन्ड्रा वनस्पतिको क्षेत्र | ध्रुवीय क्षेत्र र उच्च पर्वतीय क्षेत्रमा यस्तो वनस्पति पाइन्छ । | हिउँ पग्लेको बेला चट्टानमा देखा पर्ने काइ लेउ र झ्याउका रूपमा यो वनस्पति देखा पर्छ । कहीँ कहीँ छिट्टै हुर्कने फुल र घाँसहरू | धेरै जाडो हुने वर्षैभरी हिउँपर्ने क्षेत्र । | धेरै चिसोका कारण वनस्पति हुर्कन कठिन हुने हुँदा ठुला वनस्पति नहुने |

| | | | | |
|---|---|---|---|---|
| | | पाइन्छन् । | | |

## पाठ : ९

## वनस्पति र धरातलीय विविधताबाट जनजीवनमा पार्ने प्रभाव

**अनुमानित घन्टीः २**

### १. सिकाइ उपलब्धिः

विश्वको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, हावापानीको प्रकार एवम् वनस्पति र जीवजन्तुको परिचय दिन र हावापानीले जनजीवनमा पार्ने प्रभाव बताउन ।

### २. **विशिष्ट उद्देश्य :–** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) विश्वमा हावापानी र धरातलीय स्वरूपका कारण जनजीवनमा पर्ने असरका बारेमा जानकारी प्राप्त गर्न

ख) विश्वमा जातिगत, संस्कार र चालचलनमा भिन्नता हुनुका कारणहरू पहिचान गर्न

ग) नेपालको वनस्पति र विश्वको वनस्पतिबिचमा तुलाना गर्न

घ) विश्वको खाली नक्सामा विभिन्न वनस्पतिका क्षेत्रहरू देखाउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) समायोजन सम्बन्धी धारणाको निर्माण गर्ने

ख) विश्वको जुनसुकै कुनामा गए पनि आफूलाई समायोजन गर्ने उपायको खोजी गर्ने

### ४. सिकाइ सामग्रीहरू

विश्वको प्राकृतिक र राजनीतिक नक्सा, एटलसहरू, विश्वका विभिन्न प्रकारका बसोवासका क्षेत्र, जनजीवन र आर्थिक गतिविधि देखाउने नक्सा, चित्र, फोटो, भिडियो क्लिप्स, Multimedia Projector, कम्प्युटर, विषयवस्तुसँग सम्बन्धित सिडी, डिभिडीहरू वा सफ्टवेयर आदि । स्थानीय स्तरमा पाइने वनस्पतिका नमुनाहरू

### ६. सिकाइ क्रियाकलाप

क) विश्वको प्राकृतिक नक्सा प्रदर्शन गर्दै कुन क्षेत्रमा बढी र कुन ठाउँमा कम जन आवादी बढी होला भनी छलफल गर्ने । किन त्यस्तो भएको होला भनी छलफल गर्ने ।

ख) नेपालमा हिमालदेखि तराइ र पूर्व देखि पश्चिमसम्म फरक फरक जीवनशैली हुनुको कारण के होला भनी छलफल गर्ने ।

ग) नेपालमा जस्तै विश्वका पनि गर्मी र जाडो हावापानीका क्षेत्र र पर्वतीय, समथर, मरुभूमिलगायतमा बसोवास गर्ने मानिसहरूको जनजीवन, आर्थिक सामाजिक गतिविधि झल्काउने चित्र, फोटो, भिडियो आदि प्रदर्शन गर्दै छलफल गर्ने ।

घ) तलका प्रश्नहरूमा कक्षामा खुला छलफल गर्ने । हावापानी र धरातलका कारण जन जीवनमा फरक पर्छ भन्ने उदाहरणहरू दिएर प्रष्ट पारिदिने ।

- नेपालका शेर्पाहरू पर्वतारोहणमा सिपालु छन् ।
- अफ्रिकाको मध्यभागमा प्रारम्भिक प्रकारको जनजीवन छ ।
- युरोपेलीहरू विज्ञान प्रविधि र आर्थिक सामाजिक क्षेत्रमा निकै अगाडि छन् ।
- सभाना क्षेत्रका मानिसहरू सिकार खेल्नमा सिपालु छन् ।
- इन्युटहरू हिउँको घर इग्लुमा बस्छन् ।
- समुद्री किनारका बस्तीमा माछा मुख्य खाना हुन्छ ।
- जाडो ठाउँका मानिसहरू ऊनीको र भुवादारी कपडा मन पराउँछन् भने गर्मी ठाउँका मानिसहरू सेतो कपडा मन पराउँछन् ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

क) नेपालको जनजीवनमा विविधता हुनुका कारणहरू के के रहेछन् ?

ख) गर्मी ठाउँमा के कस्तो जनजीवन पाइन्छ ?

ग) अफ्रिकाका मानिसहरू पछाडि पर्नुको कारण के होला ?

घ) युरोपेली र पूर्वी एशियाका मानिसहरूले आर्थिक प्रगति गर्नुका पछाडि हावापानीको पनि भूमिका छ ? कसरी ?

ङ) तपाइलाई वर्षको कुन महिना धेरै राम्रो लाग्छ र कुन कुन महिनामा धेरै जाँगर चल्छ, कुन कुन महिनामा अल्छी लाग्छ किन ?

## ७. थप अध्ययन सामग्रीहरू :

हावापानीको जनजीवनमा प्रभाव

| हावापानी | जनजीवनमा प्रभाव | आर्थिक गतिविधि |
|---|---|---|
| धेरै गर्मी | अल्छिपना हुने, सिर्जनशीलतामा कमी, धेरै सन्तान उत्पादन गर्ने । रोग र भोक र गरिबीको प्रकोप बढी हुने | कृषि, पशुपालन, सिकार |
| जाडो | धेरै समय काम गर्न कठिन । घरबाहिरको काममा समय दिन नसक्ने । खाना धेरै रुच्ने र पाचन राम्रो हुने हुनाले हृष्टपुष्ट र बलिया हुने । बाक्ला लुगाहरूले गर्दा काम | कृषि, पर्यटन, पशुपालन, घरेलु उद्योग |

| | | |
|---|---|---|
| | गर्न कठिनाइ | |
| समशीतोष्ण | मानिसहरू जाँगरिला र सिर्जनशील हुने । धेरै समय काम गर्न सक्ने हुँदा उत्पादकत्व बढी हुने । कला, साहित्य, विज्ञानको विकास हुने । | उद्योग, व्यापार र सेवा क्षेत्रको विकास |
| सामुद्रिक क्षेत्र | माछा मार्ने र नौका विहारमा सिपालु | माछा मार्ने व्यवसाय, डुङ्गा चलाउने, पर्यटन र व्यापार व्यवसाय |

## पाठ : १० र ११

## उत्तर अमेरिकाको सामाजिक र आर्थिक क्रियाकलाप

**अनुमानित घन्टीः २**

१. **सिकाइ उपलब्धिः** उत्तर अमेरिका एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न

२. **विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) उत्तर अमेरिका महादेशको धरातल, हावापानी, वनस्पतिलगायत भौगोलिक अवस्थाको परिचय दिन

ख) उत्तर अमेरिका महादेशको जनजीवन र आर्थिक तथा सामाजिक अवस्थाको परिचय दिन

ग) उत्तर अमेरिका महादेशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थासँग नेपालको तुलना गर्न

घ) उत्तर अमेरिका महादेशको खाली नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न

३. **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्तिः**

क) प्राकृतिक सम्पदाहरूको उचित उपयोग र संरक्षण गर्दा देशको विकास गर्न सकिन्छ भन्ने धारणाको विकास गर्न

ख) अमेरिका महादेशको बारेमा थप जिज्ञासा पैदा भई त्यसका बारेमा खोजी गर्ने बानीको विकास गर्न

ग) उत्तर अमेरिका महादेशको भ्रमण गर्ने योजना तयार पार्न

घ) विश्वमा सबैसँग सहकार्य र सह सम्बन्धको विकास गर्नुपर्छ भन्ने धारणा र मूल्यको विकास गर्न

४. **सिकाइ सामग्रहिरूः**

उत्तर अमेरिका महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलसहरू, त्यहाँका मुख्य मुख्य ठाउँहरूको सूची, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने चित्र, पोटो, चार्ट, भिडियो क्लिप्स, प्रोजेक्टर, कम्प्युटर, इन्टरनेट, नमुना सामग्री

५. **सिकाइ क्रियाकलाप**

क) कक्षा प्रवेश गर्दा अमेरिका, क्यानाडा र मेक्सिकोको झन्डा लिएर जाने । विद्यार्थीलाई यी झन्डाहरू कुन कुन देशका होलान् भनी प्रश्न गर्ने । ठिक उत्तर मिलाउनेहरूलाई उठाई तालिले सम्मान गर्ने । यी देशहरू कहाँ पर्छन् देखाऊ भनी केही विद्यार्थीलाई भित्तामा

टाँसेको उत्तर अमेरिकाको नक्सामा पहिचान गर्न लगाउने । नसकेमा एटलस हेरेर भन्न लगाउने ।

ख) उत्तर अमेरिका महादेशको भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरको आधारमा), आकार ( क्षेत्रफल, उत्तर दक्षिण र पूर्व पश्चिम फैलावटको आधारमा), सीमाना (पूर्व पश्चिम, उत्तर दक्षिण तथा सीमा क्षेत्र ) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रष्ट पार्ने,

ग) सबै विद्यार्थीलाई पाठ्यपुस्तकको पाठ र सन्दर्भ सामग्रीको विषयवस्तु पढ्न लगाउने । पढ्दा कम्तिमा मुख्या मुख्य दश तथ्यहरू याद गर्नुपर्ने भनी निर्देशन दिने । सबैले पढिसकेपछि सबै विद्यार्थीलाई गोलो घेरामा राखी तातो आलु खेलका माध्यमबाट आफूले जानेका एक एक ओटा तथ्य भन्न लगाउने । यसका लागि एउटा भकुन्डो वा कुनै वस्तु एक जनालाई दिने जसको हातमा भकुन्डो पर्‍यो उसले उत्तर अमेरिकाको बारेमा आफूले जानेको एक कुरा बताउनु पर्ने हुन्छ । उसले भनी सके पछि भकुन्डो दायाँको साथीलाई दिनुपर्ने हुन्छ । भकुन्डो सार्दै जाँदा जहाँ पुगेर रेफ्रिले स्टप भन्छन् त्यतिबेला भकुन्डो पाउनेले आफूले जानेको एक तथ्य भन्नु पर्ने हुन्छ । यो खेल तिन चार राउण्डसम्म खेल्ने । यसले विद्यार्थीमा विषयवस्तु प्रतिको चासो र रुची जगाउँछ ।

घ) उत्तर अमेरिका महादेशको नक्सा, चित्र, फोटो, चार्ट, स्लाइड, भिडियो आदि मध्ये उपलब्ध सामग्री प्रदर्शन गर्दै उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था, हावापानी, वनस्पति, आर्थिक क्रियाकलाप र जनजीवनका बारेमा छलफल गर्ने ।

ङ) विद्यार्थीहरूलाई एटलस वा पाठ्यपुस्तकमा भएको उत्तर अमेरिका महादेशको नक्सा हेर्दै त्यसको वरिपरिको सीमाना देखिने खाली नक्सा कापीमा उतार्न लगाउने । सो नक्सामा उतार्दा हड्सनको खाडीदेखि उत्तरतर्फका द्विपहरू देखाउने नपर्ने कुरा जानकारी गराउने । सो नक्सामा मुख्य मुख्य भौगोलिक तथ्यहरू सङ्केतको प्रयोग गरेर भर्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउने ।

च) उत्तर अमेरिका महादेशको जनजीवन र आर्थिक सामाजिक क्रियाकलापका बारेमा उपलब्ध स्रोतको उपयोग गरेर जानकारीहरू सङ्कलन गरी विवरण तयार पार्न विद्यार्थीहरूलाई परियोजना कार्य गृहकार्यका रूपमा दिने । अर्को दिन सबै विद्यार्थीले तयार पारेका विवरणहरूमध्ये केही विवरणहरू प्रस्तुति गर्न लगाउने र बाँकीलाई कक्षामा प्रदर्शन गर्न लगाउने । शिक्षकले थप नयाँ तथ्यहरू भए बताइदिने ।

## ६. मूल्याङ्कन

क) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

- उत्तर अमेरिका महादेशमा कुन कुन भौगोलिक क्षेत्रहरू रहेका छन् ?
- यस महादेशमा पर्ने मुख्य पर्वत शृङ्खलाहरू र शिखरहरूको नाम भन्नुहोस् ।
- उत्तर अमेरिकाको कुन क्षेत्रमा मानिसहरूको बस्ती बाक्लो र कुन क्षेत्रमा पातलो छ ? किन यस्तो भएको होला ?
- उत्तर अमेरिका महादेश विकसित महादेशका रूपमा चिनिनुका पछाडि के कस्ता कारणहरू हुन् सक्छन् ?
- अमेरिकाको कुनै एउटा सहरमा जाँदा नेपालको कुनै मानिस भेटियो भने तपाइँलाई कस्तो महसुस होला ?
- के विकास भगवानको वरदान हो ? कसरी ?

## ७. थप अध्ययन सामग्रीहरू:




**उत्तर अमेरिकालाई मुख्य आठ ओटा भौगोलिक क्षेत्रमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।**

| भौगोलिक क्षेत्र | अवस्थिति | भौगोलिक विवरण | मुख्य आर्थिक क्रियाकलाप | जनजीवन |
|---|---|---|---|---|
| रकी पर्वत श्रेणी क्षेत्र | उत्तर अमेरिकाको पश्चिमी क्षेत्रमा उत्तर दक्षिण भएर फैलिएको लामो पर्वत श्रृङ्खला | यहाँ पर्वतीय हावापानी पाइन्छ । जति उचाइ बढ्दै गयो उति चिसो हुन्छ र हिमालहरू पनि रहेका छन् । | भिरालो धरातल भएकोले कृषि र अन्य व्यवसाय त्यति राम्रो छैन । | जनघनत्व निकै पातलो छ । खानीहरू र पशुपालन व्यवसाय सञ्चालन भएको पाइन्छ । |
| अपलेचियन पर्वत श्रेणी | उत्तर अमेरिकाको पूर्वी भागमा रहेको उत्तर दक्षिण फैलिएको सानो पर्वत श्रेणी | यस क्षेत्रमा पनि पर्वतीय हावापानी पाइन्छ । | यहाँ होचा पहाड र मलिले जमिन भएकोले मकै, भटमास खेती गरिन्छ । | कृषिमा आधारित जनजीवन |
| प्रेरिजको मैदान | मेक्सिको खाडीदेखि केहीभित्रबाट उत्तरमा क्यानाडाको जङ्गलसम्म फैलिएको सम शीतोष्ण घाँसे भूमिको विशाल मैदान । | यहाँ प्राय समथर मैदान रहेको छ । सुखा र ठन्डा हावापानी भएकोले भुईं घाँस मात्र पाइन्छ । | यहाँ व्यावसायिक रूपमा अति आधुनिक प्रविधि अपनाएर ठुला ठुला कृषिफर्ममा गहुँ खेती अपनाइन्छ । प्राय सबै काम मेसिनबाट हुन्छ । यसलाई विश्वको अन्नको भन्डार पनि भनिन्छ । कृषिजन्य उद्योगहरू पनि रहेका छन् । | उच्च स्तरको आधुनिक जनजीवन रहेको । मुख्य पेसा कृषि । केही मात्रामा पशुपालन पनि गरिन्छ । यहाँको अधिकांश उत्पादन युरोप र अन्य देशमा निर्यात गरिन्छ । |
| ग्रेटलेक्स क्षेत्र | अपलेचियन पर्वत श्रेणीदेखि पश्चिममा विशाल तालहरू रहेका | सुपेरियार ताल, मिचिगन ताल, हुरन ताल, ओन्टारियो र | यी तालहरूको वरिपरि स्टिल र कोइला खानी रहेकाले स्टिलसँग सम्बन्धित विभिन्न | उन्नत खालको जनजीवन रहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| | छन् जसलाई ग्रेट लेक्स भनिन्छ । | एरिताल रहेका । | उद्योगहरू यहाँ रहेका छन् । | |
| पूर्वी किनारी क्षेत्र | उत्तर अमेरिकाको पूर्वी किनारा र ग्रेटलेक्सदेखि दक्षिण पूर्वमा मेक्सिको खाडीसम्म | समशीतोष्ण सामुद्रिक हावापानी पाइने र सामुद्रिक सुविधा भएको ले उद्योग | उद्योग, व्यापार, सेवा क्षेत्र र पर्यटन व्यवसायको उच्च विकास भएको | उपयुक्त हावापानी र सामुद्रिक सुविधा भएकोले उत्तर अमेरिकाको सबै भन्दा घना जन आवादी भएको क्षेत्र हो । |
| मरुभूमि क्षेत्र | उत्तर अमेरिकाको मध्य पश्चिमी किनारी क्षेत्र (क्यालिफोर्निया) | सुख्खा हावापानी | सुख्खा हावापानी भएकोले न्यून आर्थिक गतिविधि तर पनि उच्च आधुनिक प्रविधिको प्रयोग गरी कृषि व्यवसाय सञ्चानल | जनघनत्व पातलो । मध्यम स्तरको जनजीवन |
| उत्तरी कोणधारी जङ्गल | उत्तरी क्यानाडाको क्षेत्र | चिसो हावापानी, ठुलो क्षेत्रमा कोणधारी जङ्गल रहेको | काठ काट्ने, कागज र प्लाइउड बनाउने ठुला उद्योगहरू रहेका | जन घनत्व अत्यन्त पातलो तर जनजीवन उच्च स्तरको । |
| भूमध्ये सागरीय हावापानीको क्षेत्र | क्यालिफोर्नियाको उत्तरी किनारी क्षेत्र | हिउँदमा वर्षा हुने । | फलफुल खेतीका निम्ति प्रशिद्ध । जुस र वाइन उद्योगहरू रहेका । | उच्च मध्यम स्तरको जनजीवन । |

## ८. परियोजना कार्य

क) इन्टरनेट र प्रोजेक्टर उपलव्ध भएमा Google earth apps को प्रयोग गरी उत्तर अमेरिकाको विभिन्न स्थानहरूको अवलोकन गराउने ।

## पाठ : १२ र १३

## दक्षिण अमेरिका र सामाजिक र आर्थिक जनजीवन

**अनुमानित घन्टीः २**

१. **सिकाइ उपलब्धिः** उत्तर अमेरिका एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न

२. **विशिष्ट उद्देश्यहरूः** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) दक्षिण अमेरिका महादेशको धरातल, हावापानी, वनस्पतिलगायत भौगोलिक अवस्थाको परिचय दिन

ख) दक्षिण अमेरिका महादेशको जनजीवन र आर्थिक तथा सामाजिक अवस्थाको वर्णन गर्न

ग) दक्षिण अमेरिका महादेशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थासँग नेपालको तुलना गर्न

घ) दक्षिण अमेरिका महादेशको खाली नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न

३. **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्तिः**

क) प्राकृतिक सम्पदाहरूको उचित उपयोग र संरक्षण गर्दा देशको विकास गर्न सकिन्छ भन्ने धारणाको विकास गर्न

ख) दक्षिण अमेरिका महादेशको बारेमा थप जिज्ञासा पैदा भई त्यसका बारेमा खोजी गर्ने बानीको विकास गर्न

ग) दक्षिण अमेरिका महादेशको भ्रमण गर्ने योजना तयार पार्न

घ) विश्वमा सबैसँग सहकार्य र सह सम्बन्धको विकास गर्नुपर्छ भन्ने धारणा र मूल्यको विकास गर्न

४. **सिकाइ सामग्रीहरूः**

दक्षिण अमेरिका महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलसहरू, त्यहाँका मुख्य मुख्य ठाउँहरूको सूची, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने चित्र, फोटो, चार्ट, भिडियो क्लिप्स, प्रोजेक्टर, कम्प्युटर, इन्टरनेट, नमुना सामग्री

५. **सिकाइ क्रियाकलापः**

क) विश्वकप फुटबलको प्रसङ्गको चर्चा गर्दै विश्वकप फुटबलका महाशक्ति राष्ट्रहरू कुन महादेशमा धेरै छन् भनी छलफल गर्ने । दक्षिण अमेरिका महादेशमा धेरै जसो देशहरू विकासोन्मुख रहेको प्रसङ्ग चर्चा गर्दै विषय प्रवेश गर्ने ।

ख) दक्षिण अमेरिका महादेशको भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरको आधारमा), आकार (क्षेत्रफल, उत्तर दक्षिण र पूर्व पश्चिम फैलावटको आधारमा), सीमाना (पूर्व पश्चिम,

उत्तर दक्षिण तथा सीमा क्षेत्र ) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रष्ट पार्ने,

ग) सबै विद्यार्थीलाई पाठ्यपुस्तकको पाठ र सन्दर्भ सामग्रीको विषयवस्तु पढ्न लगाउने । पढ्दा कम्तिमा मुख्यमुख्य दुई तथ्यहरू याद गर्नुपर्ने भनी निर्देशन दिने । सबैले पढिसकेपछि सबै विद्यार्थीलाई गोलो घेरामा राखी तातो आलु खेलका माध्यमबाट आफूले जानेका एक एक ओटा तथ्य भन्न लगाउने । यसका लागि एउटा भकुन्डो वा कुनै वस्तु एक जनालाई दिने जसको हातमा भकुन्डो पर्‍यो उसले दक्षिण अमेरिकाको बारेमा आफूले जानेको एक कुरा बताउनुपर्ने हुन्छ । उसले भनिसकेपछि भकुन्डो दायाँको साथीलाई दिनुपर्ने हुन्छ । भकुन्डो सार्दै जाँदा जहाँ पुगेर रेफ्रिले स्टप भन्छन् त्यतिबेला भकुन्डो पाउनेले आफूले जानेको एक तथ्य भन्नुपर्ने हुन्छ । यो खेल तिन चार राउण्डसम्म खेल्ने । यसले विद्यार्थीमा विषयवस्तु प्रतिको चासो र रुची जगाउँछ ।

घ) दक्षिण अमेरिका महादेशको नक्सा, चित्र, फोटो, चार्ट, स्लाइड, भिडियो आदि मध्ये उपलव्ध सामग्री प्रदर्शन गर्दै उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था, हावापानी, वनस्पति, आर्थिक क्रियाकलाप र जनजीवनका बारेमा छलफल गर्ने ।

ङ) विद्यार्थीहरूलाई एटलस वा पाठ्यपुस्तकमा भएको दक्षिण अमेरिका महादेशको नक्सा हेर्दै त्यसको वरिपरिको सीमाना देखिने खाली नक्सा कापीमा उतार्न लगाउने । सो नक्सामा मुख्य मुख्य भौगोलिक तथ्यहरू सङ्केतको प्रयोग गरेर भर्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउने ।

च) दक्षिण अमेरिका महादेशको जनजीवन र आर्थिक सामाजिक क्रियाकलापका बारेमा उपलव्ध स्रोतको उपयोग गरेर जानकारीहरू सङ्कलन गरी विवरण तयार पार्न विद्यार्थीहरूलाई परियोजना कार्य गृहकार्यका रूपमा दिने । अर्को दिन सबै विद्यार्थीले तयार पारेका विवरणहरूमध्ये केही विवरणहरू प्रस्तुति गर्न लगाउने र बाँकीलाई कक्षामा प्रदर्शन गर्न लगाउने । शिक्षकले थप नौला तथ्यहरू भए बताइदिने ।


## ६. मूल्याङ्कन

क) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

- दक्षिण अमेरिका महादेशमा कुन कुन भौगोलिक क्षेत्रहरू रहेका छन् ?
- यस महादेशमा पर्ने मुख्य पर्वत शृङ्खलाहरू र शिखरहरूको नाम भन्नुहोस् ।

- दक्षिण अमेरिकाको कुन क्षेत्रमा मानिसहरूको बस्ती बाक्लो र कुन क्षेत्रमा पातलो छ ? किन यस्तो भएको होला ?
- दक्षिण अमेरिका महादेश विकसित महादेशका रूपमा चिनिनुका पछाडि के कस्ता कारणहरू हुन् सक्छन् ?
- अमेरिकाको कुनै एउटा सहरमा जाँदा नेपालको कुनै मानिस भेटियो भने तपाइँलाई कस्तो महसुस होला?
- के प्राकृतिक स्रोत हुँदैमा विकास हुन्छ ? किन ?

## ७. थप अध्ययन सामग्रीहरू:



## पाठ : १४ र १५

## अफ्रिका र महादेशको सामाजिक र आर्थिक क्रियाकलाप

**अनुमानित घन्टीः २**

### १. सिकाइ उपलब्धि

उत्तर अमेरिका एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न ।

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) अफ्रिका महादेशको धरातल, हावापानी, वनस्पतिलगायत भौगोलिक अवस्थाको परिचय दिन

ख) अफ्रिका महादेशको जनजीवन र आर्थिक तथा सामाजिक अवस्थाको वर्णन गर्न

ग) अफ्रिका महादेशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थासँग नेपालको तुलना गर्न

घ) अफ्रिका महादेशको खाली नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न

### ३. अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्तिः

क) प्राकृतिक सम्पदाहरूको उचित उपयोग र संरक्षण गर्दा देशको विकास गर्न सकिन्छ भन्ने धारणाको विकास गर्न

ख) अफ्रिका महादेशको बारेमा थप जिज्ञासा पैदा भई त्यसका बारेमा खोजी गर्ने बानीको विकास गर्न

ग) अफ्रिका महादेशको भ्रमण गर्ने योजना तयार पार्न

घ) विश्वमा सबैसँग सहकार्य र सह सम्बन्धको विकास गर्नुपर्छ भन्ने धारणा र मूल्यको विकास गर्न

### ४. सिकाइ सामग्रीहरूः

अफ्रिका महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलसहरू, त्यहाँका मुख्य मुख्य ठाउँहरूको सूची, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने चित्र, पोटो, चार्ट, भिडियो क्लिप्स, प्रोजेक्टर, कम्प्युटर, इन्टरनेट, नमुना सामग्री

### ५. सिकाइ क्रियाकलाप

क) अफ्रिका महादेशसँग सम्बन्धित विभिन्न रोचक चित्र, तस्वीर वा स्लाइड प्रदर्शन गर्दै अफ्रिका महादेशको बारेमा जिज्ञासा जाउने र छलफल गर्ने

ख) काल्पनिक यात्रा विवरण प्रस्तुत गर्दै अफ्रिकाको नक्सा, चित्र, फोटो, चार्ट, स्लाइड, भिडियो आदि मध्ये उपलब्ध सामग्री प्रदर्शन गर्दै विद्यार्थीहरूलाई अफ्रिकाको भ्रमण गरेको अनुभूति गराउने

ग) अफ्रिका महादेशको भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरको आधारमा), आकार (क्षेत्रफल, उत्तर दक्षिण र पूर्व पश्चिम फैलावटको आधारमा), सीमाना (पूर्व पश्चिम, उत्तर दक्षिण तथा सीमा क्षेत्र) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रष्ट पार्ने,

घ) विद्यार्थीहरूलाई एटलस वा पाठ्यपुस्तकमा भएको उत्तर आफ्रिका महादेशको नक्सा हेर्दै त्यसको गरिपरिको सीमाना देखिने खाली नक्सा कापीमा उतार्न लगाउने । सो नक्सामा मुख्य मुख्य भौगोलिक तथ्यहरू सङ्केतको प्रयोग गरेर भर्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउने


ङ) उत्तर अमेरिका महादेशको जनजीवन र आर्थिक सामाजिक क्रियाकलापका बारेमा उपलब्ध स्रोतको उपयोग गरेर जानकारीहरू सङ्कलन गरी प्रश्न र उत्तरहरू तयार पार्न विद्यार्थीहरूलाई गृहकार्य दिने । अर्को दिन सबै विद्यार्थीले तयार पारेका प्रश्नका आधारमा हाजिरी जवाफ प्रतियोगिता गर्न लगाउने । शिक्षकले थप नौला तथ्यहरू भए बताइदिने

## ६. मूल्याङ्कन

क) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

- अफ्रिका महादेशमा कुन कुन भौगोलिक क्षेत्रहरू रहेका छन् ?
- यस महादेशमा पर्ने मुख्य पर्वत शृङ्खलाहरू र शिखरहरूको नाम भन्नुहोस् ।
- अफ्रिका आधिकांश देश आर्थिक रूपले पछाडि पर्नुका कारणहरू के के होलान् ?
- अफ्रिकाको कुनै नागरिकसँग भेट भयो भने के के प्रश्न सोध्नुहुन्छ ?

## ७. थप अध्ययन सामग्रीहरू




## ७. परियोजना कार्य:

क) विभिन्न स्रोतबाट अफ्रिकाको सामाजिक जनजीवनबारेमा जानकारीहरू सङ्कलन गरी रिपोर्ट तयार पार्न लगाउने ।

## पाठ : १६

## उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल

**अ.घन्टी : २**

### १. सिकाइ उपलब्धि

उत्तर अमेरिका एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल बिचमा भौतिक, आर्थिक र सामाजिक पक्षसँग तुलनात्मक अध्ययन गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्तिः

क) तिनओटै महादेशको उपलब्धि र सकारात्मक पक्षको पहिचान गर्ने

ख) तिनओटै महादेशको बारेमा थप जिज्ञासा पैदा भई त्यसका बारेमा खोजी गर्ने बानीको विकास गर्न

ग) विश्वमा सबैसँग सहकार्य र सह सम्बन्धको विकास गर्नु पर्छ भन्ने धारणा र मूल्यको विकास गर्न

### ४. सिकाइ सामग्रीहरू

तिनओटै महादेशको तुलनात्मक तालिका, ती महादेशहरूको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलसहरू, त्यहाँका मुख्य मुख्य ठाउँहरूको सूची, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने चित्र, पोटो, चार्ट, भिडियो क्लिप्स, प्रोजेक्टर, कम्प्युटर, इन्टरनेट, नमुना सामग्री

### ५. सिकाइ क्रियाकलापः

क) विद्यार्थीहरूलाई कापीमा तलको जस्तै तालिका बनाएर नेपाल, उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेश बिचको समानतालाई सूची बनाउन लगाउने ।

विभिन्न महादेशहरू र नेपालबिचको समानता

| महादेश | प्राकृतिक वातावरण | आर्थिक तथा सामाजिक जनजीवन |
|---|---|---|
| उत्तर अमेरिका र दक्षिण अमेरिका | | |
| उत्तर अमेरिका र अफ्रिका | | |
| दक्षिण अमेरिका र अफ्रिका | | |

| | | |
|---|---|---|
| उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल | | |

ख) कक्षालाई छ ओटा समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई दिएअनुसारको भिन्नता छुट्याउन लगाउने ।

| महादेश | उत्तर अमेरिका | दक्षिण अमेरिका |
|---|---|---|
| धरातल | | |
| हावापानी | | |
| प्राकृतिक वनस्पति | | |
| आर्थिक गतिविधि | | |
| सामाजिक जनजीवन | | |

उत्तर अमेरिका र अफ्रिका, उत्तर अमेरिका र नेपाल, दक्षिण अमेरिका र अफ्रिका, दक्षिण अमेरिका र नेपाल, अफ्रिका र नेपाल

ग) प्रत्येक समूहलाई पालै पालो कक्षामा प्रस्तुत गर्न लगाउने । एक समूहले प्रस्तुति गरिरहँदा अरु समूहले मूल्याङ्कन गरी थप घट गर्ने । शिक्षकले आवश्यक सहजीकरण गर्ने ।

## ६. मूल्याङ्कन

तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्न सकिन्छ :

क) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्ने र चार समूहबिचमा उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपालसँग सम्बन्धित प्रश्नहरू तयार पारी हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने ।

## ७. थप अध्ययन सामग्री

१. नेपाल र उत्तर अमेरिकाको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ ।

क) प्राकृतिक वातावरण

| समानता | भिन्नता |
|---|---|
| १. नेपाल र उत्तर अमेरिका दुवैमा मोडदार पाहाड पाइन्छ ।<br>२. उत्तर अमेरिकाको दक्षिणपूर्वी क्षेत्र र नेपालमा मौसमी हावापानी पाइन्छ । | १. नेपाललाई ३ ओटा भौगोलिक प्रदेशमा बाँडिएको छ भने उत्तर अमेरिकालाई ५ ओटा प्रदेशमा बाडिएको छ ।<br>२. नेपलमा उष्ण मरुभूमि हावापानी पाँइदैन |

| | |
|---|---|
| ३. दुवैमा कोणधारी वनस्पतिको जङ्गल छ । | भने उत्तर अमेरिका दक्षिण पश्चिम क्षेत्रमा उष्ण मरुभूमि हावापानी पाइन्छ । |

ख) सामाजिक आर्थिक जनजीवन

| समानता | भिन्नता |
|---|---|
| १. उत्तर अमेरिका र नेपालमा कृषि महत्त्वपूर्ण पेसाको रूपमा स्थापित छ ।<br>२. यी दुवैमा विविध जनजाति, भाषा, धर्म, सांस्कृतिक, मान्ने मानिसहरू बसोवास गर्छन् | १. उत्तर अमेरिकाका सबै मुलुकहरू नेपालभन्दा धनी छन् त्यसैले नेपालीहरू र यी मुलुकका नागरिकहरूको जीवनशैलीमा ठुलो अन्तर पाइन्छ । |

२. नेपाल र दक्षिण अमेरिकाको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ ।

क) प्राकृतिक वातावरण

| समानता | भिन्नता |
|---|---|
| १. दक्षिण अमेरिका र नेपाल दुवैमा विविधता युक्त हावापानी पाइन्छ ।<br>२. दुवैमा उष्ण सदावहार जङ्गल पाइन्छ । | १. दक्षिण अमेरिकाको किनारी भूभागहरूमा ठन्डा समशितोष्ण सामुद्रिक हावापानी पाइन्छ भने नेपालमा यो हावापानी पाइँदैन ।<br>२. दक्षिण अमेरिकामा मरुभूमि, घाँसे मैदान छ भने नेपालमा छैन । |

ख) सामाजिक तथा आर्थिक जनजीवन

| समानता | भिन्नता |
|---|---|
| १. यी दुवैमा जल विद्युत सम्भावनाका धनी देशहरू रहेका छन् ।<br>२. यी दुवैमा धेरै जातजाति, भाषा भाषी तथा धर्मावलम्बीहरू बसोवास गर्छन् ।<br>३. दुवैमा विकासोन्मुख देशहरू रहेका छन् ।<br>४. दुवैमा कफी उत्पादन हुन्छ । | १. दक्षिण अमेरिकामा उन्नत तरिकाले भेडा र गाई पालन गरिन्छ भने नेपालमा परम्परागत तरिकाले पालिन्छ । |

३. नेपाल र अफ्रिकाको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ ।

क) प्राकृतिक वातावरण

| समानता | भिन्नता |
|---|---|
| १. अफ्रिका र नेपाल दुवै विविध भौगोलिक स्वरूप भएका छन् ।<br>२. दुवैमा विविध प्रकारको हावापानी पाइन्छ । | १. अफ्रिकामा विशाल कङ्गो बेँसीको जङ्गल छ नेपालमा त्यति ठुलो जङ्गल छैन ।<br>२. त्यहाँ संसारकै ठुलो सहारा मरुभूमि छ नेपालमा खासै मरुभूमि । |

ख) सामाजिक तथा आर्थिक जनजीवन

| समानता | भिन्नता |
|---|---|
| १. नेपाल र अफ्रिका दुवै देश गरिब देशहरू हुन् ।<br>२. यी दुवैमा विभिन्न जातजाति, भाषाभाषी, धर्म सांस्कृतिक मान्ने मानिसहरू बस्दछन् ।<br>३. दुवैमा आदिवासीहरू छन् । | १. अफ्रिकामा काला जातिको बहुल्यता छ भने नेपालमा आर्य र मङ्गोयिन जातिको बाहुल्यता छ । |

**८. परियोजना कार्यः**

क) विभिन्न स्रोतबाट एसिया, युरोप र अष्ट्रेलिया महादेश र नेपालको प्राकृतिक वातावरण र सामाजिक जनजीवनका बारेमा अध्यायन गर्ने, शिक्षकसँग अनुमति मागेर त्यसको बारेमा कक्षामा साथीहरूलाई बताउने ।

## पाठ : १७

## भूकम्प र सुनामी

**१. सिकाइ उपलिब्धः**

भूकम्प र सुनामीको परिचय दिन, तिनको कारण, असर र सुरक्षाका उपायहरू अवलम्वन गर्न

**२. विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) भूकम्प र सुनामीको परिचय दिन

ख) भूकम्प र सुनामीको कारण र परिणाम बारेमा बताउन

ग) भूकम्प र सुनामीबाट सुरक्षित हुने उपायको बारेमा जानकारी प्राप्त गरी सोको अवलम्बन गर्न

घ) विश्वको नक्सामा विभिन्न तथ्य भर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

१. भूकम्प र सुनामी किन र कसरी आउँछ भन्ने धारणाको विकास

२. भूकम्पीय सुरक्षा योजना बनाउने । भूकम्प आउनु अघि, आइरहेको बेला र आइसकेपछि अपनाउनु पर्ने उपायहरू अवलम्बन गर्ने

३. भूकम्पीय सुरक्षाका बारेमा परिवार र समुदायमा जनचेतना जगाउने कार्यमा सहभागी हुने

**४. सिकाइ सामग्री**

भूकम्प र सुनामीसँग सम्बन्धित चित्र, फोटो, भिडियो क्लिप्स, भूकम्प आउनु अघि, आइरहेको बेला र आइसकेपछि अपनाउनुपर्ने उपायको सूची, भूकम्पीय सुरक्षा योजना र भूकम्पीय पूर्वाभ्यासका लागि आवश्यक सामग्री (सिटी, विद्यार्थीको हाजिर कापी, प्राथमिक उपचारका नमुना सामग्री)

**५. सिकाइ क्रियाकलाप :**

क. केही विद्यार्थीहरूलाई विगतका भुकम्पका अनुभवहरू सुनाउन लगाउने र भूकम्प के हो भन्ने सम्बन्धमा छलफल गर्ने

ख. ग्लोब र पृथ्वीको भित्री भागसमेत देखिने चित्र तथा टेक्टोनिक प्लेट सर्ने प्रक्रिया देखाउने चित्र वा भिडियो क्लिप प्रदर्शन गर्दै नेपालमा भूकम्प आउने कारण बारेमा बारेमा छलफल गर्ने

ग. नेपालमा भूकम्प आउने कारण बारेमा टेक्टोनिक प्लेट सरेको देखाउने भिडियो क्लिप्स वा चित्र प्रदर्शन गर्दै बताइदिने

घ. कक्षालाई पाँच समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई सन्दर्भ सामग्री दिएर निम्नानुसारका कार्य गर्न लगाउने

समूह १. विद्यालय परिसरको खुला ठाउँ सहित देखाउने नक्सा तयार पार्ने

समूह २. स्थानान्तरण नक्सा (भूकम्प आइसकेपछि गएर बस्ने सुरक्षित खुला ठाउँ र त्यहाँसम्म पुग्ने बाटो देखाउने नक्सा) तयार पार्न लगाउने

समूह ३. भूकम्प आएपछि आवश्यक पर्ने खोज उद्धार टोली (२ देखि ३ जनासम्मको), प्राथमिक उपचार टोली (२ देखि ३ जनासम्मको), तथा शिक्षक र विद्यार्थीको भूमिका गर्ने विद्यार्थीको नामको सूची तयार पार्न लगाउने । उनीहरूलाई भूकम्पीय पूर्वाभ्यासका समयमा र भूकम्प आएकै अवस्थामा पनि कसरी परिचालित हुने र उनीहरूको जिम्मेवारी के के हुने र कसरी समन्वय गर्ने भन्ने सम्बन्धमा योजना बनाई जानकारी गराउने

समूह ४. भूकम्प आउनु अघि अपनाउनु पर्ने सावधानीहरूको सूची तयार पार्न लगाउने

समूह ५. भूकम्प आइरहेको समयमा गर्नु पर्ने कार्य र सावधानीका सम्बन्धमा बुँदागत रूपमा सूची तयार पार्ने

समूह ६. भूकम्प आइसकेपछि गर्नु पर्ने कार्य र सावधानीका सम्बन्धमा बुँदागत रूपमा सूची तयार पार्ने

समूह ७. भूकम्पीय पूर्वाभ्यासका चरणहरूको सूची तयार पार्ने

सबै समूहले कार्य सम्पन्न गरिसकेपछि ग्यालरी वाक विधिको माध्यमबाट सबै समूहले सबै समूहको सामग्री अध्ययन गरी आवश्यक पृष्ठपोषण दिने । सबै समूहले सबै समूहको कार्य अवलोकान गरीपृष्ठपोषण दिएपछि सबै समूहले पालैपालो प्रस्तुति गर्दै खुला छलफल गर्ने

ङ. विद्यार्थीहरूलाई क्रियाकलाप घ बमोजिमको योजनाअनुसार जिम्मेवारी तोकी निम्नानुसारको चरणहरू अपनाई भूकम्पीय पूर्वाभ्यास गराउने

**विद्यालयमा भूकम्पीय पूर्वाभ्यास गर्ने चरणहरू**

- विद्यार्थीहरुको सहभागितामा स्थानान्तरण नक्सा निर्माण र सबैले देख्ने गरी प्रदर्शन
- प्रत्येक कक्षाको बाटोसहितको खुलाठाउँमा जाने नक्सा प्रत्येक कक्षामा टाँस्ने
- विद्यालयको सुरक्षित र असुरक्षित स्थानहरुका पहिचान गरी रातो र हरियो रङले सङ्केत गर्ने
- विद्यार्थीहरु र शिक्षकहरुको भूमिका र जिम्मेवारी बाँडफाँड योजनाका बारेमा सबैलाई जानकारी गराउने
- घण्टी, प्राथमिक उपचाचरका सामग्री, खोज उद्धारका सामग्री आदिको व्यवस्था गर्ने
- एक मिनेटसम्म घन्टी बजाएर भूकम्प आएको सङ्केत गर्ने

- सो समययमा सबै विद्यार्थी र शिक्षक सुरक्षित स्थानमा बस्ने
- घण्टि रोकिएपछि नआत्तिई तोकिएको सुरक्षित स्थानमा जाने र लाइनमा बस्ने
- शिक्षकले हाजिरी उठाउने र अनुपस्थित विद्यार्थीका बारेमा प्रअ/तोकिएको व्यक्तिलाई जानकारी गराउने
- उनले खोज उद्धार टोलीलाई परिचालित गराउने
- खोज उद्धार टोलिले घाइतेलाई सुरक्षित साथ ल्याउने
- प्राथमिक उपचार टोलीले घाइतेहरुको उपचार गर्ने
- समन्वय र सञ्चार टोलीले सुरक्षा निकायसँग, रेडक्रससँग, स्वास्थ्यकर्मीसँग, अभिभावकसँग र सम्बद्ध पक्षसँग समन्वय र सञ्चार गर्ने
- सबै काम सकिएपछि विद्यार्थीलाई आफ्नो कक्षामा फिर्ता पठाउने । कक्षामा आपतकालीन पूर्वाभ्यसका क्रममा भएका कमी कमजोरीहरुका बारेमा समिक्षा गर्ने

### ६. मूल्याङ्कन

क. विद्यार्थीहरूले समूह कार्य र भूकम्पीय पूर्वाभ्यास गरिरहेका बेला उनीहरूको कार्यको अवलोकन गरी श्रेणीमापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने

ख. तलका जस्तै प्रश्नहरू सोधी विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने

- भूकम्प के हो ?
- के भूकम्प आउने पूर्वानुमान गर्न सकिन्छ ? किन ?
- नेपालमा भूकम्प जाने कारण के होला ?
- भूकम्प आउनु आघि के कस्ता सावधानीहरू अपनाउनु पर्छ ?
- भूकम्प आइरहेको बेला के गर्नु पर्छ ?
- आइसके पछि गर्नु पर्ने कार्यको सूची तयार पार्नुहोस् ।
- सुनामी के हो र कसरी आउँछ ?
- भूकम्पीय पूर्वाभ्यास गरेमा के फाइदा हुन्छ ?

### ७. थप अध्ययन सामग्री

### भूकम्पीय सुरक्षा योजना

### अ. प्राथमिक उपचार योजना निर्माण

विद्यालमा भएका स्वास्थ्य शिक्षण गर्ने शिक्षकको संयोजकत्वमा केही शिक्षक र ठुला कक्षाका विद्यार्थी सहितको प्राथमिक उपचार टोली बनाउनुपर्छ । सो टोलीलाई सामान्य प्राथमिक उपचार तालिम पनि दिनुपर्छ । विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गर्नुपर्दछ । यो टोलीले

विद्यालयमा विपद् आइपर्दा खोज उद्धार टोलीले ल्याई बुझएका व्यक्तिको प्राथमिक उपचार गर्नुपर्दछ । प्राथमिक उपचारले नहुने भएमा छिटो माध्यमबाट स्वास्थ्य संस्थामा लैजान सूचना तथा समन्वय टोलीलाई सूचित गर्नुपर्दछ ।

| क्र.सं. | नाम | जिम्मेवारी |
|---|---|---|
| १ | रमेश महर्जन | संयोजक (शिक्षक) |
| २ | सारदा थापा | सदश्य (शिक्षक) |
| ३ | विनोद लामा | सदश्य (विद्यार्थी कक्षा १०) |
| ४ | मनिता नगरकोटी | सदश्य (विद्यार्थी कक्षा ९) |
| ५ | राजन दुलाल | सदश्य (विद्यार्थी कक्षा ८) |
| ६ | शान्ति श्रेष्ठ | सदश्य (विद्यार्थी कक्षा ७) |

**आ. खोजी उद्धार योजना निर्माण**

विद्यालयमा भएका कुनै एक शिक्षकको संयोजकत्वमा केही शिक्षक र ठुला कक्षाका विद्यार्थीसहितको प्राथमिक उपचार टोली बनाउनुपर्छ । सो टोलीलाई सामान्य खोज उद्धार तालिम पनि दिनुपर्छ । विद्यालयमा खोज उद्धारका सामान्य औजारहरूको व्यवस्था गरिराख्नुपर्दछ ।

- भूकम्प रोकिएपछि तोकिएको स्थानमा जम्मा हुने
- खोज उद्धारमा जानु अघि जोखिमको अवस्था जाँच गर्ने
- विपद्का समयमा सो टोलीले प्रधानाध्यापक वा संयोजकको निर्देशनमा हराएका व्यक्तिको खोजी गर्ने
- घाइते र च्यापिएका व्यक्तिको उद्धार गरी प्राथमिक उपचार केन्द्रमा लगी बुझाउने गर्नुपर्दछ
- सक्ने भए र जानेको भए मात्र गर्ने

| क्र.सं. | नाम | | काम कर्तव्य | सामग्री |
|---|---|---|---|---|
| १ | विना महर्जन | संयोजक (शिक्षक) | | |
| २ | सरद थापा | सदश्य (शिक्षक) | | |
| ३ | विनोद विष्ट | सदश्य (विद्यार्थी कक्षा १०) | | |
| ४ | संगिता नगरकोटी | सदश्य (विद्यार्थी कक्षा ९) | | |
| ५ | जीवन दुलाल | सदश्य (विद्यार्थी कक्षा १०) | | |
| ६ | आस्था श्रेष्ठ | सदश्य (विद्यार्थी कक्षा ९) | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | अरुणा ढकाल | सदश्य (विद्यार्थी कक्षा ८) | | |
| ८ | झुमा लामिछाने | सदश्य (विद्यार्थी कक्षा ७) | | |

## इ. खाना, पानी तथा बसोवासको योजना निर्माण

विद्यालयमा भएका कुनै एक शिक्षकको संयोजकत्वमा केही शिक्षक र ठुला कक्षाका विद्यार्थीसहितको खाना तथा बसोवास टोली बनाउनुपर्छ । यसमा नजिकका अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यलाई पनि सदस्य राख्न सकिन्छ । सो टोलीले विद्यालयमा विपद् आइहाल्यो भने कसरी न्यूनतम खानेकुरा र पानीको व्यवस्था गर्ने भन्ने योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । नजिकको खाद्य स्टोर वा व्यापारीसँग पहिले नै समन्वय गरी आवश्यक परेमा यति परिमाणको खानेकुरा जस्तै चिउरा, दालमोठ, चाउचाउ आदिको एकदिनलाई पुग्ने स्टक राख्ने र आवश्यक परेमा उपलब्ध गराउने गरी समन्वय गरिराख्नुपर्दछ । विपद्का वेला सकेसम्म विद्यार्थी घर नगएसम्मको अवस्थामा त्यस्ता सामग्री उपलब्ध गराई वितरण गर्ने व्यवस्था सो टोलीले गर्नुपर्दछ । घर जान नसकेको बालबालिकालाई विद्यालय परिसरमा नै राख्नु पर्ने हुनाले त्यहाँ केही पाल, बाँस, डोरी आदिको जोहो गरिराख्नुपर्दछ ।

| क्र.सं. | नाम | जिम्मेवारी |
|---|---|---|
| १ | विनिता थापा मगर | संयोजक (शिक्षक) |
| २ | राजन कार्की | सदश्य (शिक्षक) |
| ३ | विनोद लामा | सदश्य (विद्यार्थी कक्षा १०) |
| ४ | सिर्जना विश्वकर्मा | सदश्य (विद्यार्थी कक्षा ९) |
| ५ | जयन्ती यादव | सदश्य (अभिभावक) |
| ६ | विश्वास तामाङ | सदश्य (विव्यस सदश्य) |

## ई. सूचना सङ्कलन, सञ्चार र समन्वय योजना निर्माण

सूचना सङ्कलन, सञ्चार र समन्वयका लागि एक टोली बनाउनुपर्दछ । यो टोलीले विपद् आइपरेमा विद्यार्थीहरूको हाजिरी गरेर को आयो को आएन भनी एकिन गर्ने व्यवस्था मिलाउनुपर्दछ । अनुपस्थित विद्यार्थी, शिक्षक र कर्मचारिको लगत बनाई प्रधानअध्यापकमार्फत खोज उद्धार टोलीलाई दिनुपर्दछ । घाइते भएका, हराएका, नआएका विद्यार्थी र शिक्षक कर्मचारी एकिन गर्नुपर्दछ । विद्यालयको क्षतिभएका संरचनाको प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । आवश्यकता हेरी अभिभावक, सुरक्षा निकाय, रेडक्रस, दमकल, खोज उद्धार टोली, सञ्चार माध्यम, स्वास्थ्यसँस्था,

सुरक्षा निकाय, समुदायका व्यक्तिहरू आदिसँग समन्वय गर्ने, घटनाको बारेमा जानकारी गराउने, सहयोग माग गर्ने, सूचना संप्रेषण गर्ने जस्ता कार्य गर्नुपर्दछ ।

| क्र.सं. | नम | | काम कर्तव्य | सामग्री |
|---|---|---|---|---|
| १ | ज्ञानु अधिकारी | संयोजक (शिक्षक) | | |
| २ | रिजन राइ | सह संयोजक (विद्यार्थी कक्षा १०) | | |
| ३ | नारायण मण्डल | (शिक्षक) | | |
| ४ | सिर्जना तामाङ | (शिक्षक) | | |
| ५ | झलकमान राइ | (विद्यार्थी कक्षा ९) | | |
| ६ | नविन तुलाधर | (कर्मचारी) | | |

**ए. विद्यालयमा नियमित सुरक्षा स्थिति अनुगमन रूपमा जोखिम आकलन समिति :**

यस समितिले नियमित रूपमा कम्तिमा हप्ताको एकपटक विद्यालयका कक्षा कोठाहरू, शौचालय, बाटो, चउर, कम्पाउण्ड, झ्याल ढोका, बार, भऱ्याङ, पुस्तकालय, प्रयोगशाला आदि स्थानको अवलोकन गरी तत्काल सुधार गर्नुपर्ने कार्यको सुधार गर्ने र आफूले नसक्ने भएमा सम्बन्धित पक्षलाई रिपोर्टङ गरेर कार्यान्वयन गराउने पहल गर्ने । ती स्थानहरू सधैं अध्यावधिक गराई राख्न सबै कक्षामा गई विद्यार्थीहरूलाई प्रवोधीकरण गर्ने र शिक्षक कर्मचारी बैठकमा छलफल गरी निर्णय गर्नुपर्छ । यस कार्यबाट विद्यालयलाई सुरक्षित र सफा राख्न सबै विद्यार्थी र शिक्षकको सहभागिता बढ्न जान्छ ।

| क्र.सं. | नाम | | काम कर्तव्य | आवश्यक सामग्री |
|---|---|---|---|---|
| १ | सुशिला ढकाल | संयोजक (शिक्षक) | | |
| २ | दिपिका राइ | सह संयोजक (विद्यार्थी कक्षा १०) | | |
| ३ | अरुणा श्रेष्ठ | (शिक्षक) | | |
| ४ | करुण शाह | (शिक्षक) | | |
| ५ | हिमाल घले | (विद्यार्थी कक्षा ९) | | |
| ६ | सुनिता वि क | (कर्मचारी) | | |

**ग. नियमित रूपमा वर्षमा चार पटक विपद् पूर्वाभ्यास सञ्चालन गर्ने :** विद्यालयमा तयार पारेको खोजी उद्धार टोली, खाना, पानी तथा बसोवासको तयारी टोली, सूचना सङ्कलन, सञ्चार र समन्वय टोली प्राथमिक उपचार टोलीको जिम्मेवारी सम्झन लगाउने ।

## पाठ १८ र १९

## नक्शा कार्य र नक्सा उतार्ने विभिन्न तरिका र आधुनिक व्यावहारिक नक्सा प्रविधिहरू

**अनुमानित घण्टि : ३**

**१. सिकाइ उपलिब्ध**

- नक्साका आधुनिक एवम् व्यवहारिक प्रविधिहरूसँग परिचित भई उपयोग गर्न
- नेपालको नकसा उर्तान र नेपाल एवम् विश्वको नक्सामा प्रमुख तथ्यहरू भर्न

**२. विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) नक्सा र ग्लोब प्रयोग गर्न

ख) नक्साका आधुनिक प्रविधिका बारेमा परिचित हुन् र उपयोग गर्न

ग) नेपाल र विश्वको नक्सा उतारी विभिन्न भौगोलिक तथ्यहरू भर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

१. अरुलाई नक्सा बनाएर बाटो देखाउ सक्ने र आफू पनि नक्साको प्रयोग गरी कुनै ठाउँमा पुग्न सक्ने

२. विभिन्न प्रकारका आधुनिक प्रविधियुक्त नक्साको अध्ययन र उपयोग गर्न

३. नक्सा उतार्ने र भर्ने सिप हासिल गर्न ।

**४. सिकाइ सामग्रीः**




- विश्वको, उत्तर अमेरिका, दक्षिण अमेरिका अफ्रिका, र नेपालको राजनीतिक, एवम् प्राकृतिक नक्सा
- नेपालको ,विश्वको, उत्तर अमेरिका, दक्षिण अमेरिका अफ्रिका, र नेपालको रेखाङ्कित नक्सा
- एटलसहरू
- पेन्सिल, इरेजर, सादा कागज
- नक्साका टेम्प्लेट, पातलो कागज, नक्साको सङ्केतहरू देखाइएको तालिका
- ग्लोब
- प्रोजेक्टर, इन्टरनेट र कम्प्युटर
- विषयवस्तुसँग सम्बन्धित चित्र, फोटो, भिडियो क्लिप्स् , मोबाइल फोन सेट आदि

## ५. सिकाइ क्रियाकलाप

क) भविष्यमा नेपालको प्रतिनिधि भएर विदेशमा जाँदा विभिन्न देशका प्रतिनिधिहरूले आआफ्नो देशको नक्सा कोरी मुख्य मुख्य ठाउँहरू देखाएको स्थितिमा नेपालको नक्सा कोर्न नजानेमा तिम्रो पालोमा तिमी के गर्छौ ?प्रश्न गरी मस्तिष्क मन्थन गराउने र प्रत्येक नेपालीले नेपालको नक्सा बनाउन सक्नुपर्छ भन्ने अवधारणालाई कथाकथन विधिको प्रयोग गरी विद्यार्थीहरूलाई नेपालको नक्सा कोर्न प्रेरित गर्ने ।


ख. नक्सा कोर्न सहज हुने खालका विभिन्न विधिहरू जस्तैः अभ्यास, ट्रेसिङ, ग्राफ, टेम्प्लेट, स्वतन्त्र विधि आदि विषयको जानकारी गराउने र विद्यार्थीहरूलाई ती विधिहरू प्रयोग गरेर नक्सा उतार्न लगाउने ।

ग. नेपालको नक्सा कोर्ने विभिन्न विधिहरू प्रचलनमा छन् तर हाम्रा कक्षा १० का बालबालिकाले नेपालको नक्सा सम्बन्धमा निम्नानुसारको अवधारणा बनाएमा पनि पर्याप्त मान्न सकिन्छ । सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य नै सक्षम, जिम्मेवार र असल नागरिक बनाउने हो । उसलाई नेपालको नक्सा बनाउन सिकाउनुको मुख्य उद्देश्य कमसेकम एक नेपाली नागरिकले आफ्नो राष्ट्रको आकृति दिमागमा राख्न सकोस् । भविष्यमा राष्ट्र निर्माणको जिम्मेवारी उसको हातमा हुनेछ । त्यसबखत उसले आफ्नो राष्ट्रको वस्तुस्थिति बुझेर त्यसको उन्नति र प्रगतिका लागि क्रियाशील होस भन्ने नै हो । त्यसैले नेपालको नक्सा बनाउने कार्यमा यो गारो छ, जस्ताको त्यस्तै नक्सा कोर्न सक्नुपर्छ अन्यथा मिल्दैन भनेर बालबालिकालाई हतोत्साहित नगरी उनीहरूको तह अनुसार न्यूनतम आकारप्रकार मिलाएर बनाउन सिकेका आधारमा प्रोत्साहन गर्दै सिकाउनु पर्छ । नेपालको नक्सा उतार्न सामान्यतया निम्ननुसारका न्यूनतम आधारहरू सिकाउनुपर्दछ ।

- नेपाल आयताकार छ । 
- नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ । 
- नेपाल पश्चिमतर्फ फराकिलो र पूर्वमा साँघुरो छ । 
- नेपाल करिब अर्ध चन्द्राकार जस्तो गरी बाङ्गिएको छ । 
- सिमानामा स्पष्ट देखिने भित्र घुसेका र बाहिर निस्केका केही भागहरू 

छन् ।

विद्यार्थीलाई पेन्सिलको सहायताले सादा कागतमा तलको जस्तै अर्ध चन्द्राकार आयत बनाउन लगाउने । त्यसमा पहिले उत्तर तर्फको मध्यभागको सिमानामा अलिक बायाँ तर्फ उल्टो यु आकारको नेपालको भूमि तिब्बततर्फ घुसेको भाग बनाउने । त्यस्तै त्यसको ठिक तल अलि दायाँतर्फ प्लेट घोप्टो पारे जस्तै गरी भारतको भूमि नेपाल तर्फ घुसेको भाग बनाउने । यसैगरी पूर्वी सिमानामा माछाको पुच्छर जस्तो आकृति बनाउने । उत्तर पश्चिमको कुनामा मेटेर अंग्रेजी जे जस्तै आकार बनाउने । यसरी उक्त आयतको सीमाना मेट्दै एटलस हेर्दै सिमानाका मुख्य मुख्य आकृतिहरू बनाउँदै जाने । जथाभावी किरिमिरी नगर्ने । सामान्य आकारप्रकार मिलेमा हुन्छ ।



विद्यार्थीहरूलाई प्रस्तुत बुँदाहरूका आधारमा नेपालको नक्सा कोर्ने अभ्यास पटकपटक गराउने र उनीहरूले बनाएका नक्साहरू कक्षामा प्रदर्शन गर्ने ।

यहाँ प्रश्न पत्रहरूमा नेपालको नक्सा बनाई भन्ने उल्लेख भए पनि हामीले विद्यार्थीलाई नक्सा बनाउन सिकाउने होइन । नक्सा बनाउने कार्य प्राविधिक कार्य हो । हामीले त नेपालको नक्सा सामान्य आकारप्रकार मिलाएर उतार्ने वा नक्कल गरी कागजमा कोर्ने हो । यसरी खुला हात उतारिएको नक्सा जस्ताको त्यस्तै उतार्ने भने सकिँदैन । सामान्य आकारप्रकार मिले पुग्छ ।

हरेक नक्सा पूर्ण हुन् कम्तिमा तिन आधारभूत कुरा हुनु आवश्यक हुन्छ । उत्तर दिशा, सङ्केत र स्केल वा नापो । तर हामीले खुला हातले कोर्ने नक्साहरूमा उत्तर दिशा र सङ्केत मात्र देखाउन सक्छौँ । नापोको प्रयोग गर्न सक्दैनौँ । कतिपय शिक्षकले प्रवेशिका परीक्षामा दिइने आयतको नापोलाई नै स्केल हो भन्ने गलत बुझेको देखिन्छ । सो आयतको नापो दिनुको उद्देश्य नेपालको नक्साको स्केल निर्धारण गर्नु नभएर सबै विद्यार्थीको नक्साको आकारमा एकरूपता होस् र मूल्याङ्कनमा सहजता होस् भनेर हो ।

घ. विज्ञान र प्रविधिको विकाससँगै प्रचलनमा आएका जिपिएस् सर्भो, जिआइएस् नक्सा, मोवाइलमा प्रयोग गरिने नक्सा र एप्सहरू सम्बन्धमा सामग्री प्रदर्शन गर्दै जानकारी गराउने ।

ङ. नक्सामा प्रयोग हुने विभिन्न सङ्केतहरूको सूची तालिका प्रदर्शन गर्दै सङ्केतहरूको विवरण प्रस्तुत गर्न र त्यसलाई उल्टो पारी राख्ने र विद्यार्थीहरूलाई पालैपालो ती सङ्केतहरू कालोपाटी वा सेतो पाटीमा कोर्न लगाउने त्यसपछि सूची तालिकालाई सुल्टो पारी रूजु गराउन,

छ. नेपालको नक्सा कोर्न लगाउने र तथ्यहरू सङ्केतको प्रयोग गरी भर्न लगाउने,

ज. विश्वको Outline नक्सामा विभिन्न तथ्यहरू सङ्केतको प्रयोग गरी भर्न लगाउने,

झ. Mobile मा हुने google map जस्ता apps प्रयोग गरी ठाउँहरूको भ्रमण गर्नका लागि यी appsहरूको प्रयोग गर्न सिकाउने ।

## ६. मूल्याङ्कन

१) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

क) नक्सा कार्य भनेको के हो ?

ख) चित्र र नक्साको बिचमा के फरक छ ?

ग) नेपालको नक्सा उतार्न सिक्नुको उद्देश्य के हो ?

घ) पोखरादेखि काठमाडौँ कुन दिशातर्फ पर्छ ?

ङ) नेपालको दक्षिण पूर्वको तराई क्षेत्रमा भएका सहरहरूको नाम दिनुहोस् ।

च) निम्न क्षेत्रहरू विश्वको कुन महादेशमा पर्छन् भन्नुहोस्:
ब्रह्मपुत्र नदी, फिलिपिन्स, कारोकोरम हिमशृङ्खला, कार्पेथियन शृङ्खला, नर्वे, डाउन्स घाँसेभूमि, आदि ।

छ) नेपालको नक्सा बनाउने सम्बन्धमा यहाँहरूको विचार के हो ?

**७. थप अध्ययन सामग्रीहरू:**

**नक्सा कोर्ने विधिहरू**

- अभ्यास विधि **(Practicing Method):**

"अभ्यासले नै मानिसलाई सक्षम बनाउँदछ ।" (Practice makes a man Perfect) र "कला हृदयदेखि नै आउँछ ।" (The art comes from Heart) भन्ने धारणाको माध्यमबाट नक्सा निर्माणको अभ्यास गर्न एउटा राम्रो सफा नेपालको नक्सा हेर्दै सादा कागजमा बिस्तारै नक्सा कोर्ने र बिग्रेको ठाउँमा मिलाउने । यस्तो प्रक्रिया Free hand नक्सा कोर्न नसक्ने वेलासम्म दोहोऱ्याइ रहने।,

- **सार्ने विधि** (Coping Method): एउटा राम्रो र सफा नेपालको नक्सा तल र सफा कागजको माथि बिचमा carbon paper राख्ने र सिसा कलमले नेपालको नक्सा माथि लेख्ने र सिमानामा तलमाथि भएका ठाउँहरू तथा ढल्काई याद गर्दै नक्सा बनाउने ।
- ट्रेसिङ्ग विधि **(Tracing Method ):** एउटा सफा ट्रेसिङ् पेपर नेपालको सफा र राम्रो नक्सामाथि राखी बिस्तारै सिमानामा तल माथि भएका ठाउँहरू तथा ढल्काई याद गर्ने ।
- एउटा सफा र राम्रो नेपालको नक्सामा आफैँले Graph को निर्माण गर्ने । त्यही नापोको ग्राफ सादा कागजमा कोर्ने । नक्सामा कोरिएको ग्राफमा कुन कोठामा नक्साको कुन आकार परेको छ सोही आकार खाली कागजमा कोरिएको ग्राफको सोही कोथामा बनाउँदै जाने । यसरी प्रत्येक कोठाको आकृति जोड्दै जाँदा सिङ्गो नक्सा उतार्न सकिन्छ ।

**९. परियोजना कार्य**

क) विद्यार्थीहरूलाई आधुनिक व्यवहारिक नक्सा गुगल अर्थ अभ्यास गर्न लगाई विभिन्न स्थानहरू खोज गर्न लगााउने ।

# एकाइ ७

# हाम्रो विगत

**अनुमानित घन्टी : २२**

**१. सक्षमताः**

२००७ सालदेखि हालसम्मको नेपालको ऐतिहासिक घटनाहरूको अध्ययन र तिनले पारेका प्रभाव एवम् विश्वको ऐतिहासिक घटना विश्लेषण ।

## पाठ १

## २००७ सालको क्रान्ति र दिल्ली सम्झौता

**अनुमानित घन्टी २**

### १. सिकाइ उपलब्धिः

वि.स. २००७ देखि हालसम्म भएका प्रमुख राजनैतिक घटनाक्रम र तिनले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेका प्रभाव वर्णन गर्न ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) २००७ सालका क्रान्तिको पृष्ठभूमि सङ्क्षिप्तमा वर्णन गर्न

ख) २००७ सालका क्रान्तिको कारणहरूको सूची निर्माण गर्न

ग) २००७ सालका क्रान्तिका प्रमुख घटनाहरू र मिति तयार पार्न

घ) दिल्ली सम्झौताका मुख्य बुँदाहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्न

ङ) प्रजातन्त्रको घोषणा र यसको तत्कालीन प्रभाव बताउन

च) दिल्ली सम्झौता सन्दर्भमा आफ्ना विष्लेषणात्मक विचारहरू प्रस्तुत गर्न

छ) आफ्ना हक अधिकार प्रयोगमा कुनै सम्झौता नगरी सदैव प्रजातान्त्रिक अभ्यास व्यवहार प्रदर्शन गर्न

ज) २००७ सालमा प्रजातन्त्र प्राप्तिका लागि वलिदान दिने विशिष्ट व्यक्तित्वहरूको योगदानको चर्चा गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क) पुस्तकालय जाने र अध्ययन गर्ने बानीको विकास गर्नु, जिज्ञासु बन्नु र खोजी गर्नु

ख) आफ्ना मौलिक हक तथा मानब अधिकार प्रयोगमा कुनै सम्झौता नगर्नु तथा प्रजातान्त्रिक आचरण बनाउनु

ग) आफ्ना बाबु बाजेले समाज वा राष्ट्रमा पुऱ्याएको विशेष योगदानप्रति गौरव गर्नु र उनीहरूको कार्यको अनुशरण गर्नु

घ) समाज तथा देशमा प्रजातन्त्र, लोकतन्त्रको महत्त्वबारे जानकारी लिनु र अरुलाई पनि सोको बारे जानकारी दिनु

ङ) सामूहिक भावनाको विकास, सहकार्य र हरेक प्रकारका थिचोमिचो विरुद्ध आवाज उठाउनु र उठाउन प्रेरित गर्नु

च) राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखी आफ्ना कार्यहरू गर्नु र अरुलाई पनि गराउनु

**४. सिकाइ सामाग्रीहरू:**

क) चार जना महान सहिदहरू धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री र दशरथ चन्दका तस्वीरहरू

ख) मातृका प्रसाद कोइराला, राजा त्रिभुवन , डा. के.आई. सिंहका तस्वीरहरू र उनीहरूको विशेष योगदानका कटिङ्हरू

ग) दिल्ली सम्झौताका मुख्य सर्तहरू लेखिएको चार्ट

घ) विभिन्न पत्र पत्रिका, इतिहासँग सम्वन्धति पुस्तकहरू

ङ) पावर प्वाइन्टबाट प्रदर्शन गर्न सकिने ठाउँमा स्लाइड

**५. सिकाइ क्रियाकलाप**

१) चार जना सहिदहरूको तस्वीर प्रर्दशन गर्ने र निम्नलिखित प्रश्नहरू सोध्ने

क) यि व्यक्तिहरू को को हुन् ?

ख) यिनीहरुलाई किन मारिएको हो ?

ग) मार्ने शासक को थिए ?

घ) यिनीहरु किन राजनैतिक पार्टीमा आबद्ध थिए ?

ङ) यिनीहरुलाई हामी सदैव किन सम्झनुपर्दछ ?

विद्यार्थीको जवाफ प्राप्त भएपछि थप प्रष्टताका लागि तथ्यहरू प्रस्तुत गर्ने ।


२) APPLE तरीका अपनाई निम्न प्रश्नहरू सोध्ने ।

क) क्रान्ति भनेको के हो ?

ख) २००७ सालमा नेपालमा भएको सङ्घर्ष किन क्रान्ति हो ?

ग) २००७ सालमा नेपालमा किन क्रान्ति भएको थियो ?

विद्यार्थीले आफ्नो पूर्व ज्ञानका आधारमा दिएका जवाफहरू पूर्ण नहुन सक्ने सम्भावना भएकोले शिक्षकले २००७ सालका क्रान्तिका कारणहरू लेखिएका चार्ट प्रर्दशन गर्दै प्रष्ट पार्ने वा Power point बाट २००७ सालका क्रान्तिका कारणहरूको सूची प्रर्दशन गर्ने ।




३) प्रदर्शित कारणहरू सन्दर्भमा सर्वप्रथम जोडीहरू निर्माण गर्ने र जोडीमा छलफल तथा अन्तरक्रिया गराई केही जोडीका नमुना व्याख्या प्रस्तुत गर्न लगाउने । शिक्षकले थप व्याख्यान, तथ्यहरू पृष्ठपोषणका रूपमा प्रस्तुत गर्ने ।

उदाहरणका लागि

राजनैतिक दलहरूको स्थापना र विभिन्न आन्दोलन:

प्रचण्ड गोर्खा नामक सङ्गठन निर्माण र आन्दोलनको प्रयास, प्रजा परिषद पार्टी को स्थापना र कोणसभा तथा पर्चा छर्ने कार्य, नेपाली काङ्ग्रेस, कम्युनिष्ट पार्टीको स्थापना, जयतु संस्कृतम् आन्दोलन आदि । जसले सशस्त्र क्रान्तिको आधार तयार गर्न भूमिका निर्वाह गरे ।

४) प्रत्येक विद्यार्थीलाई सशस्त्र क्रान्तिका मुख्य मिति र घटनाहरू कापीमा समयरेखाको ढाँचामा टिपोट गर्न लगाउने र नमुनाको रूपमा केहीलाई प्रस्तुत गर्न लगाउने र तत्पश्चात् शिक्षकद्वारा निर्मित समयरेखा प्रस्तुत गर्दै समयरेखा निर्माण गर्ने सिप बताईदिने ।

स्केल: १ से.मी. : १ महिना

समयरेखा

घटना मिति

नेपालमा प्रजातन्त्रको घोषणा र राणा शासनको अन्त्य ........................


राजा त्रिभुवन काठमाडौं फिर्ता ..................

त्रिपक्षीय सन्धी, दिल्ली सम्झौतामा हस्ताक्षर

राजा त्रिभुवनको सपरिवार दिल्ली प्रस्थान

२००७ सालको क्रान्तिको घोषणा

नेपाली काङ्ग्रेसको सम्मेलन र सशस्त्र क्रान्ति गर्ने निर्णय




५) कक्षाका विद्यार्थीहरूलाई निम्न ४ समूहमा विभाजन गरी आपसी छलफलबाट निष्कर्ष प्रदर्शन गर्न लगाउने ।

समूह क : दिल्ली सम्झौतालाई किन त्रिपक्षीय सम्झौता भनिएको हो ?

समूह ख : दिल्ली सम्झौताका मुख्य सर्तहरूको सूची निर्माण

समूह ग : दिल्ली सम्झौताको विष्लेषण गरी टिप्पणी प्रस्तुत (डा. के. आई. सिंहको विद्रोह सन्दर्भ सम्बन्धित)

समूह घ प्रजातन्त्रको घोषणा र त्यसपछि राष्ट्रमा परेको प्रभाव

६) समूहगत छलफलपछि प्राप्त निष्कर्षलोई बुँदागत रूपमा चार्टपेपरमा लेखी प्रस्तुत गर्न लगाउने र सम्पूर्ण विद्यार्थीलाई छलफलमा संलग्न गराउने ।

उदाहरणका लागि

समूह ग को छलफलपछिको निष्कर्ष

- दिल्ली सम्झौताको पश्चिम कमाण्ड सम्हालेका कमाण्डर डा. के. आई. सिंहद्वारा विरोध
- दिल्ली सम्झौताले जनताका धेरै अपेक्षा पूरा गरेता पनि केही कमजोरी भएको
- प्रजातन्त्र स्थापनापछि पनि राणा प्रधानमन्त्रीको निरन्तरता हुनु क्रान्तिको भावना विपरित रहेको
- राणा शासन अन्त्य हुनु र प्रजातन्त्रको स्थापना ठुलो उपलब्धि

- राजा र पार्टीबिचको सम्बन्ध प्रगाढ रहेको र राष्ट्रियताको भावना बलियो भएको आदि

समूह घ को सम्भावित निष्कर्ष

- राष्ट्रमा निरङ्कुशताको अन्त्य प्रजातन्त्रको स्थापना हुँदा जनतामा हौसला र स्वतन्त्रताको अनुभूति
- शिक्षालगायत अन्य पूर्वाधारको विकास भएको
- जनताका तर्फबाट पनि सरकारमा प्रतिनिधित्व भएकोले जनतामा राष्ट्रको अपनत्व बढेको
- राजनैतिक चेतना बिस्तार भएको
- विदेशी राष्ट्रहरूसँगको दौत्य सम्बन्ध स्थापना भएको
- राजनैतिक दलमा आबद्ध हुनेक्रम तीव्र भएको
- नेपाली काङ्ग्रेसमा आन्तरिक कलह उत्पन्न भएको आदि ।

६) प्रजातान्त्रिक आन्दोलमा महत्वपूर्ण भूमिका निभाउने व्यक्तित्वहरू जस्तै, टंक प्रसाद आचार्य, थिरवम मल्ल, मातृका प्रसाद कोइराला, राजा त्रिभूवन, डा. के. आई. सिंहका तस्वीरहरू प्रर्दशन गर्दै, उहाँहरूको योगदान बारे प्रश्न सोध्ने र व्यक्तित्वहरूको यस्ता योगदानको थप चर्चा गर्ने ।

७) निम्न प्रश्नहरू सोधी छलफल गराउने र आफ्ना धारणा, विचारहरू प्रस्तुत गर्न लगाउने ।

क) कसैले आफूमाथि थिचोमिचोको व्यवहार गर्‍यो भने के गर्ने ?

ख) आफूले अरुसँग कस्तो व्यवहार पर्दशन गर्ने? प्रजातान्त्रिक कि ठाडो हस्तक्षेपकारी व्यवहार ? किन ?

ग) कुनै एउटा साथीलाई वा व्यक्तिलाई कुनै अर्को साथी वा व्यक्तिले मौलिक अधिकार हनन हुने क्रियाकलाप गरेको देख्दा के गर्ने ? कसरी त्यस घटनाको व्यवस्थापन गर्ने ?

घ) पावरप्वान्ट बाट २००७ सालका क्रान्तिका कारण प्रष्ट हुने गरी बताउने ।

यी प्रश्नहरू सोधिसकेपछि विद्यार्थीहरूमा के कस्ता प्रजातान्त्रिक धारणाहरू, मूल्य, व्यवहारहरू सिकाइ प्राप्त भयो अवलोकन तथा मूल्याङ्कन गरी सोअनुरूप व्यवहारमा उतार्न प्रेरित गर्ने, गराउने) ।

## ६. मूल्याङ्कन

क) निम्न लिखित रुव्रिक्सको माध्यमबाट विद्यार्थीका सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने ।

विद्यार्थीको नाम रोल नं.

| क्षेत्र/ शीर्षक | अति उत्तम(५) | उत्तम(३) | सामान्य(१) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सक्रियता, जिज्ञासु | | | |
| सकारात्मक सोँच, प्रजातान्त्रिक मूल्यबोध,व्यवहार धारणा<br>विषयवस्तुको ज्ञान, विष्लेषणात्मक क्षमता | | | |

ख) तलका प्रश्नहरूको उत्तर दिनुहोस्।

१) दिल्ली सम्झौता अनुसार प्रधानमन्त्री राणालाई नै बनाउनुको रहस्य के थियो होला ?

२) प्रजातन्त्र दिवस मनाउनका लागि उपयुक्त एक नारा तयार पार्नुहोस् ।

३) प्रजातन्त्र स्थापनामा त्रिभुवनको पनि सहयोग थियो भन्ने तथ्यलाई प्रमाणित गर्ने आधारहरू प्रस्तुत गर्नुहोस् ।

४) दिल्ली सम्झौता किन त्रिपक्षीय सम्झौता हो ?

५) यदि तपाई दिल्ली सम्झौताको बेला एक सचेत नागरिक हुनुहुन्थ्यो भने उक्त सम्झौता प्रति कस्तो प्रतिक्रिया दिनुहुन्थ्यो ? आदि प्रश्नहरू सोध्ने ।

## ७. थप अध्ययन सामाग्री

कोतपर्वको घटना २ असोज १९०३ देखि २००७, फागुन ७ सम्म १०४ बर्षे शासन अवधि जहाँनिया राणा शासनको समय हो । राणा शासनको सुरुवातमा विरोधका क्रियाकलापहरू सञ्चालन नभएतापनि बिस्तारै जनतामा विकसित चेतना, शिक्षाको बिस्तारले राणा निरङ्कुशताका विरुद्ध प्रत्यक्ष अप्रत्यक्ष आवाजहरू उठ्न थाले । कृष्ण अधिकारीले मकैको खेती नामक पुस्तक प्रकाशन गरी लाक्षणिक रूपमा विरोध गरेको थिए । काशीमा पढ्न बसेका नेपाली विद्यार्थीहरू क्रमश सङ्गठित भएका थिए । तर सङ्गठित रूपमा विरोधी क्रियाकलापहरू हुन् सकेका थिएनन् । यसैगरी भारतमा चलेको स्वतन्त्रता सङ्ग्राम (१९४७) मा नेपालीहरूको स्वतस्फूर्त संलग्नता र संलग्नताले प्रजातन्त्र र निरङ्कुशता प्रतिको धारणा विकासमा ठुलो टेवा पुऱ्याएको थियो । दुवै काङ्ग्रेस र कम्युनिष्ट पार्टीको नेता तथा कार्यकर्ताहरू त्यस भारत छोड आन्दोलनवाट पूर्णतः प्रभावित थिए । तसर्थ नेपालमा पनि राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना गर्नुपर्छ भन्ने मान्यतामा खासगरी नेपाली काङ्ग्रेस र तत्कालिन कम्युनिष्ट पार्टी अडिग थिए । फलस्वरूप नेपाली काङ्ग्रेसले मुक्तिसेना निर्माण गरी पूर्व पश्चिम दुवै तर्फबाट प्रहरी चौकी आर्कमण गरी काठमाडौंमा मात्र राणाहरूको शासन र उपस्थितिलाई सीमित गरिदिए । उता राजा त्रिभुवन साथै भारतीय सरकार र जनता सबैको यस क्रान्तिमा सहयोग समर्थन रहेको थियो । पूर्वको कमाण्ड मातृका कोइराला, वि.पि. कोइरालाले सम्हालेका थिए भने मध्य क्षेत्रमा थिरवम मल्ललगायतले सम्हालेको थिए । त्यसैगरी पश्चिम कमाण्ड डा. के. आई. सिंहले सफलतापूर्वक मोर्चाको नेतृत्व गरेका थिए । अन्त्यमा चौतर्फी दबाब पश्चातु तत्कालीन राणा प्रधानमन्त्री मोहन समशेर सम्झौतामा आउन

बाध्य भए । तर डा. के. आई. सिंहले सम्झौतालाई राणाहरूको हातबाट सत्ता राजामा हस्तान्तरण भएको र जनताको अधिकार प्राप्त हुन् नसकेको बलिदानीपूर्ण सङ्घर्षको उद्देश्य पूरा नभएको आदि कारणहरू व्यक्त गर्दै आन्दोलनलाई निरन्तरता दिएका थिए ।

## ८. परियोजना कार्य/गृहकार्य

१) तपाइँको समुदाय वा छिमेकी समुदायमा २००७ सालको क्रान्तिमा सामेल भएको वा देखेको सुनेको व्यक्ति हुनुपर्छ । उहाँलाई भेटी छलफल पश्चात् निम्न शीर्षकहरूमा विवरण समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

क) शीर्षक र परिचय

ख) २००७ सालको क्रान्तिपूर्ब देशको सामाजिक राजनैतिक अवस्था

ग) प्रजातन्त्रपछिको सामाजिक आर्थिक अवस्था

घ) निष्कर्ष

उक्त कार्य पछि कक्षामा प्रस्तुत गर्न लगाउने ।

२) २००७ साल अघि प्रजातन्त्रका लागि योगदान दिएका व्यक्तिहरूको छोटो जीवनी र फोटोसहित सूचनाहरू सङ्कलन गर्न लगाउने र कक्षामा टाँस गरी आफूले सङ्कलन गरेका ती सूचनाहरू प्रस्तुत गर्न लगाउने ।

## पाठ २

## प्रजातान्त्रिक राजनीतिको एक दशक (२००७ – २०१७)

**अनुमानित घण्टि : २**

### १. सिकाइ उपलब्धि

वि.स. २००७ सालदेखि हालसम्म भएका प्रमुख राजनैतिक घटनाकक्रम र तिनले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव वर्णन गर्न ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) २००७ सालमा प्रजातन्त्र घोषणापछिका विभिन्न घटनाहरूको सङ्क्षिप्त वर्णन गर्न

ख) २००७ सालको प्रजातन्त्र घोषणापछि बनेका सरकारहरूको नाम र बनोटको प्रकृति बोध

ग) (२००७ २०१७ ) को अवधिलाई राजनैतिक अस्थिरताको समय भनी विश्लेषण गर्न

घ) पहिलो आम निर्वाचन र त्यसको परिणामबारे प्रष्ट हुन

ङ) आन्तरिम शासन विधान, २००७ र नेपाल अधिराज्यको संविधान, २०१५ का केही विशषताहरूको सूची निर्माण गर्न

च) राजनैतिक अस्थिरताले वैदेशिक चासो/हस्तक्षेप हुन्छ भनी तर्क प्रस्तुत गर्न

छ) २००७ देखि २०१७ सम्मका मुख्य नीति र राजनैतिक घटनाक्रमलाई समयरेखामा प्रस्तुत गर्न

ज) भीमदत्त पन्त, टंकप्रसाद आचार्य सम्बन्धमा छोटो चर्चा गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिबृत्ति

क) विभिन्न विषयवस्तु खोज गरी अध्ययन गर्ने बानीको विकास (इन्टरनेटको सहायता र पुस्तकालय आदि बाट तथ्यहरूको खोज अनुसन्धान)

ख) प्रतिशोधले राष्ट्र र राष्ट्रियतालाई कमजोर बनाउँदछ तसर्थ प्रतिशोधको भावनालाई त्याग्न र अरुलाई पनि त्यसैअनुरूप गर्न र गराउन अग्रसर बन्न

ग) बालिग मताधिकारको प्रयोग गर्न र गराउन

घ) विशेष व्यक्तिहरूको कार्यको अनुसरण गर्न र समुदायमा भएका राम्रा कार्यहरूमा अग्रसर बन्ने

ङ) नेतृत्वदायी भूमिका वा सिप ग्रहण गर्न र गराउन आदि ।

### ४. सिकाइ सामाग्रीहरू

क) विद्यार्थी शहिद चिनियाकाजी, टंकप्रसाद आचार्य, मातृका प्रसाद कोइराला, भिमदत्त पन्त, डा.के.आई सिंह , सुवर्ण समशेर, राजा महेन्द्र, वि.पि. कोईराला आदिको तस्वीर वा फोटोका स्लाइडहरू

ख) २००७ देखि २०१७ सालसम्मका मिति र घटनाहरू उल्लिखित समय रेखाको चार्ट वा स्लाइड

ग) विभिन्न पत्रपत्रिकाका कटिङहरू, इतिहासका पुस्तकहरू आदि

घ) सम्भव भएसम्म २०१५ सालको संविधान वा यसका केही प्रावधानहरूको सूची चार्ट

**५. सिकाइ क्रियाकलाप**

१) दलीय राजनीति भनेको के हो ? भनी विद्यार्थीलाई प्रश्न सोध्ने र पूर्व पाठको पुनरावलोकन गराँउदै पाठतिर ध्यान आकृष्ट बनाउने ।

(सम्भावित जवाफः राजनैतिक पार्टीहरूले बिना रोकतोक आफ्ना क्रियाकलापहरू गर्ने तथा प्रजातान्त्रिक अभ्यास नै दलीय राजनीति हो। २००७ सालमा प्रजातन्त्रको घोषणापछि दलीय राजनीति प्रारम्भ भएको आदि ।)

२) कक्षाका विद्यार्थीहरूलाई निम्न सात समूहमा विभाजन गर्ने र प्रत्येकले आआफ्नो समूहको विशेषता, घटानाहरू आदि प्रस्तुत गर्न लगाउने ।

समूह क नेपाली काङ्ग्रेसको एकमना मन्त्रीमण्डल

समूह ख परामर्श दातृ सरकार

समूह ग राष्ट्रिय प्रजा पार्टीको नेतृत्वमा एकलौटी सरकार

समूह घ शाही सल्लाहकार सरकार

समूह ङ टंकप्रसाद तथा डा. के. आई. सिहको नेतृत्वका मन्त्रिमण्लहरू

समूह च सुवर्ण समशेरको नेतृत्वको मन्त्रिमण्डल

समूह छ पहिलो आम निर्वाचन र वि.पि. कोइराला नेतृत्वको निर्वाचित सरकार

३) सबै समुहले समूहगत प्रस्तुती पश्चात् शिक्षकले आआफ्नो सरकार प्रमुखह्रको चित्रहरू पहिचान छनोट गर्न लगाउने र थप प्रष्ट पार्ने, प्रत्येक सरकारको प्रकृतिबारे छलफल गराउने ।

४) नेपालको अन्तरिम शासन विधान तथा नेपाल अधिराज्यको संविधान लेखेको मेटाकार्ड वा प्राप्त भएसम्म संविधानहरू नै प्रर्दशन गर्ने र निम्न प्रश्नहरू सोध्ने ।

१) कहिले घोषणा गरिएको हो ?

२) कसको शासनकालमा घोषणा गरिएको थियो ?

३) कुन संविधान घोषणा पश्चात् पहिलो आम निर्वाचन भएको थियो ?

४) जम्मा कति निर्वाचन क्षेत्रमा राष्ट्रलाई विभाजन गरिएको थियो ?

५) निर्वाचनको परिणाम कस्तो आयो ?

६) वि.पि. कोइरालालाई किन पहिलो जननिर्वाचित प्रधानमन्त्री भनिएको हो ? उनी कहिले जननिर्वाचित प्रधानमन्त्री भनिएको हो? उनी कहिले प्रधानमन्त्रीमा नियुक्त भएका थिए ? पुरा मिति बताऊ ।

जस्ता प्रश्नहरू सोध्ने र छलफल गराई विष्लेषणात्मक अभिव्यक्ति प्रोत्साहन गर्ने वातावरण सिर्जना गर्ने ।

५) शिक्षकले २००७ सालको संविधान र २०१५ सालको संविधानका मुख्य बुँदाहरू संम्मिलित चार्टपेपर प्रस्तुत गर्दै विविध आयाममा छलफल गराउने ।

| २००७ सालको संविधान | २०१५ सालको संविधान |
|---|---|
| • अन्तरिम संविधान<br>• नेपालको अन्तरिम शासन विधान २००७, नाम रहेको<br>• ७३ धारा (दफा), ७ भाग र १ अनुसूचीको व्यवस्था<br>• २००७ चैत्र २९ गतेबाट लागु भएको<br>• संविधान मूल कानुन हो भनी नलेखिएको । | • पूर्ण संविधान<br>• नेपाल अधिराज्यको संविधान २०१५, नाम रहेको<br>• ७७ धारा र १० भागको व्यवस्था रहेको।<br>• २०१५ फागुन १ गते जारी गरी लागु भएको।<br>• संविधान मुल कानुन हो भनी लेखिएको । |

६) जिग्स विधि अवलम्बन गरी विद्यार्थीलाई ४ ओटा मातृ समूह र विज्ञ समूहमा विभाजन गर्ने ।

विज्ञ समूह १) लाई ( २००७ – २०१७ ) सम्मको अवधि राजनैतिक अस्थिरताको अवधि किन हो भन्ने प्रश्नहरू लेखिएको प्रश्न सेटमा छलफल गराउने ।

विज्ञ समूह २) लाई राजनैतिक अस्थिरताले वैदेशिक हस्तक्षेप कसरी हुन्छ भन्ने प्रश्नहरूको सेटमा छलफल गराउने ।

विज्ञ समूह ३) लाई २००७ देखि २०१७ सम्मको राजनैतिक घटनाक्रम र मिति उल्लिखित समय रेखा निर्माण गर्न लगाउने ।

विज्ञ समूह ४) लाई टंकप्रसाद आचार्य र भिमदत्त पन्तको तस्वीरहरू प्रदान गरी उनीहरूको प्रजातान्त्रिक आन्दोलनमा योगदानबारे टिपोट गर्न लगाउने ।

विज्ञ समूहहरूमा छलफल र शिक्षकको सहजीकरण पश्चात् निम्नअनुसारको निष्कर्ष प्राप्त हुन् सक्छ ।

समूह १ को निष्कर्ष:


- छोटो अवधिमा सरकार बारम्बार परिवर्तन भएको
- राजनैतिक दलहरू बिचमा फुट र बेमेल
- प्रजातान्त्रिक अभ्यासमा राजाहरूद्वारा सरकार गठनमा हस्तक्षेप
- जनतामा राजनैतिक चेतनाको कमी आदि

समूह २ को निष्कर्ष:

- अस्थिरताले राष्ट्रिय एकता नहुनाले
- फुटाउ र राजगार नीति विदेशी चाहना उत्पन्न हुने भएकोले
- राष्ट्रभित्रको कुनै एक असन्तुष्ट पक्षहरू विदेशसँग साँठगाँठ गर्न पुग्ने भएकाले आदि

समूह ३ को निष्कर्ष

स्केल : १ से.मि. : १ वर्ष




समूह ४ को निष्कर्ष

फोटो क : टंक प्रसाद आचार्य

- ज्यूँदो शहिद भनी चिनिने,
- नेपालको पहिलो राजनैतिक दलको संस्थापक अध्यक्ष

- प्रजातन्त्रका लागि सङ्घर्षका दौरान धेरै बर्ष जेल जिवन बिताएका
- वि.स. २०१२ माघमा गन्ती मन्त्री परिषदका अध्यक्ष अर्थात नेपालका प्रधानमन्त्री भएका

फोटो ख : भिमदत्त पन्त

- सुदूर पश्चिम क्षेत्रमा प्रजातान्त्रिक आन्दोलनका संवाहक
- जनताका सच्चा सिपाही
- किसानहरूलाई सहुलियत तथा सुविधा दिनुपर्छ भनी सुदूर पशिचिम क्षेत्रबाट किसान विद्रोहको नेतृत्व
- कृषकहरूमा चेतनाको उभारकर्ता
- २०१० भाद्र ७ डडेलधुरामा हत्या आदि

तत्पश्चात्, सम्पूर्ण विज्ञ समूहका सदस्यहरूलाई पुनः मातृ समूहमा फर्कन लगाई सिकेका कुराहरू एक आपसमा साटासाट गर्न लगाई समस्या समाधान गर्न लगाउने । शिक्षकले चार्ट पेपरमा वा स्लाइडद्वारा थप कुराहरू प्रदर्शन गर्दै पृष्ठपोषण दिई थप प्रष्ट पार्ने ।

**६. मूल्याङ्कन**

निम्न प्रश्नहरूको उत्तर लेख्नुहोस ।

क) यदि तपाई २०१७ सालको दलहरूमाथि प्रतिबन्ध घोषणाको वेला भएको भए कस्तो प्रतिक्रिया दिनुहुन्थ्यो ?

ख) २००७ देखि २०१७ सालसम्मका घटनाहरू उल्लिखित एक समयरेखा बताउनुहोस् ।

ग) भिमदत्त पन्तको योगदानबारे चर्चा गर्नुहोस् ।

घ) विधानसभाको चुनाब नगरी विज्ञद्वारा संविधान लेख्न लगाई किन २०१५ सालमा नेपाल अधिराज्यको संविधान घोषणा गरिएको होला ?

७. थप अध्ययन सामाग्रीः

२००७ सालमा प्रजातन्त्रको स्थापना भएता पनि राजाहरूमा प्रत्यक्ष शासन मोह र राजनैतिक दलहरू सत्ता प्रतिको चाहना लोभ बढी भएकोले अस्थिरता निम्तियो । जनताको अपेक्षा गरेअनुरूप राज्य सञ्चालन हुन् सकेन । विभिन्न राजनैतिक विद्रोहहरू भए । विधानसभाको चुनावमार्फत संविधान निर्माण गरिनुपर्ने सर्त भएतापनि २०१५ फागुन १ मा विज्ञ समूहबाट संविधान निर्माण गरियो । प्रजातन्त्रको सुन्दर पक्ष चुनाव हो । तर चुनाव पनि प्रजातन्त्र घोषणाको दशकपछि २०१५ फागुन ७ मा गरियो । तथापि जनताद्वारा निर्वाचित सरकारलाई डेढ बर्ष अवधि नपुग्दै राजा महेन्द्रबाट कु गरियो र दलमाथि प्रतिबन्ध लगाई पञ्चायती निरङ्कुश शासन २०१७ पुस २२ बाट प्रारम्भ गरियो । प्रजातन्त्र खोसियो ।

## ८. परियोजना कार्य

क) नेपालको इतिहासलाई इन्टरनेट वा पुस्तक पत्रपत्रिकामार्फत अध्ययन गर्नुहोस् । २००७ देखि २०१७ सम्म के कस्ता राजनैतिक उतारचढाव भएका रहेछन् ? खोजी गर्नुहोस् र सङ्क्षिप्तमा ती तथ्यहरूलाई टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ : तिन

## प्रजातन्त्रको अपहरण र राजनैतिक दलहरूमाथि प्रतिबन्ध

अनुमानित घन्टी १

### १. सिकाइ उपलब्धि

२००७ देखि हालसम्म भएका प्रमुख राजनैतिक घटनाक्रम र तिनले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव वर्णन गर्न ।

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१) प्रजातन्त्रको अपहरण हुनुपछाडिका कारणहरू पहिचान गर्न, पञ्चायती शासन व्यवस्थाबारे वर्णन गर्न

२) प्रजातान्त्रिक काल (२००७-२०१७) सम्मका सामाजिक आर्थिक उपलब्धिको अलग अलग सूची निर्माण गर्न, राजा महेन्द्रले दलहरू माथि लगाइएको आरोपलाई तालिकामा भर्न

३) सम्वादको नमुना तयार पार्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

- निरङ्कुशताको विरोध र लोकतान्त्रिक आचरण, अभ्यास गर्न
- सामाजिक नीति नियमको पालना गर्न र गराउन
- सामाजमा आर्थिक गतिविधिमा संलग्न हुन्
- समाज विकासमा सदैव अग्रसन हुन
- आफ्नो परिवारको अनुमानित बजेट योजना बनाई सोअनुरूप कार्यन्वयन गरी मितव्ययी बन्न

### ४. सिकाइ सामाग्रीहरू

१. नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ को पूर्ण पाठको कपी

२. वि.स. २००७ देखि २०१७ सालसम्मका आर्थिक तथा सामाजिक उपलब्धिको अलग अलग चार्ट सूची

३. राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्ध लगाउंदा प्रस्तुत पाठको केही अंश कटिङ् आदि

### ५. सिकाइ क्रियाकलाप

१) विद्यार्थीहरूलाई दलहरूमाथि प्रतिबन्ध घोषणाको भूमिका अभिनय वा Simulation Practice गराउनुहोस् ।

एक जनालाई राजा महेन्द्रको भूमिका, अर्कोलाई प्रधानमन्त्री, अन्य केही विद्यार्थीलाई मन्त्रीहरू, प्रहरीहरू, जनताहरू आदि ।

प्रहरीले प्रधानमन्त्री, मन्त्रीहरू, पक्रेर जेल पुऱ्याएको अभिनय,

राजा महेन्द्रले रेडियो नेपालबाट आफ्नो मन्तव्य (देशवासीका नाममा विशेष सम्बोधन, पाठ्यपुस्तकमा रहेको पहिलो अनुच्छेद, राखेको अभिनय जनता आफु, आफुमा राजाको कदमबारेमा गोप्य छलफल , भटघाट गरेको अभिनय आदि ।)

२) विद्यार्थीहरूलाई निम्न चार समूहमा विभाजन गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने ।

समूह छलफलको विषय

क) प्रजातन्त्र अपहरण हुनुका कारणहरू

ख) पञ्चायत कस्तो शासन व्यवस्था हो?

ग) राजा महेन्द्रले दलहरूमथि लगाएको आरोपहरू

घ) वि.सं. २००७ देखि २०१७ सम्मका सामाजिक आर्थिक बुँदागत सूची

शिक्षकले आवश्यकता अनुरूप सहजीकरण गरिदिने सम्भावित निष्कर्षहरू

समूह क सम्भावित कारणहरू: राजा महेन्द्रको अतिवादप्रति को आकाङ्क्षा हुनु, दलहरूमा आपसी मनमुटाव र फुट, जनतामा राजनैतिक चेतना कम हुनु, संविधानमा राजाको अधिकारलाई लिपिबद्ध हुनु, राजालाई उनका नजिकका व्यक्तिहरूद्वारा गलत सल्लाह दिनु आदि ।

समुह ख सम्भावित निष्कर्ष: पञ्चायत

एक दलीय अप्रजातान्त्रिक व्यवस्था, राजा नै सर्बेसर्वा रहेको राजनैतिक व्यवस्था, जनतालाई साधन ठान्ने राजनैतिक व्यवस्था, जनताका मैलिक हक अधिकार कुण्ठित पारिएको व्यवस्था आदि

समूह ग सम्भावित निष्कर्ष

आरोपहरू:

| क्षेत्र | प्रसङ्ग र सन्दर्भ |
|---|---|
| राजनैतिक दल | सत्तामुखी , पार्टीमुखी, व्यक्तिगत स्वार्थमा लगाउने |
| आर्थिक स्थिति | राजनैतिक दलको कारण आर्थिक स्थिति |
| वैदेशिक | नाजुक एवम् कमजोर हुँदै गएको वैदेशिक सम्बन्धमा शङ्का उत्पन्न |

| | |
|---|---|
| सम्बन्ध | भएको |
| राष्ट्रियता | राजनैतिक दलहरूको कार्यशैलीले जनतामा निराशा उत्पन्न भई राष्ट्रियता, कमजोर भएको |
| जनजीविका | जनताका दैनिक जीविकामा समस्या आएको, जनताले दु:ख पाएका |

समूह घ पाठ्यपुस्तकमा दिइएका सामाजिक आर्थिक उपलब्धिहरू नै समूहको निष्कर्ष

शिक्षकले आफू निर्मित सूची चार्ट प्रस्तुत गर्ने, तत्कालिन संविधानको धारा ५५ प्रदर्शन गर्दै वा पावर प्वाइन्ट स्लाइडमा देखाउँदै थप पृष्ठपोषण दिने र प्रष्ट पार्ने ।

३) विद्यार्थीलाई जोडी बनाई निम्न विषयमा सम्वाद गर्न लगाउनेः २०१७ पौष २२ मा घोषणा गरिएको पञ्चायती व्यवस्था निरङ्कुश व्यवस्था थियो । विद्यार्थीहरूको सम्वाद अवलोकन र निरीक्षणपछि उनीहरूलाई सम्वाद लेख्न पनि लगाउने । सम्वाद गर्दा वा लेख्दा सर्वप्रथम नमस्ते भन्दै एक आपसमा परिचय वा यस्तै अन्य प्रसङ्ग प्रस्तुत गर्नुपर्छ भन्ने, शीर्षकमा मात्र सवाद गर्नुपर्छ भन्ने, सम्वादका अनुच्छेद सकेसम्म छोटो र प्रष्ट हुनुपर्छ भन्ने र टुङ्ग्याउनी पनि प्रस्तुत गर्नुपर्छ भनी सहजीकरण गरिदिने र कुनै एक सम्वादको नमुना प्रस्तुत गराउने ।

६. **मूल्याङकन**

क) तल दिइए जस्तै श्रेणीमापन तालिका प्रयोग गरी विधार्थीको कक्षा गतिविधिको मूल्याङ्कन गर्ने ।

धेरै राम्रो ३, राम्रो २ सामान्य १ अङ्क दिने।

| क्र.स. | विद्यार्थीको नाम | क्षेत्र विषय | | | | |
|---|---|---|---|---|---|---|
| | | अभिनय | सक्रियता | जिज्ञासु | प्रस्तुति | सकारात्मक सिप |
| १. चन्द्रमुखी नेपाल | | ३ | १ | २ | ३ | २ |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | | | | | | |
| १० | | | | | | |

ख) तल दिइएका प्रश्नहरू सोध्ने

१) पञ्चायती व्यवस्था भनेको के हो ?

२) प्रजातान्त्रिक व्यवस्था हुँदा जनतालाई हुने फाइदाहरू र निरङ्कुश व्यवस्था हुँदा हुने नकारात्मक प्रभावहरू के के हुन् ? टिपोट गरी प्रस्तुत गर्नुहोस् ।

३) आफ्नो परिवारलाई उदाहरणीय बनाउन सदस्यहरूबिच के कस्ता अभ्यासहरू अवलम्बन गर्नुपर्छ ?

४) राजा महेन्द्र बढी महत्वाकाङ्क्षी राजा थिए भन्ने शीर्षकमा सम्वाद लेख्नुहोस् ।

**७. थप अध्ययन सामाग्रीः**

प्रजातान्त्रिक समय २००७-२०१७ साल राजनैतिक उतार चढाव भएतानि विकास निर्माणमा महत्वपूर्ण अवधि थियो । दुई प्रतिशतमा सीमित साक्षरता विद्यालयहरूको स्थापना, विश्व विद्यालयको स्थापनापछि ठुलो मात्रामा वृद्धि भएको थियो । स्वास्थ्य, कृषिलगायत बैङ्किङ् र आवधिक योजनाहरू असङ्ख्य मात्रामा सुरुवात भएको थियो ।

**८. परियोजना कार्य/गृहकार्यः**

क) समुदायको जेष्ठ नागरिकलाई भेट्नुहोस् र आफ्नो समुदायमा वि.स. २००७-२०१७ सम्म के कस्ता विकास कार्य भएका थिए, टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) वर्तमान समयमा जनताका इच्छा विपरित कुनै चलखेल , घटना भएमा ठुलो विरोध हुन्छ । तर २०१७ सालको राजा महेन्द्रको कदम विरोधी स्वरहरूले किन व्यापकता पाउन वा सङ्गठित हुन् नसकेको होला ? जानकार व्यक्तिलाई सोधेर र आफ्नो विचारसमेत लाई प्रस्तुत गर्दै प्रतिवेदनको ढाँचामा बर्णनलाई प्रस्तुत गर्नुहोस् ।

## पाठ : चार

## वि.सं. २०१७ देखि २०४६ सम्मका राजनैतिक घटनाहरू

अनुमानित घन्टी २

**१. सिकाइ उपलब्धि**

२०१७ देखि २०४६ हालसम्म भएका राजनैतिक घटनाहरू र तिनका प्रभावहरू

**२. विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) वि.स. २०१७ देखि २०४६ सम्मका मुख्य राजनैतिक घटनाहरूको बोध र तिनीहरूको प्रभाव बताउन

ख) दिइएका तथ्याङ्कको आधारमा वृत्तचित्र निर्माण गर्न

ग) पञ्चायती निरङ्कुशतामा विरोधी अभियानमा ज्यान आहुति दिने व्यक्तित्वबाट प्रेरणा लिन र स्वाभिमान एवम् सार्वभौम नागरिक बन्न

घ) २०४६ सालको जनआन्दोलनको पृष्ठभूमि बताउन

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य, व्यवहार र धारणाहरू**

क) सार्वभौम र स्वतन्त्र नागरिक बन्ने

ख) परिवार तथा समाजमा समन्वय, आपसी सहयोगको व्यवहार गर्ने,

ग) गैर लोकतान्त्रिक अभ्यास विरुद्ध आवाज उठाउने

घ) राष्ट्र र राष्ट्रियताको भावनालाई उचाइमा ल्याउने

ङ) विभिन्न राष्ट्रिय व्यक्तित्वबाट पाठ सिक्ने सोअनुरूप कार्य गर्ने गराउने

४. सिकाई सामाग्रीहरू

नेपालको ठुलो नक्शा, २०१७ देखि २०४६ सम्म घटेका घटनाहरूको मितिसहितको सूची चार्ट दुर्गानन्द झा, रत्नकुमार वान्तवा, रामराजाप्रसाद सिंह , रामनाथ दाहाल, गणेशमान सिंह सहाना प्रधान, निर्मल लामा लगायतका व्यक्तित्वहरूको फोटो, वृत्तचित्र निर्माण गरेको चार्टपेपर, २०४६ साल आन्दोलनको रूपमा पृष्ठभूमि तयार पारेको भिडियो क्लिप्स, मेटाकार्डहरू आदि ।

**५. सिकाइ क्रियाकलापहरू**

१) खोज विधिलाई अङ्गीकार गर्दै विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको पुस्तकालय, कम्प्यूटर ल्याब, सामुदायिक पुस्तकालय वा शिक्षकले इतिहासका पुस्तकहरूको व्यवस्था गरी विद्यार्थीहरूलाई निम्न शीर्षकहरूमा खोज अनुसन्धान गरी तथ्यहरू तालिकामा टिप्न लगाउने । यसो गर्दा कक्षा समय ४ बजेपछिको समयलाई पनि सदुपयोग गर्न सकिनेछ ।

| समूह | शीर्षक |
|---|---|
| डाँफे | जनकपुर बमकाण्ड |
| मुनाल | झापा विद्रोह र सुखानी हत्याकाण्ड |
| काँडेभ्याकुर | हवाइजहाज, अपहरण काण्ड र सिंहदरवार आगलागी |
| सुनौलो गिद्ध | टिम्बुरबोटे काण्ड |
| मयूर | रत्नकुमार वान्तवा हत्याकाण्ड |
| सारस | पिस्कर हत्याकाण्ड |
| कालिज | सत्याग्रह र बमकाण्ड |
| गौथली | २०४६ सालको जनआन्दोलन |

प्रत्येक समूहलाई आफूले पत्ता लगाएका कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउने र छलफल गराउने ।

२) शिक्षकले फोटोहरू, चित्रहरू, वृत्तचित्र (सम्भव भएसम्म), चार्टपेपरलाई प्रदर्शन गराउँदै प्रश्नोत्तर गराउने, विभिन्न व्यक्तित्वहरूको प्रजातान्त्रिक आन्दोलनका लागि गरेको योगदान र प्रजातन्त्र पुनस्थापना को पृष्ठभूमि बारे विस्तारमा बताईदिने ।

३) पाठमा दिइएका मुख्य घटनाहरू र मिति उल्लेख गरिएको चार्ट निर्माण गर्न लगाउने र जोडीमा छलफल गराउने । शिक्षकले थप पृष्ठपोषण दिने ।

## ६. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्ने

- क्याप्टेन यज्ञ बहादुर थापा लगायतलाई किन हत्या गरियो ?
- जनमत सङ्ग्रह भनेको के हो? जनमत सङ्ग्रह किन भएको हो ?
- रामराजाप्रसाद सिंह को हुन् ? उनले किन निर्वासित जीवन बिताउनु परेको हो ?
- २०४६ सालको जनआन्दोलनका कमाण्डर को थिए ? यसलाई किन संयुक्त जनआन्दोलन नामाकरण गरिएको थियो ?
- बहुदलीय व्यवस्थामा जनता नै सर्वेसर्वा हुन्छन् । कसरी ? पुष्टि गर्नुहोस् ।
- संयुक्त जनआन्दोलन २०४६ बारे कल्पना गरी एक पोष्टर तयार पार्नुहोस् ।

७. थप अध्ययन सामाग्री

- पञ्चायती निरङ्कुशताका विरुद्ध जनता तथा राजनैतिक दलहरू सदैव सक्रिय थिए । पञ्चायती दमन र धरपकड जतिसुकै बढेपनि विरोधका स्वरहरू कहिले कम भएनन् । काङ्ग्रेस र कम्युनिष्ट पार्टीहरूका अलग अलग रूपमा पञ्चायत विरोधी गतिविधि गर्दा

प्रभावकारी र सशक्त नभएको तथ्यलाई हृदयङ्गम गरी अन्ततः काङ्ग्रेस र कम्युनिष्टको संयुक्त बाममोर्चाबिचको जनआन्दोलको पृष्ठभूमि तयार भएको र फागुन ७, २०४६ सालबाट जनआन्दोलन सुरु भएको थियो ।

## ८. परियोजना कार्य

१) २०३७ सालको जनमत सङ्ग्रहको चुनावमा मत खसालेका व्यक्ति भेट्नुहोस् । उक्त चुनावमा बहुदलीय प्रजातन्त्र पक्षले किन हार्नुपर्‍यो ? सोध्नुहोस् र प्राप्त सूचनालाई कक्षा कोठाको सूचना पाटीमा टाँस गर्नुहोस् ।

२) २०१७ सालदेखि २०४६ सालसम्म विभिन्न घटनाहरूमा प्रमुख भूमिका निभाएका पञ्चायत विरोधी अभियानमा ज्यान आहुती दिएका व्यक्तित्वहरूको फोटो, चित्र सङ्कलन गरी कक्षामा प्रर्दशन गर्नुहोस् ।

## पाठ : ६ र ७

## वि.स. २०४६ देखि हालसम्मका राजनैतिक घटनाक्रम

**अनुमानित घन्टी ४**

### १. सिकाइ उपलब्धि

वि.स. २००७ सालदेखि हालसम्म भएका राजनैतिक घटनाक्रम र तिनले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेका प्रभाव वर्णन गर्न ।

### २. विशिष्ट उद्देश्यः

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) २०४६ देखि हालसम्मका राजनैतिक घटनाक्रमहरूबारे बताउन

ख) २०४६ देखि हालसम्मका मुख्य मुख्य राजनैतिक घटनाक्रमलाई समयरेखामा प्रस्तुत गर्न

ग) नेपालमा राजतन्त्रको अन्त्यबारे सङ्क्षिप्तमा वर्णन गर्न

घ) दशवर्षे लामो सशस्त्र द्वन्द्वको अन्त्य र शान्ति स्थापनाको पृष्ठभूमि बताउन

ङ) द्वन्द्वको समाधान र शान्ति स्थापनामा विविध सिपहरू हासिल गर्न

च) संविधान सभाको चुनावको उपादेयता र यसको दुरगामी प्रभाव बताउन

छ) राजनैतिक सङ्क्रमणकालबारे सङ्क्षिप्तमा बयान गर्न

ज) २०४६ र २०६२/०६३ को जनआन्दोलनबिचको समानता र भिन्नताहरूको सूची निर्माण गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

- विभिन्न ऐतिहासिक स्रोतहरूको खोजी अध्ययन गरी जिज्ञासा मेटाउने र निष्कर्ष निकाल्ने बानीको विकास गर्ने ।
- एक सचेत नागरिकको रूपमा विकास भई राजनैतिक दलहरूलाई जनता र राष्ट्र केन्द्रित कार्यक्रमहरूप्रति बफादार बन्नका लागि सुझाब दिने ।
- लोकतान्त्रिक प्रणालीमा बहुमतको निर्णय भएपनि अल्पमतको पनि कदर र सम्मान हुन्छ भन्ने धारणाको विकास गर्ने र सो अनुरूपको आचरण निर्माण गर्ने ।
- आफ्नो समुदाय वा समाजमा नेतृत्व लिने क्षमताको सिप हासिल गर्ने ।
- अरुको पिरमर्कालाई बुझ्ने र समस्या समाधानका लागि सदैव अग्रसर एवम् सक्रिय रहने ।
- वार्ता र सम्वाद द्वन्द्व निरूपणका प्रभावकारी माध्यम हुन् भन्ने बोध र सोअनुरूप कार्य गर्ने र गराउने ।

- सहिदहरूको योगदानको कदर, सम्मान र उनीहरूले देखाएको बाटोको अनुशरण गर्ने तथा उनीहरूका सपना साकार गर्ने गतिविधिहरूमा सहभागी बन्ने र अरुलाई पनि बन्न प्रेरित गर्ने ।

## ४. सिकाइ सामाग्रीहरू

- २०४६ को जनआन्दोलमा योगदान पुऱ्याएका व्यक्तित्वहरू गणेशमान सिंह , कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, सहाना प्रधान , निर्मल लामा, आदिको तस्वीरहरू,
- २०६२/६३ को जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका गिरीजाप्रसाद कोइराला, पुष्पकमल दाहाल प्रचण्ड , डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल, भरतविमल यादव लगायतका व्यक्तित्वहरूको तस्विरहरू,
- राजा वीरेन्द्र र ज्ञानेन्द्र शाहका तस्वीरहरू सात राजनैतिक दलहरूको सूची चार्ट तथा तत्कालीन नेपाल सरकार र ने.क.पा. (माओवादी) बिच भएको शान्ति सम्झौताका तस्वीरहरू,
- संविधान सभाका चुनावहरू सम्बन्धी पोष्टरहरू, चित्रहरू, पुस्तिकाहरू, बारम्बार सोधिने प्रश्नहरू (एफ ए क्यूहरू) आदि ।
- जनआन्दोल र त्यसपछिका महत्वपूर्ण घटनाहरू तथा मुख्य नेतृत्वको जीवनीमा आधारित वृत्तचित्रहरू, भिडियो क्लिप्स, स्लाइडहरू आदि ।
- पाठसँग सम्बन्धित विभिन्न समाचार प्रकाशित लेखहरू, म्यागेजिनहरूका कटिङगहरू आदि ।
- सहिदहरूको नामावली र शाहदतप्राप्त स्थानसहित प्रष्ट खुल्ने एक प्रिन्टेड भित्ते चार्ट ।
- ल्यापटप, प्रोजेक्टर, पावर प्वाईन्ट आदि ।

## ५. सिकाइ क्रियाकलापहरू

१) प्रथम जनआन्दोलनमा र दोस्रो जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिवहरूको फोटो । तस्विरहरू प्रर्दशन गर्ने र निम्न लिखित प्रश्नहरू APPLE technique प्रयोग गरी सोध्ने, छलफल गर्ने ।

क) यी तस्वीरहरूमा देखाइएका व्यक्तित्वहरूको नाम के हो ?

ख) यी व्यक्तित्वहरू नेपालको कुन जनआन्दोलनसँग सम्बन्धित छन् ?

ग) यहाँहरूको योगदान बारे सङ्क्षेपमा भन्नुहोस् ।

घ) संवैधानिक राजतन्त्रात्मक व्यवस्था र गणतन्त्रात्मक व्यवस्थाको मुख्य अन्तर के हो ?

ङ) वृहत् शान्ति सम्झौतामा हस्ताक्षर गर्ने व्यक्तित्वहरू को को हुन् ? र कहिले हस्ताक्षर गरिएको थियो ?

शिक्षकले विद्यार्थीहरूका जवाफ सुनिसकेपछि आफ्नो तर्फबाट थप जानकारी प्रवाह गरी प्रभावकारी शिक्षण सिकाइ सञ्चालन गर्ने तथा पृष्ठ पोषण दिने ।

२) जोडीमा पढाइ जोडीमा शारांश विधिद्वारा विद्यार्थीहरूलाई दुईओटै पाठहरू पढ्न लगाउने, मुख्य घटनाहरू मितिसहित टिपोट गर्न लगाउने र सोही विधिलाई प्रयोग गर्दै प्रस्तुत गर्न लगाउने । शिक्षकले सहजीकरण गरिदिने, थप पृष्ठपोषण दिने ।

३) तत्कालीन राजा विरेन्द्रको र ज्ञानेन्द्र शाहको फोटोहरू प्रर्दशन गर्ने । प्रथम जनआन्दोलन सञ्चालित हुँदा एवम् दोस्रो जनआन्दोलन चलिरहँदा को राजा थिए भनी प्रश्न सोध्ने र छलफल गराउने, राजा विरेन्द्र परिवारको वंश नाश हुनेगरी हत्या भएपछि ज्ञानेन्द्र राजा भएका तथा दोस्रो जनआन्दोलनको १२ बुँदे समझदारीको समेत प्रसङ्गलाई विस्तृतमा छलफल गराई जानकारी प्रदान गर्ने ।

४) शिक्षकद्वारा सङ्कलित जनआन्दोलनमा प्रयोग भएका (सम्भव भएसम्म) पोष्टरहरूको फोटो क्लिप्स तथा समाचारहरू, लेखहरू, प्रथम जनआन्दोलनको परिणाम घोषणाका बुँदाहरू, दोस्रो जनआन्दोलन, उपलब्धि घोषणाका पूर्ण पाठहरू Power Point बाट प्रर्दशन गर्ने वा कटिङ्हरू पढ्नलगाउने र विविध आयामहरू सम्बन्धमा छलफल गराउने एवम् निष्कर्ष निकाल्न लगाउने ।

५) दोस्रो जनआन्दोलनको उपलब्धि स्वरूप संविधान सभाको चुनाबहरू हुँदा निर्वाचन आयोगले प्रकाशन गरेका पोष्टरहरू, पर्चाहरू, (Frequently Asked Questions, FAQ) लगायतका सामाग्रीहरू प्रर्दशन गर्ने र संविधान सभाको चुनाव किन गरिएको हो ? यसैको दोस्रो चुनाव किन गर्नुपरेको हो ? आदि पक्षमा वृहत छलफल गराउने । संविधान सभाद्वारा घोषणा गरिएको नेपालको संविधानबारे जानकारी दिई आवश्यक पृष्ठपोषण दिने ।

६) पाठ्यपुस्तकको पेज १६४, १६८ र १६९ मा भएका मुख्य राजनैतिक घटनाक्रमलाई (त्यसपछि घटेका हालसम्मका मुख्य घटनाक्रमहरू समेत) उल्लेख गर्दै उपयुक्त स्केलको प्रयोग गर्न लगाई पूर्व अभ्यासको आधारमा समयरेखामा (एकभन्दा बढीमा पनि देखाउन सकिने) निर्माण गर्न लगाई एक एक गरी कक्षामा प्रस्तुत गर्न लगाउने । त्यस समयरेखाहरू उपर शिक्षकले आवश्यक सुझाव, निर्देशनहरू दिई सिप, धारणाहरू र समयरेखा निर्माणका फाइदाहरू बारे प्रष्ट पारिदिने ।

७) नेपालका जनआन्दोलनहरू, सहिदहरूको भित्ते चार्टहरू प्रर्दशन गर्ने र उनीहरूको नामावली एवम् सहादत गरेको स्थान ठेगाना बताइदिने । सहिदहरू सम्मानित, आदरणीय व्यक्तित्वहरू हुन, उनीहरूका सपना हामीले पूरा गराउन सदासर्वदा अग्रसर रहनुपर्छ । यदि हाम्रो समाजमा

शहादत प्राप्त व्यक्तिका परिवार हुनुहुन्छ भने उहाँहरूलाई सम्मान र सहयोग कार्यक्रम आयोजना गर्नुपर्छ भनी महिमा प्रस्तुत गर्दै पृष्ठपोषण दिने ।

८) पुस्तकालय अध्ययन, इन्टरनेटको प्रयोग वा स्थानिय राजनैतिक नेतृत्व बुद्धिजीवीलाई भेटेर ( विद्यालय समयपछि अतिरिक्त समयलाई प्रयोग गर्दै) निम्न शीर्षकहरूमा सोधखोज र आफ्नो विचारहरू समेत समेटेर प्रतिवेदनको रूपमा पेस गर्न लगाउने । साथै प्रतिवेदन माथि कक्षामा छलफल गराउने ।

क) राजनैतिक सङ्क्रमणकाल भनेको के हो ? कस्तो अवस्थामा यो समय आउँदछ ? सङ्क्रमणकाल लम्बिदा के कस्ता परिणामहरू देखा पर्छन् ?

ख) जनआन्दोलन २०४६ र जनआन्दोलन २०६२। ०६३ का समानता र मुलभूत भिन्नताहरू के के हुन् ? सूची बनाई प्रस्तुत गर्नुहोस् ।

सम्भावित पत्ता लाग्ने कुराहरू

राजनैतिक परिवर्तन भएपछि प्राप्त उपलब्धि पूर्णतया संस्थागत भैनसकेको अवस्था, प्रति कान्ति भई उपलब्धि गुम्न सक्ने खतरा, सरकार परिवर्तन भईरहन सक्ने अवस्था, अस्थिरता हुने राजनैतिक अवस्थालाई राजनैतिक, सङ्क्रमणकाल भनिन्छ । जनआन्दोलन, क्रान्ति पश्चात् हुने राजनैतिक परिवर्तन पछि राष्ट्रमा यस्तो समय आउँदछ ।

- जनआन्दोलन प्रथम र जनआन्दोलन द्वितीयका समानताहरू:

  क) राजनैतिक दलहरू मिलेर सञ्चालित संयुक्त आन्दोलनहरू

  ख) राजतन्त्रात्मक व्यवस्था विरुद्धको आन्दोलनहरू

  ग) जनताको व्यापक सहभागिता, वैदेशिक समर्थन

  घ) जनताले उठाएका माग अनुरूपमा उपलब्धिहरू प्राप्त भएका आदि ।

  भिन्नताहरू

| जनआन्दोलन २०४६ | जनआन्दोलन २०६२/०६३ |
|---|---|
| १. नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चाबिच सहमति भई सञ्चालित आन्दोलन<br>२.लामो अवधिसम्म सञ्चालित (लगभग ४९ दिने)<br>३. संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्था मुख्य उपलब्धिका रूपमा स्वीकार<br>४. संवैधानिक सुझाव आयोगद्वारा | १. तत्कालीन सात राजनैतिक दल र विद्रोह सशस्त्र द्वन्द्व सञ्चालित पार्टी ने.क.पा. (माओवादी) बिच १२ बुँदे सम्झौता पश्चात् सञ्चालित आन्दोलन<br>२. १९ दिने जनआन्दोलनले उपलब्धि प्राप्त गर्न सफल<br>३. राजतन्त्रको अन्त्य, लोकतन्त्र तथा |

| | |
|---|---|
| परिवर्तनलाई आत्मसाथ गर्ने संविधान निर्माण<br>५. असन्तुष्टबाट सशस्त्र द्वन्द्वको बिजारोपण | गणतन्त्रको स्थापना<br>४. संविधानसभाको चुनावद्वारा लगभग ९० प्रतिशत जनताका निर्वाचित प्रतिनिधिले बनाएको सङ्घीय गणराज्य उल्लेख गरिएको संविधान<br>५. वृहत् शान्ति सम्झौता र सशस्त्र द्वन्द्वको अन्त्य । |

९) सम्भव भएसम्म यी पाठहरूसँग सम्बन्धित भिडियोहरू, व्यक्तिहरूको वृत्तचित्र, Slides प्रदर्शन छलफल गराउने । नेपाल सरकार र तत्कालिन नेकपा माओवादीबिच बृहत् शान्ति सम्झौता पत्रमा हस्ताक्षर गर्दे शान्ति सम्झौता किन भएको हो ? कहिले भएको हो ? भन्दै सम्झौता पत्रका बुदाँहरूमा छलफल गर्दै यसको कारण र परिणाम बारे छलफलद्वारा प्रष्ट पार्ने ।

## ६. **मूल्याङ्कन**

क) निम्न लिखित रुब्रिक्सको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न ।

विद्यार्थीको नाम रोल नं.

| क्षेत्र/शीर्षक | अति उत्तम (५) | उत्तम (४) | मध्यम (३) | सामान्य (२) | सुधार गर्नै पर्ने १ |
|---|---|---|---|---|---|
| ● सक्रियता, जिज्ञासु<br>● सकारात्मक सोच<br>● खोजी गर्ने बानी<br>● विषयवस्तुमा रुची<br>● व्यक्तिगत व्यवहार तथा आचरण | | | | | |

ख) तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् ।

१) संविधान सभा भनेको के हो? कहिले भएका थिए ?

२) प्रतिनिधि सभाको शोषण भनेको के हो ? यसका मुख्य प्रावधानहरू के के हुन् ? विधिवत सङ्घिय गणतन्त्र नेपाल कहिले घोषणा गरियो ?

## ७. थप अध्ययन सामाग्री

२०४६ साल देखि हालसम्मको अवधि नेपालको इतिहासमा विभिन्न आन्दोलन, सशस्त्र द्वन्द्व र राजनैतिक अस्थिरताको समय हो । राजनैतिक दलहरूमा फुट, सरकारमुखी कुर्चीमुखी व्यवहार, आर्थिक लाभका लागि गरिने हर्कत बढी देखा परेको थियो । विकास कार्य द्रुत भएपनि अपेक्षित विकासको फड्को मार्न सकेन । राजा ज्ञानेन्द्रको शाक्तिशाली बन्ने आकाङ्क्षा आदिको कारण देशमा अशान्ति मच्चियो । तर जनतामा राजनैतिक चेतना वृद्धि भयो । जनताका प्रतिनिधिहरूद्वारा जनताले चाहेको नेपालको संविधान (२०७२) घोषणा गरी लागु गरियो ।

## पाठ : ८

## दोस्रो जन आन्दोलनपछि परेको आर्थिक तथा सामाजिक प्रभाव

**अनुमानित घन्टी २**

### १. सिकाइ उपलब्धिः

वि.स. २०६२ ।०६३ को जनआन्दोलन, गणतन्त्र स्थापना पछि परेको आर्थिक तथा सामाजिक प्रभाव वर्णन गर्न

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

१) नेपालमा गणतन्त्र स्थापनाको सङ्क्षिप्त पृष्ठभूमि बताउन

२) दोस्रो जनआन्दोलन पछि देशमा परेको सामाजिक प्रभावको सूची बनाई प्रस्तुत गर्न

३) दोस्रो जनआन्दोलनपछिको आर्थिक प्रभावबारे वर्णन गर्न

४) दोस्रो जनआन्दोलन पछि प्राप्त उपलब्धि रक्षाका लागि सक्रिय सहभागि हुन

५) विगत ५ बर्षमा आफ्नो परिवारमा के कस्ता सामाजिक आर्थिक परिवर्तनहरू भए सोको बुँदागत सूची निर्माण गर्न ।

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

- दोस्रो जनआन्दोलनपछि प्राप्त उपलब्धि रक्षाका लागि सदैव सक्रिय रहने
- सङ्घिय गणतन्त्रलाई संस्थागत गर्न सरकारद्वारा घोषणा गरिएका तहगत चुनावी अभियानगत सरिक हुन
- आफ्ना टोल छिमेकमा भएका विविध परिवर्तनका तथ्यहरू टिपोट गरी साथीसँग आदानप्रदान गर्न
- आय आर्जनका स्रोतहरू पहिचान गरी भविष्यमा आत्मनिर्भर बन्न र अरुलाई पनि आत्मनिर्भर बन्न प्रेरित गर्न ।

### ४. सिकाई सामाग्रीहरू

१) सामाजिक तथा आर्थिक परिवर्तनका अलग अलग सूची

२) आर्थिक तथा सामाजिक सुधारका कार्यहरू प्रकाशित समाचारपत्रहरूका कटिङ्हरू

३) संविधान सभाबाट संविधान घोषणा गरिएका तस्वीरहरू/भिडियोहरू

४) ल्यापटप, पावर प्वाइन्ट आदि ।

### ५. सिकाइ क्रियाकलापहरू

१) विद्यार्थीहरूलाई समालोचनात्मक चिन्तनअन्तर्गतको सङ्गठित सिंहावलोकन विधि प्रयोग गर्दै निम्न अनुच्छेद भन्दै ध्यान आकृष्ट गरी विषय प्रवेश गर्ने ।

१९ दिने लगातारको आम हडतालपछि राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई नै सुम्पेको भनी राती ११ बजे टेलिभिजन मार्फत घोषणा गरे । अर्को दिन देशभर जनताले विजयजुलुस निकाले, लोकतन्त्र आयो । संविधान सभाको चुनाव भयो । राष्ट्र प्रमुख जनताद्वारा निर्वाचित साधारण व्यक्ति पनि हुन पाउने व्यवस्था भयो । देशमा चमत्कारिक रूपमा विकासका कार्यहरू सञ्चालन हुन् थाल्यो । जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले सहमतिमा संविधान जारी गरे । नेपाल पहिलो पटक सङ्घीय गणतन्त्रात्मक राज्य बन्यो । द्वन्द्व अन्त्यभई शान्ति स्थापना भयो । त्यसपछि..........................

२) विद्यार्थीहरूलाई आफ्नो समुदायमा आएको विगत ३ वर्षको सकारात्मक परिवर्तनबारे सङ्क्षिप्तमा टिपोट गर्न लगाउने । छलफल गराउने ।

तत्पश्चात, विद्यार्थीहरूलाई शिक्षकद्वारा निर्मित दोस्रो जनआन्दोलनपछि देशमा परेको सामाजिक आर्थिक प्रभाव बुँदागत रूपमा चार्ट पेपर वा स्लाइडबाट प्रस्तुत गर्ने उदाहरणका लागिः

सामाजिक प्रभाव

- समावेशीकरणको सिद्धान्तले पछाडि परेका वा पारिएका समुदाय वर्ग, लिङ्ग, क्षेत्रको विकास भएको, राज्यका हरेक तह, निकायमा पहुँच बिस्तार भएको
- अन्धविश्वास, कुरीति, नराम्रा प्रथाहरू क्रमशः लोप हुँदै
- शिक्षाको विकासले चेतनाको स्तर वृद्धि भएको
- आधारभूत तहसम्म निशुल्क र अनिवार्य शिक्षा नीति लागु भएको
- गम्भीर प्रकृतिका रोगहरूको उपचारमा विविध सहुलियत
- द्वन्द्वको निरूपण र शान्ति स्थापना
- संविधानसभाद्वारा जनताको राय सुझाव सङ्कलित नेपालको संविधानको घोषणा
- समाज वर्गहिनतातर्फ बिस्तारै स्थापित हुँदै
- भ्रष्टाचार विरोधी गतिविधि आक्रामक तवरले अघि बढाइयो, पारदर्शितालाई मजबुत बनाइयो
- सडक विस्तार र सूचना एवम् सञ्चारको क्षेत्रमा अतुलनीय तथा द्रुत विकास भयो
- जातीय छुवाछुत तथा भेदभाव निराकरण उन्मुख भएको
- समाजमा मेलमिलाप, सहकार्य सहयोग, संस्कृतिको रूपमा विकसित भए
- वैदेशिक सम्बन्ध विस्तार एवम् सुदृढ भएको

आर्थिक प्रभावहरू

- सरकारले स्वरोजगारको स्थापना गरी युवा स्वरोजगारी बढाएको र आत्मनिर्भरता वृद्धि भएको
- राजस्व सङ्कलनको नयाँ नीति अख्तियार गरी राष्ट्रिय आयमा उल्लेखनीय वृद्धि
- गरिबी न्यूनीकरण उल्लेखनीय रहेको
- तिनखम्बे अर्थनीति सार्वजनिक, निजी तथा सहकारी साझेदारी अवलम्बन गरिएको
- गाँउ टोलसम्म सहकारी स्थापना भई पूँजी परिचालन भएको र स्थानीय स्तरमा आर्थिक समुन्नति भएका
- राष्ट्रिय गौरवका महत्वपूर्ण २१ ओटा आयोजनाहरू सञ्चालनमा रहेका र यस्तै अन्य थपिने क्रम जारी रहेको
- वैदेशिक लगानी आकर्षण गर्ने नीति अवलम्बन गर्ने क्रममा छिमेकी राष्ट्रहरूसँग BIPPA सम्झौता गरिएको
- एशियाली राष्ट्रहरूको सडक सन्जाल One Belt One Road कार्यान्वयन तर्फ अगाडि बढेको र व्यापार घाटा न्यूनीकरणको प्रयासहरू भएको
- उर्जा सङ्कट समाधान गरिएको र अर्बौ रकम राष्ट्रिय कोषमा सङ्कलित हुन् पुगेको
- आवधिक आर्थिक योजनालाई वैज्ञानिक, व्यवहारिक एवम् परिणाममुखी बनाइएको आदि

जस्ता बुँदाहरू प्रदर्शन गराउँदै छलफल र पृष्ठपोषण दिने ।

३) प्रश्नोत्तर विधि अवलम्बन गर्दै दोस्रो जनआन्दोलनका उपलब्धिलाई रक्षा वा कार्यान्वयन गर्न निम्न प्रश्नहरू सोध्ने र छलफलमा गराउने ।

क) संविधान कार्यान्वयन गर्न के गर्नुपर्छ ?

ख) तपाई १८ बर्षको पुगेपछि किन निर्वाचनमा सहभागि हुनुपर्छ ?

ग) एक सचेत विद्यार्थीको नाताले तपाइँले आफ्नो टोल छिमेकमा के कस्ता चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने वा सहभागि हुनुहुन्छ ?

४) २००७ सालदेखि २०१७ सालसम्म र दोस्रो जनआन्दोलनपछि परेको आर्थिक सामाजिक उपलब्धिहरू खोजी गर्न लगाउने (पुस्तकालय, इन्टरनेटको प्रयोगसमेत) दुईओटा अवधिबिचको उपलब्धिको तुलना गर्न लगाउने ।

सम्भावित प्राप्ति

दोस्रो जनआन्दोलनपछि भएका आर्थिक सामाजिक प्रभाव बढी हुन्छन् किनकी शिक्षा, जनचेतना, विश्वव्यापीकरण आदि यसका कारणहरू हुन् । तथापि तत्कालिन २००७ देखि २०१७ सम्मको अवधिमा भएका उपलब्धिहरू त्यो समयमा अत्यन्तै प्रगतिशील थिए भनी पृष्ठपोषण दिने ।

५. संविधानसभाबाट संविधान घोषण भएका तस्वीर एवम् दृश्य सामग्री प्रर्दशन गर्दै पहिलो संविधान सभाबाट पूरा हुन् नसक्नुका कारणहरू र नेपालको संविधानका प्रमुख उपलिब्धहरूको बारेमा छलफल गराँउदै प्रष्ट पार्ने ।

## ६. थप अध्ययन सामाग्रीः

दशौं पञ्चवर्षीय योजनापछिका अन्तरिम तथा त्रिवर्षीय योजनाहरू र उपलब्धिहरूले नेपालमा दोस्रो जनआन्दोलनको सफलतापछि प्राप्त राजनैतिक परिबर्तनले आर्थिक सामाजिक रूपमा धेरै फड्को मारेको तथ्याङ्कले बताउँदछ । मानिसमा खुसीपनको दर, मानव विकासको सुचकाङ्क, प्रति व्यक्ति आय, पहुँचको विस्तार आदिले राजनैतिक परिवर्तनको सकारात्मक प्रभाव दर्शाउंदछ ।

## ७. मूल्याङ्कन

तलका प्रश्नहरूको सङ्क्षिप्तमा उत्तर दिनुहोस् ।

क) दोस्रो जनआन्दोलनका उपलब्धिलाई बचाई राख्न राजनैतिक दलले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ ।

ख) तपाईको परिवारमा जनआन्दोलनले के कस्तो प्रभाव पाऱ्यो ?

ग) लोकतन्त्रमा किन जनतालाई सर्वोपरि मानिन्छ ?

## पाठ : ९ र १०

## प्रथम विश्वयुद्धका कारणहरू र प्रथम विश्वयुद्धका परिणामहरू

**अनुमानित घन्टी ४**

### १. सिकाइ उपलब्धि

क) प्रथम र द्वितीय विश्वयुद्धका कारण, परिणाम, प्रभाव र नेपालीहरूको भूमिका उल्लेख गर्न ।

### २. विशिष्ट उद्देश्यः

क) प्रथम विश्वयुद्धका कारणहरू वर्णन गर्न

ख) प्रथम विश्वयुद्धका परिणामहरूको सूची निर्माण गर्न

ग) द्वन्द्व तथा अनावश्यक तनावबाट मुक्त हुने केही उपायहरू जान्न

घ) बदलाको भावना राख्नु हुँदैन भन्ने शिक्षा प्राप्त गर्न

ङ) विश्वयुद्धले विश्वव्यापी पारेको प्रभाव बताउन

च) विश्वयुद्धमा नेपालीहरूको भूमिकाबारे सङ्क्षिप्त बयान गर्न ।

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क) युद्धले कसैको भलो गर्दैन भन्ने तथ्यलाई मनन गर्दै शान्तिप्रिय बन्न र अरुलाई पनि बनाउन

ख) मेलमिलाप, सहकार्य, सहसम्बन्ध नै मानव जीवनका सदैव आत्मसात गर्ने तत्त्वहरू हुन् भनी सो अनुरूप कार्य गर्न बुझ्ने

ग) राष्ट्रिय एकतामा सूत्रबद्ध रहन र राष्ट्रियताप्रति बफादार बन्न

घ) नेपालीहरू वीर हुन्छन् भनी इतिहासबाट सिक्दै, राष्ट्र र राष्ट्रियताको सवालमा जुनसुकै मूल्य चुकाउन पनि तयार रहने

### ४. सिकाइ सामाग्रीहरू

क) प्रथम विश्वयुद्धका कारणहरू र परिणामहरूको अलग अलग सूची चार्टहरू

ख) जर्मन चान्सलर अटोमन विस्मार्क, अष्ट्रियाका राजा फ्रान्सिस जोसेफ, सर्वियाका राजा पिटर आदिका तस्वीरहरू

ग) विश्वको भित्ते राजनैतिक नक्सा, एटलस

घ) प्रथम विश्वयुद्धमा घटेका प्रमुख घटनाहरू र मिति उल्लेख गरिएको चार्ट, स्लाइड

ङ) प्रथम विश्वयुद्धका केही तस्वीर तथा दृश्य सामग्रीहरू

च) प्रथम विश्वयुद्धमा प्रत्यक्ष संलग्न राष्ट्रहरूको नाम र उनीहरू आबद्ध समुहको सूची चार्ट आदि ।

## ५. सिकाइ क्रियाकलापहरू

१) विद्यार्थीहरूलाई द्रुत लेखन विधिद्वारा युद्ध के हो भनी ३ मिनेट भित्रमा लेख्न लगाउने । केही विद्यार्थीहरूलाई लेखेको कुराहरू उठेर प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यकता अनुरूप पृष्ठपोषण दिई प्रथम विश्वयुद्धका तस्वीर, भिडियो प्रदर्शन गरी विषय प्रवेश गर्ने । विद्यार्थीहरूलाई छलफलमा सामेल गराउने ।

२) सोच जोडीमा छलफल आदानप्रदान अन्तरगत पाठ्यपुस्तकमा लेखिएका प्रथम विश्वयुद्धका कारणहरू व्यक्तिगत रूपमा पढ्न लगाउने, आफुले पढेका कुरा आफ्नो साथीसँग छलफल गरी र जोडीबाट निस्केको निष्कर्ष कक्षामा आदानप्रदान गनर्न लगाउने । त्यसपछि शिक्षक निर्मित कारणहरू लेखिएको चार्ट वा Slide शिक्षकले प्रर्दशन गरी प्रत्येकको थप व्याख्या गरिदिने ।

३) कथा कथन विधिलाई प्रयोग गर्दै द्वन्द्वले, बदलाको भावनाले नाश गराउने र शान्ति मेलमिलापले सबैको भलो हुने, कसैको क्षति नहुने एउटा बनिबनाउ (काल्पनिक) कथा भन्ने र विद्यार्थीहरूलाई त्यस्तै गाउँ टोलमा भएका अन्य उदाहरण प्रस्तुत गर्न लगाउने । द्वन्द्व, झगडा नगर्न र मेलमिलाप गर्न प्रेरित गर्ने ।

४) जर्मनीको समूह धुरी राष्ट्र र फ्रान्सको समूह मित्रराष्ट्रमा आबद्ध राष्ट्रहरूको सूची प्रस्तुत गर्ने र यसले मानवीय, भौतिक तथा मानसिक रूपमा पारेको प्रभावबारे छलफल आदान प्रदान गर्ने ।

५) विश्वयुद्धले क्षति पारेको तस्वीर वा भिडियो प्रर्दशन गर्ने । विद्यार्थीहरूलाई त्यसले के कस्तो क्षति पुऱ्याएको होला भनी प्रश्न गर्ने । तत्पश्चात समग्रमा प्रथम विश्वयुद्धका परिणामहरू पाठ्यपुस्तकमा दिइएअनुरूप वर्णन गर्ने र युद्धले विश्वव्यापी आर्थिक संकट, मानवीय क्षति आदि प्रभावहरू पारेको प्रष्ट पारिदिने ।

६) विश्वयुद्धमा नेपालको सहभागिता बारे वादविवाद कार्यक्रम कक्षामा आयोजना गर्ने । विद्यार्थीका तर्कहरू, प्रस्तुति शैली, उदाहरणको सामन्जस्यता जस्ता पक्षको मूल्याङ्कन गर्ने र शिक्षकले निष्कर्ष दिने । जस्तै तत्कालिन अवस्थामा छिमेकी राष्ट्र भएकाले परेको वेला सहयोग गर्नु परम् कर्तव्य थियो । नेपाल अप्रत्यक्ष रूपमा युद्धमा सामेल भएकाले नेपाली वीर हुन्छन् अर्थात् वीर गोर्खालीको उपमा पाउन सफल भएको थियो । त्यसैगरी केही मात्रामा आर्थिक सहयोग प्राप्त भएकोले पनि सकारात्मक पक्षबाट मूल्याङ्कन गरिएको हो भनी प्रष्ट पार्ने ।

थप अध्ययन सामाग्रीः अष्ट्रियामा जन्मिएर जर्मनीमा आई सैनिकको रूपमा प्रवेश गरेका एडोल्फ हिटलर भसैलको सन्धि हुँदा प्रथम विश्वयुद्धको कारण घाइते भई अस्पतालमा थिए । उनले

सैनिकको जागिरबाट राजीनामा दिई राजनीतिमा प्रवेश गरे । छोटो समयावधिमा उनले ठुलो उपलब्धि हासिल गरी राष्ट्र प्रमुखको गरिमामय पदमा आसीन भए । अर्कोतिर इटालीका बेनिटो मुसोलिनी अर्को शासक थिए । यि दुईबिचमा घनिष्टता थियो । त्यस्तै जापानका र स्पेनका शासकहरू पनि हिटलरसँगै मिल्थे । अन्ततः त्यस गठबन्धनले बदलाको भावनालाई मलजल गऱ्यो, विरोधी सफाया गर्ने अभियान नै चलाए र अर्को विध्वङ्शकारी युद्ध निम्त्याउन कारक तत्वहरू बन्न पुगे ।

प्रथम विश्वयुद्धपछि राष्ट्रसङ्घको स्थापना भयो तर संस्थापक विड्रो विल्सनले आफ्नो राष्ट्र अमेरिकालाई सदस्य राष्ट्र बनाउन सकेनन् । संसदबाट अनुमोदन गराउन नसक्दा यस संस्थाले पनि आफ्ना गतिविधिहरू राम्ररी चलाउन नसकी युद्धको सम्भावना जीवित राख्ने काम गऱ्यो ।

## ६. प्रतिविम्बन

क) निम्न लिखित तालिकाबाट विद्यार्थीहरूले गरेको क्रियाकलाप, वादविवादका तर्कहरू प्रस्तुति आदिको मूल्याङ्कन गर्ने ।

| सि.नं. | विद्यार्थीको नाम | सक्रिय सहभागिता (५) | तार्किकता ((१०) | सकारात्मक सोँच (५) | समस्या समाधान सिप (५) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ख) तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् ।

१) गुटबन्दीले कसरी विश्वयुद्ध हुन् पुगेको थियो ?

२) जर्मनहरूले बदलाको भावना राख्नु उचित थियो वा थिएन ? किन ?

३) उग्रराष्ट्रबाद भन्नाले के बुझ्नुहुन्छ ?

४) दुई साथीबिचको द्वन्द्व समाधानमा तपाइँले मध्यस्थता गरी कसरी समाधान गर्नुहुन्छ ?

५) युद्ध, लडाइँ, झगडाबाट कसैलाई फाइदा र सन्तुष्टि हुँदैन भन्ने तथ्यलाई प्रमाणित गर्दै दुई साथीबिच सम्वाद लेख्नुहोस् ।

## ७. परियोना कार्य/गृहकार्य

क) तपाइँको टोल छिमेकमा उपलब्ध भएसम्म प्रथम विश्वयुद्धमा बेलायतको तर्फबाट विभिन्न राष्ट्रहरूमा गई युद्ध लडेका व्यक्तिका सन्ततिलाई भेट्नुहोस् । युद्धका वेला भोगेका अनुभवका बारेमा सन्ततिलाई सोध्नुहोस्, फोटोहरू, केही कागजात, पुरस्कार पनि हुन् सक्छन् त्यसबारे पनि टिपोट गर्नुहोस् । अन्त्यमा एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) इन्टरनेट वा इतिहासका पुस्तकहरूबाट प्रथम विश्वयुद्धमा गैर सैनिक व्यक्तिहरू कति सङ्ख्यामा हताहत भएका थिए, घाइते कति भए । तथ्याङ्क सङ्कलन गरी वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।

## पाठ ११ र १२

## दोस्रो विश्व युद्धका कारणहरू र परिणामहरू एवम् नेपालको भूमिका

**अनुमानित घन्टी ४**

### १. सिकाइ उपलब्धि

प्रथम र द्वितीय विश्वयुद्धका कारण, परिणाम, प्रभाव र नेपालीहरूको भूमिका उल्लेख गर्न ।

२. **विशिष्ट उद्देश्यः** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नकार्य गर्न सक्षम हुनेछन् :

क) द्वितीय विश्वयुद्धका कारणहरू पहिचान गरी वर्णन गर्न

ख) द्वितीय विश्वयुद्धका परिणामहरूको सूची बनाई सङ्क्षिप्तमा विष्लेषण गर्न

ग) द्वितीय विश्वयुद्धमा नेपालको सहभागिता र नेपालको भूमिका बताउन

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क) आफ्ना पूर्खाहरूको वीरता, बहादुरी प्रति गर्व गर्दै उनीहरूको पथ अनुशरण गर्ने

ख) शान्तिप्रिय बन्न, सहयोगी, सहकार्य गर्ने बानीको विकास गर्ने

ग) आफ्नो तहको द्वन्द्व निरूपणको मध्यस्थता गर्ने

घ) राष्ट्रलाई आवश्यकता परेको बखत परिचालित हुने

ङ) आणविक शास्त्रअस्त्रबाट टाढा रहने,

च) शान्तिप्रेमी बन्न र बनाउन

छ) सामूहिकीकरणको विकास र सामूहिक निर्णयमा काम कारवाही गर्न ।

### ४. सिकाई सामाग्रीहरू

क) द्वितीय विश्वयुद्धका कारणहरू र परिणामहरूको छुट्टा छुट्टै सूची चार्टहरू वा मेटाकार्डहरू वा स्लाइडहरू

ख) एडोल्फ हिटलर, बेनिटी मुसोलिनी, जनरल फ्रान्को, विन्सटन चर्चिल, स्टालिन, जर्ज मार्सल, मोलोटोभ, फ्रान्कलिन रुजबेल्ट आदिका तस्वीरहरू

ग) विश्वको राजनैतिक नक्सा, एट्लस, ग्लोब आदि

घ) पर्लहार्वर हमलाको भिडियो, जापानको हिरोसिमा र नागाशाकीमा बम आक्रमणको भिडियोहरू आदि

ङ)  मिलिटरी क्रस, भिक्टोरिया क्रस, जुद्धशमशेर, गज्जु घले, लक्छुमन गुरुङ, राम बहादुर लिम्बु आदिको फोटोहरू

च)  संयुक्त राष्ट्रसङ्घको लोगो अङ्कित चार्ट वा स्लाइड ।

**५. सिकाई क्रियाकलापहरू**

१)  पर्ल हार्वर आक्रमणको चित्र वा भिडियो प्रर्दशन गर्ने र निम्न लिखित प्रश्नहरू सोध्ने ।

क)  यो के सम्बन्धी चित्र वा भिडियो हो ?

ख)  कुन राष्ट्रका सेनामाथि आक्रमण गरिएको हो ? किन ?

ग)  आक्रमणपछि के भएको होला ?

यसरी विषयवस्तुतिर ध्यान आकृष्ट बनाएपछि अर्थात कौतुहलता जगाइदिएपछि विद्यार्थीहरूलाई निम्न समूहमा विभाजन गरी सहभागी बनाउने ।

अ)  एडल्फ हिटलर समूह : द्वितीय विश्वयुद्धका कारणहरूको तयारी (पाठमा दिएको)

आ)  जनरल फ्रान्को समूह : द्वितीय विश्व युद्धका कारणहरूको तयारी ( " " " )

ई)  पुँजीवाद समूह : द्वितीय विश्वयुद्धका परिणामहरूको तयारी ( " " " )

ई)  साम्यवाद समूह : द्वितीय विश्वयुद्धको परिणामहरूको तयारी ( " " " )

उ)  जुद्ध शमसेर समूह : द्वितीय विश्वयुद्धमा नेपालीले खेलेको भूमिकाबारे तयारी ( " " " )

विद्यार्थीहरूलाई यसरी समूह विभाजन गरिसकेपछि पाठ्यपुस्तकमा दिइएका वर्णनहरू बाहेक अन्य स्रोतहरू जस्तैः इन्टरनेट, पुस्तकालयका इतिहास पुस्तकहरूसमेत थप अध्ययन गरी कारणहरू तथा परिणामहरूको बयान प्रस्तुत गर्न लगाउने । दोस्रो विश्वयुद्धमा नेपालीहरूले खेलेको भूमिका सोही अनुरूप प्रस्तुत गर्न लगाउने ।

२)  विभिन्न व्यक्तिहरू हिटलर, मुसोलिनी, जनरल फ्रान्को, विन्सटन चर्चिल, मोलोटोभ, जर्ज मार्शल, स्टालिन, जुद्ध शमशेर आदिको फोटो प्रर्दशन गर्ने र द्वितीय विश्वयुद्धअघि, विश्वयुद्धका दौरानमा र द्वितीय विश्वयुद्धपछि सम्बन्धित व्यक्तिले खेलेको भूमिका अभिनय गरी कक्षामा प्रस्तुत गर्न लगाउने । जस्तैः

**एडोल्फ हिटलर**ः द्वितीय विश्वयुद्धअघि र दौरानमा उसको भूमिका

मेरो राष्ट्रलाई भर्सेलको सन्धिमा अपमान जनक तबरले बाध्य बनाई मित्रराष्ट्रका समूहले हस्ताक्षर गराए । म त्यसको बदलाका लागि समर्पित भएँ । राजनीतिमा होमिए । मेरो विरोधि मानिसहरू मुख्यतः यहुदीहरूलाई छानी छानी लाखौँको हत्या गरे । हा.....हा.......हा........ लाखौँको रातारात भागेर शरणार्थी बनेछन् । मलाई थाहा नै नदिई भागेछन् । एकलौटी रूपमा राज्य चलाएँ । जर्मन भनेको म अनि म नै जर्मनी । शैन्य शक्ति बढाँए । प्रिय मित्र मुसोलिनीले पनि मेरो सिद्धान्तलाई

सहयोग र समर्थन गरे अनि सन्धि गऱ्यौँ । मित्रराष्ट्रका नेतृत्वलाई बेलाबेला झस्काउने कार्य गर्थ्यौं । ताकि हामीबाट चिढिउन् र युद्ध होस् । अन्ततः १ सेप्टेम्बर १९३९ मा पोल्याण्ड माथि मैले आक्रमणको धावा बोल्न लगाएँ र विश्वयुद्धको विधिवत् शुरुवात गरेँ । फ्रान्सको पेरिस लगायत मित्रराष्ट्रहरूको समूहका धेरै राष्ट्रलाई कब्जा गरियो । म मेरा सेनादेखि अत्यन्तै खुसी थिएँ । तर एकाएक रुस, बेलायतलगायतका राष्ट्रहरूका सेनाको संयुक्त फोर्स बन्यो भन्ने सुन्दा मेरो ज्यान चिसियो । तैपनि आत्मबल त्यति गिरेको थिएन । यत्तिकैमा मेरा सहृदयी मित्र बेनिटो मुसोलिनिको २८ अप्रिल १९४५ मा हत्या भएको दुखद समाचार सुनेपछि मेरो होस हवास उड्यो ।

मलाई थाहा थियो म अत्यन्तै दुष्ट चरित्रको व्यक्ति हुँ । म आफ्नै कालगतिले कहिल्लै मर्दिन । अब हत्या गरिने व्यक्ति म नै हुँ । तसर्थ मेरी प्रियसीसँग भलाकुसारी गरेँ । अरुको हातबाट मारिनु भन्दा म आफै मर्नु ठिक ठानेँ । मेरी प्रियसीले नि मलाई साथ दिने वाचा गरिन् । एकजना सिपाहीलाई बोलाएर त्यस्तो खालको औषधी लिन पठाएँ । अनि त मेरी प्रियसी र मैले एकैसाथ ३० अप्रिल १९४५ मा त्यो पदार्थ पियौँ र यस संसारबाट बिदा लियौँ । मैले दुष्टाइँ गरेको थिएँ र मरणपनि आत्महत्या नै गर्नुपऱ्यो ।

धन्यवाद ।

यस्तै गरी अन्य व्यक्तिहरूको जीवनी र दोस्रो विश्वयुद्धको भूमिका विद्यार्थीलाई पात्र बनाएर प्रस्तुत गर्न लगाउने ।

३) सहकार्य र सामूहिक निर्णयबाट कुनै कार्य गर्दा कार्यान्वयन हुने र सम्बन्ध पनि दिगो हुने उदाहरण कक्षाका विद्यार्थीहरूबिच Simulation practice गराई शिक्षा दिने । जस्तैः एक जना कक्षा मोनिटर विद्यार्थीलाई आकस्मिक रूपमा आज आइन्दा एक जना दिनभरमा एकपटक मात्र बाहिर जान पाउने निर्णय गरेको छु भन्न लागाउने ।

त्यसपछि सबै विद्यार्थीहरू त्यस निर्णय विरुद्ध आवाज उठाउँछन्, कार्यान्वयन हुन् सक्दैन ।

पुनः सम्पूर्ण विद्यार्थीहरूलाई सामूहिक छलफल गर्न लगाउने, कतिपटकसम्म एकजना दिनभरमा कक्षा बाहिर जान पाउने छलफलबाट निर्णय गराउने र नियमको रूपमा लिपिबद्ध बनाउने । यसरी विद्यार्थीलाई सामूहिकतामा निर्णय गर्दा कुनै पनि कुरा कार्यान्वयन गर्न सकिन्छ । द्वन्द्व, तनाव सिर्जना हुँदैन, मनमस्तिस्क तथा समुदायमा शान्ति स्थापना हुन्छ भनी शिक्षा दिने ।

४) द्रुत लेखन विधिको अवलम्बन गर्दै शान्ति हुँदा हुने फाइदा र युद्ध हुँदा हुने बेफाइदाहरूको सूची निर्माण गर्न लगाउने ।

सम्भावित बुँदाहरू

क) शान्ति हुँदा हुने फाइदाहरू

- देश विकासका कार्यहरू योजना अनुरूप सूचारू हुने

- मानिसहरूवीच मेलमिलाप, भातृत्व, आपसी सहयोग कायम हुने
- राष्ट्रहरूबिचमा सहयोग आदानप्रदान भई कुनै डर त्रास, भयको वातावरण नहुने
- देशको राष्ट्रिय आर्थिक कोष मजबुत हुने
- अकालमा कसैको ज्यान नजाने आदि

युद्ध हुँदा हुने बेफाइदाहरू

- अकालमा जनताको ज्यान जाने शत्रुता, बदलाको भावना दीर्घकालसम्म रहिरहने
- राष्ट्रका विकास कार्यहरू अबरुद्ध हुने
- भएका संरचनाहरू ध्वस्त हुने,
- मानिस मानिसबिचमा अविस्वास, भए, त्रास उत्पन्न हुने
- शरणार्थी जीवन पनि व्यथित गर्नुपर्ने
- राष्ट्रको धनराशी हतियार र बन्दोबस्तीका सामाग्रीहरू खरिद गर्दैमा सकिने
- गरिबी बढ्ने
- वैदेशिक हस्तक्षेप बढ्ने
- पारिवारिक बिछोड हुन् सक्ने आदि

यस्तै बुँदाहरूमाथि छलफल गर्दै दोस्रो विश्वयुद्धका दौरानमा भएका घटनाहरूको सूची प्रर्दर्शन गर्ने, नोक्सानीका बारेमा छलफल गराउने, अनुमान गर्न लगाउने ।

त्यसैगरी युद्धले कसैको भलो गर्दैन भन्ने तथ्यलाई थप बल प्रदान गर्न हिरोसिमा र नागासाकीमा अमेरिकाद्वारा खसालिएको बम आक्रमणको भिडियो वा तस्वीर प्रर्दशन गरी छलफल गराउने । विद्यार्थीलाई सदैव शान्तिप्रिय बन्न प्रेरित गर्ने ।

५) जुद्ध शमशेरले नेपाली सेनालाई द्वितीय विश्व युद्धमा पठाउनु सन्दर्भमा र नेपालीले वीरता प्रदर्शन गरी विश्वमै नेपालको नाम राख्ने सन्दर्भमा आफ्ना विचार व्यक्त गर्न लगाउनुहोस् ।

थप अध्ययन सामाग्रीः

सशस्त्रीकरणको होडबाजी, बिस्तारवादी महत्वाकाङ्क्षा, सैनिकवाद आदि पनि दोस्रो विश्वयुद्धका कारणहरू थिए । यस युद्धमा ११९२ खर्व डलरभन्दा बढी प्रत्यक्ष खर्च भएको अनुमान गरिएको थियो । यस युद्धमा १ करोड ४६ लाख भन्दा बढी सेनाहरूको हताहती भएको थियो। यस युद्धको कारण युरोपेली साम्राज्यबादको धरातल गुमेको र एफ्रोएसियाली राष्ट्रहरूमा स्वाधीनताको उभार आएको थियो । केही युरोपेली राष्ट्रहरू र चीनमा सांस्कृतिक क्रान्ति भई साम्यवाद स्थापना भएको

थियो । यस युद्ध पश्चात् शक्तिशाली राष्ट्रहरूमा शस्त्रअस्त्रको अनावश्यक निर्माण र भण्डारण गर्ने संस्कृति भएतापनि प्रयोग भने गरेको पाइदैन । यस युद्धपछि स्थापित विश्वका राष्ट्रहरूको छाता सङ्गठनको सदस्य संस्था १९३ पुग्नु र प्रभावकारी गतिविधिले विश्व केही हदसम्म शान्त भएको पाइन्छ ।

## ६. प्रतिविम्बनः

क) दोस्रो विश्वयुद्धका कारणहरू, परिणामहरूको सन्दर्भमा थप जानकारी प्रदान गर्न पुस्तकालय भ्रमण तथा ICT को प्रयोग गर्न लगाउने र आफ्नो पनि प्रतिक्रिया प्रस्तुत गर्न लगाई निम्नानुसार मूल्याङ्कन गर्ने ।

| विद्यार्थीको नाम | खोजीकार्यमा तत्परता (३) | क्ष्म्रत प्रयोगमा सक्रियता (३) | विचार अभिव्यक्ति र तार्किकता (५) | सहयोगीपन र शान्तिप्रियता(४) | जम्मा (१५) |
|---|---|---|---|---|---|
| | | | | | |

ख) निम्न लिखित प्रश्नहरूको उत्तर दिनुहोस् ।

१) दोस्रो विश्वयुद्धले बदलाको भावना राख्नुहुँदैन भन्ने पाठ कसरी सिकाएको छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

२) मानिसहरू किन शान्तिप्रिय बन्नुपर्छ, सहयोग र सद्भावको बानी विकास गर्नुपर्छ ?

३) वर्तमान विश्वमा रहेका शस्त्रअस्त्रको निर्माण र भण्डारलाई नष्ट गर्नाले राष्ट्रहरूबिचका विद्यमान चिसो सम्बन्ध स्वतः हट्छ । कसरी ?

४) तपाइँ दोस्रो विश्वयुद्धपछि अमेरिका वा रुसमध्ये कुनै एक राष्ट्रको राष्ट्रप्रमुख हुनुभएको भए शीतयुद्धलाई कसरी निरूपण गर्नुहुन्थ्यो ?

५) नेपालीहरू वीर पूर्खाका वीरहरू हुन् शीर्षकमा वक्तृत्वकलाको एक नमुना तयार पार्नुहोस् ।

## ७. परियोजना कार्य

क) दोस्रो विश्वयुद्धमा विभिन्न राष्ट्रमा गई युद्ध लडेका जेष्ठ नागरिक वा वहाँको श्रीमती भेट्नुहोस्, युद्ध लड्दाताका भोगेको अनुभव, हालको जीवन स्थिति, निवृतिभरण आदि सम्बन्धी सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) नेपाली युवाहरू भारतीय सेना, ब्रिटिस सेना तथा सिंगापुर पुलिसमा भर्ना भई सेवा गर्ने अभ्यास प्रति यहाँको के धारणा छ ? यसको विकल्प खोजिनु वा यस अभ्यासलाई बन्द गरिनु पर्छ कि पर्दैन ? किन ? गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

## पाठः १३

## ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी, पहिचान, संरक्षण र सम्वर्द्धन

**अनुमानित घन्टी २**

### १. सिकाइ उपलब्धि

क) आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी गरी संरक्षण कार्यमा सरिक हुन् ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

क) आफ्नो क्षेत्र वा बसोवास रहेको ठाउँमा ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान गर्न

ख) आफ्नो बसोवास रहेको क्षेत्रमा रहेका ऐतिहासिक स्थल एवम् स्मारकहरूको बारेमा विस्तृत जानकारी प्राप्त गरी टिपोट गर्न

ग) ऐतिहासिक स्थलः स्मारकहरूको संरक्षण सम्वर्द्धन कार्यमा सहभागी हुन् र संरक्षणका तरिकाहरू जानकारी प्राप्त गर्न

घ) ऐतिहासिक स्थलहरू, स्मारकहरू हाम्रा पहिचान, इतिहास, ज्ञानका स्रोत, राष्ट्रका सम्पति हुन् भनी पहिचान गर्न

ङ) प्रतिवेदनलाई उपयुक्त ढाँचामा प्रस्तुत गर्न

च) भ्रमणका योजना बनाउन, उपयुक्त स्थानको छनोट गर्न आदि ।

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क) विभिन्न ऐतिहासिक स्थल स्मारकहरूको खोजी पहिचान गरी संरक्षण एवम् सम्वर्धन गर्न

ख) ऐतिहासिक स्थल, स्मारकहरूलाई पर्यटकीय स्थलमा परिणत गरी समुदाय विकासका लागि आर्थिक स्रोत सङ्कलन गर्न

ग)	स्थानीय स्मारक, ऐतिहासिक स्थलहरूलाई समयसमयमा जिर्णोद्धार गर्ने, थप व्यवस्थित बनाउन समिति, उपसमिति गठन गर्ने

घ)	सार्वजनिक संस्थाहरू जस्तै विद्यालय, स्वास्थ्य चौकी । केन्द्रहरूमा आर्थिक सहयोग, अक्षय कोष स्थापना, भवनहरू निर्माण गर्ने

ङ)	समूहमा भ्रमण योजना बनाउने, भ्रमण जाने, विविध तथ्यहरूको जानकारी प्राप्त गर्ने बानी व्यवहार विकास गर्ने

च)	नेतृत्व लिने क्षमता सिप विकास गर्ने आदि

**४.	सिकाइ सामाग्रीहरू**

क)	ऐतिहासिक स्थल लुम्बिनीको पोष्टरहरू, चित्रहरू, भिडियो आदि

ख)	नेपालका विभिन्न ऐतिहासिक स्थल तथा स्मारकहरूको सूची चार्ट र तिनीहरूको वर्णन समेत

ग)	ती ऐतिहासिक स्थल तथा स्मारकहरूको संरक्षण र संवर्धन गर्ने उपायहरूको सूची चार्ट ,स्लाइड

घ)	ती स्थलहरूको प्रयोग गरी आय आर्जन गर्ने तरिकाहरूको सूची चार्ट, स्लाइड

ङ)	शैक्षिक भ्रमण पूर्वतयारी वा योजनाको एक नमुना खाका आदि सम्बन्धित समाचारहरू, लेखहरू प्रकाशित पत्रपत्रिका कट आउटस् ।

**५.	सिकाइ क्रियाकलापहरू**

१)	सर्वप्रथम कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई आआफ्नो क्षेत्र वा बसोवास रहेको स्थान नजिक रहेका एक एकओटा ऐतिहासिक स्थल तथा स्मारकको नाम लेख्न लगाई कक्षामा भन्न लगाउने । तत्पश्चात् शिक्षकले लुम्बिनीको पोष्टर वा चित्र वा भिडियो प्रदर्शन गरी निम्न प्रश्नहरू सोध्ने ।

क)	यो चित्र कुनस्थानसँग सम्बन्धित छ?

ख)	यो स्थल कहाँ अबस्थित छ?

ग)	यो किन ऐतिहासिक स्थाल हो? आदि।

आवश्यक पृष्ठपोषण एवम् छलफलपछि विद्यार्थीहरूलाई जोडीमा पढाइ जोडीमा सारांश विधि अपनाई पाठ पढ्न लगाउने ।

२)	कक्षाका विद्यार्थीहरूलाई विभिन्न सात समूहमा विभाजन गर्ने । शिक्षकद्वारा तयार पारिएका कम्तीमा एक समूहलाई एउटा ऐतिहासिक स्थल स्मारकको वर्णन गरिएको लुट सिट पेपर बाँड्ने र समूहगत रूपमा नहेरी कक्षा अगाडि आई भन्न लगाउने । जस्तैः

| प्रदेश | स्थल। स्मारक | पर्ने जिल्ला | वर्णन/विशेषता |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | लारुम्बा | इलाम,(साबिक बाँझो गा.वि.स) | किरांत धर्मगुरु आत्मानन्द लिङ्देन लिम्बु समुदायका व्यक्तिहरूलाई प्रवचन गर्न र भविष्यवाणी गर्ने प्रशिद्ध स्थल |
| २. | पकडियागढ | सिराहा( पकडियागढ) | चौधौं शताब्दितिर वि.स. १३२५ मा राजा कुलेश्वरको राजधानी, यो ठाँउमा प्राचिन मूर्ति र मूद्राहरू रहेका छन् । नयाँ बर्षको वेलामा यहाँ मेला लाग्छ साथै राजा कुलेश्वरका चौकीदार सहलेसको पूजा गरिन्छ । |
| ३. | सिन्धुलीगढी | सिन्धुली (साविक जलकन्या गा.वि.स.) | सेनवंशीराजा शुभसेनको छोरा माणिक्य सेनद्वारा निर्माण गरिएको गढी हो । वि.सं. १८१९ मा गोर्खाली फौजले यो किल्ला कब्जामा लिएका थिए । यसगढीमा बिचबिचमा तोप बन्दुक हान्ने ठाँउहरू छन् । ३०० वर्ग फिटमा फैलिएको यो गढी अत्यन्तै रमणीय स्थल हो । |
| ४. | श्रवणकुमार आश्रम | स्याङ्जा (नुवाकोट नजिक आँधिखोला नदी किनारमा) | मातापिताका अनन्य भक्त तथा सेवक वैश्य समुदायका श्रवणकुमारको आश्रम स्याङ्जा आँधिखोला नदीको किनारमा रहेको छ । यसै ठाँउमा राजा दशरथले त्रुटिवश वाणहानी श्रवणकुमारको हत्या गरेपछि उनका मातापिताले पनि यहाँ देहत्याग गरेका थिए । |
| ५. | सैनामैना | रुपन्देही | यस ठाउँमा पूरातात्विक महत्वका वस्तुहरू पाइएका छन् |
| ६. | सिंजा | जुम्ला | ऐतिहासिक स्थल सिंजा पहिलेको कर्णाली क्षेत्रमा खस मल्लहरूको राजधानी थियो । नेपाली भाषको मूलथलो रहेकोले पनि यो प्रशिद्ध ठाउँ हो । सिंहनाथ लामा जो अद्भुत शक्ति प्राप्त व्यक्ति थिए उनको प्रस्तर मुक्ति रहेको छ । |
| ७. | खप्तड | अछाम | समुन्द्री सतहबाट ३८२० मिटरको उचाइमा रहेको यो स्थान खप्तड स्वामीको तपोभूमि तथा साधन |

| | | | |
|---|---|---|---|
| | | | स्थल हो । सयौँ प्रकारका वनस्पतिहरू, जडीबुटीहरू, पशुपङ्क्षिहरू लगायतका कारणले यो ठाउँ जैविक विविधताले समेत महत्वपूर्ण छ। |

३) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी नजिकका स्मारकहरू । एतिहासिक स्थलहरूको अवलोकन भ्रमण गर्न लगाई उक्त स्थानको विविध पक्षबारे, जानकारी बारे एक अनुसन्धानात्मक प्रतिवेदन पाठ्यपुस्तकमा दिइएजस्तै ढाँचामा तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । यस कार्य गर्दा समय बढी लाग्ने भएकोले विद्यालय समयपछि पनि कार्यमा खटाउन सकिनेछ ।

४) यसैगरी अन्य स्थलहरू स्मारकहरू सम्बन्धमा छलफल गरी संरक्षण, सम्वर्धनका तरिकाहरू, तिनीहरूको प्रयोग गरी आर्थिक स्रोत सङ्कलन गर्ने उपायहरू तथा प्रचारप्रसार गर्ने माध्यमहरूबारे पृष्ठपोषण दिने ।

संरक्षण सम्वर्धन सम्भावित तरिकाहरू । उपायहरू

- सरसफाई कार्यक्रम सञ्चालन गर्ने
- सुरक्षा प्रबन्ध मिलाउने
- जीर्णोद्वार गर्ने
- पूरानै शैलीमा पुनर्संरचना गर्ने
- रङ्गरोगन गर्ने, बँगैचा निर्माण गरी सैन्दर्यता दिने
- संरक्षण कार्यका लागि स्थानिय एक समिति निर्माण गर्ने
- फोहोर मैला फाल्न निषेध गर्ने

आर्थिक आय आर्जनका लागि गर्नुपर्ने कार्यहरू

- पर्यटकीय स्थलमा रूपान्तरण गर्ने
- आर्थिक उपसमिति गठन गर्ने
- आगन्तुकलाई प्रवेश शुल्क लगाउने
- वृत्तचित्र निर्माण गरी बेच्ने आदि

**६. थप अध्ययन सामाग्रीः**

ऐतिहासिक स्थलहरूको अवलोकन भ्रमण गर्दा निम्नानुसार योजना बनाउने

- उपयुक्त स्थलको छनोट गर्ने (विषयवस्तुसँग मेल खाने)

- उद्देश्य निर्धारण गर्ने
- सङ्ख्या निर्धारण गरी कामको बाँडफाँड गर्ने
- खर्चको हिसाब निकाल्ने व्यवस्थापन गर्ने
- भेट्ने मानिसलाई सोध्नलाई प्रश्नावली बनाउने
- अन्य आवश्यक सामाग्री जुटाउने
- लाग्ने अनुमानित समय निर्धारण गर्ने
- तथ्याङ्क सङ्कलन गर्ने, विष्लेषण गर्ने
- प्रतिवेदन तयार पार्ने, अभिलेखिकरण गर्ने

## ७. प्रतिविम्बन

क) निम्न लिखित श्रेणीमापनका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने

विद्यार्थीको नामः रोल नं.

| शीर्षक | अति उत्तम(५) | उत्तम (३) | सामान्य(१) |
|---|---|---|---|
| क) सक्रिय सहभागिता | | | |
| ख) जिम्मेवारीप्रति वफादार | | | |
| ग) प्रतिवेदन लेखन प्रस्तुति | | | |
| घ) प्रतिवेदन ढाँचा | | | |
| ङ) नेतृत्व सिप | | | |
| च) खोजी, अध्ययन | | | |

ख) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

१) ऐतिहासिक स्थल भन्नाले के बुझिन्छ ?

२) ऐतिहासिक स्थलहरू/स्मारकहरू संरक्षण । संवर्धन गर्न किन जरुरी छ ?

## ८. गृहकार्य/परियोजना कार्य

क) पाठ्यपुस्तकमा दिइएका क्रियाकलाप, अभ्यास र सामुदायिक कार्य प्रर्याप्त र सान्दर्भिक रहेकाले अतिरिक्त नदिएपनि पुग्ने ।

## एकाइ : ८

## हाम्रो आर्थिक क्रियाकलाप

**रोजगारी, आय, बचत, कर सम्बन्धी अवधारणा र उपभोक्ता अधिकारको उपयोगमा विवेकपूर्ण निर्णय मार्फत आर्थिक क्रियाकलापमा जिम्मेवारी बोध गर्ने क्षमता प्रर्दशन ।**

### पाठ : १

### आर्थिक योजना

**अनुमानित घन्टी २**

**१. सिकाइ उपलब्धि:**

नेपालमा योजनावद्ध विकास र चालु योजनामा उल्लेख भएका मुख्य मुख्य कार्यक्रमहरूसँग परिचित हुन् ।

**२. विशिष्ट उद्देश्य:**

क. आर्थिक योजनाको परिचय दिई यसको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्न

ख. योजनाका विशेषताहरू बताउन

ग. चौधौँ योजनाको लक्ष्य र रणनीति उल्लेख गर्न

घ. चौधौँ योजनाका चुनौती र अवसरको सूची तयार गर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा :**

क. दैनिक जीवनमा आर्थिक योजना विकास र कार्यान्वयन प्रति चासो र सक्रियता वृद्धि

ख. विद्यालय र घर एवम् समाजमा हुने गतिविधिलाई योजनाबद्ध ढङ्गले अघि बढाउने

ग. समूहमा मिलेर कार्य गर्नु, सहकार्य गर्नु, जिज्ञासु हुनु

शिक्षकले बुझ्नुपर्ने कुरा: पाठ्य पुस्तक विद्यार्थीको सामग्री हो । त्यसैले यस विषयवस्तुअन्तर्गत पाठ्यपुस्तकमा दिइएको सामग्री र पाठ्य वस्तु उदाहरण हुन् । त्यसलाई पढ्दै सुनाउँदै गर्नु आवश्यक छैन । आफूले लगेका सामग्रीका आधारमा विषयवस्तुमाथि प्रकाश पारिदिन सकिन्छ । तपाईंले माथि उल्लिखित सक्षमता, सिकाइ उपलब्धि र विशिष्ट उद्देश्यलाई आधार मानी कक्षामा बालकेन्द्रित क्रियाकलापहरू गराउनुपर्दछ । साथै विद्यार्थीको जीवनमा अपेक्षित सामाजिक व्यवहारको विकास गर्न उत्प्रेरणा जगाउनु पर्दछ ।

**४. सिकाइ सामग्रीहरू:**

क. योजनावद्ध विकाससँग सम्बन्धित डकुमेन्ट, पत्रपत्रिका, पाठ्यपुस्तक

ख. तेरौँ र चौधौँ योजनाका आधार पत्र

ख. पूराना पत्रपत्रिका र तिनको विशेषाङ्कहरू

ग) चालु योजनका विशेषताहरू उल्लिखित चार्ट ।

**५. सिकाइ क्रियाकलाप**

क) विद्यार्थीहरूलाई आर्थिक योजनाको सन्दर्भमा आफुलाई लागेका विचारहरू भन्न लगाई उनीहरूका विचारहरू टिप्दै जाने र ती विचारहरूमा सहमत हुनेलाई हात उठाउन लगाउने र सहमत हुनाका कारणहरू भन्न लगाउने ।

ख) चालु योजना सम्बन्धमा विद्यार्थीहरूलाई चार्टको माध्यमबाट जानकारी गराई यसका विशेषताहरूलाई चार्टमा प्रस्तुत गर्न लगाउने ।

ग) कक्षालाई ५ समूहमा विभाजन गरी चौधौँ योजनाको फोटोकपी वितरण गर्ने र समूहको नाम योजना, चालु योजना, आवधिक योजना, विकास योजना, आर्थिक योजना आदि नामाकरण गरी हरेक समूहलाई निम्नानुसारको जिम्मेवारी दिई छलफल गर्न लगाउने र छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

योजना समूह - चौधौँ योजनाको पृष्ठभूमि

चालु योजना समूह - चौधौँ योजनाको सोच, लक्ष्य र उद्देश्य एवम् परिमाणात्मक लक्ष्य

आवधिक योजना समूह - चौधौँ योजनाको रणनीति

विकास योजना समूह - चौधौँञ योजनाको चुनौती

आर्थिक योजना समूह - चौधौँ योजनाको अवसर

घ) नेपालका योजनाले आशा गरेअनुसार लक्ष्य हासिल गर्न नसक्नुका कारणहरू सम्बन्धमा प्रत्येक विद्यार्थीलाई एक एक कारणहरू सोच्न लगाई कापीमा टिप्न लगाउने र उनीहरूले तयार पारेका विचारलाई पालैपालो भन्न लगाई लेखनपाटीमा टिप्दै जाने र थप कारणहरू भए शिक्षकले स्पष्ट पारिदिने ।

जस्तै

- योजना बढी महत्वकाङ्क्षी हुनु
- केन्द्रमुखी योजना निर्माण हुनु
- योजना निर्माणमा स्थानीय सरोकारवालाको संलग्नता नरहनु
- स्रोत साधनको अभाव रहनु
- दक्ष प्राविधिकको अभाव रहनु
- अनुगमन र निरीक्षण पक्ष कमजोर रहनु
- राजनीतिक प्रतिबद्धता कमजोर रहनु
- हचुवाको भरमा योजना तर्जुमा हुनु

ङ) सामुदायिक कार्य : समुदायको विभिन्न विकास गतिविधिसँग सम्बन्धित योजना निर्माण प्रक्रियाको खोजी गरी प्रतिवेदन तयारी सम्बन्धमा निम्नानुसारको सामुदायिक कार्यहरू गराउने ।

- विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी समुदायमा सञ्चालित विकासका गतिविधिहरूको सूची तयार गर्न लगाउने
- ती सञ्चालनमा आएका गतिविधिसँग सम्बन्धित स्थानमा अवलोकन भ्रमणको योजना तयार पार्ने
- प्रत्येक समूहलाई फरक फरक जिम्मेवारी तोक्ने जस्तै समूह क ले स्थानीय स्तरमा सञ्चालित विकास आयोजनाहरूको अवस्था अध्ययन गर्ने समूह ख ले आयोजनाको वातावरणीय पक्षको अवलोकन गरी टिपोट गर्ने । ग ले स्थानीय आयोजनाको योजना निर्माणको अवस्था अध्ययन गर्ने घ ले योजना निर्माणका समस्या र चनौती अध्ययन गर्ने
- भ्रमण स्थल सकेसम्म एक घन्टीमा पुगेर फर्कन भ्याउने हुनु राम्रो हुन्छ । टाढा भएमा बिदाको दिन वा शुक्रबारको दिनको उपयोग गर्न पनि सकिन्छ
- सबै विद्यार्थीलाई भ्रमण लगी तथ्य तथ्याङ्कहरू सङ्कलन गर्न लगाउने
- कक्षामा फर्केपछि आआफ्नो समूहमा बसेर सङ्कलन गरिएका तथ्याङ्कहरूको टिपोट सबै समूहलाई पुग्ने गरी तयार पार्ने र सबैलाई वितरण गर्ने । प्राप्त तथ्य र तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्न लगाउने
- पालैपालो कक्षामा प्रस्तुत गर्दै छलफल गर्ने

च) विद्यालयमा इन्टरनेट सुविधा छ भने www.npc.gov.np मा सर्च गरेर चौधौं योजना खोजी गरी त्यसका मुख्य मुख्य पक्षहरू खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

**६. मूल्याङ्कन**

१. तलको श्रेणीमापन तालिका प्रयोग गरी विद्यार्थीले स्थानीय स्तरमा गरिएको सामुदायिक कार्यको मूल्याङ्कन गर्ने

| क.सं. | मूल्याङ्कनको क्षेत्र | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नु पर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | योजना निर्माण र कार्यान्वयन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सक्रियता र सहभागिता | | | | |
| ३ | प्रतिवेदन | | | | |
| ४ | प्रस्तुतीकरण | | | | |

२. निम्न आधारमा प्रतिवेदनको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | विषय | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नुपर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १. | ढाँचा अवलम्वन गरिएको वा नगरिएको | | | | |
| २. | पत्ता लगाएको नयाँ कुरा | | | | |
| ३. | विधि र प्रक्रिया | | | | |
| जम्मा | | | | | |

**३. निम्नलिखित प्रश्नहरू सोध्ने**

क. योजनाको परिचय दिई यसका उद्देश्यहरू स्पष्ट पार्नुहोस् ।

ख. योजना निर्माणले विकास कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने कुरा तपाईले जानीसक्नु भएको छ । तपाई सिकेको ज्ञानलाई तपाईको परिवारमा पनि विभिन्न कार्य गर्दा योजना तयार गर्ने कुरासँग तपाइँले कसरी जोड्नु हुन्छ र योजना तयार गर्दा परिवारका सबै सदस्यहरूको सरसल्लाह, विचारलाई सम्बोधन गर्न के गर्दा उपयुक्त होला ? परिवारका सदस्य समेतको विचारलाई समेटी उत्तर तयार पार ।

ग. योजना बनाएर काम गर्ने कुरामा परिवारका सदस्यलाई तपाईले मनाउनु त भयो तर योजना गर्दा उहाँहरूले धेरै समस्या भेल्नुपर्ने अवस्था आयो ? उहाँहरूले के कस्ता समस्या भेल्नुपर्ने भयो र किन ?

घ. चौथो योजनाका रणनीतिहरू उल्लेख गर्नुहोस् ।

**शिक्षकको निम्ति प्रतिविम्बन**

क. के विद्यार्थीले योजनाको महत्व र आवश्यकता बोध गर्न सक्षम भए ?

ख. के विद्यार्थीले समूहमा गरेको कार्यले सामूहिक सोच सहयोग, सहकार्यको भावनालाई सबल बनाउन सक्षम बनायो ?

ग) के यस पाठको अध्ययन पश्चात् विद्यार्थीमा परिवारमा योजना निर्माणमा तदारुकताको लागि तयार रहेको पाउनु भयो ?

**७. थप अध्ययन सामग्री :**

योजनालाई सहजै वुभ्नका लागि विभिन्न प्रकारका सामग्रीहरूको अध्ययन गरिन्छ । तीमध्ये केही सामग्रीहरूको बारेमा थप जानकारी यस प्रकार रहेको छ ।

**८. परियोजना कार्य/गृहकार्य :**

१. विद्यार्थीहरूलाई आफ्नो घरमा तयार गरिएका योजना वा विद्यालय तयार गरिएका विभिन्न योजनाहरू अध्ययन गर्न लगाई त्यसको आवश्यकता र कार्यन्वयनको अवस्था समेत खोजी गर्न उत्प्रेरित गनुहोस् ।

**प्राविधिक, पारिभाषिक शब्दहरू :**

आवधिक योजना : अवधि तोकेर बनाएका योजना जस्तै त्रिवर्षीय योजना, पञ्चवर्षी योजना

विकास योजना : विकास गतिविधिसँग सम्बन्धित योजनाहरू

आर्थिक योजना : आर्थिक गतिविधिसँग सम्बन्धित योजना

चालु योजना : हाल कार्यन्वयनमा रहेको योजना जस्तै चौधौँ योजनालाई अहिले चलिरहेको योजना हुँदा यसलाई चालु योजना पनि भनिन्छ ।

## पाठ : २

## पर्यटन उद्योग, महत्त्व र सम्भावना

**अनुमानित घन्टी : १**

**१. सिकाइ उपलब्धि**

क) नेपालमा पर्यटन र जलविद्युत र उद्योगको महत्त्व क्षेत्र र विकासका सम्भावनाहरू उल्लेख गर्न ।

**२. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन्:**

क. पर्यटन व्यवसाय र यसका क्षेत्रहरू पहिचान गर्न

ख. चालु योजनामा पर्यटनको अवस्था उल्लेख गर्न

ग. नेपालमा पर्यटन उद्योगको महत्त्व बताउन

घ. नेपालमा पर्यटन उद्योगको सम्भावनाको उल्लेख गर्न ।

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क. पर्यटनप्रति आतिथ्यभाव र सम्मान व्यक्त गर्न

ख. नेपालमा आगमनमा रहेका पर्यटकहरूको अवस्था पहिचान गर्न

ग. पर्यटनको आगमनले स्थानीय समुदायमा पुग्ने लाभका क्षेत्र पहिचान गर्न ।

**४. सिकाइ सामग्री**

चौधौँ योजना, नेपालको ग्रेट हिमालय ट्रेलको नक्सा, पर्यटन उद्योगको महत्त्व र सम्भावना उल्लिखित चार्ट, ट्रेकिङ, हिमाल आरोहण, प्यारग्लाइडिङ, बेञ्जिजम्प, ऱ्याफ्टिङ् गरेको पर्यटकको फोटो, विभिन्न पर्यटक स्थलहरूको फोटोहरू, मल्टिमिडिया, पावरप्वाइन्ट सलाइड र भिडियो क्लिप्स आदि ।


**५. सिकाइ क्रियाकलाप**

१. ट्रेकिङमा रहेका विदेशी पर्यटक, हिमाल आरोहणमा रहेका पर्यटक,प्याराग्लाइडिङ गरिरहेका पर्यटन आदिका चित्र वा भिडियो क्लिपस देखाउँदै पर्यटक र पर्यटन व्यवसायको सम्बन्धमा जानकारी प्रदान गर्ने । (जस्तैः विभिन्न उद्देश्यले एउटा देशका नागरिक देशभित्र वा अन्य देशमा भ्रमण गर्ने प्रक्रियालाई पर्यटन भनिन्छ र भ्रमण गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । पर्यटकलाई विभिन्न सुविधाहरू प्रदान गर्न गरिने व्यवसायलाई पर्यटन व्यवसाय भनिन्छ) ।

२. विभिन्न सेवा उद्योगसँग सम्बन्धित चित्र वा उदाहरणमार्फत सेवा उद्योग सम्बन्धमा विद्यार्थीका धारणाहरू पहिचान गर्ने र शिक्षकले विभिन्न प्रकारका सेवामूलक उद्योगका क्षेत्रहरू बताइदिने जस्तै मनोरञ्जन, साहसिक पर्यटन, व्यापार, पदयात्रा, पर्वतारोहण, होटल व्यवसाय आदि ।

३. चौधौं योजनामा उल्लिखित पर्यटन सम्वन्धी जानकारी रहेको भएको फोटोकपी वितरण गरी त्यसमा आधारित तथ्यहरू जोडी जोडीमा अध्ययन गर्न लगाई सो योजनामा उल्लिखित पर्यटन व्यवसायका तथ्यहरू खोजी गरी प्राप्त जानकारीलाई पावरप्वाइन्टमा देखाई त्यसमा आधारित तथ्य प्रस्तुति गरी छलफल गराउने ।

४. नेपालमा पर्यटन उद्योगको अवस्था, महत्त्व र सम्भावना उल्लेख भएको निम्नानुसारको चार्ट प्रस्तुत गरी छलफल गराउने र अन्त्यमा यस्तै चार्ट तयार गर्न लगाउने




५. www.npc.gov.np मा गएर चौधौं योजनामा पर्यटनको अवस्था सम्बन्धमा खोजी गर्न लगाई कक्षामा share गर्न लगाउने ।

## ६. मूल्याङ्कन

१. तलका जस्तै प्रश्नहरूको उत्तर तयार पार्न लगाउनुहोस् ।

क. पर्यटन उद्योग भनेको के हो ?

ख. नेपालमा धार्मिक पर्यटनको सम्भावनालाई समेटेर एक लेख तयार पार्नुहोस् ।

ग. नेपालमा पर्यटन उद्योगको सम्भावनालाई समेटेर एक भाषणको नमुना तयार पार्नुहोस् ।

## ७. थप अध्ययन सामग्री

नेपालमा एकीकरण अगाडि पर्यटन मुलतः धर्म, पोलिटिज र व्यापारसँग सम्बन्धित थियो । धेरै यात्रीहरू भारत, चिन र तिब्बतबाट धार्मिक उद्देश्यमा आधारित भै नेपाल भ्रमण गरेको इतिहास छ

। मुख्यगरी मन्जुश्री पहिलो यात्री हुन् जसले काठमाडौं उपत्याकामा रहेको पानी चोभारमा गल्छी काटेर बस्ती बसाएका थिए भन्ने किम्बदन्ती छ ।

लिच्छवीकालमा प्रसिद्ध चिनीयाँ यात्री हुयान लगायत लियान्पीजो र वांग हिउन्ट्सेले नेपालमा भ्रमण गरी यहाँको सामाजिक, आर्थिक जीवनको अध्ययन गरेका थिए । मल्लकालमा इसाई पादरीहरूले काठमाडौं उपत्याकामा इसाई धर्म प्रचार प्रसारमा लागेका थिए । डोरवेलले राजा प्रताप मल्ललाई दूरबिन उपहार दिएका थिए ।

नेपाल एकीकरण पछि बेलायतका पर्यटकहरू राजनीतिक उदेश्य प्राप्तिका लागि नेपाल आएको देखिन्छ । तीमध्ये Knox, Hamilton and Captain Kirkpatrick उल्लेख व्यक्तिहरू थिए ।

## चौधौं योजनामा पर्यटन

### पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य देश हो । पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । छिमेकी मुलुकहरूको मध्यम आय भएको ठुलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन् सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, राजनैतिक सङ्क्रमण लम्बिनु, २०७२ सालमा गएको भूकम्पका कारण सांस्कृतिक र पर्यटकीय पूर्वाधारमा क्षति पुग्न जानुजस्ता कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन् सकेको छैन । विगतमा सरकारले पर्यटन क्षेत्रको विकासका लागि गरेको प्रयास स्वरूप पर्यटन आगमन सङ्ख्या आ.व. २०७२/७३ मा ७ लाख १० हजार र पर्यटकको बसाइ अवधि करिब १२.४ दिन र विदेशी मुद्रा आर्जन वार्षिक ४९.८ करोड अमेरिकी डलर पुगेको छ ।

२. चुनौती तथा अवसर

चुनौती

विनाशकारी भूकम्प तथा त्यसपछिका पराकम्पबाट क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । भूकम्प तथा आपूर्ति अवरोधबाट अन्तर्राष्ट्रिय जगत्मा

नेपालको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्धन तथा बजारीकरणका माध्यमबाट निराकरण गर्दै यस क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, हवाई सेवालाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नुसमेत चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

मुलुकमा अद्वितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आयवर्गको वृद्धि तीव्र हुँदै जानु, पर्यटन पूर्वाधार वृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी वृद्धि हुनु यस क्षेत्रको विकासका अवसरका रूपमा रहेका छन् ।

सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोचः** आर्थिक समृद्धिका लागि पर्यटन विकास

**लक्ष्य**: पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने

**उद्देश्य**:

- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु
- नेपालका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्धन गर्नु

**रणनीति**

- पर्यटन प्रवद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने
- मुलुकमा सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने
- स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्न वैदेशिक लगानी आकर्षित गर्ने

**प्रमुख कार्यक्रमहरू**

**क. पर्यटन पूर्वाधारहरूको विकास**

- प्रमुख पर्यटकीय स्थलहरूसम्म आवश्यक पूर्वधारहरू (विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदि) सहित सहज पहुँच हुने गरी स्थानीय निकाय, समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्गलगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन ।
- प्रत्येक प्रदेशमा पहिचान गरिएका पर्यटकीय गन्तव्य स्थलहरूमा राष्ट्रिय पर्यटन रणनीति योजना, (सन् २०१६-२०२५) अनुरूप आवश्यक पूर्वाधारको विकास ।
- पशुपति, लुम्बिनीलगायतका राष्ट्रिय गौरवका आयोजनाहरूको गुरुयोजना अनुसारको पूर्वाधार विकास ।
- बृहत्तर जनकपुर क्षेत्र विकासलगायत महत्त्वपूर्ण धार्मिक साँस्कृतिक स्थलहरूको गुरुयोजनाअनुसार पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास ।

**ख. नीतिगत तथा संस्थागत सुधार**

- पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्धनका लागि सम्बन्धित ऐन, नियमहरूमा समसामयिक सुधार तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुदृढीकरण
- पर्वतीय प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकास तथा सञ्चालन

**ग. पर्यटन प्रवर्धन**

- पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुर्‍याई गरिबी न्यूनीकरणमा सघाउन पर्या-पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्धनात्मक कार्यक्रम । निजी क्षेत्रको सहकार्यमा पर्यटकीय उद्योगको व्यवस्थापनमा सुधार एवम् प्रभावकारिता वृद्धि गर्न वेबसाइटमा आबद्ध गरी पर्यटन विभागको कार्य सञ्चालनमा अटोमेसन पद्धतिको कार्यान्वयन ।
- पर्यटन प्रवर्धनका लागि देशभित्र र बाहिर सरकारी, निजी तथा अन्य क्षेत्रसमेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन ।
- अन्तर्राष्ट्रिय रूपमा नेपाललाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न कूटनीतिक नियोगहरूमार्फत प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन ।
- वि.सं. २०७३ लाई आन्तरिक भ्रमण वर्ष र सन् २०१८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउन पर्यटन सम्बन्धी विविध कार्यक्रम सञ्चालन ।

- साहसिक पर्यटनलाई पर्यटकीय उपजको रूपमा विकास गर्न, रकक्लाइमिङ, प्याराग्लाइडिङ, बन्जी जम्पिङजस्ता क्रियाकलापहरूलाई प्रोत्साहन ।
- पर्वतीय पर्यटनको विकासका लागि हिमालहरूको सहज रूपमा सूचना प्राप्त हुने गरी हिमालचुलीहरूको पिक प्रोफाइल तयार ।
- पर्यटन प्रवर्धनका लागि गुरिल्ला ट्रेललाई प्राथमिकताका साथ विकास ।

**अपेक्षित प्रतिफल**

योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन सङ्ख्या वार्षिक १२ लाख, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि १५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ । पर्यटन क्षेत्रबाट पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः २५ हजार, ४० हजार र ४५ हजार थप रोजगारी सिर्जना भएको हुनेछ ।

**परियोजना कार्य/गृहकार्य**

१. आफ्नो गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकिय स्थलहरूको भ्रमण गरी त्यसको अवस्थिति, अवस्था र महत्त्व सम्बन्धमा एक प्रतिवेदन तयार पार्न लगाउनुहोस् । त्यसको लागि भ्रमण योजना तयार गर्नुहोस् ।

**भ्रमण योजनाको ढाँचा**

- अध्ययनको विषय
- उद्देश्य
- अवधि
- विधि
- स्थान
- भेट्ने मानिस
- आवश्यक सामाग्री
- लागत
- स्रोत आदि

## पाठः ३

## उर्जाको महत्त्वपूर्ण स्रोतः जलस्रोत

**अनुमानित घन्टी २**

**१. सिकाइ उपलब्धिः**

नेपालमा पर्यटन र जलविद्युत उद्योगको महत्त्व, क्षेत्र र विकासका सम्भावनाहरू उल्लेख गर्न ।

**२. विशिष्ट उद्देश्यः**

क. उर्जाको परिभाषा उल्लेख गर्न

ख. उर्जाका स्रोतहरू बताउन

ग. पाठको तालिकामा दिइएका तथ्यहरू विश्लेषण गर्न

घ. जलस्रोतको वर्तमान अवस्था पहिचान गर्न

ङ. नेपालमा जलस्रोतको उपयोगको सम्भावना बताउन

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

क. जलस्रोतको उचित सदुपयोग गर्ने बानीको विकास

ख. सामूहिक निर्णय पद्धतिमा जोड

**४. सिकाइ सामग्रीहरू**

क. जलस्रोतसँग सम्वधित चित्र, चार्ट

ख. जलस्रोतसँग सम्बन्धित तथ्याङ्क उल्लिखित तालिका

ग. उर्जाका वैकल्पिक स्रोत उल्लिखित चार्ट वा तालिका

**५. सिकाइ क्रियाकलाप**

क) विद्यार्थीहरूलाई उर्जाका विभिन्न स्रोतहरूमध्ये जलस्रोतलाई महत्त्वपूर्ण स्रोत किन भनिएको होला भनी व्यक्तिगत रूपमा सोच्नलगाई आफ्ना विचार कापीमा टिप्न लगाउने । अब विद्यार्थीलाई जोडी जोडीमा विभाजन गरी पहिलेको व्यक्तिगत विचारमा छलफल गरी जोडीको साझा विचार तयार गर्न लगाउने । जोडीले तयार पारेका विचारहरूलाई पालैपालो भन्न लगाई शिक्षकले लेखन पाटीमा टिप्दै जाने र थप स्पष्ट गराउने ।

ख) शिक्षकले विभिन्न चित्र र उदाहरणको माध्यमबाट जलस्रोतको महत्त्व सम्बन्धमा छोटो प्रवचन (mini lecture) प्रस्तुत गर्ने र अस्पष्ट रहेका विषयवस्तुमा प्रश्नोत्तर विधिको माध्यमबाट स्पष्ट गराउने ।

ग) नेपालको हालसम्मका जलविद्युत परियोजनाको सूची र उत्पादन क्षमता सम्बन्धमा विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूहगत विवरण तयार गरी प्रस्तुत गर्न लगाउने ।

घ) नेपालमा विभिन्न नदीहरूको वैकल्पिक सम्भावना र त्यसको प्राविधिक तथा आर्थिक सम्भावना सम्बन्धमा सो सम्भावना उल्लेख भएको चार्ट वितरण गरी निम्नानुसार प्रश्नमा आधारित रही छलफल गराउने ।

(पा.पु.मा भएको तालिकालाइ प्रयोग गर्न सकिनेछ)

- नेपालमा जलविद्युत उत्पादनको सैद्धान्तिक सम्भावना कति छ ?
- सैद्धान्तिक सम्भावना भएका सबै विद्युत उत्पादन हुन् नसक्नुका कारणहरू के के हुन् ?
- प्राविधिक तथा आर्थिक सम्भावना भनेको के हो ?
- अधिकतम रूपमा जलविद्युत उत्पादन गर्न हालको प्राविधिक तथा आर्थिक अवस्थामा के कस्ता सुधार गर्न जरुरी हुन्छ ?

ङ) नेपालले लामो समयसम्म लोडसेडिङ समस्या भोगीरहेकोमा हाल यसको अन्तय हुने अवस्थामा पुग्नुका कारणहरूबारे खोजी गरी प्रस्तुत गर्न लगाउने । यसको दीर्घकालीन समाधानका लागि के गर्दा उपयुक्त हुने देख्नुहुन्छ । यस सम्बन्धमा समूह समूहमा छलफल गरी छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

च) नेपालको जलस्रोतको वर्तमान अवस्था सम्बन्धमा खोजी गर्न लगाउने, इन्टरनेट र विभिन्न सन्दर्भसामग्रीको प्रयोग गर्न लगाई तपसिल बमोजिमको तालिका तयार गरी प्रस्तुत गर्न लगाउने ।

| मुख्य नदीहरू | जलस्रोतको उपयोग | हाल सम्मको जलविद्युत उत्पादन अवस्था |
|---|---|---|

छ) विद्यालयमा इन्टरनेट सुविधा छ भने www.npc.gov.np मा सर्च गरेर चौधौँ योजनामा उर्जा विशेषतः जलविद्युत उर्जासँग सम्बन्धित विवरण खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

**७. मूल्याङ्कन**

१. तलको श्रेणीमापन तालिका प्रयोग गरी विद्यार्थीको आचरण र व्यावहारिक पक्षको मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नु पर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | सक्रियता | | | | |
| २. | सहभागिता | | | | |
| ३ | समूहमा काम गर्ने क्षमता | | | | |
| ४ | प्रभावकारी सञ्चार कायम गर्ने क्षमता | | | | |

**३. तलका जस्तै प्रश्नहरू सोध्ने**

क. जलस्रोत लाई परिभाषित गर्नुहोस् ।

ख. नेपालमा जलस्रोतको अपार सम्भावना छ? यस भनाईलाई स्पष्ट पार्नुहोस् ।

ग. उर्जासङ्कट निवारण गर्ने उपायहरू के के हुन् सक्छन् । प्रस्तुत गर्नुहोस् ।

**शिक्षकको निम्ति प्रतिविम्बन :**

क. के विद्यार्थीले योजनाको महत्व र आवश्यकता बोध गर्न सक्षम भए ?

ख. के विद्यार्थीले समूहमा गरेको कार्यले सामूहिक सोच सहयोग, सहकार्यको भावनालाई सबल बनाउन सक्षम बनायो ?

ग. के यस पाठको अध्ययन पश्चात् विद्यार्थीमा उर्जालाई सदुपयोग गर्नुपर्ने सोच विकास गर्न सफल रह्यो ?

**७. थप अध्ययन सामग्री :**

योजनालाई सहजै बुझ्नका लागि विभिन्न प्रकारका सामग्रीहरूको अध्ययन गरिन्छ । तीमध्ये केही सामग्रीहरूको बारेमा थप जानकारी यस प्रकार रहेको छ ।

**८. परियोजना कार्य/गृहकार्य:**

१. विद्यार्थीहरूलाई आफ्नो समुदायमा रहेको वा नजिकै रहेको जलविद्युत गृहको भ्रमण गराई सोको अवस्था समेत खोजी गर्न लगाउनु होस् र एक प्रतिवेदन तयार गर्नुहोस् ।

## पाठ : ४

## नेपालमा वैदेशिक रोजगारी

**अनुमानित घन्टी :२**

१. **सिकाइ उपलब्धि :** नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्त्व, सम्भावना, पूर्व तयारी र सावधानी उल्लेख गर्न ।

२. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

क) वैदेशिक रोजगारीको परिचय दिन

ख) वैदेशिक रोजगारीको सकारात्मक र नकारात्मक प्रभाव उल्लेख गर्न

ग) वैदेशिक रोजगारीको सम्भावना बताउन

घ) वैदेशिक रोजगारीको पूर्व तयारी र सावधान रहनु पर्ने पक्षहरूको चर्चा गर्न ।

३. **सिकाई सामग्री**

- वैदेशिक रोजगारीसँग सम्बन्धित चित्र, चार्ट, पोष्टर, भिडियो क्लिप्सहरू आदि

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

- वैदेशिक रोजगारीकाका सकारात्मक र नकारात्मक पक्षहरू आत्मसात
- वैदेशिक रोजगारमा जाँदा गनुपर्ने राम्रो र व्यवस्थित तयारी
- वैदेशिक रोजगारीमा जाँदा अपनाउनु पर्ने सावधानीका पक्षहरूमा सचेतता
- वैदेशिक रोजगारीमा सिकेको ज्ञान र सिपलाई स्वदेशमा नै उपयोग गर्ने सोच विकास ।

५. **सिकाई क्रियाकलाप**

क) विद्यार्थीहरूलाई तिमीहरू मध्ये क कस्का परिवारका सदस्यहरू वैदेशिक रोजगारीमा गएका छन् भनी प्रश्न गर्ने र उनीहरूको रोजगारीको अवस्था, जाँदाको समयमा भोग्नुपरेका समस्या एवम् फर्किए पछि के गर्ने सोचाईमा हुनुहुन्छ आदि पूरक प्रश्न सोध्दै विद्यार्थीहरूबाट आएका प्रतिक्रियालाई क्रमशः लेखन पाटीमा टिप्दै जाने । र अन्त्यमा शिक्षकले वैदेशिक रोजगारी र यसको महत्त्व र चुनोतीहरू स्पष्ट पारिदिने ।

ख) पाठमा दिइएको घटनाको कुनै २ ओटा राम्रा पक्ष र कुनै २ ओटा सुधार गर्नुपर्ने पक्षहरू के के हुन् भनी जोडी जोडीमा छलफल गर्न लगाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउने । पहिलो

क्रियाकलापमा आएका विद्यार्थीका विचार र दोस्रो क्रियाकलापका विषयवस्तुलाई समेट्दै वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभावलाई स्पष्ट पारिदिने ।

ग) वैदेशिक रोजगारीका लागि गर्नुपर्ने पूर्व तयारी सम्बन्धमा विद्यार्थीलाई समूह समूहमा विभाजन गरी आफ्ना विचार तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्ने ।

घ) वैदेशिक रोजगारी पूर्व तयारी र सावधानी सम्बन्धमा गित, कथा,कविता वा पोष्टर तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

स्वदेशमा काम छैन, खाने माम छैन
परिवारलाई खुशी पार्न जाने ठाम छैन ।
पल्लो गाउँमा हर्के दाईले काम लगाइदिन्छु भन्दै
भिसा, पासपोर्ट बनाइदिए नगद खट्खट् गन्दै ॥

न त पढाइ, न त सिप, काम गर्न गारो
२ महिना नि नपुग्दैमा अर्को काममा सार्‍यो ।
५० डिग्री चर्को घाममा पसिनाको धारा
पसिनाको धारा सँगै म त भा छु बेसाहारा ॥

ङ) विद्यार्थीहरूको चार समूह निर्माण गरी आआफ्नो परिवार वा समुदायका मानिसहरू के कस्ता वैदेशिक रोजगारीका कार्यमा संलग्न छन् भनी अध्ययन गर्न लगाउने र सो सम्बन्धी खोजीनीति गर्न लगाई कक्षामा छलफल गराउने,

## ६. मूल्याङ्कन

१. तलको श्रेणीमापन तालिका प्रयोगगरी विद्यार्थीले तयार पारेका गीत कविता, कथा वा चित्र निर्माण कार्यको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नुपर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १. | विषयवस्तु सान्दर्भिक | | | | |
| २. | दिने सन्देश | | | | |
| ३. | प्रस्तुतीकरण | | | | |

**तलका प्रश्नहरू सोध्ने :**

१. वैदेशिक रोजगारीको महत्त्व उल्लेख गर्नुहोस् ।

२. तपाईको समुदायमा वैदशिक रोजगारीमा जानेको अवस्था कस्तो छ । सोधखोज गरी लेख्नुहोस् ।

३. वैदेशिक रोजगारीको समस्या र समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् ।

## पाठ : ५

## सहकारी र यसको आर्थिक महत्त्व

**अनुमानित घन्टी २**

**१. सिकाइ उपलब्धि :**

सहकारिता, बिमा, बैङ्किङ तथा वित्तीय उपकरणसँग परिचित हुन ।

**२. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :**

क. सहकारीको परिभाषा दिन

ख. नेपालमा सहकारी विकासको ऐतिहासिक पृष्ठभूमी उल्लेख गर्न

ग. नेपालमा सहकारीको महत्त्व उल्लेख गर्न

घ. नेपालमा सहकारीले भोग्नुपरेका समस्या वा चुनौतीहरूको सूची तायर गर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा :**

क. सामूहिक सोच र भावनाको विकास हुने ।

ख. निरन्तर बचत र लगानी गर्ने भावना र सोचको विकास

ग.प्रजातान्त्रिक सोच र भावनाको विकास ।

**४. सिकाइ सामग्रीहरू:**

क. सहकारीसँग सम्बन्धित विभिन्न स्मारिका,ब्रोसियर

ख. सहकारीको महत्त्व झल्कने चार्टहरू आदि ।

**५. सिकाइ क्रियाकलापः**

क) विद्यार्थीहरूलाई सहकारी भनेको के हो भनी प्रश्न सोध्ने र व्यक्तिगत रूपमा उत्तर तयार गर्न लगाउने, विद्यार्थीहरूलाई विभिन्न जोडीमा विभाजन गरी अगाडि व्यक्तिगत रूपमा तयार पारिएका उत्तरलाई जोडीको एउटै निष्कर्ष सहित कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले लेखनपाटीमा टिप्दै जाने र छलफल गर्दै स्पष्ट पारिदिने ।

ख) सहकारीको महत्त्व सम्बन्धमा विद्यार्थीहरूलाई समुदायका विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गराई उनीहरूले सहकारीबाट पाएका फाइदाहरूको छलफल गर्न लगाउने र उनीहरूका छलफलको आधारमा सहकारीताको महत्त्व स्पष्ट पारिदिने ।

ग) नेपालमा सहकारिताको इतिहास झल्काउने स्मारिका, ऐतिहासिक दस्तावेजहरू भिडियो, वृत्तचित्र (Documentry) प्रदर्शन गरी सोमा आधारित भै छलफल र प्रश्नोत्तर गरी सहकारीको ऐतिहासिक पृष्ठभूमी सम्बन्धमा स्पष्ट पारिदिने ।

घ) समुदायको कुनै सहकारीमा कार्यरत व्यक्ति वा सहकारीका पदाधिकारीलाई स्रोतव्यक्तिको रूपमा कक्षामा बोलाई सो सहकारीले समुदायमा पुऱ्याएको योगदान र भोग्नुपरेका समस्या वा चुनौति सम्बन्धमा कक्षा लिन लगाउने र विद्यार्थीहरूलाई छलफल र अन्तरक्रियामार्फत विषयवस्तुलाई थप स्पष्ट पार्न लगाउने ।

ङ) सहकारीसँग सम्बन्धित विभिन्न गीत, कथा, कविता, चित्र, पोष्टर तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र राम्रो गर्ने विद्यार्थीलाई थप हौसला दिन पुरस्कारको व्यवस्था गर्ने ।

## ६. मूल्याङ्कन

१. विद्यार्थीले जोडीमा गरेको कार्य र स्रोत शिक्षकसँग गरेको छलफलमा आधारित भै निम्नानुसार मुल्यांकन गर्ने ।

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नु पर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | छलफल र अन्तरक्रियामा सक्रियता | | | | |
| २. | प्रस्तुतिकरण | | | | |
| ३ | प्रश्न सोधेको | | | | |
| ४ | जिम्मेवारी बोध | | | | |

**२. तलका जस्तै प्रश्नहरू सोध्ने**

क. सहकारीको परिचय दिई यसका महत्व स्पष्ट पार्नुहोस् ।

ख. सहकारीहरू अहिले च्याउ उम्रेसरी स्थापना भएका छन्, कतिपय सहकारी सहकारिताको मर्म अनुरूप सञ्चालन हुन् सकेका छैनन् भन्ने गुनासाहरू आउने गरेको सन्दर्भमा सहकारीलाई व्यवस्थित गर्न के गर्नु पर्ला ?

ग. सबैको लागि एक र एकको लागि सबै भन्ने सहकारीको मान्यतालाई स्पष्ट पार्नुहोस् ?

घ. नेपालमा सहकारी आन्दोलनले भोग्नु परेका समस्याहरूको सूची तयार पार्नुहोस् ।

**शिक्षकको निम्ति प्रतिविम्बन**

क. के विद्यार्थीले सहकारीको परिचय र महत्व पहिचान गर्न सक्षम भए त ?

ख. के विद्यार्थीले समूहमा गरेको कार्यले सामूहिक सोच सहयोग, सहकार्यको भावनालाई सबल बनाउन सक्षम बनायो ?

**८. परियोजना कार्य/गृहकार्य**

१. विद्यार्थीहरूलाई आफ्नो घरमा तयार गरिएका योजना वा विद्यालय तयार गरिएका विभिन्न योजनाहरू अध्ययन गर्न लगाई त्यसको आवश्यकता र कार्यन्वयनको अवस्था समेत खोजी गर्न उत्पेरित गर्नुहोस् ।

## पाठ : ६

## वित्तीय शिक्षा

**अनुमानित घन्टी २**

### १. सिकाइ उपलब्धि

सहकारिता, बिमा, बैङ्किङ तथा वित्तीय उपकरणसँग परिचित हुन ।

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क. वित्तीय शिक्षाको परिभाषा दिन

ख. वित्तीय प्रक्रियाको अवधारणा प्रस्तुत गर्न

ग. विभिन्न बैङ्क खाता र यसको विशेषता उल्लेख गर्न

घ. बैङ्क खाता खोल्ने तरिका र यसका लागि आवश्यक कागजातको सूची तयार गर्न

ङ. वित्तीय बैङ्किङ र यसका किसिमहरूको छोटो वर्णन गर्न

च. बचत र यसबाट हुने फाइदाहरू बताउन ।

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क. बैङ्कमा पैसा जम्मा गर्ने बानीको विकास

ख. विभिन्न बैङ्क खाता खोल्न आवश्यक पर्ने कागजातको जानकारी

ग. नियमित बचत गर्ने बानीको विकास

घ. विभिन्न वित्तीय बैङ्किङ प्रक्रियासँग अभ्यस्त रहन

### ४. सिकाइ सामग्रीहरू

क. विभिन्न चेकका नमुनाहरू

ख. एटिएम र क्रेडिट कार्ड

ग. बैङ्कमा खाता खोल्न आवश्यक पर्ने सामाग्रीहरू

घ. खुत्रुकेका नमुना र चित्रहरू

ङ. चार्टहरू

## ६. सिकाइ क्रियाकलाप

क) विद्यार्थीहरूलाई वित्तीय शिक्षा सम्बन्धमा दुई मिनेटभित्र उनीहरूले बुझेका वा जानेका कुरा एक वा दुई वाक्यमा व्यक्तिगत रूपमा लेख्न लगाउने । त्यसपछि विद्यार्थीहरूलाई जोडी जोडीमा राखी दुवैका व्यक्तिगत लेखाइलाई एकीकृत गरी एउटै विचार तयार गर्न पनि २ मिनेट समय दिने । अब पालैपालो हरेक जोडीलाई आफ्ना प्रस्तुति गर्न लगाउने र शिक्षकले लेखनपाटीमा टिप्दै जाने र हरेक बुँदामा छलफल गरी सही निष्कर्षमा पुग्ने ।

ख) वित्तीय प्रक्रिया उल्लेख भएको चार्ट प्रस्तुत गरी वित्तीय प्रक्रिया र यसको महत्त्व स्पष्ट पारिदिने ।

ग) विभिन्न बैङ्क खाता र यसको विशेषता स्पष्ट पार्न बैङ्कका चल्ती, बचत र मुद्दती खाताका चेकका नमुनाहरू कक्षामा समूह समूहमा अवलोकन गर्न लगाई यसको विशेषताहरू प्रस्तुत गर्न लगाउने । त्यसपछि चेक भर्ने तरिका सिकाउने र हरेक समूहबाट चेक भर्न लगाउने कार्य सम्पन्न गरीसकेपछि शिक्षकले अन्तिममा निष्कर्ष प्रस्तुत गर्ने ।

| चल्ती खाता | वचत खाता | मुद्दति खाता |
|---|---|---|
| – चाहेको समयमा पैसा झिक्न र राख्न सकिने,<br>– यस्तो खातामा राखेको पैसामा ब्याज पाइँदैन ।<br>– उद्योगी, व्यापारी वा कार्यालयका लागि यस्तो खाता उपयोगी हुन्छ । | – बचत खातामा रकम जतिपटक पनि जम्मा गर्न सकिन्छ तर निश्चित सीमाभित्र रहेर रकम झिक्न पाइन्छ<br>– यस्तो सीमा सम्बन्धित बैङ्कले तोक्छ ।<br>– यस्तो प्रकारको खातामा बैङ्कले ब्याज प्रदान गर्छ<br>– ससाना बचत कर्ताका लागि यस्तो खाता उपयोगी हुन्छ । | – निश्चित समयावधि तोकेर खाता खोली रकम जम्मा गर्ने खातालाई मुद्दती खाता भनिन्छ ।<br>– यस्तो खाता तिन महिना, छ महिना, १ वर्ष, २ वर्ष वा यस्तै निश्चित अवधि तोकेर जम्मा गरिन्छ ।<br>– यस्तो खातामा जम्मा गरिएको रकम तोकिएको समयभन्दा अघि निकाल्न पाइँदैन । यदि समयावधि भन्दा अगााडी निकाल्नु परेमा बैंकको |

| | | |
|---|---|---|
| | | नियमानुसार जरिवाना तिर्नु पर्दछ ।<br>– यस्तो खातामा ब्याज पनि बढी पाइन्छ । |

घ) बैङ्कका एक जना कर्मचारीलाई स्रोत व्यक्तिको रूपमा आमन्त्रण गरी कक्षामा बैङ्कमा खाता खोल्न आवश्यक पर्ने कागजपत्रहरूको विवरण प्रस्तुत गर्ने र कक्षालाई विभिन्न समूहमा विभाजन गरी खाता सञ्चालनको लागि नमुना अभ्यास गर्न लगाउने

ङ) एउटा समुहलाई बैङ्कको कर्मचारीको भूमिका निर्वाह गर्न लगाउने र अर्को समूहका विद्यार्थीहरूलाई विभिन्न खाता खोल्न आवश्यक कागजातसहित खाताखोल्न लगाउने, तेस्रो समुहलाई चेक साट्न बैंकमा गएको र चेकमा विवरण राम्रोसँग नभरेको कारण चेक फिर्ता गरेको अभिनय गर्न लगाउने र सबै समूहको प्रस्तुति पछि शिक्षकले अन्तिममा निष्कर्ष प्रस्तुत गरिदिने

च) वित्तीय बैङ्किङ र यसका किसिम सम्बन्धमा एटिएम, क्रेडिट कार्ड आदि देखाउँदै स्पष्ट पारिदिने । साथै यसको प्रयोगको आवश्यकता र महत्त्व सम्बन्धमा छलफल गरी स्पष्ट पारिदिने ।




छ) विद्यार्थीहरूलाई विभिन्न व्यक्तिहरूबाट आफूले प्राप्त गरेका पैसा कसरी बचत गर्ने गरेको छ भनी प्रश्न गर्ने र उनले बचत गर्ने तरिका टिप्दै जाने र नियमित बचत गर्ने विद्यार्थीहरूलाई सबै मिली ताली बजाएर अभिनन्दनका कार्यक्रम सञ्चालन गर्ने ।

**७. मूल्याङकन**

१. विद्यार्थीले जोडीमा गरेको कार्य र स्रोत शिक्षकसँग गरेको छलफलमा आधारित भै निम्नानुसार मुल्यांकन गर्ने ।

| क्र. सं. | मूल्याङ्कनको क्षेत्र | अति उत्मम ३ | उत्तम २ | सामान्य १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | छलफल र अन्तरक्रियामा सक्रियता | | | | |
| २. | प्रस्तुतिकरण | | | | |
| ३ | प्रश्न सोधेको | | | | |
| ४ | जिम्मेवारी वोध | | | | |

**२. तलका जस्तै प्रश्नहरू सोध्ने**

क. वित्तीय शिक्षाको परिचय दिई यसका महत्त्व स्पष्ट पार्नुहोस् ।

ख. बैंङ्कमा के कस्ता खाताहरू सञ्चालन गरिन्छन् ? प्रत्येक खाताको नाम लेखी विशेषतासमेत उल्लेख गर्नुहोस् ।

ग. बैङ्कमा खाता खोल्नको लागि के कस्ता कागजातको आवश्यकता पर्छ ? आवश्यक कागजातको सूची तयार पार्नुहोस् ।

घ. नियमित रूपमा गरिएको सानो सानो बचतले ठुलो काम गर्न सक्छ । यस भनाइलाई स्पष्ट पार्नुहोस् ।

**शिक्षकको निम्ति प्रतिविम्बन :**

क. के विद्यार्थीले वित्तीय शिक्षाको परिभाषा र यसको महत्त्व बताउन सके ?

ख. के विद्यार्थीले समूहमा गरेको कार्यले सामूहिक सोच सहयोग, सहकार्यको भावनालाई सबल बनाउन सक्षम बनायो ?

ग. के विद्यार्थीहरू नियमित बचत गर्न जिम्मेवार भएका छन् ?

**७. परियोजना कार्य/गृहकार्य :**

क) विद्यार्थीहरूलाई आफ्नो घरमा प्रयोग भएका चेकका नमुना, ए.टि.एम. वा क्रेडिट कार्डको फोटोसहित सो को विवरण तयार गर्न लगाई त्यसको आवश्यकता र कार्यन्वयनको अवस्थासमेत खोजी गर्न उत्पेरित गनुहोस् ।

## पाठ : ७

## वित्तीय उपकरणहरू

**अनुमानित घन्टी २**

### १. सिकाइ उपलब्धि

सहकारिता, बिमा, बैङ्किङ तथा वित्तीय उपकरणसँग परिचित हुन ।

### २. विशिष्टउद्देश्य

यस पाठमा अन्त्यमा विद्यार्थीहरू निम्नकार्य गर्न सक्षम हुनेछन्:

क. वित्तीय उपकरणहरूको परिभाषा दिन

ख. सफा नोटको महत्त्व प्रस्तुत गर्न

ग. बैङ्किङ कर्जाको आवश्यकता र कर्जा लिने तरिकाको सूची तयार गर्न

घ. विप्रेषणको परिचय र महत्त्व बताउन

ङ. विदेशी विनिमयको सामान्य अवधारणा उल्लेख गर्न

च. धितोपत्र र यसका महत्त्व उल्लेख गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा

क. वित्तीय उपकरणको जानकारी ।

ख. नोटलाई फोहोर नगर्न,स्टीच नलगाउने र नपट्याई सफा नोटको प्रयोग गर्न

ग. बैङ्किङ कर्जा समयमै तिर्नुपर्ने कुरामा सचेतना

घ. सेयर र धितोपत्रको महत्त्व बोध

### ४. सिकाइ सामग्रीहरू

क. सफा नोटका नमुनाहरू

ख. वित्तीय उपकरणहरूको सूची उल्लेख भएको तालिका

ग. सेयर प्रमाणपत्रको नमुना

घ. कर्जा प्रक्रिया लेखिएको चार्टहरू

### ५. सिकाइ क्रियाकलाप

क) विद्यार्थीहरूलाई वित्तीय उपकरणको बारेमा जानेको कुरा भन्न लगाउने र उनीहरूका विचारलाई बोर्डमा टिप्दै जाने र अन्त्यमा वित्तीय उपकरणको परिभाषा बताउने ।

ख) सफा नोटका नमुनाहरू देखाउँदै यसको महत्त्वका सम्बन्धमा कक्षामा छलफल गरी नोट फोहोर नगर्ने, स्टिच गर्न नहुने, चिल्लो लगाउन नहुने, अवीर नलगाउने र पानी नपार्ने आदि कुरा बताइदिने ।

ग) व्यक्ति वा साहुसँग पैसा कर्जा लिनु र बैङ्कबाट कर्जा लिनुमा के फरक छ भनी प्रश्न गर्ने र व्यक्ति र साहुसँग कर्जा लिनु भन्दा बैङ्कबाट कर्जा लिँदाका फाइदाहरू सम्बन्धमा छलफल गरी कर्जालिने प्रक्रिया सम्बन्धमा चार्टमार्फत स्पष्ट पारिदिने ।

घ) व्यक्तिसँग ऋणलिँदाका समस्या सम्बन्धमा कथा, भिडियो, कविता आदि कक्षामा प्रस्तुत गरी सोमार्फत विद्यार्थीमा सचेतना अभिवृद्धि गराउने

ङ) विद्यार्थीहरूलाई कर्जा लिँदा बैङ्कबाट लिनुपर्ने सन्देश लिने खालको क्रियाकलाप गर्न कक्षालाई ४ विभिन्न समूहमा विभाजन गरी समूहगतरूपमा निम्नानुसारको कार्य जिम्मेवारी पूरा गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।

समूह क : नाटक वा अभिनय प्रस्तुति

समूह ख : सङ्गित वा कविता लेखन र प्रस्तुति

समूह ग : कथा लेखन र प्रस्तुति

समूह घ : चित्र वा पोष्टर निर्माण र प्रस्तुति

च) विद्यार्थीलाई उनीहरूको परिवारका सदस्यहरू विदेश गएका भए उनीहरूले पठाएको पैसाले घर परिवारमा के के गर्छौं ? भनी सोध्ने र उनीहरूका जवाफलाई समेटेर विप्रेषण (रेमिटेन्स)को परिचय र महत्व बताइदिने ।

छ) विदेशी विनीयमको अवधारणा सम्बन्धमा छलफल गरी यसको आवश्यकता सम्बन्धमा स्षष्ट पारिदिने ।

ज) धितोपत्र र यसको आवश्यकता सम्बन्धमा विभिन्न उदाहरण, सन्दर्भ जोड्दै सोको सम्बन्धमा सरकार वा कुनै कम्पनीले आफूलाई चाहिने रकम सङ्कलन गर्न जारी गरिएको वित्तीय औजारलाई धितोपत्र भनिन्छ । घाटा वित्त पूरा गर्न वा राष्ट्रका अन्य वित्तीय आवश्यकता पूरा गर्न सरकारबाट लिने ऋणलाई ऋणपत्र भनिन्छ भनी प्रष्ट पार्ने ।

**६. प्रतिविम्बनः**

क) निम्नानुसारको रुजुसूची मार्फत विद्यार्थीका विभिन्न गतिविधिको मुल्यांकन गर्ने ।

| क्र. सं. | मूल्याङ्कनको क्षेत्र | अति उत्मम ३ | उत्तम २ | सामान्य १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | छलफल र अन्तरक्रियामा सक्रियता | | | | |
| २. | प्रस्तुतीकरण | | | | |
| ३ | जिम्मेवारी बोध | | | | |
| ४ | सामूहिक लक्ष्य प्राप्तिमा योगदान | | | | |

**२. तलका जस्तै प्रश्नहरू सोध्ने**

क. वित्तीय उपकरण परिभाषा दिनुहोस ।

ख. नोट फोहर गर्दा, स्टिच गर्दा हुने हानीहरूको सूची तयार पार्नुहोस् ।

ग. धितोपत्र भनेको के हो ? यसको आवश्यकता किन पर्दछ ?

घ. व्यक्तिबाट लिने कर्जाभन्दा बैङ्कबाट लिने कर्जा बढी सुरक्षित मानिन्छ । यस भनाइलाई स्पष्ट पार्नुहोस् ।

**ख) शिक्षकको निम्ति प्रतिविम्बन :**

क. के विद्यार्थीले वित्तीय उपकरण सम्बन्धमा स्षष्ट धारणा बनाउन सके ?

ख. के विद्यार्थीले समूहमा गरेको कार्यले सामूहिक सोच सहयोग, सहकार्यको भावनालाई सबल बनाउन सक्षम बनायो ?

ग. सफा नोट राख्नुपर्छ भन्ने धारणासँग विद्यार्थी सकारात्मक छन् त ?

**८. परियोजना कार्य/गृहकार्य**

१. विद्यार्थीहरूलाई आफ्नो घरमा भएका वित्तीय उपकरणहरूको सङ्कलन गर्न लगाई सोको नमुना तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

## पाठ : ८

## विमा (Insurance)

**ंअनुमानित घन्टी २**

**१. सिकाइ उपलब्धि**

क) सहकारिता, बिमा, बैङ्किङ तथा वित्तीय उपकरणसँग परिचित हुन ।

**२. विशिष्ट उद्देश्य :**

यस पाठको अन्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) बिमाको परिभाषा दिन

ख) नेपालमा विमाको सङ्क्षिप्त इतिहास बताउन

ग) बिमाका प्रकारहरू र ती बिचका भिन्नता तालिका बनाई प्रस्तुत गर्न

घ) बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची निर्माण गर्न

ङ) बिमा गर्नुपर्छ भन्ने धारणा विकास गर्न

च) बिमाका फाइदाहरूको सूची तालिका निर्माण गर्न

**३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

क) आफुले बिमा गर्ने र अरुलाई पनि बिमा गर्नका लागि सल्लाह सुझाब दिने

ख) आफ्नो परिवार, छिमेकी , नातेदारले गर्ने कृषि तथा अन्य व्यवसायसँग सम्बन्धित वस्तुहरूको बिमा गर्न लगाउने

ग) बिमा अभिकर्ता बन्ने

घ) टोल/समुदायमा बिमा सम्बन्धी जानकारी स्वेच्छिक रूपमा प्रदान गर्न

**४. सकाई सामाग्रीहरू**

क) बिमाको परिभाषा लेखिएको मेटाकार्डहरू

ख) नेपालमा बिमाको सङ्क्षिप्त इतिहास लेखिएको चार्ट पेपर, न्यूज प्रिन्ट पेपर, स्लाइड

ग) बिमालेख/कागजातको सक्कल प्रति

घ) जीवन बिमा र निर्जीवन बिमाबिचका भिन्नता लेखिएको चार्ट, स्लाइड

ङ) बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूचीचार्ट, स्लाइड

च) बिमा गर्दा हुने फाइदाहरूको सूची चार्ट, स्लाइड

छ) पावर प्वाइन्ट, भिडियो आदि

**५. सिकाइ क्रियाकलाप**

क) तपाइँको परिवारमा कुनै सदस्यको बिमा गरिएको छ ? भनी विद्यार्थीहरूलाई सामूहिक प्रश्न गर्ने र उनीहरूको जवाफ सुनेपछि विमाको बारेमा थप जानकारी गराउने । बिमा गरेका व्याक्तिलाई बिमा कम्पनीले खर्च व्यहोर्ने गर्छ भनी जानकारी गराई बिमाको परिभाषा तपसिल अनुसार गराउने ।

| |
|---|
| निश्चित अवधिका लागि तोकिएको रकम बुझाई जीवन वा वस्तुको जोखिम हस्तान्तरण तथा व्यवस्थापन गरिने बैधानिक कार्यलाई बिमा भनिन्छ । बिमा गर्नाले विमित अवधिभर हुने क्षतिको भुक्तानी हुन्छ । |

ख) बिमा सम्बन्धी अन्य पक्ष र जानकारी बारे पाठ्यपुस्तकमा भएका तथ्यहरूमा छलफल गर्ने र बिमालेख प्रतिहरू वितरण र प्रर्दशन गर्दै थप प्रष्ट पार्ने ।

ग) नेपालमा विमाको सङ्क्षिप्त इतिहास लेखिएको चार्टपेपर प्रस्तुत गर्दै निम्न प्रश्नहरूमा छलफल गर्ने ।

१) नेपालको पहिलो बिमा कम्पनी भनेर कुन कम्पनीलाई चिनिन्छ ?

२) यो कम्पनीको स्थापना कहिले भएको थियो ?

३) सरकारी स्तरबाट स्थापना गरिएको नेपालको बिमा कम्पनी कुन हो ? र कहिले स्थापना गरिएको हो ?

४) नेपालमा हाल कतिओटा बिमा कम्पनीहरू कार्यरत छन् ?

५) नेपाल बिमा समितिको प्रमुख कार्य के हो ?

यसरी प्रश्नहरू माथि छलफल गरिसकेपछि विद्यार्थीलाई पाठ्यपुस्तक पेज २१५ को पहिलो खण्ड पढ्न लगाउने र बोध हुन् नसकेका कुराहरूलाई शिक्षकले थप प्रष्ट पारिदिने ।

घ) बिमाका प्रकारहरू र ती बिचका मूलभूत भिन्नताहरू सन्दर्भमा पाठ्यपुस्तक पढ्न लगाउने र जोडीमा छलफल जोडीमा सारांश विधिबाट तयार पार्न लगाउने । निष्कर्षका रूपमा निम्न तालिका प्रस्तुत गर्ने र अध्ययन गर्न लगाउने ।

बिमा

जीवन विमा र निर्जीवन बिमा फरकहरू

| **जीवन बिमा** (Life Insurace) | **निर्जीवन बिमा** (Non life Insurance) |
|---|---|
| क) कुनै खास रकम तिरेर व्यक्तिले वा निजको हकदारले सो व्यक्तिको जीवन दुर्घटनामा पर्दा वा आकस्मिक मृत्यु हुँदा कुनै खास रकम पाउने गरी गरिने करारनामा वा सम्झौतालाई जीवन बिमा भनिन्छ । | क) कृषि सम्बन्धी वस्तु, व्यवसाय, उद्योगका वस्तुहरूको कुनै भवितव्यबाट नोक्सानी । हानी हुन गएमा उक्त क्षतिको तोकिए बमोजिम भुक्तानी प्राप्त गर्नेगरी गरिएको सम्झौतालाई निर्जीवन बिमा भनिन्छ । |
| ख) बिमित व्यक्तिको उमेर उसको इच्छाअनुसार बिमाको अवधि निर्धारण गरिएको हुन्छ । | ख) यस्तो बिमा सामान्यतया एक वर्षका लागि गरिन्छ । त्यसपछि पुन नविकरण गर्नुपर्दछ । |
| ग) बिमा शुल्क ६/६ महिना वा एक/एक वर्षमा तिर्दै जानुपर्दछ । | ग) बिमा शुल्क आवधिक रूपमा नबुझाई एकै पटक शुरुमा तिर्नुपर्दछ । |
| घ) बिमा गरिएको अवधि पूरा भएपछि व्यक्तिले बचत भएको रकम र सम्झौताअनुसारको अतिरिक्त रकम सहित सिक्न सक्छ । | घ) समयावधि सकिएपछि रकम फिर्ता हुँदैन । सुरक्षण सेवा वापत स्वतः कट्टा हुन्छ । |

ङ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी बिमा गर्दा के कस्ता कुराहरू ध्यान दिनुपर्ला भनी छलफल गर्न लगाउने र समूहगत निष्कर्ष प्रस्तुत गर्न लगाउने । त्यसैगरी बिमा गर्दा हुने फाइदाहरूको सूची निर्माण गर्न लगाई समूहमा छलफल गराउने ।

च) परिवारका अभिभावक (आमा, बुवा) को संरक्षकत्वमा आफ्नो बिमा भएको छ ? भनी सोध्ने यदि भएको भए बिमा कम्पनी, बिमित अवधि, बिमित रकम आदि सोध्ने । आफ्नो परिवारका सदस्यहरूको बिमा भएको छ छैन सोध्ने, परिवारका सदस्यलाई सोधेर अन्य जानकारीहरू ल्याई अर्को दिन कक्षामा सुनाउन लगाउने । अन्त्यमा आफ्नो जीवन बिमा तथा आफूले प्रयोग गर्ने वस्तुको बिमा गर्न प्रोत्साहन गर्ने ।

**६. थप अध्ययन सामाग्रीः**

वि.स. २०२५ मा राष्ट्रिय बिमा संस्थान ऐन २०२५ तर्जुमा गरी राष्ट्रिय बिमा संस्थान प्रा.लि. लाई राष्ट्रिय बिमा संस्थानमा परिणत गरियो । उक्त ऐनअनुसार हाल नेपालमा जीवन र निर्जीवन बिमा गर्ने कम्पनीहरू २५ ओटा रहेका छन् ।

जीवन तथा निर्जीवन बिमा व्यवसाय गर्ने बिमक

१) राष्ट्रिय बिमा संस्थान, रामशाहपथ काठमाडौं। स्थापना (सन्मा) : १९७९

जीवन बिमा गर्ने बिमा कम्पनी

२) नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. नक्शाल काठमाडौं । स्थापना (सन्मा) : १९८६

३) नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. कमलादी काठमाडौं । स्थापना (सन्मा) : २००१

४) लाइफ इन्स्योरिन्स कर्पोरेसन (नेपाल) लि. कमदाली काठमाडौं । स्थापना (सन्मा) : २००१

५) अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO), पुल्चोक, ललितपुर स्थापना (सन्मा) : २००८

६) एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, पुतलिसडक, काठमाडौं स्थापना (सन्मा) : २००८

७) सूर्य लाइफ इन्स्योरेन्स कम्पनी लाल कोलोनी मार्ग, ललितपुर स्थापना (सन्मा) : २००८

८) प्राईम लाइफ इन्स्योरेन्स कम्पनी हात्तिसार, स्थापना (सन्मा) : २००८

निर्जीवन बिमा व्यवसाय गर्ने बिमा कम्पनीहरू

| क्र.स. | नम | ठेगाना | स्थापना (सन्मा) |
|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | कमलादी, काठमाडौं | १९४७ |
| २ | दि. ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड | कान्तिपथ, काठमाडौं | १९६७ |
| ३ | नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड | त्रिपुरेश्वर, काठमाडौं | १९७३ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड | कमलादी, काठमाडौं | १९४७ |
| ५ | युनाइटेड इन्स्योरेन्स कम्पनी लिमिटेड(नेपाल) | दरवारमार्ग काठमाडौं | १९९३ |
| ६ | प्रिमियर इन्सयोरेन्स कम्पनी लिमिटेड (नेपाल) | त्रिपुरेश्वर काठमाडौं | १९९४ |
| ७ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | हात्तीसार काठमाडौं | १९९४ |
| ८ | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | हात्तीसार काठमाडौं | १९९६ |
| ९ | सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | कमलादी काठमाडौं | १९९६ |
| १० | एलाईन्स इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | दरवारमार्ग काठमाडौं | १९९६ |

| | | | |
|---|---|---|---|
| ११ | एन.वि. इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | लाल दरवार काठमाडौं | २००० |
| १२ | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | पुतलीसडक काठमाडौं | २००२ |
| १३ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | नयां बानेश्वर काठमाडौं | २००४ |
| १४ | लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | ठमेल काठमाडौं | २००५ |
| १५ | एन. एल.जी. इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | लाजिम्पाट काठमाडौं | २००५ |
| १६ | सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेड (नेपाल) | त्रिपुरेश्वर काठमाडौं | २००५ |

## ७. मूल्याङ्कन

तलका प्रश्नहरू सोध्ने ।

क) बिमा भनेको के हो ?

ख) हामीले बिमा किन गर्नुपर्दछ ?

ग) तपाइँले आफ्नो टोल समुदायका सदस्यलाई बिमा सम्बन्धी चेतना कसरी जागृत गराउनु हुन्छ ?

घ) तपाइँ भविष्यमा बिमा अभिकर्ता किन बन्न चाहनुहुन्छ ? ३ कारणहरू दिनुहोस् ।

ङ) नेपालमा २५ बिमा कम्पनी हुँदापनि बिमा गर्ने चलन किन बिस्तार हुन् नसकेको होला ?

## ८. शिक्षकका लागि प्रतिविम्बन

क) के तपाईले सहजीकरण गरेका विषयवस्तु सिकारुले बोध गर्न सफल भए ?

ख) विद्यार्थीहरूले भविष्यमा बिमा गर्छन भन्ने अपेक्षा राख्नुभयो त ?

ग) विद्यार्थीलाई लगाएको जिम्मेवारी पूरा गर्न सफल भए त ?

## ९. परियोजना कार्य/गृहकार्य

क) सकेसम्म धेरै बिमा कम्पनीहरूका बिमालेख, ब्रोसर सङ्कलन गर्नुहोस् । सुविधाहरूको तुलनात्मक अध्ययन गर्नुहोस् र कक्षाको बुक कर्नरमा सबैले पढ्नका लागि राख्नुहोस् ।

ख) आफ्नो परिवारका सदस्यले कुन बिमा कम्पनीबाट जीवन बिमा गर्नुभएको रहेछ । प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ : ९

## राजस्व र कर असुली

**अनुमानित घन्टी २**

### १. सिकाई उपलब्धि

क) राजस्व र कर असुली प्रक्रियासँग परिचित हुन र कर प्रति सकारात्मक धारणाको विकास गर्न ।

### २. विशिष्ट उद्देश्य

क) राजस्व र करको परिचय दिन

ख) कर आम्दानी र गैरकर आम्दानीबारे प्रष्ट हुन

ग) नेपालका प्रचलित करहरूको सूची निर्माण गरी सङ्क्षिप्त वर्णन गर्न

घ) कर तिर्नु हरेक नागरिकको कर्तब्य हो भनी धारणा विकास गर्न

ङ) करबाट सङ्कलित रकम खर्च हुने सम्भावित कार्य क्रमहरूको सूची निर्माण गर्न

### ३. अपेक्षित सामाजिक व्यवहार मूल्य र धारणा

क) कर तिर्नु अनिवार्य सर्त, नियम हो भनी बोध गर्ने

ख) आफ्नो स्थानीय तहमा राजस्व असुली गर्न सहयोगीको भूमिका निर्वाह गर्ने

ग) राजस्व कुन कुन क्षेत्र/कार्यक्रमका लागि प्रयोग भएको छ त्यसको सम्बन्धित निकायबाट जानकारी प्राप्त गर्ने

घ) टोलछिमेकमा कर तथा राजस्व इमान्दारिताका साथ व्यक्तिगत PAN दर्ता गर्न प्रेरित गर्ने ।

### ४. सिकाइ सामाग्रीहरू

क) कर र राजस्वको छुट्टाछुट्टै परिभाषा लेखिएको मेटाकार्डहरू, वाक्य पत्तीहरू

ख) राजस्व/आम्दानीका प्रकारहरू, करको भार एवम् असरका आधारमा करका प्रकारहरूको वर्गीकृत चार्टहरू/स्लाइडहरू

ग) नागरिकहरू कर तिर्दै गरेको चित्रहरू तथा भिडियो क्लिप्स

घ) नेपालमा प्रचलित करहरूको सूची चार्ट वा स्लाइड


ङ) करबाट सङ्कलित आम्दानीबाट राज्यले सञ्चालन गर्न सक्ने कार्यक्रमहरूको सूची, स्लाइड

च) पावर प्वाइन्ट प्रोजेक्टर

## ५. शिक्षण सहजीकरण प्रक्रियाहरू

क) द्रुत लेखन विधिको प्रयोग गर्दै सिकारुहरूलाई राजस्व र करको परिभाषा लेख्न लगाउने । उनीहरूले लेखेका कुराहरूलाई समेत समेट्दै परिभाषा लेखिएका चार्ट प्रर्दशन गरी थप विषयवस्तुबारे प्रष्ट पारिदिने ।

राजस्व : सरकारले प्रचलित कानुनको अधीनमा रही तिर्न सक्ने क्षमता भएका व्यक्ति वा संस्थाबाट अनिवार्य रूपमा लिने रकम नै राजस्व हो । यो सार्वजनिक आय हो ।




कर : कुनै प्रत्यक्ष लाभको अपेक्षा नगरी नागरिकद्वारा सरकारलाई अनिवार्य भुक्तान गरिने रकमलाई कर भनिन्छ । सरकारले जनताबाट अनिवार्य उठाउने आम्दानी कर हो ।

ख) विद्यार्थीलाई निम्न चार्ट प्रस्तुत गर्दै छलफल गराई धारणा स्पष्ट पारिदिने ।

अ) कर राजस्व/आम्दानी

क) प्रत्यक्ष कर आय कर, सम्पतिकर, व्याज कर, घर जग्गा बहाल कर, सवारी साधन कर, पारिश्रमिक कर

ख) अप्रत्यक्ष कर मूल्य अभिवृद्धि कर, भन्सार महसुल, अन्तशुल्क कर

आ) गैरकर राजस्व/ आम्दानी

कर बाहेक अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई गैरकर राजस्व/आम्दानी भनिन्छ। जस्तै दस्तुर तथा शुल्क, दण्ड, जरिवाना, जफत, रोयल्टी, सरकारी सम्पती बिक्री, साँवा फिर्ता, व्याज, लाभांश, दान, उपहार, उत्तराधिकारी विहीन सम्पत्ति, अनुदान र विविध आयकरको भार र असरको आधारमा प्रत्यक्ष र अप्रत्यक्ष कर गरी दुई प्रकारले विभाजन गर्न सकिन्छ ।

फरक

| प्रत्यक्ष कर | अप्रत्यक्ष कर |
|---|---|
| क) कर तिर्ने व्यक्तिले नै करको भार बहन गर्नु पर्ने कर प्रत्यक्ष कर हो । | क) कर तिर्ने व्यक्तिमा करको भार नपर्ने अर्थात कर तिर्ने व्यक्ति एउटा र भार बहन गर्ने व्यक्ति अर्को |

| | |
|---|---|
| | हुने कर अप्रत्यक्ष कर हो । |
| ख) करलाईकरदाताले अरुलाई सार्न सक्दैन । | ख) करलाई अरु व्यक्तिमा भार सार्न सक्दछ । |
| ग) बढी आय हुनेले बढी रकम र कम आय हुनेले कम कर तिर्नुपर्ने हुनाले यो प्रगतिशील कर हो । | ग) समानुपातिक हुन्छ किनकी कर धनी र गरिब सबैलाई समान कर लाग्दछ । |
| घ) कर चुहावट हुने वा छल्ने सम्भावना हुन्छ । | घ) मालसामान किन्दा नै कर असुली हुने हुँदा यो कर छल्न सकिँदैन । |
| ङ) कर अग्रिम रूपमा सङ्कलन गरिने हुँदा कर सङ्कलन खर्च कम हुन्छ । | ङ) यो कर सङ्कलन खर्च बढी हुन्छ । |

ग) नागरिकहरूले लाइनमा बसी कर तिरिरहेको चित्र वा भिडियो क्लिप्स प्रदर्शन गर्ने र निम्न प्रश्नहरू APPLE तरिका अपनाई सोध्ने ।

क) यि व्यक्तिहरू किन लाइनमा बसेका हुन् ?

ख) हामीले किन कर तिर्नुपर्दछ ?

ग) नागरिकले तिरेको कर कहाँ प्रयोग हुन्छ ? आदि ।

घ) विद्यार्थीका जवाफहरू बोर्डमा टिप्दै जाने र अन्त्यमा शिक्षकले आफ्नो निष्कर्ष बताइदिने । जस्तैः नागरिकहरू राज्यलाई कर तिर्न लाइनमा बसेका हुन् । कर तिर्नु नागरिकको कर्तव्य हो । नागरिकले तिरेको कर मूलतः राज्यको विकास निर्माण कार्यमा खर्च हुन्छ । सङ्कलित रकम सामाजिक र कल्याणकारी क्षेत्रमा संकलित रकम खर्च गरिन्छ भनी बताई दिने ।

## ६. थप अध्ययन सामाग्री

करका उद्देश्यहरू : राजस्व सङ्कलन गर्ने, सीमित व्यक्तिमा बढी सम्पती हुनबाट रोक्ने, सार्वजनिक हित प्रवर्धनका लागि सम्पतिको पूनः वितरण गर्ने, अत्यावश्यक वस्तुको उत्पादन एवम् उपभोगलाई प्रोत्साहन गर्ने, कल्याणकारी राज्यको अवधारणा लागु गराउने, बचत वृद्धि गर्ने, लगानी वृद्धि गर्ने र बेरोजगारी कम गर्ने ।

करका सिद्धान्तहरू/असलकरका गुणहरू/विशेषताहरूः

समानताको सिद्धान्त, निश्चिततताको सिद्धान्त, मितव्ययिताको सिद्धान्त, उत्पादकत्वको सिद्धान्त, लचकताको सिद्धान्त ,करतिर्ने क्षमताको सिद्धान्त, सरलताको सिद्धान्त, समन्वयको सिद्धान्त ।

**मूल्य अभिवृद्धि करको ऐतिहासिक पक्ष**

- सन् १९१९ मा जर्मन अर्थशास्त्री डा. विल्होम सार्दभन्सले यो करको प्रतिपादन गरेका थिए
- पहिलो प्रयोग सन् १९५४ मा फ्रान्सले गरेको थियो
- सार्कमा पहिले प्रयोग गर्ने राष्ट्र पाकिस्तान हो
- नेपालमा यस करलाई २०५४ मङ्सिर १ बाट (१० प्रतिशत लागु गरिएको हो)
- २०६९ सालदेखि  मङ्सिर १ लाई राष्ट्रिय कर दिवसका रूपमा मनाईदै आएको छ
- हाल १३ प्रतिशत छ
- यस करलाई व्यवस्थितगर्न मूल्य अभिवृद्धिकर ऐन, २०५२ र मूल्य अभिवृद्धिकर नियमावली, २०५३ लागु गरिएको छ
- विश्वमा हाल १५० भन्दा बढी देशले यो कर लागु गरेको पाईन्छ

**७. प्रतिविम्बन**

क) विद्यार्थीलाई निम्न तालिका गर्न लगाई मूल्याङ्कन गर्न

| | |
|---|---|
| करको परिभाषाः | २ |
| करका प्रकारः | १ |
| करका उद्देश्यहरूः | ४ |
| करका विशेषताहरूः | ३ |
| जम्मा अङ्क | १० |

ख) निम्न प्रश्नहरू सोध्ने

अ) राजस्व कसरी सङ्कलन हुन्छ ?

आ) कर किन तिर्नु पर्दछ?

इ) अप्रत्यक्ष करलाई छल्न सकिँदैन । कसरी ?

**८. गृहकार्य/परियोजना कार्य**

क) पुस्तकालय वा इन्टरनेटमा खोजी गरी प्रत्यक्ष, अप्रत्यक्ष करका फाइदा बेफाइदाहरू, नेपालमा प्रचलित करप्रणाली, आयकरका प्रकारहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ : १०

## उपभोक्त अधिकार

**अनुमानित घन्टी १**

### १. सिकाइ उपलब्धि

क) उपभोक्ता अधिकार र उपयोग सम्बन्धमा सुसूचित भई सोहीअनुसार व्यवहार गर्न

### २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) उपभोक्ता अधिकारको परिभाषा बताउन

ख) उपभोक्ता सम्बन्धी अधिकार प्रयोग र संरक्षण गर्न

ग) नेपालमा उपभोक्ता हकहित संरक्षणका प्रयासहरूको बुँदा टिपोट गरी प्रस्तुत गर्न

घ) गुणस्तरीय वस्तु पहिचान गर्न र त्यस्ता वस्तुहरूको मात्रै उपभोग वा प्रयोग गर्न ।

### ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) बजारमा मालसामान किन्दा वस्तुमा अखाद्य पदार्थ मिसिएको छ/छैन ? उत्पादित मिति, म्याद सकिने मिति, मूल्य आदि छ कि छैन ? हेरेर मात्र खरिद गर्ने ।

ख) गुणस्तरहीन वस्तु बेचबिखन गरेको पाएमा सम्बन्धित निकायमा उजुरी गर्ने

ग) उपभोक्ता अधिकार सम्बन्धी चेतना अभियान घरपरिवार, टोल छिमेकमा सञ्चालन गर्ने

घ) नेपालको संविधानमा उल्लेख भए बमोजिम उपभोक्ता अधिकारको सूची तयार गर्न

### ४. सिकाइ सामाग्रीहरू

क) बजारबाट किनेर ल्याएका केही उपभोग्य सामानहरू

ख) परिभाषा लेखिएको मेटाकार्डहरू

ग) उपभोक्ता ऐनले उत्पादनमा उल्लेख गर्नुपर्ने कुराहरूको सूचीचार्ट

घ) उपभोक्ता अधिकारभित्र पर्ने मुख्य मुख्य अधिकारहरूको सूची चार्ट/स्लाइड

ङ) एक सचेत उपभोक्ताले उपभोग्य वस्तुहरू सम्पूर्ण लेवल हेरी किनिरहेको भिडियो/तस्वीरहरू

च) पावर प्वाइन्ट प्रोजेक्टर ।

## ५. सिकाइ क्रियाकलापहरू

क) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने नजिकको भिन्न भिन्न पसलहरूमा गई प्रत्येक समूहले कम्तीमा पाँच ओटा उपभोग्य वस्तुहरूको नाम, उत्पादकको नाम, ठेगाना, दर्ता नम्बर, परिणाम, तौल, गुणस्तर निर्धारण भएको वस्तुको गुणस्तर, मूल्य, व्याच नम्बर, उत्पादन मिति, म्याद सकिने मिति, वस्तुको सुरक्षा, हार्डवेयर भए ग्यारेन्टी मिति आदि टिपोट गरी जानकारी ल्याउन लगाउने ।

ख) प्रत्येक समूहलाई टिपोट गरी ल्याएका सूचनाहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउने । त्यसपछि शिक्षकले वस्तुहरू उपभोग गर्न हुने नहुने अवस्थाहरूबारे उनीहरूलाई सोध्ने र आवश्यक जानकारी दिई प्रष्ट पारिदिने ।

ग) निम्न प्रश्नहरू सोध्ने र छलफल गराउने ।

१) उपभोक्ता को हुन्?

२) उपभोक्ता अधिकार भनेको के हो ?

घ) विद्यार्थीका जवाफलाई टिपोट गर्दै जाने र प्रोत्साहन गर्ने । उपभोक्ता अधिकारका सम्बन्धमा थप प्रष्ट पार्ने ।

ङ) नागरिकका उपभोग सम्बन्धी अधिकारलाई बुँदागत रूपमा वर्णन गर्दै विद्यार्थीमा चेतना जगाईदिने र उनीहरूलाई ती अधिकार प्रयोग र सदैव संरक्षण गर्न प्रेरित गर्ने ।

च) जोडीमा छलफल गराई नेपालमा उपभोक्ता हकहित संरक्षणका कार्यहरू कानुनीगत प्रावधानहरू बारे पाठ्यपुस्तकमा भएका जानकारी पढ्न लगाई टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

छ) विद्यार्थीलाई उपभोग्य वस्तुमा आफू ठगिएको वा गुणस्तरहीन भएको लागेमा उपभोक्ता सङ्घसंस्थामार्फत उजुरी दिन सकिन्छ भनी बताईदिने र आफ्नो टोल समुदायमा पनि चेतना जगाउन अभियान चलाउन प्रेरित गर्ने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोध्ने

क) गुणस्तर र गुणस्तरहीन वस्तुहरूको पहिचान कसरी गर्न सकिन्छ ?

ख) उपभोक्ता अधिकारबाट के फाइदा हुन्छ ?

ग) उपभोक्ता अधिकार भनेको के हो ?

## ७. परियोजना कार्य

क) आफ्नो घर परिवारमा प्रयोग हुने केही सामाग्रीहरूको नाम टिपोट गरी गुणस्तरीयताको वर्णन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ नौ

## हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

**सक्षमता**

- नेपालको संयुक्त राष्ट्रसङ्घसँगको सम्बन्ध र सहयोग तथा विश्वव्यापीकरण र समसामयिक गतिविधिको अवधारणा

### पाठ : १

### संयुक्त राष्ट्र सङ्घ र अङ्गहरू

**अनुमानित घन्टी : २**

१. **सिकाइ उपलब्धि**

- संयुक्त राष्ट्रसङघ र यसका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध तथा सहयोग वर्णन गर्न।

२. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

क) संयुक्त राष्ट्र सङ्घको स्थापनाको उद्देश्य उल्लेख गर्न

ख) संयुक्त राष्ट्र सङ्घको स्थापनाको पृष्ठभूमि व्याख्या गर्न

ग) संयुक्त राष्ट्र सङ्घका अङ्गहरूको सूची तयार गर्न

घ) संयुक्त राष्ट्र सङ्घका अङ्गहरू र तिनले गर्ने प्रमुख कार्यहरू वर्णन गर्न

३. **सिकाइ सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरूका साथै संयुक्त राष्ट्र सङ्घका अङ्गहरूका सूची, यसमा आबद्ध देशहरू झल्कने चार्ट ग्लोब, विश्वको नक्शा  आदि ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृद्धि**

क) संयुक्त राष्ट्र सङ्घ र यसका अङ्गका कार्यहरूको पहिचान गर्न रुची राख्ने,

ख) प्रदर्शनीहरूबाट आवश्यक सूचना सङ्कलन गर्ने बानी,

ग) मानिसहरूसँग सम्बन्ध बिस्तार र सहयोगको आदन प्रदान गर्ने बानी ।

५. **सिकाइ क्रियाकलाप**

क) संयुक्त राष्ट्र सङ्घको गतिविधि सम्बन्धी चित्र, फोटो, लोगो, समाचारका कटिङ, video clip आदिको माध्यमबाट त्यसलाई प्रदर्शन गर्ने र सामान्य परिचय दिने

ख) संयुक्त राष्ट्र सङ्घका विशिष्टिकृत संस्थाहरूको नाम लेखिएको सूची तालिका प्रयोग गरेर ती संस्थाहरूको नाम र स्थापना मिति बताउने । साथै सो तालिकामा उल्लेख गरिएका कुराहरूलाई बुँदा टिपोट गर्न लगाउने ।

ग) पाठको पहिलो र दोस्रो अनुच्छेदमा दिएको विषयवस्तुका आधारमा संयुक्त राष्ट्र सङ्घको स्थापनाको पृष्ठभूमि व्याख्या गर्ने,

ग) संयुक्त राष्ट्र सङ्घको महासभामा विभिन्न देशहरूको सहभागितामा हुने भएकोले कक्षाकोठालाई पनि सोहीअनुसार विद्यार्थीहरूलाई महासभाको भूमिका अभिनय गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने,

घ) संयुक्त राष्ट्र सङ्घका अङ्गहरू र तिनले गर्ने प्रमुख कार्यहरूका सम्बन्धमा प्रत्येकले गर्ने मुख्य कार्यहरू, चार्टमार्फत प्रष्ट पार्ने

ङ) विद्यार्थीहरूलाई विभिन्न ६ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई एकएक ओटा अङ्गका प्रमुख कार्यहरू र अन्य थप जानकारी google मार्फत खोजी गरी बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने र आवश्यक सुधार गरी विषयवस्तुलाई अझ स्पष्ट पार्ने ।

च) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ६. प्रतिविम्बन

क) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषयवस्तु, मूल्य, मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छः

- संयुक्त राष्ट्र सङ्घको स्थापनाको उद्देश्य उल्लेख लेख्नुहोस् ।
- संयुक्त राष्ट्र सङ्घका अङ्गहरूको सूची तयार गर्नुहोस् ।
- संयुक्त राष्ट्र सङ्घका अङ्गहरू र तिनले गर्ने १/१ ओटा कार्यहरू वर्णन गर्नुहोस् ।

## ७. परियोजन कार्य

प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने ।

## पाठ २

## संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरू

अनुमानित घन्टीः ३

**१. सिकाइ उपलब्धि**

- संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध तथा सहयोग वर्णन गर्न

**२. विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्नेछन् :

क) संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरूको सूची तयार गर्न

ख) संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरूका स्थापनाको मिति र संयुक्त राष्ट्रसङ्घमा आबद्ध भएको मिति बताउन

ग) संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूले गर्ने मुख्य कार्यहरू उल्लेख गर्न

**३. सिकाइ सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू लगायत संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरूको स्थापनाको मितिसहितको सूची तालिका, विशिष्टिकृत संस्थाहरूले गर्ने मुख्य कार्यहरूको सूची तालिका, विशिष्टिकृत संस्थाहरूको लोगो, संयुक्त राष्ट्र सङ्घको गतिविधि सम्बन्धी चित्र, फोटो, समाचारका कटिङ, video clip आदि ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

क) नेपालले संयुक्त राष्ट्र सङ्घमा गरेको योगदानप्रति सकरात्मक धारणाको बोध,

ख) संयुक्त राष्ट्रसङ्घले नेपालमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी सोकार्यको प्रशंसा गर्ने र व्यक्तिगत तवरले अरूले गरेको राम्रो कामको प्रशंसा गर्ने बानी,

ग) समूहमा सहकार्य गर्दै आपसी समझदारी कायम गर्ने बानी,

**५. सिकाइ क्रियाकलाप**

क) संयुक्त राष्ट्र सङ्घको गतिविधि सम्बन्धी चित्र, फोटो, लोगो, समाचारका कटिङ, video clip आदि मध्ये जे जे उपलब्ध छ त्यसलाई प्रदर्शन गर्ने सामान्य परिचय दिने,

ख) संयुक्त राष्ट्र सङ्घका विशिष्टिकृत संस्थाहरूको नाम लेखिएको सूची तालिका प्रयोग गरेर ती संस्थाहरूको नाम र स्थापना मिति बताउने । साथै सो तालिकामा उल्लेख गरिएका कुराहरूलाई बुँदा टिपोट गर्न लगाउने ।

ग) विद्यार्थीहरूलाई २ वा ३ जनाको समूह बनाई प्रत्येक समूहलाई पाठमा दिएको संयुक्त राष्ट्र सङघका विशिष्टिकृत संस्थाहरूमध्ये एकएक ओटा विशिष्टिकृत संस्था तोकी दिने र प्रत्येक समूहलाई आफ्नो समूहलाई दिइएको विशिष्टिकृत संस्थाका बारेमा विभिन्न स्रोतबाट अध्ययन सामग्री खोजेर ल्याउन निर्देशन दिने,

घ) अध्ययन सामग्री खोजेर ल्याउन निर्देशन दिइसकेपछि कुनकुन विषयवस्तु खोज्ने हो सामान्य निर्देशन गर्ने जस्तै विशिष्टिकृत संस्थाका परिचय, उद्देस्य, स्थापनाको मिति, प्रधान कार्यलय, हालसम्म गरेका कामहरू, नेपालमा गर्दै आएका कार्यहरू, कतिओटा देशमा शाखा कार्यालय रहेको आदि,

ङ) विद्यार्थीहरूलाई यी विशिष्टिकृत संस्थाहरूकाबारेमा अध्ययन सामग्री पाइने स्रोतहरू जस्तै सामान्य ज्ञानको किताब, लोकसेवा आयोगका तयारीका लागि प्रकाशित किताबहरू, विकिपिडिया, आदि बताइदिने बुँदा टिपोट गर्ने तरिका बताई दिने,

च) समूह नेतालाई विषयवस्तु प्रस्तुत गर्न लगाउने र आवयक सुधार पृष्ठपोषण दिने । शिक्षकले तयार पारेको विशिष्टिकृत संस्थाहरूले गर्ने मुख्य कार्यहरूको सूची प्रस्तुति गर्ने र विद्यार्थीहरूलाई अधययन गर्न समय दिने ।

छ) विद्यार्थीहरूले प्रस्तुत गरेको बुँदा र अन्य स्रोतबाट प्राप्त विषयवस्तुका आधारमा संयुक्त राष्ट्र सङघका विशिष्टिकृत संस्थाहरूले नेपालमा गर्दै आएका कार्यहरूका बारेमा कथा कथन विधिको प्रयोग गरी जानकारी गराई अझ थप प्रष्ट पार्ने,

ज) संयुक्त राष्ट्र सङ्घका विशिष्टिकृत संस्थाहरूले नेपालको विभिन्न स्थानमा गरेका विविध कार्यक्रमहरूको सम्भव भएसम्म क्षेत्र भ्रमणमार्फत अवलोकन गराई विद्यार्थीहरूलाई स्थलगत अनुभव समेत दिलाई उक्त कार्यक्रमहरूको सञ्चालनबाट भएको सकरात्मक प्रभाव प्रस्तुतिकरण गर्न लगाउने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका कुराहरूको प्रतिविम्बन गर्न सकिन्छः

क)  संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत संस्थाहरूको सूची तयार गर्नुहोस् ।

ख)  संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूले गर्ने मुख्य कार्यहरूमध्ये प्रत्येकको १।१ ओटा कार्यहरू बताउनुहोस् ।

ग)  संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूले गरेका कार्यहरूको सकरात्मक पक्ष उल्लेख गर्नुहोस् ।

## ८. परियोजना कार्य

प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मूल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने ।

# पाठ ३

## संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका

**अनुमानित घन्टी : २**

### १. सिकाइ उपलब्धि

- संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध तथा सहयोग वर्णन गर्ने

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्नेछन् ।

क) नेपालले सुरक्षा परिषद्को अस्थाई सदस्य रहँदाको बखत गरेको योगदानको सूची बनाउन,

ख) संयुक्त राष्ट्र सङ्घमा नेपालको आफ्नो पहिचानका बारेमा बताउन,

ग) नेपालमा संयुक्त राष्ट्र सङ्घको भूमिकाबारे उल्लेख गर्न

घ) नेपालको संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा संलग्नताको बारेमा बताउन,

ङ) संयुक्त राष्ट्र सङ्घको शान्ति सेनाका कार्यहरू उल्लेख गर्न,

च) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान वर्णन गर्न,

### ३. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू लगायत सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित समाचारहरूको टुक्रा, देशभित्र वा बाहिर घटेका समसामयिक घटनाहरूको सूची तालिका, सम्भव भएसम्म इन्टरनेट सुविधासहितको स्मार्टबोर्ड आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) दैनिक रूपमा समाचार सुन्ने र विश्लेषण गर्ने,

ख) नेपालले संयुक्त राष्ट्र सङ्घमा गरेको योगदानप्रति सकरात्मक धारणाको बोध,

ग) संयुक्त राष्ट्रसङ्घले नेपालमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी सो कार्यको प्रशंसा गर्ने र व्यक्तिगत तवरले अरूले गरेको राम्रो कामको प्रशंसा गर्ने बानी,

घ) समूहमा सहकार्य गर्दै आपसी समझदारी कायम गर्ने बानी,

## ५. सिकाइ क्रियाकलाप

क. संयुक्त राष्ट्र सङ्घले नेपालमा गरेका गतिविधि सम्बन्धी चित्र, फोटो, लोगो, समाचारका कटिङ, video clip आदि मध्ये जे जे उपलब्ध छ त्यसलाई प्रदर्शन गर्दै संयुक्त राष्ट्रसङ्घले गर्दै आएका कार्यहरूका बारेमा कथा कथन विधिको प्रयोग गरी बताउने ।

ख. संयुक्त राष्ट्रसङ्घको सक्रिय सदस्यका रूपमा विश्वमा रङ्गभेद विरूद्धको विशेष प्रतिवेदन, निशस्त्रीकरण तथा आणविक हतियार प्रतिबन्ध सम्बन्धी प्रतिवेदन पारित गर्न नेपालले खेलेको भूमिका व्याख्यान र छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने,

ग. संयुक्त राष्ट्र सङ्घले नेपालमा गरेको गतिविधिहरू झल्काउने तस्वीर वा video clipहरूको प्रदर्शन गरी संयुक्त राष्ट्र सङ्घको भूमिका बारेमा प्रष्ट पार्ने,

घ. संयुक्त राष्ट्र सङ्घको सदस्यको हैसियतले नेपालले गरेका विभिन्न कामहरूको सूची प्रदर्शन गर्दै नेपालको योगदानका बारेमा प्रष्ट पार्ने,

ङ) विद्यालय वरिपरि शान्ति सेनामा जानु भएका भूतपूर्व आर्मी वा कुनै वाहलवाला आर्मी वा पुलिस भएमा उहाँलाई कक्षाकोठामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी शान्ति सेनामा जाँदा उहाँहरूले प्राप्त गरेको अनुभवका आधारमा शान्ति सेनाले गर्ने कार्यहरूको बारेमा अन्तरक्रिया गर्न लगाउने,

च) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदानको सूचीसहितको तालिका प्रदर्शन गरी पाठमा दिइएको विषयवस्तु प्रष्ट पार्ने,

छ) कक्षालाई विभिन्न समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई पुराना पत्रपत्रिकाबाट संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका वा नेपालमा संयुक्त राष्ट्रसङ्घको भूमिका सम्बन्धी समाचार, चित्र, फोटो आदिको सङ्कलन गरी आकर्षक पोष्टर तयार पार्न लगाउने र कक्षामा प्रदर्शन गर्ने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका कुराहरूको प्रतिविम्बन गर्न सकिन्छ :

क) संयुक्त राष्ट्र सङ्घ र नेपालको सम्बन्धबारे प्रष्ट पार्नुहोस् ।

ख) नेपालले संयुक्त राष्ट्र सङ्घमा कुनकुन प्रतिवेदन पारित गर्न मुख्य भूमिका निर्वाह गरेको थियो ?

ग) कुनकुन देशहरूमा संयुक्तराष्ट्र सङ्घको शान्ति मिसन कार्यरत छन् ?

घ) नेपाली सेना र प्रहरीले कुन कुन देशमा शान्ति स्थापना गर्न सहयोग पुऱ्याएको छ भन्नुहोस् ।

ङ) आफ्नो समुदायमा शान्ति स्थापना गर्नका लागि हरेक व्यक्तिले खेल्नुपर्ने भूमिका प्रष्ट पार्नुहोस् ।

च)  द्वन्द ग्रस्त क्षेत्रमा गएर शान्ति सेनाले के के काम गर्छन् भन्नुहोस् ।

छ)  के नेपाली सेना विदेशमा युद्धग्रस्त ठाउँमा शान्ति सेनाको रूपमा जानु उपयुक्त हो ? आफ्नो तर्क दिनुहोस् ।

## ७. परियोजना कार्य

प्रस्तुत पाठको सहजीकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मूल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने ।

## पाठ ४

## नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू

**अनुमानित घन्टीः २**

**१. सिकाइ उपलब्धि**

- संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत संस्थाहरूसँग नेपालको सम्बन्ध तथा सहयोग वर्णन गर्न

**२. विशिष्ट उद्देश्यहरू**

क) नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू पहिचान गर्न,

ख) नेपालमा संयुक्त राष्ट्र सङ्घ मार्फत सञ्चालित प्रमुख कार्यक्रमहरूउल्लेख गर्न,

ग) संयुक्त राष्ट्र सङ्घीय बालकोष, कृषी विकासका लागी अन्तर्राष्ट्रिय कोष, अन्तर्राष्ट्रिय श्रम सङगठन, एचआइभि एडस सम्बन्धी नेपालमा संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष र नेपालमा संयुक्त राष्ट्र सङ्घीय पूँजी कोषले नेपालमा गरेका गतिविधिहरू उल्लेख गर्न,

घ) संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घीय स्वयम् सेवक कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घमा महिला, विश्व खाद्य कार्यक्रम र विश्व स्वास्थय सङगठनले गरेका गतिविधिहरूको उल्लेख गर्न ।

**३. सिकाइ सामग्रीहरूः**

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू लगायत नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू उल्लेख भएको चार्ट, सम्भव भएसम्म गतिविधिहरूको video सामग्री, गरेका कार्यक्रमहरू सूची, फाटो, तस्विर, प्रतिवेदन आदि ।

**४. अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति**

क) नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू पहिचान गरी आफ्नो क्षेत्रमा हुने गतिविधिहरूमा सक्रिय भाग लिने ।

ख) नेपाल र संयुक्त राष्ट्र सङ्घको आपसी सहयोगका सम्बन्धमा अध्ययन पछि आपसी सहयोग को भवना विकास भई समाजमा आपसी सहयोग गर्ने ।

**५. सिकाइ क्रियाकलाप**

क) सोच-जोडीमा छलफल-आदनप्रदान (Think – pair- share) विधिको प्रयोग गरी विद्यार्थीहरूबाटै नेपालमा नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू के कस्ता रहेका छन ? भन्न लगाउने । विद्यार्थीहरूको जवाफलाई समेत आधार लिई विभिन्न संस्थाहरूमार्फत भइरहेका गतिविधि तथा कार्यक्रमहरू चार्टमार्फत जानकारी गराउने,

ख) संयुक्त राष्ट्र सङ्घीय बालकोष, कृषि विकासकालागि अन्तर्राष्ट्रिय कोष,अन्तर्राष्ट्रिय श्रम सङगठन, एचआइभि एडस सम्बन्धी नेपालमा संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घीय जनसंख्याकोष र नेपालमा संयुक्त राष्ट्र सङ्घीय पुँजी कोषले नेपालमा गरेका गतिविधिहरूको पालैपालो उल्लेख गर्ने ।

ग) संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम,नेपालमा संयुक्त राष्ट्र सङ्घीय स्वयम सेवक कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घमा महिला, विश्व खाद्य कार्यक्रम र विश्व स्वाथ्य सङगठनले नेपालमा गरेका गतिविधिहरूको उल्लेख गर्ने,

घ) संयुक्त राष्ट्र सङ्घले नेपालमा गरेको गतिविधिहरू झल्काउने तस्वीर वा video clip हरूको प्रदर्शन गरी संयुक्त राष्ट्र सङ्घको भूमिका बारेमा प्रष्ट पार्ने,

ङ) प्रश्नोत्तर विधिको प्रयोग गरी पाठका क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको सही उत्तर खोज्ने र अवश्यकताअनुसार क्रियाकलाप तथा अभ्यासका केही प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू सोधी विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क) नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू मध्ये कुनै दुईओटा लेख्नुहोस ।

ख) संयुक्त राष्ट्र सङ्घीय बालकोष, कृषि विकासकालागि अन्तर्राष्ट्रिय कोष, अन्तर्राष्ट्रिय श्रम सङगठन, एचआइभि एडस सम्बन्धी नेपालमा संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घीय जनसंख्याकोष र नेपालमा संयुक्त राष्ट्र सङ्घीय पुँजी कोषले नेपालमा गरेका गतिविधिहरू मध्ये १।१ ओटा भन्नुहोस ।

ग) संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम,नेपालमा संयुक्त राष्ट्र सङ्घीय स्वयम सेवक कार्यक्रम, नेपालमा संयुक्त राष्ट्र सङ्घमा महिला,विश्व खादय कार्यक्रम र विश्व स्वास्थय सङगठनले नेपालमा गरेका गतिविधिहरू मध्ये कुनै १।१ ओटा लेख्नुहोस ।

घ) नेपालमा सयुक्र राष्ट्र सङघबाट सञ्चालित गतिविधिहरूको सकरात्मक पक्ष मध्ये कुनै दुइओटा उल्लेख गर्नुहोस् ।

**७.परियोजना कार्य**

प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाई क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने ।

## पाठ ५

## समसामयिक घटना र तिनको प्रभाव

अनुमानित घन्टीः ३

### १. सिकाइ उपलब्धि

विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा परेको प्रभाव उल्लेख गर्न,

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्नेछन् :

क) समसामयिक गतिविधिको परिचय दिन,

ख) विश्वमा घटेका विभिन्न समसामयिक घटनाले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न,

ग) सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित समसामयिक घटनाको अभिलेख राख्न,

घ) विश्वमा घटेका विभिन्न समसामयिक घटनाहरूको विश्लेषण गर्न,

ङ) समसामयिक घटनाहरूबाट समाजमा परेको प्रभाव उल्लेख गर्न ।

### ३. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू लगायत सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित समाचारहरूको टुक्रा, देश भित्र वा बाहिर घटेका समसामयिक घटनाहरूको सूची तालिका, सम्भव भए सम्म इन्टरनेट सुविधा सहितको स्मार्टवोर्ड आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) दैनिक रूपमा समाचार सुन्ने र विश्लेषण गर्ने,

ख) समसामयिक घटनाको प्रभाव बुझ्ने र सोही अनुसार समायोजित हुने,

ग) दैनिक रूपमा पुस्तकालय गई पत्रपत्रिका पढ्ने ।

### ५. सिकाइ क्रियाकलाप

क) दैनिक रूपमा देशभित्र वा बाहिर विभिन्न खालका घटनाहरू घटिरहने गर्छ । त्यसको प्रभत्व हाम्रो दैनिक जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिरहने हुनाले एउटा असल नागरिकका लागि समसामयिक अध्ययनका यस्ता विषयवस्तुको महत्त्व बढी भएको जस्ता कुराहरूको अवगत् गराउदै समसामयिक

घटनाको अध्ययन र विश्लेषण प्रति विद्यार्थीहरूको रूची बढाइ निम्न सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

ख) विभिन्न स्रोतबाट सङ्कलन गरेर ल्याएका समाचारहरू केही विद्यार्थीहरूलाई पालै पालो वाचन गर्न लगाउने र तिनीहरूको समाचार वाचन कलाको मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण दिने,

ग) विद्यार्थीहरूको समूह निर्माण गरी समाचारको विश्लेषण गर्न लगाई भन्न लगाउने र आवश्यक पृष्ठपोषण दिने यसैको आधारमा समसामयिक घटनाको परिचय, प्रश्नोत्तर विधिको प्रयोग गरी प्रष्ट पार्ने,

घ) शिक्षकले सङ्कलन गरी लगेको समाचारहरू वाचन गरी त्यसको मानव जीवनमा परेका प्रभाव बारे छलफल गरी विश्लेषण गर्ने,

ङ) कक्षा कोठाको सूचना पाटीको एउटा छेउमा समसामयिक गतिविधि शीर्षक अन्तर्गत भित्ते पत्रिका निर्माण गरी समसामयिक घटना सम्बन्धी समाचारहरू पत्रपत्रिकाबाट सङ्कलन गरी टाँस्ने र पढ्ने व्यवस्था मिलाउने,

ङ) सामाजिक अध्ययन विषयको विषयवस्तुसँग सम्बन्धित समसामयिक घटनाहरूको अभिलेख राख्नकालागि विद्यार्थीहरूलाई एउटा छुट्टै कापीको व्यवस्था गर्न लगाउने र पत्रपत्रिकाका टुक्रा काटेर टाँस्न लगाउने र बेला बेलामा निरिक्षण गर्ने,

च) प्रत्येक दिन विद्यार्थीहरूलाई पालैपालो विषय वस्तुसँग सम्बन्धित समसामयिक घटना सम्बन्धी समाचारहरू सङ्कलन गरी कक्षामा वाचन गर्न लगाउने र विषय सुहाउँदो समाचार भित्ते पत्रिकामा टाँस्न लगाउने ।

छ) स्मार्ट बोर्डको व्यवस्था भएको कक्षामा दैनिक रूपमा केही मुख्य मुख्य समाचारहरू प्रदर्शन गर्ने ।

ज) विद्यार्थीलाइ हालसालै आफ्नो टोल, जिल्ला, देश र विदेशमा घटेका समसामयिक राजनैतिक, आर्थिक, सामाजिक इत्यादि घटनाहरूबारेमा कक्षामा सोध्ने र ती घटनाहरूले समग्र मानव जीवनमा कसरी प्रभाव पारेको छ ? छलफल गराउनुहोस् ।

झ) दिगो विकास,निरस्त्रीकरण,आतङवाद,बारुदी सुरुङ,जनसङख्या वृद्धि, परमाणु उर्जा, साङक्रमित रोगहरू र जलवायु परिवतर्नले मानव जीवनमा पारेको प्रभावका बारेमा बुदाँगतरूपमा प्रश्नोत्तर मार्फत छलफल गर्दै प्रष्ट पार्ने । यी सँग सम्बन्धित पत्रपत्रिकाको समाचार,सम्पादकीयको कटिङ र दृश्य सामग्रीहरूको सङ्कलन र प्रर्दशन गरी छलफल गर्ने ।

ञ) दिगो विकास, निरस्त्रीकरण, आतङ्कवाद, बारुदी सुरुङ, जनसङ्ख्या वृद्धि, परमाणु उर्जा, साङ्क्रमित रोगहरू र जलवायु परिवतर्नले मानव जीवनमा पारेको प्रभावका बारेमा विद्यार्थीहरूका बिच निवन्ध ,वादविवाद प्रतियोगिता सञ्चालन गर्ने ।

## ६. प्रतिविम्बन

निम्न प्रश्नहरू गरी विद्यार्थीहरूका विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

- समसामयिक गतिविधि भनेको के हो ?
- सामाजिक अध्ययनमा समसामयिक गतिविधि किन पढ्नु पर्छ ?
- सामजिक अध्ययनमा भित्ते पत्रिकाको महत्वका बारेमा प्रकाश पार्नुहोस् ।
- भित्ते पत्रिकामा राखिएको समचारहरूमध्ये कुनै एक समाचारको पुरा पाठ गर्नुहोस् ।
- समसामयिक गतिविधिको कापीमा सङ्कलन गरिएका केही समाचारहरू सामाजिक अध्ययनको कुन पाठसँग सम्बन्धित छन् उल्लेख गर्नुहोस् ।
- स्थानिय स्तरमा घटेका घटनाहरू रोचकरूपमा प्रस्तुत गर्नुहोस् र साथीहरूलाई त्यसैको आधारमा समाचार तयार पार्न लगाउनुहोस् ।
- साप्ताहिक रूपमा विद्यार्थीहरूबीचमा अन्तर्राष्ट्रिय समसामयिक घटना सम्बन्धमा हाजिरीजवाफ कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

## ७. थप अध्ययन सामग्रीहरू

विश्व हाम्रो साझा घर हो । हामी सबै यस घरका सदस्यहरू हौं जसरी एउटा घरभित्र कुनै कोठामा भएको उतार चढावले अर्को कोठामा बस्नेलाई असर पार्दछ ,त्यसरी नै विश्वको कुनै एक ठाउँमा भएको घटनाले अर्का ठाउँमा बस्नेलाई प्रभाव पार्दछ । सञ्चार र यातयातको विकासले गर्दा विश्व साघुरिदै गएकाले यस्तो घटनाको प्रभाव छिटो पर्न गएको हो । स्वदेश तथा विदेशमा हुने आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद, विज्ञान प्रविधि र यस्तै विविध क्षेत्रमा भएका परिवर्तनहरूका बारेमा जानकारी राख्ने काम समसामयिक सामान्य ज्ञान हो । हामीले आफ्नो वौदिक विकास गर्न, विभिन्न प्रतियोगितामा आफ्नो क्षमता प्रदर्शन गर्न, देशभरका निम्ति लिइने विभिन्न परीक्षाहरूमा सफलता हासिल गर्न आदिका लागि हामीलाई समसामयिक सामान्य ज्ञानको अध्ययनको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले विभिन्न स्रोतहरूजस्तै रेडियो, टेलिभिजन, इन्टरनेट, पत्रपत्रिका, फोन आदिबाट विश्वका हरेक कुनामा घटेका

महत्वपूर्ण घटनाहरूको जानकारी राख्नु पर्छ । समसामयिक घटनाहरूको अध्ययनले हामीले निम्न फाइदाहरू प्राप्त गर्न सक्दछौँ ।

क) विश्वमा विभिन्न क्षेत्रमा गरिएका खोज, अन्वेषण तथा अनुसन्धानहरूको जानकारी प्राप्त गर्ने र त्यसको जनजीवनमा पर्ने प्रभाव प्रति सजक रहने,

ख) राष्ट्रहरूका बिच द्विपक्षीय र बहुपक्षीय सम्बन्धको स्थापना गरी विश्व पर्यटन विश्वभातृत्व, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग विकास गर्ने,

ग) समसामयिक घटनाको जानकारीले व्यक्तिमा ज्ञान, सिप र अभिवृत्तिको विकास गराई परिवर्तित समाजमा सजिलै समायोजन हुन् सहयोग गर्ने,

घ) जलवायु परिवर्तन, आर्थिकमन्दी, विभिन्न रोगका महामारी, युद्ध आदि जस्ता विषयवस्तुको जानकारी गराई त्यसबाट बच्च सचेत गराउने ।

| **समसामयिक गतिविधिहरू** |
| --- |
| नेपालको संविधान अनुसार हाल देशभरमा गाँउपालिका ४६०, नगरपालिकाको संख्यामा २७६ ,४ १३ ओटा उपमहानगरपालिका ११ र  महानगरपीलका ६ गरी कुल ७५३ ओटा स्थानीय तहको व्यवस्था भइ  २०७४ सालमा तीन चरणमा निर्वाचन समेत सम्पन्न भएको छ। |

## ८. परियोजना कार्य

क) शिक्षकका लागि : प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाई क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने, समसामायिक घटनाहरूको अभिलेख राख्न सुचनापटीका लागि विद्यालय प्रशासनलाइ सुझाव दिने ।

ख) विद्यार्थीका लागि : विभिन्न स्रोतबाट पाठमा दिइएका विषयवस्तुका बारेमा थप विषयवस्तुको अध्ययन गर्ने र कक्षामा अन्तरक्रिया गर्ने ।

## पाठ ६

## स्थानीयकरण र विश्वव्यापीकरण

अनुमानित घन्टीः ३

### १. सिकाइ उपलब्धि

- स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा प्रस्तुत गर्न ।

### २. विशिष्ट उद्देश्यहरू

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्नेछन् :

क) स्थानीयकरणको अवधारण वताउन,

ख) स्थानीयकरणको फाइदा र वेफाइदा उल्लेख गर्न,

ग) विश्ववयापीकरणको अवधारणा बताउन

घ) विश्ववयापीकरणको फाइदा र वेफाइदा उल्लेख गर्न

ङ) स्थानीयकरण र विश्वव्यापीकरणको तुलना गर्न ।

### ३. सिकाइ सामग्रीहरू

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामग्रीहरू लगायत स्थानीयकरण र विश्वव्यापीकरणसँग सम्बन्धित पत्रपत्रिकामा प्रकाशित समाचारहरूको सङ्कलन, महत्व, फाइदा र वेफाइदा लेखिएकोचार्ट आदि ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

क) स्थानीकरणको वोध र विश्लेषण गर्ने,

ख) विश्वव्यापीकरणको महत्व र अनुभुत गर्ने ।

### ५. सिकाइ क्रियाकलाप

क) आफनो गाँउघर,समुदायमा स्थानीयस्तरमा के कस्ता कुराहरू उत्पादन हुन्छन ?स्थानीयस्तरमा एतिहसिक तथा पर्यटकीय स्थलहरू छन, छैनन् ? जस्ता पक्षमा विद्यार्थीहरूसँग छलफल गरी स्थानीकरणको परिचय दिने,

ख) स्थानीयकरणको फाइदा र वेफाइदाका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्दे, चार्ट मार्फत प्रर्दशन गरी बुदागतरूपमा उदाहरणहरू दिंदै प्रष्ट पार्ने,

ग) आफनो गाँउघर तथा समुदायबाट के कति जना वैदेशिक रोजागरमा जानु भएको छ ? हामीले प्रयोग गर्ने सामग्रीहरू मध्ये कुन कुन सामग्रीहरू वैदेशिक सामग्रीहरू रहेकाछन ? जस्ता जिज्ञासाहरू विद्यार्थीहरूसँग राखि विश्वव्यापीकरणको अवधारणा स्पष्ट पार्ने,

घ) विश्वव्यापीकरणको फाइदा र वेफाइदाका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्दै चार्ट मार्फत प्रर्दशन गरी बुदागतरूपमा उदाहरणहरू दिंदै प्रष्ट पार्ने,

ङ) विद्यार्थीहरू बिच स्थानीयकरण र विश्वव्यापीकरणको पक्ष विपक्षमा वाद विवाद प्रतियोगिता सञ्चालन गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने ।

## ६. मूल्याङ्कन

निम्न प्रश्नहरू गरी विद्यार्थीहरूका विषयवस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

क.तलका जस्तै प्रश्न सोध्ने

- स्थानीकरण भनेको के हो ?
- स्थानीकरणका दुईओटा फाइदा टिपोट गर्नुहोस् ।
- स्थानीयकरणका तीनओटा वेफाइदा भन्नुहोस ।
- विश्वव्पापीकरण भनेको के हो ?
- विश्वव्यापीकरणका फाइदाहरू मध्ये तपाइलाई उपयुक्त लागेका कुनै तीनओटा फाइदाहरू भन्नुहोस्
- विश्वव्यापकरणबाट देशले हुने कुनै तीनओटा वेफाइदा टिपोट गर्नुहोस् ।
- स्थानीकरण र विश्ववपीकरणलाई तीनओटा बुदाँमा तुलना गर्नुहोस् ।

## ७.थप अध्ययन सामग्रीहरू

स्थानीकरण र विश्वव्यापिकरणको भिन्नता

| क्र स | स्थानीयकरण | विश्वव्यापिकरण |
|---|---|---|
| १ | स्थानीय सोच र दष्टिकोणलाइ जोड दिन्छ । | विश्वव्यापिकरणले सिमाहिन राष्ट्रको मान्यतालाइ बढवा गर्छ । |
| २ | स्थानीयस्तरका सेवा र वस्तुको उपभोगमा जोड दिन्छ । | अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धाले गर्दा कम मुल्यमा वस्तु र सेवाको प्रयोग गर्न सहयोग |

| | | |
|---|---|---|
| | | पुरयाउँछ। |
| ३ | विश्वव्यापीरूपमा दक्ष जनशक्तिको अभाव हुने | दक्ष जनशक्तिले अन्तराष्टिय अवसर प्राप्त गर्ने |
| ४ | स्थानीय मुल्य मान्यता र संस्कृतीको जगेर्ना गर्न जोड दिन्छ। | स्थानीय संस्कृती तथा मुल्य मान्यतालाइ विस्थापित गर्ने संभावना हुन्छ। |
| ५ | देश आत्म निर्भर तर्फ बढदै जान्छ। | विकसित देशहरूको दवाव र प्रभाव कमविसित र विकासोनमुख देशमा पर्छ। |

**८.परियोजना कार्य**

क) शिक्षकका लागि : प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने सिकाइ सामग्रीहरूको व्यवस्थापन गरी सिकाई क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने। प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केही समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने, स्थानीयकरण र विश्वव्यापीकरणको तुलना गरी चार्ट तयार गर्ने।

ख) विद्यार्थीका लागि : विभिन्न स्रोतबाट पाठमा दिइएका विषयवस्तुका बारेमा थप विषयवस्तुको अध्ययन गर्ने र कक्षामा अन्तरक्रिया गर्ने।

**सन्दर्भ सामग्रीहरू**


- सामाजिक अध्ययन, कक्षा १० को पाठ्यपुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।
- माध्यमिक तहको पाठ्यक्रम २०७१, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
- विभिन्न निजी प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू
- नेपालको संविधान
- स्वस्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, कक्षा १० को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर,
- स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, माध्यमिक तह स्वाध्ययन सामग्री, शैक्षिक जनशक्ति विकास केन्द्र ।
- आधारभूत शिक्षा पाठ्यक्रम २०६९, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
- सामाजिक अध्ययन स्वअध्यान सामग्री, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठीमी, भक्तपुर ।
- शैक्षिक तालिम केन्द्र, कास्कीमा तयार गरिका TPD का तालिम मोडुलहरू
- नेपाली लोकगीत, डा. कुसुमाकार न्यौपाने ।
- नेपालको आधुनिक इतिहास, पिताम्बरलाल यादव
- www.historypin .Org.
- www.google.com
- www.youtube.com
- www.nrb.gov .np
- www.NPC. gov.np
- www.motca.gov.np
- चौधौं योजनाको मुल दस्तावेज
- नेपाल पर्यटन वोर्डको वेभसाइड
- youtube-Hiroshima & Nagasaki attack August 6 and 9

- www.the secondworld war.com
- बृहत ज्ञान कोष, ज्ञानेश्वर भट्टराई
- विश्वको इतिहास, प्रा.डा. श्रीराम उपाध्याय
- ज्ञान विज्ञान डाईजेष्ट, ज्ञानेश्वर भट्टराई
- नेपालको धर्म, संस्कृति र ऐतिहासिक स्थलहरू, श्रीकृष्ण श्रेष्ठ
- पत्रपत्रिकामा प्रकाशित समाचार, लेख रचनाहरू
- वित्तीय बजार तथा संस्थाको आधारभूत पक्षहरू, किरण थापा तथा समूह (२०७३)
- Finfncial Markets and Institutions, Asmita publication (२०१६)
- सामाजिक अध्ययन, कक्षा १० पा.वि.के. (२०७४)
- Google search www. bsib.org.np
- कर सम्बन्धी विभिन्न ऐनहरू
- सामाजिक आर्थिक अवस्था (द्वितीय चरण) गुडविल प्रकाशन, टंक के.सी, हेमचन्द्र शर्मा ।